## परिच्छेद : एक

# शोध परिचय

### १.१ विषयपरिचय

कृष्णचन्द्रसिंह प्रधान (१९८२-२०६७) नेपाली साहित्यका क्षेत्रमा कवि, कथाकार, समालोचक, निबन्धकार र सम्पादक साथै बहुमुखी प्रतिभा हुन् । प्रधानले २००२ सालमा **उदय** पत्रिकामा प्रकाशित "अश्रुधारा" शीर्षकको कविताबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । निबन्धका क्षेत्रमा भने "भुत्रेलुगा" वि.सं २००४ शीर्षकबाट कलम चलाउन थालेका हुन् । हालसम्म उनका **सालिक** ( २०२६), **अनाम सत्य** (२०४३), **पाइला : आगतमा टेकेर** (२०४७), **वागमतीको हरक** (२०५७) र **समय सुनामी** (२०६३) गरी पाँचवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । अन्य निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । प्रस्तुत शोधकार्य **समय सुनामी** निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययनमा केन्द्रित छ ।

### १.२ समस्याकथन

**समय सुनामी** निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन गर्नु प्रमुख समस्या रहेको प्रस्तुत शोधकार्यका समस्याहरू निम्नलिखित छन् :

(क) विधातात्त्विक आधारमा **समय सुनामी** निबन्ध सङ्ग्रहका निबन्ध के कस्ता छन् ?

(ख) प्रवृत्तिगत आधारमा **समय सुनामी** निबन्ध सङ्ग्रहका निबन्ध के कस्ता छन् ?

उक्त समस्यामा केन्द्रित भई प्रस्तुत शोधकार्य गरिएको छ ।

### १.३ पूर्वकार्यको समीक्षा

कृष्णचन्द्रसिंह प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन हालसम्म नभएको भए पनि यस सस्बन्धी विभिन्न पत्रपत्रिकामा चर्चा गरिएको पाइन्छ ।

रामलाल अधिकारी (२०३२) ले **नेपाली निबन्धयात्रा** नामक कृतिमा प्रधानलाई तार्किक, चिन्तनशील, दार्शनिक र नीतिको समिश्रण गर्ने लेखक भनी चर्चा गरेका छन् । सशक्त निबन्धकारहरूमा हुनुपर्ने गुण र लक्षणहरूको समेत परिचय दिँदै उनलाई साहित्य जगत्का बौद्धिक निबन्धकार भनी उनले टिप्पणी गरेका छन् । यो लेखमा प्रधानको निबन्धात्मक उचाइको मात्र चर्चा भएकाले यस लेखले समग्रतालाई समेट्न सकेको छैन ।

कृष्णप्रसाद आचार्य (२०४३) ले “कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” शीर्षकको शोधपत्रमा प्रधानको निबन्धकार व्यक्तित्वको चर्चा गर्ने क्रममा प्रधानलाई युगीन चिन्तन, युगबोध, शान्तिको विषयवस्तुमा बौद्धिकता, सङ्क्षिप्तता, प्रतीकात्मकता, व्यङ्ग्यको रमरम स्वाद दिने लेखक भनी टिप्पणी गरेका छन् । यो लेख प्रधानको व्यक्तित्व पक्षमा मात्र केन्द्रित रहेको देखिन्छ ।

कल्पना लुइँटेल (२०५३) ले “कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता” शीर्षकको शोधपत्रमा प्रधानले देवकोटाको हार्दिकता र समको बौद्धिकतालाई नेपाली निबन्धमा भित्र्याउने प्रयत्न गरेका छन् तर देवकोटा भावमा मात्रै रमाउने अथवा सम बोद्धिकतामा केन्द्रित भइरहने मोह भने देखाएका छैनन् भनी टिप्पणी गरेकी छन् । उनले हार्दिकता र बौद्धिकता बिच सन्तुलनकारी भूमिका पूरा गर्ने चेष्टा गरेका छन् । यो लेखमा प्रधानका बारेमा सामान्य चर्चा मात्र गरिएको छ ।

देवीप्रसाद गौतम र खगेन्द्र लुइँटेल (२०५४) ले **नेपाली निबन्ध** नामक कृतिमा सुरुमा वैयक्तिक, सामाजिक आदि विषयवस्तुलाई मार्क्सवादी चिन्तनमा रङ्गाएर निबन्ध लेख्ने प्रधानका निबन्धमा विषयगत विविधता रहेको छ भनी टिप्पणी गरेका छन् । उनका निबन्धहरूमा सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिक, प्राकृतिक र दार्शनिक आदि विषय वस्तु प्रस्तुत गरिएको पाइन्छ । यो लेखमा प्रधानका निबन्धहरूको विषयगत विविधतालाई मात्र औँल्याइएको छ ।

राजेन्द्र सुवेदी (२०५७) ले **स्रटा-सृष्टि : द्रष्टा-दृष्टि** नामक कृतिमा प्रधानका निबन्धमा समको वस्तुवादिता, देवकोटाको भावमूलक कवितात्मकता र शङ्कर लामिछानेको प्रयोगशीलता समेतको त्रिकोणात्मक समन्वय पाइन्छ भनी चर्चा गरेका छन् । लेखकलाई देवकोटा र लामिछाने पछिको निजात्मक धारामा स्वच्छन्दतावादी प्रगतिवादका प्रस्तोता हुन् भनी उनले टिप्पणी गरेका छन् । यो लेखमा प्रधानका बारेमा सामन्य चर्चा मात्र गरिएको छ ।

श्रीराम न्यौपाने (२०६१) ले **नेपाली नाटक, एकाङ्की र निबन्ध** नामक कृतिमा प्रधान बौद्धिक निबन्धकार हुन् । समाजका विविध क्षेत्रमा देखिएका असमानता, शोषण, रूढिपरम्परा र सङ्कीर्ण विचारले ग्रस्त विकृत परिस्थितिप्रति व्यङ्ग्य गर्ने यिनी प्रगतिवादी निबन्धकार हुन् भनेका छन् । मुख्यतः समाजका गलत परम्परा र त्यसबाट उत्पन्न विसङ्गति नै यिनका निबन्धका विषय बनेका हुन्छन् । विवेचना, विश्लेषण र तर्कका माध्यमबाट आफ्नो विचार प्रस्तुत गर्ने यिनका निबन्धहरूमा समालोचनात्मक प्रवृत्तिको छाप देख्न पाइन्छ भनी उनले टिप्पणी गरेका छन् । यो लेखमा प्रधानका निबन्धहरूमा समालोचनात्मक प्रवृत्तिको छाप परेको कुरालाई मात्र औँल्यइएको छ ।

डा.गोविन्दराज भट्टराई (२०६३) ले **उत्तरआधुनिक ऐना** नामक कृतिमा प्रधान ठूलाठूला राष्ट्रियस्तरका चोटबाट अथवा विसङ्गति र व्यथाबाट झस्केर लेख्ने व्यक्ति भएकाले **समय सुनामी** निबन्ध सङ्ग्रहका निबन्धमा वर्तमान नेपालले देखेका भोगेका मर्मको उद्घाटन गरेको बताएका छन् । उनको यो सङ्ग्रहका निबन्धहरू युद्धको चित्र र विनाशको उन्माद बोकेका सबैभन्दा शक्तिशाली दस्तावेज बोकेको सङ्ग्रह हो भनी उनले टिप्पणी गरेका छन् । यो लेखमा समय सुनामी निबन्ध सङ्ग्रहको बारेमा सामन्य चर्चा गरिएको छ ।

भवनाथ घिमिरे (२०६३) ले **मधुपर्क** नामक पत्रिकामा प्रकाशित “विकृति र विसङ्गति बढार्ने समय सुनामी” लेखमा प्रधानले **समय सुनामी** निबन्ध सङ्ग्रहमा सामयिक विश्वजनीन चेतना, विसङ्गतिबोध र नेपाली परिवेशभित्र विश्वजीवनको मूल्यलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । प्रस्तुतीकरणमा कवितात्मकता र निजात्मकता भर्ने क्रममा यो निबन्ध सङ्गह उत्कृष्ट बन्न गएको छ । भावुकता र बौद्धिकता एकैसाथ तर्कसँग मिसिएर अनौठो तर मिठो अभिव्यक्तिको तरङ्ग बहेको छ । कतिपय ठाउँमा निबन्धकारको भाषाशैली जटिल बनी क्लिष्ट

बन्न पुगेको भनी उनले टिप्पणी गरेका छन् । यो लेखमा प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूको शैलीगत वैशिष्ट्यलाई मात्र औँल्याइएको छ ।

छत्र कार्की (२०६३) ले **समय** (पाक्षिक) नामक पत्रिकामा प्रकाशित “आन्दोलित समय” भन्ने लेखमा मानवीय संवेदनालाई जीवन्तरूपमा पस्किन सक्ने शैलीले गर्दा प्रधानको समय सुनामी निबन्ध सङ्ग्रहका निबन्धहरूले मनमस्तिष्क छुन सफल भएको छ भनेका छन् । एक दशकको अवधिमा भएका मूल्य र मान्यताको विचलन, घातप्रतिघात, युद्धको उन्माद सङ्कटग्रस्त जीवन, असहज परिस्थिति लगायतका विषयलाई निबन्धकारले नजिकबाट नियालेका छन् भनी उनले टिप्पणी गरेका छन् । यो लेखमा समय सुनामी निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूको विषयगत विविधतालाई मात्र औँल्याइएको छ ।

प्रमोद प्रधान (२०६६) **नेपाली निबन्धको इतिहास** नामक कृतिमा भन्छन् निबन्धकारले सुनामी शब्दलाई भयावह त्रासदी बोध गराउने पर्यायवाची शब्दका रूपमा प्रयोग गरेकाछन् । प्रस्तुत निबन्ध सङ्ग्रह विशेषत : २०६१ पछि देशमा भए देखिएका विभिन्न त्रासदीपूर्ण घटनाको समय विम्ब हो । उनको यो निबन्ध गङ्ग्रहका निबन्धहरूले वर्तमानका जटिलता, पीडा, बढ्दो विकृति, विसङ्गति र प्रजातन्त्रमा देखिएका सङ्कटलाई वाणी दिएको छ । उनको तीव्र व्यङ्ग्यचेत, उच्च बौद्धिकता, कवितात्मक प्रस्तुति र निजात्मक अनुभूतिले यो सङ्ग्रह उत्कृट बन्न पुगेको भनी उनले टिप्पणी गरेका छन् । यो लेखमा समय सुनामी निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूको वैशिष्ट्यलाई मात्र औँल्याइएको छ ।

ईश्वरी भट्ट (२०६६) ले “सालिक निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन” शीर्षकको शोधमत्रमा समय सुनामी निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा समाजमा प्रचलित असमानता, शोषण, रूढिवादी जस्ता सङ्कीण मूल्यमान्यता प्रति व्यङ्ग्य गरिएको छ भनी टिप्पणी गरेका छन् । यो लेखमा समय सुनामी निबन्ध सङ्ग्रभित्रका निबन्धहरूको बारेमा सामान्य चर्चा मात्र गरिएको छ ।

यसरी विभिन्न विद्वान्हरूले प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रहका बारेमा परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि विस्तृत विश्लेषण र मूल्याङ्कन भएको देखिँदैन ।

त्यसैले यस शोधकार्यमा **समय सुनामी** निबन्ध सङ्ग्रहको समग्ररूपमा कृतिपरक अध्ययन गरिएको छ ।

## १.४ शोधकार्यको औचित्य र महत्त्व

कृष्णचन्द्रसिंह प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रहमा केन्द्रित भई हालसम्म कृतिपरक अध्ययन भएको छैन । त्यही अभावको पूर्ति गर्नु नै प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व हो । त्यसैगरी प्रस्तुत शोधकार्य शोधार्थी, विधार्थी, शिक्षक एंव सर्वसाधारण पाठकका लागि पनि उपयोगी हुनेछ । त्यो पनि यस शोधकार्यको औचित्य र महत्त्व हो ।

## १.५ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य **समय सुनामी** निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययनमा सीमित रहेको छ । प्रस्तुत कृतिको अध्ययन विधातात्त्विक आधारमा र प्रवृत्तिगत आधारमा सीमित रहेको छ ।

## १.६ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन् ।

### १.६.१ सामग्रीको सङ्कलनविधि

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन पुस्तकालयीय अध्ययन पद्धतिमा आधारित छ । त्यसका साथै विभिन्न विद्वान्हरूलाई भेटी आवश्यक सल्लाह सुझाव लिने कार्य पनि गरिएको छ ।

### १.६.२ विश्लेषणको विधि

प्रस्तुत शोधपत्रमा सङ्कलित सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक विधिका आधारमा प्रस्तुत गरिएको छ ।

## १.७ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकास

तेस्रो परिच्छेद : कृष्णचन्द्रसिंह प्रधानको निबन्धयात्रा र प्रवृत्ति

चौथो परिच्छेद : विधातात्त्विक आधारमा **समय सुनामी** निबन्ध सङ्ग्रहका निबन्धहरू

पाँचौं परिच्छेद : प्रवृत्तिगत आधारमा **समय सुनामी** निबन्ध सङ्ग्रहका निबन्धहरू

छैटौं परिच्छेद : निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# परिच्छेद : दुई

# निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकास

## २.१ विषयप्रवेश

निबन्ध विश्व साहित्यिको कान्छो गद्य विधा हो । यसको आफ्नै संरचनागत स्वरूप रहेको हुन्छ । निबन्धको अध्ययन गर्ने सन्दर्भमा सर्वप्रथम निबन्धको विधा सिद्धान्त जान्नु आवश्यक हुन्छ । त्यसैले यस परिच्छेदमा निबन्धको विधागत सिद्धान्त प्रस्तुत गरिएको छ ।

## २.२ निबन्धको विधागत परिचय

साहित्यका विविध विधाहरूमध्ये निबन्ध साहित्यको नवीनतम गद्य विधा हो । विधा सिद्धान्तका आधारमा निबन्ध पाश्चात्य साहित्यको देन हो त्यसो भए तापनि निबन्ध शब्द संस्कृत वाङ्मयमा विभिन्न अर्थमा प्रचलित रहेको पाइन्छ । तल सङ्क्षेपमा निबन्धको विधा सिद्धान्त प्रस्तुत गरिएको छ ।

### २.२.१ निबन्ध सम्बन्धी पूर्वीय मान्यता

निबन्ध शब्द संस्कृतबाट नेपालीमा आएको तत्सम शब्द हो । नि उपसर्ग र घञ् प्रत्यय लागेर बनेको निबन्ध शब्दको अर्थ हुन्छ- बाँध्नु, रोक्नु, सङ्ग्रह गर्नु (भट्टोजिदीक्षित, २०४३ : ३३००) । त्यसैगरी नि+बन्ध्+अच् बाट बनेको निबन्ध शब्दको अर्थ हुन्छ- निम्बको बोक्रो सेवन गर्नाले कुष्ठ-रोग रोकथाम (द्विवेदी, १९७१ : १) ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग प्रचीन समयदेखि नै हुँदै आएको पाइन्छ । सर्वप्रथम यसको प्रयोग **श्रीमद्भागवत गीता**को अध्याय १६, श्लोक ५ मा भएको छ । श्री कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा “दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता” भनेर आत्मालाई सांसारिक मायाजालमा बाँधेर राख्ने आसुरी सम्पदाका रूपमा निबन्ध शब्दको प्रयोग गरेका छन् (वैदिक, १९९८ : ६१३) । **कादम्बरी** काव्यको मङ्गलाचरणमा पद्यमा शब्दशिल्प र शाब्दिक कलालाई निबन्धको संज्ञा दिएको पाइन्छ (सुवेदी, २०५८ : ६) । **याज्ञवल्क्य स्मृति**मा ‘निबन्धो

द्रव्यमेव च' भनेर द्रव्यको अर्थमा निबन्धको प्रयोग भएको छ (शर्मा, २०६० : ५) । क्रमिक रूपमा अर्थ विस्तार हुँदै जाँदा एघारौँ शताब्दी पश्चात् यस शब्दको प्रयोग सूत्र, वृत्ति, भाष्य, तथा समीक्षात्मक सङ्ग्रहका अर्थमा हुन थालेको देखिन्छ (वर्मा, २०२०: ४४५) । आप्टेद्वारा सम्पादित **संस्कृत अङ्ग्रेजी शब्दकोश**मा निबन्धका संशक्ति, अविरलता, लेखन, साहित्यिक, रचना, नियमन, बन्धन आदि गरी तेह्रओटा अर्थको उल्लेख गरिएको छ (आप्टे, १९६५ : ५४९) । प्रथमतः यो शब्द हस्तलिखित भोजपत्र आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयोग भएको थियो ( उपाध्याय, २०३४ : १७५) । अहिले आएर यो शब्दले साहित्यको विशिष्ट किसिमको गद्यविधालाई बुझाउन थालेको छ ।

पूर्वीय दृष्टिकोणबाट हेर्दा निबन्ध शब्दले आजको साहित्यिक गद्य विधा विशेषलाई समेट्न सकेको छैन । शब्दनिर्माण प्रक्रियामा निबन्ध शब्द संस्कृत व्याकरणकै अनुशासनमा तयार भएको पाइए तापनि संस्कृत साहित्यकालमा आधुनिक स्वरूपका निबन्धको सिर्जना भएको पाइँदैन ।

### २.२.२ पाश्चात्य दृष्टिकोण

अङ्ग्रेजी साहित्यमा निबन्धलाई एस्से (Essay) भनिन्छ । यो फ्रान्सेली शब्द एसाइ ( Essai) बाट आएको हो जसमा यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ (थापा, २०६० : १६५) । पाश्चात्य साहित्यमा निबन्धको थालनी सोह्रौँ शताब्दीका फ्रान्सेली लेखक मोन्तेनको एसाइ भन्ने शब्दावलीको प्रयोगसँगै सुरु भएको मानिन्छ । उनको यो 'एसाइ' शब्दको अर्थ प्रयास गर्नु हुन्छ (कडन, १९९९ : २८६) । त्यसैगरी सत्रौँ शताब्दीमा बेलायका साहित्यकार फ्रान्सिस बेकनले आफ्ना चिन्तनमूलक रचनालाई 'एस्से' कै संज्ञा दिए, जसको अर्थ एसाइको अर्थसँग सम्बद्ध रहेको छ (बराल, २०५८ : २१) । सत्रौँ र अठारौँ शताब्दीमा आएर गद्यमा लेखिएको छोटो रचनाकै तात्पर्यमा 'एस्से' शब्दको प्रयोग भएको छ (द्विवेदी, १९७१ : १३) । बिस्तारै 'एस्से'को परिभाषा गर्ने सन्दर्भमा विभिन्न विद्वान्हरूले यसको अर्थ दिन थालेपछि यसले विधागत चिनारी प्राप्त गऱ्यो र गद्यमा लेखिएको छोटो लेख नै 'एस्से' हुन पुग्यो ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग गद्य विधा विशेषको रूपमा भएको पाइँदैन । यसको प्रयोग भाष्य ग्रन्थ, टीका, आदिमा मात्र भएको पाइन्छ तर पाश्चात्य 'एस्से' शब्दले आरम्भदेखि नै साहित्यिक रचनाकै अर्थ बहन गर्ने गद्य विधा विशेषलाई व्यापक अर्थमा लिन थालेको पाइन्छ । त्यसैले नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य 'एस्से'सँग निकट रहेको देखिन्छ ।

### २.२.३ निबन्धको परिभाषा

निबन्ध विश्वसाहित्यको इतिहासमा अत्यन्त नयाँ गद्य विधा हो । त्यसैकारण निबन्धको विधागत परिभाषा गर्ने क्रम पनि निकै पछि सुरु भएको हो र यसको स्पष्ट विधासम्बन्धी सिद्धान्तहरू पनि निकै पछि मात्र सुरु भएको देखिन्छ । यसर्थ निबन्धको परिभाषा गर्ने प्रयास पूर्वीय तथा पाश्चात्य दुवै साहित्यमा भएको छ तर पनि अन्य विधा जस्तो यसको पनि सहज र स्पष्ट परिभाषा भएको पाइँदैन ।

पाश्चात्य साहित्यको इतिहासमा निबन्ध विधाको प्रारम्भ फ्रान्सका मोन्तेनले गरेका हुन् । अङ्ग्रेजी साहित्यमा बेलायती बेकनले गरेका हुन् ।

निबन्धलाई सर्वप्रथम चिनाउने काम पनि मोन्तेनले नै गरेका हुन्- म नै मेरो निबन्धको विषयवस्तु हुँ ; किन भने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म स्वयम् मात्र हुँ (सुवेदी, २०५८ : १७) । मोन्तेनले आफ्ना निबन्धको विषयवस्तु आफैँलाई ठानी निबन्धलाई आत्मप्रकाशन मानेका छन् । उनका विचारमा निबन्ध निजात्मक व्यक्तित्त्वको अभिव्यक्ति हो । उनी आत्मपरक निबन्ध लेखनको प्रारम्भ कर्ता हुन् ।

अङ्ग्रेजी निबन्धकार फ्रान्सिस बेकनले निबन्ध विकीर्ण चिन्तन हो भनेका छन् (उपध्याय, २०६७ : १६३) । उनको परिभाषाबाट निबन्ध चिन्तन प्रधान हुन्छ, त्यसमा कल्पना र अनुभूतिको कोमल अभिव्यक्ति नभएर गम्भीर ज्ञान र बौद्धिक अभिव्यक्ति रहेको हुन्छ भन्ने देखिन्छ ।

डा.जोन्सनले निबन्ध भनेको मानसिक जगत्को त्यो थाकेको बुद्धिविलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरूको अपरिपक्व र अव्यवस्थित रचना हो भनेका छन् (

अधिकारी, १९७५ : ६) । यस कथनबाट निबन्ध भनेको क्रम नियमहीन अपरिपक्व र अव्यवस्थित रचनाको रूपमा देखिन आउँछ ।

ह्युवाकर भन्छन् निबन्धको क्षेत्र अति विशाल र व्यापक छ । एककोषी जीवदेखी लिएर मानिससम्म वा धूलराशिदेखि लिए आकाशका तारामण्डलसम्म व्याप्त कुनै पनि विषयमाथि निबन्ध लेख्न सकिन्छ भनेका छन् (शर्मा, २०६० : ७) । उनको परिभाषाले निबन्धको क्षेत्र निक्यौंल गर्ने कार्य गरेको छ ।

अङ्ग्रेजी र फ्रान्सेली साहित्यमा मात्र नभई बङ्गाली, हिन्दी र नेपाली साहित्यमा पनि निबन्ध सम्बन्धी पर्याप्त अध्ययन भएको छ । हिन्दी साहित्यबाट नेपाली साहित्यमा निबन्ध विधा भित्रिएको हो र निबन्धको परिभाषाको क्रम सुरु भएको हो ।

हिन्दी साहित्यका चिन्तक आचार्य रामचन्द्र शुक्लले यदि पद्य कविहरूको कसी हो भने निबन्ध गद्यको कसी हो भनेका छन् (शुक्ल, २०१८ : ५०५) । उनले निबन्धलाई गद्यको विशिष्ट विधा मानेका छन् ।

गुलाब रायले निबन्ध त्यो गद्य रचनालाई भनिन्छ जसमा एउटा सीमित आकारभित्र कुनै विषयको वर्णन वा प्रतिपादन एक विशेष निजीपन, स्वच्छन्दता, सौष्ठव र सजीवता तथा आवश्यक संगति र सम्बद्धताका साथ गरिएको हुन्छ भनेका छन् (नलिन, १९६४ : १७) । उनको परिभाषामा निबन्ध सानो आकारको गद्य रचना हो । यसको विषयवस्तु जुनसुकै हुन सक्छ र त्यसको वर्णन र प्रतिपादन गर्दा स्रष्टाको व्यक्तित्व मुछिनु पदर्छ । स्वच्छन्द भाव विचरण भए पनि संगति र सम्बद्धतालाई कायम राख्नु निबन्धको वास्तविक प्राण हो भन्ने कुरा देखिएको छ ।

हरिनाथ टण्डनको कथनमा निबन्ध शब्दको अर्थ हो बाँधिएको, अत : थोरै अत्यन्त चुनिएका शब्दहरूमा कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् (उपाध्याय, २०६७ : १६६) ।

नेपाली साहित्यमा निबन्धको सैद्धान्तिक चिन्तन र अध्ययन भएको पाइन्छ । यस क्रममा विभिन्न विद्वान्हरूले यसको परिभाषा गरेका छन् ।

नेपाली साहित्यका विशिष्ट निबन्धकार लक्ष्मीप्रसाद दोवकोटले निबन्धसम्बन्धी छुट्टै सैद्धान्तिक चिन्तन प्रस्तुत नगरे पनि निबन्ध भित्रबाट नै यसको विशिष्ट परिभाषा दिएका छन् । उनका शब्दमा "यो रौंचिरा दर्शन होइन; न यो पाण्डित्य-प्रदर्शनको ठ्यासफु ! यसमा गृहित विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो- जो सडकमा हिँड्दा कहिले कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्दछ, तर घोरिदैन- पाठघोकुवा, 'हलन्ते' को मिजासले । यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो । यो टेबुल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त बमन वेदान्त । यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ । ....यहाँ एउटा रसिलो हँसिलो, गफाडी, चुट्किलो कुराकानी छ जसको नाम प्रबन्ध (निबन्ध) हो" (देवकोटा, २०४७ : ख, ५) । यस परिभाषा अनुसार उनले निबन्धलाई व्याख्यान र पाण्डित्यपूर्ण प्रदर्शनलाई नलिएर हार्दिक कोमलताका रूपमा लिएको पाइन्छ ।

ईश्वर बरालले आफ्नो सम्पादित कृति **सयपत्री**को भूमिकामा निबन्धलाई यसरी चिनाएका छन् "निबन्ध एक किसिमको कुरा गराइ हो । यो हो लेखकका अन्तरतम मनोभावनालाई कौतुकपूर्वक स्वगत कथनका रूपमा प्रकट गर्ने विधाविशेष । आफ्नो मनमा गडेर रहेका कुराको सम्प्रेषण गर्नु, दुखेसो गुनासो अरूलाई सुनाउनु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइदिनु मानिसको तिर्सना हो । तेसो हुनाले निबन्धकार जहिले पनि पाठकसित खुला मनले गफ गर्दै भ्याम्मिन चाहान्छ, साउती गरेर तिनलाई गाँठी कुरो खुसुक्क सुनाउन चाहान्छ" (बराल, २०४६ : ३४) । बरालले निबन्धलाई सामान्य कुरागराइ मान्दै यसको मानव प्रवृत्तिलाई वहन गर्नुपर्ने बताएका छन् ।

रामलाल अधिकारी ले निबन्धका सम्बन्धमा भन्छन्- "निबन्ध त्यो काव्य विधा हो जसमा लेखकको व्यक्तित्व पाठकको अघिल्तिर पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेश दिने नभई आत्मप्रकाशनमै केन्द्रित हुनुपर्दछ" (अधिकारी, १९७५ : १२) । उनले निबन्धलाई निजात्मक गद्य विधाको रूपमा स्वीकारेका छन् जसमा वैयक्तिक भावना वा विषयलाई संयमपूर्ण तरिकाले प्रस्तुत गरिएको हुन्छ भनेका छन् ।

हृदयचन्द्रसिंह प्रधान निबन्धका सम्बन्धमा भन्छन्- “आफ्नो मार्मिक कथा र अनुभव आफ्ना दिली दोस्तलाई बाताउँदै कुनै गन्तव्यस्थानमा गइरहेको जस्तो पाठकलाई पार्नुपर्छ” (प्रधान, २०६३ : ख) । उनको यस परिभाषाअनुसार निबन्धमा अनौपचारिकता र घनिष्ठता हुनुपर्छ ।

हिमांशु थापाको भनाइमा “निबन्धमा कथाको एकोन्मुखता हुन्छ र समालोचनाको निर्भीकता र निष्पक्षता हुन्छ” (दाहाल, २०५५ : १५७) । उनले निबन्धमा एकोन्मुखता, तीव्रता, निष्पक्षता र निर्भीकताको उल्लेख गरेर निबन्धलाई निष्पक्ष र निर्भीक अभिव्यक्तिका रूपमा लिएका छन् ।

यी विभिन्न परिभाषाहरूका आधारमा निबन्धको परिभाषा यसरी बनाउन सकिन्छ । वास्तवमा निबन्ध भनेको गद्यमा अभिव्यक्त गरिएको व्यक्तिको आत्मप्रकाशन हो ।

### २.२.४ निबन्धका तत्त्वहरू

निबन्धका तत्त्वहरू भन्नाले निबन्धका केही आधारहरू हुन्छन् र यसका केही आफ्नै सामग्रीहरू हुन्छन् । यी सामग्रीहरू निबन्धका तत्त्व हुन् (शर्मा, २०६० : २०) । निबन्धको परिभाषा गर्न कठिन भए जस्तै विषयगत व्यापकताले गर्दा यसका तत्त्वहरू यति नै हुन्छन् भन्न जटिल हुन्छ । यसका तत्त्वहरूका बारेमा विद्वान्हरूका बिच फरक फरक दृष्टि र मतहरू रहेको पाइन्छ ।

गोपीकृष्ण शर्माले निबन्धका निम्न तत्त्वहरू उल्लेख गरेका छन् : वस्तु, शैली र उद्देश्य (शर्मा, २०४८ : १६) ।

देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइँटेलले निबन्धका निम्न तत्त्वहरू उल्लेख गरेका छन् : विषय वस्तु, हार्दिककता/ बौद्धिकता, वैयक्तिकता, सङ्क्षिप्तता, दृष्टिविन्दु र भाषाशैली (गौतम र लुइँटेल, २०५४ : ५-८) ।

टङ्कप्रसाद न्यौपानेले निबन्धका निम्न तत्त्वहरू उल्लेख गरेका छन् : वस्तु, शैली, उद्देश्य र सङ्गठन (न्यौपाने, २०३८ : ३३२-३३८) ।

मोहनप्रसाद तिमिल्सिनाले निबन्धका निम्नलिखित तत्त्वहरू उल्लेख गरेका छन् : वस्तु र शैली

(१) भावका आधारम (क) व्यङ्ग्य शैली (ख) संयम शैली (ग) भावुक शैली (२) भाषाका आधारमा (क) समस्त शैली (ख) सरल शैली (ग) उद्देश्य (तिमिल्सिना, २०४१ : १५-१७) ।

राजेन्द्र सुवेदीले निबन्धका निम्नलिखित तत्त्वहरू निर्धारण गरेका छन् : विषय, संवेदना, निजात्मकता, उद्देश्य, यथार्थको प्रतिपादन, लघु आयतन, पूर्णता, गद्य र रचननात्मक शैली ( सुवेदी, २०५९ : ५९-६०) ।

मोहनराज शर्माले निबन्धका निम्नलिखित तत्त्व उल्लेख गरेका छन् : विषय, शैली र प्रयोजन ( शर्मा, २०६३ : ५०१-५०२) ।

सागरमणि सुवेदीले निबन्धका निम्नलिखित तत्त्व उल्लेख गरेका छन् : शीर्षक, विषयवस्तु, ज्ञान, वैचारिक तत्त्व, प्रयोजन, अर्थ प्रतिपादनशैली, शैली, शिल्प, भाषा र कथनपद्धति (सुवेदी, २०६३ : ५८-६०) ।

केशवप्रसाद उपाध्यायले निबन्धका निम्नलिखित तत्त्व उल्लेख गरेका छन् : (क) वस्तु (१) बुद्धितत्त्व - विचार, चिन्तन, तार्किकता, वैज्ञानिक बोध, यथार्थ प्रेम, गम्भीरता र औचित्यरक्षाको सावधानी (२) भावतत्त्व - संवेदनाको आवेग, भावुकताको आग्रह, रागात्मकता र ध्वन्यात्मकता (ख) शैली (ग) उद्देश्य (उपाध्याय, २०६७ : १७१-१७२) ।

निबन्धको तत्त्वका बारेमा विद्वानहरूका बिच फरक फरक दृष्टिकोण र मतहरू भए तापनि यसका मुख्य तीन तत्त्वहरू हुन्छन् - वस्तु, शैली र उद्देश्य । यिनै तत्त्वलाई प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणको आधार बनाइएको छ ।

### (क) विषयवस्तु

विषयवस्तुलाई निबन्धको अनिर्वाय तत्त्वका रूपमा लिइन्छ । जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिने हुँदा यसको विषय क्षेत्र ज्यादै व्यापक र विस्तृत छ । मानव हृदय र मानव मस्तिष्कले टिपेको जुनसुकै सन्दर्भ पनि निबन्धको विषयवस्तु हुनसक्छ । वस्तु तत्त्व निबन्धको प्राण हो । यसमा बुद्धि तत्त्व र भाव तत्त्व हुन्छ । बुद्धि तत्त्वमा विचार, चिन्तन, तार्किकता, वैज्ञानिक बोध, यथार्थ प्रेम, गम्भीरता र औचित्य रक्षाको सावधानी प्रकटित हुन्छ । भाव तत्त्वमा

संवेदनाको आवेग, भावुकताको आग्रह, रागात्मकता र ध्वन्यात्मकता समावेश भएको पाइन्छ । कल्पनाको आवरणले यसलाई सिँगारेको हुन्छ (उपाध्याय २०३४ : १८६) । यसर्थ बुद्धि र भावको समन्वय जति मात्रामा सशक्त हुन्छ, त्यति नै निबन्ध प्रभाकारी बन्दछ । त्यसैले यसको अध्ययन र अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ ।

**(ख) शैली**

आफ्नो विचार वा कुनै विषयवस्तुलाई अरूछेउ सम्प्रेषण गर्न तैयार गरिएको शब्द, वाक्य र अनुच्छेदहरूको बुनोटलाई शैली भनिन्छ । शैली भाव र भाषको सङ्गमस्थल हो । भाव र भाषालाई एकै ठाउँ समन्वित गर्ने ढङ्ग नै शैली हो (शर्मा, २०४८ : २२) । निबन्धकारको निजीपन र व्यक्तित्वको परिचय नै शैली हो । यो भाव र भाषाको सङ्गमबाट निर्मित हुन्छ । विचार र भाव निबन्धको आत्मा भाषा, शरीर र शैली निबन्धको जीवन वा प्राण हो (नलिन, १९६४ : २९) । प्रत्येक निबन्धकारको शैली आआफ्नै प्रकारको हुन्छ । निबन्धको भाषा सरल, सहज कोमल, हार्दिक, हृदयस्पर्शी हुनुपर्दछ । निबन्धकारले जुनभाषामा निबन्ध लेख्छ त्यस भाषालाई उसले राम्रोसँग खेलाउन सक्ने हुनुपर्दछ । निबन्धको भाव र भाषा कुनैको सुबोध र कुनैको दुर्बोध्य भए पनि शब्द प्रयोगको दृष्टिले भने विषय अनुकूल, रोचक र अर्थयुक्त हुनुपर्दछ । यिनै शैलीगत भिन्नताका दृष्टिले शैलीलाई भाव र भाषाका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

**(अ) भावका आधारमा शैली**

भावका आधारमा मूलतः शैली तीन किसिमका छन् :-

संयम शैली, भावुक शैली र व्यङ्ग्य शैली (शर्मा, २०४८ : २३-२४) ।

भावलाई नियन्त्रित राख्ने शैलीलाई संयम शैली भनिन्छ । यसमा निबन्धकार स्वयम् नियन्त्रित हुन्छ र आफ्नो भावुकतालाई छताछुल्ल पोखन पाउँदैन । यसमा निबन्धकार भावको अधीनमा नभएर निबन्धकारको नियन्त्रणमा भाव रहन्छ । संयम शैलीले विस्तार-विस्तार पाठकका हृदयमा प्रवेश गरेर पाठकलाई प्रभावित पार्दछ । यसमा राम्रो व्यवस्था हुन्छ र प्राय : बुद्धिले काम गरेको हुन्छ (शर्मा, २०४८ : २३) । यस शैलीले पाठकलाई एकै साथ झ्याप्प छोपेर अन्यौलमा पार्दैन । यसमा ठट्टा मजा र हार्दिकता रहन्छ ।

भावुक शैलीमा निबन्धकार कुनै व्यवधानबिना आफ्ना कुरा प्राय अव्यवस्थित रूपले पोखिरहेको हुन्छ । यस्तो शैलीमा निबन्धकारले आफ्ना विगतका अनुभवहरूलाई कल्पनाले सिंगारेर अतिरञ्जित किसिमले व्यक्त गरेको हुन्छ । भावुक शैलीको भाषा भावप्रवण, संवेदनशील र मधुर हुन्छ (शर्मा, २०४८ : २३) ।

भावलाई चमत्कारपूर्ण ढङ्गले भाषामा प्रस्तुत गर्ने शैली व्यङ्ग्य शैली हो । व्यङ्ग्य भनेको वाणीको चरमोत्कृष्ट रूप हो । यस शैलीमा निबन्धकारको भाव र भाषामाथि एकलैटी अधिकार हुन्छ । यो शैलीले प्राय : पाठकको मनलाई कुतकुत्याउने गरी, आकर्षक ढाँचा र छेडछाडका रूपमा व्यक्त गर्दछ (शर्मा, २०४८ : २४) ।

**(आ) भाषाका आधारमा शैली**

जसरी भावका आधारमा शैलीलाई विभाजन गरिएको छ त्यसैगरी भाषाका आधारमा शैली दुई प्रकारका हुन्छन् । समस्त शैली र सरल शैली (तिमिल्सिना, २०४१ : १६) ।

समस्त शैलीलाई समास शैली पनि भनिन्छ । जुन शैलीमा विशिष्ट भाषाको प्रयोग हुन्छ, त्यसलाई समास शैली भनिन्छ । साधारण कुरालाई कठिनतम पदावलीद्वारा व्यक्त गरिन्छ भने त्यहाँ स्वत : समास शैलीको प्रयोग भएको हुन्छ (तिमिल्सिना, २०४१ : १६) । कठिन शब्द, लामा वाक्य र दुरूह संरचना समास शैलीका विशेषता हुन् । यस शैलीको भाषा जेलिएको हुनाले शैलीमा कठिनता आउँछ । यस शैलीमा भावको न्यूनता र भाषाको विस्तार हुन्छ (शर्मा, २०४८ : २४) । यसमा संस्कृत तत्सम शब्दको अधिक प्रयोग गरिएको हुन्छ ।

सरल शैलीलाई प्रसाद शैली पनि भनिन्छ । जुनसुकै कुरालाई पनि अति साधारण तरिकाले सहज र सरल भाषामा भन्नु प्रसाद शैलीको गुण हो । साधारण र बहुप्रचलित शब्द, छोटा वाक्य र सुबोध अभिव्यक्ति यस शैलीका विशेषता हुन् (शर्मा, २०४८ : २४) । आधुनिक निबन्धमा प्रसाद शैली बहुप्रचलित छ ।

**(ग) उद्देश्य**

हरेक निबन्ध कुनै-न-कुनै उद्देश्यले प्रेरित र आफ्नो लक्ष्यपूर्तिको लागि प्रयत्नशील हुन्छ । निबन्धकारको मूल उद्देश्य अल्पसमयमा कुनै पनि विषयको परिचय दिनु हो । कुनै विषयलाई लिपिबद्ध गर्दा निबन्धकारले आफ्नो उद्देश्यलाई स्पष्ट पार्न सक्नुपर्छ । निबन्ध लेखनको मुख्य उद्देश्य उपदेश दिनु नभई सूचना दिनु वा आत्मप्रकाशन गर्नु हो (उपाध्याय, २०३४ : १८६) । निबन्ध रचनाका दुई प्रकारका मूलत : उद्देश्य हुन्छन् - आत्मप्रकाशन र सूचनात्मकता (शर्मा, २०४८ : २५) ।

आफ्ना मनका इच्छा, भावना, विचार आदि प्रस्तुत गर्नु आत्मप्रकाशन हो । निबन्ध रचनका लागि वस्तु र शैली मात्र पर्याप्त हुँदैन । निबन्धकारमा 'स्व' को प्रकाशन गर्नु जरूरी हुन्छ । त्यसैले निबन्धमा व्यक्तिको परिचय हुन्छ र निबन्धकारले यसका माध्यमबाट 'स्व' को चिनारी गराउँछ । निजात्मक निबन्धमा यस खालको प्रक्रिया बढी सक्रिय रहन्छ, त्यसो हुनाले 'आत्मप्रकाशन' निबन्धको एक उद्देश्य हो (शर्मा, २०४८ : २६) । वस्तुपरक निबन्धमा थोरबहुत आत्मप्रकाशन हुन्छ ।

निबन्धमा रचनाकारको अनुभव सम्बन्धी सूचनाहरू रहन्छन् । जाने बुझेका कुरालाई छोटोछरितो गद्यविधाबाट अरूछेउ राखिदिनु निबन्धको कार्य हो । निबन्धकारले कुनै नयाँ कुरा, विषय वा सूचनालाई अवगत गराउनका लागि निबन्धको रचना गर्दछ (शर्मा, २०४८ : २६) । यही नै निबन्धको सूचनात्मकता हो ।

यसरी वस्तु, शैली र उद्देश्य निबन्धका आवश्यक तत्त्व हुन् । यिनै तत्त्वबाट निबन्धको संरचना बन्दछ ।

**२.२.५ निबन्धको वर्गीकरण**

साहित्यका विविध विधामध्ये निबन्ध साहित्यको नूतन गद्य विधा हो । विषयवस्तु, भाषाशैली र रचनामा हुने भिन्नताका कारण निबन्ध जटिल बन्न पुगेको छ । त्यसैले निबन्धको सहज अध्ययन हुनको लागि  वैज्ञानिक र व्यवहारिक अध्ययन हुनु आवश्य देखिन्छ । विभिन्न विद्वान्हरूले विषयवस्तु, भाषाशैली, प्रवृत्ति, व्यक्तित्वको प्रधानता र गौणताका आधारमा

निबन्धको वर्गीकारण गरेको  पाइन्छ । पाश्चात्य जगत्मा निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ । फ्रान्सेली मोन्तेन आत्मपरक निबन्धकार हुन् भने अङ्ग्रेजी बेकन वस्तुपरक निबन्धकार हुन् ।

एम एच अब्राम्सले निबन्धलाई औपचारिक र अनौपचारिक गरी दुई किसिमले वर्गीकरण गरेका छन् (अब्राम्स, २००४ : ८२ ) ।

हिन्दी साहित्यका समीक्षक तथा इतिहासकार रामचन्द्र शुक्लले शैलीलाई मुख्य आधार मानी निबन्धलाई भावात्मक, वर्णनात्मक र विचारात्मक गरी तीन किसिमले वर्गीकरण गरेका छन् ( शुक्ल, २०१८ : ४८२) ।

जयनाथ नलिनले निबन्धलाई निजात्मक र परात्मक गरी दुई किसिमले वर्गीकरण गरेका छन् । निजात्मक अन्तर्गत विचारात्मक, भावात्मक र आत्मपरक पदर्छन् भने परात्मक अन्तर्गत वर्णनात्मक र विवरणात्मक पदर्छन् (नलिन, १९६४ : १४-१८) ।

हरिनाथ द्विवेदीले निबन्धलाई वस्तुगत र व्यक्तिगत गरी दुई किसिमले वर्गीकरण गरेका छन् ( द्विवेदी, १९७१ : १) ।

नेपाली साहित्यका ईश्वर बरालले निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई किसिमले वर्गीकरण गरेका छन् । आत्मपरक अन्तर्गत वैयक्तिक, भावात्मक र विचारात्मक पदर्छन् भने वस्तुपरक भित्र विवृतितत्त्वप्रधान, तथ्यतत्त्व प्रधान, तर्क वा भावतत्त्वप्रधान र भाव वा व्याख्यातत्त्वप्रधान पदर्छन् (बराल, २०४६ : ३६) ।

बालकृष्ण पोखरेलले निबन्धलाई धर्काचित्र, नियात्रा, रूबन्ध र आत्मिका गरी चार किसिमले वर्गीकरण गरेका छन् (पोखरेल, २०२७ : सम्पादकीय) ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले निबन्धलाई निजात्मक र परात्मक गरी दुई किसिमले वर्गीकरण गरेका छन् । निजात्मक अन्तर्गत आत्मरचना, शब्दचित्र, हास्यव्यङ्ग्य, कथात्मक र आत्माभिव्यञ्जक पदर्छन् भने परात्मक अन्तर्गत भाषा साहित्य र इतर विषय पदर्छन् । भाषा साहित्य अन्तर्गत भाषा, साहित्यशास्त्र, लोक साहित्य, लघु शोधपत्र र प्रतिवेदन र इतर विषय

अन्तर्गत इतिहास, संस्कृति, विज्ञान र प्रविधि, दशर्न र धर्मशास्त्र, शिक्षा, मनोविज्ञान र पुरातत्त्व पदर्छन् (श्रेष्ठ र शर्मा, २०४६ : १२९) ।

राजेन्द्र सुवेदीले निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई किसिमले वर्गीकरण गरेका छन् । अत्मपरक अन्तर्गत  विचारात्मक, भावनात्मक र वैयक्तिक, र वस्तुपरक अन्तर्गत निबन्ध र प्रबन्ध पदर्छन् । निबन्ध अन्तर्गत वर्णनात्मक र विवरणात्मक र प्रबन्ध अन्तर्गत प्रलेख, लेख, जीवनी, यात्राविवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका, आत्मजीवनी, सम्पादकीय, प्रतिवेदन, टिप्पणी र सन्धिपत्र पदर्छन् (सुवेदी, २०६३ : ९) ।

केशवप्रसाद उपाध्यायले निबन्धलाई वर्णनात्मक, विवरणात्मक, विचारात्मक र भावात्मक गरी चार किसिमले वर्गीकरण गरेका छन् (उपाध्याय, २०३४ : १८२) ।

रत्नध्वज जोशीले निबन्धलाई विषयप्रधान र व्यक्तिप्रधान गरी दुई किसिमले वर्गीकरण गरेका छन् (जोशी, २०५० : २७२) ।

गोपीकृष्ण शर्माले निबन्धलाई विषय र अभिव्यक्तिका आधारमा गरी दुई किसिमले वर्गीकरण गरेका छन् । विषयका आधार आन्तर्गत विषयनिष्ठ वा परात्मक निबन्ध र विषयीनिष्ठ वा निजात्मक निबन्ध र अभिव्यक्तिका आधार अन्तर्गत वर्णनात्मक निबन्ध, विवरणात्मक निबन्ध र विचारात्मक निबन्ध पदर्छन् (शर्मा, २०४८ : २७) ।

देवीप्रसाद गौतम र खगेन्द्र लुइँटेलले निबन्धलाई निजात्मक र परात्मक गरी दुई किसिमले वर्गीकरण गरेका छन् । निजात्मक अन्तर्गत विचारात्मक, भावात्मक र वैयक्तिक र परात्मक अन्तर्गत वर्णनात्मक र विवरणात्मक निबन्ध पर्दछन् (गौतम र लुइँटेल, २०५४ : ९) ।

निबन्ध वैयक्तिक रचना भएकाले यसलाई व्यक्तित्वकै केन्द्रीयता र गौणताको आधारमा आत्मपरक र वस्तुपरक गरी दुई भागमा बाँड्न सकिन्छ । आत्मपरक अन्तर्गत भावात्मक, विचारात्मक र वैयक्तिक गरी तीन भागमा र वस्तुपरक अन्तर्गत वर्णनात्मक र विवरणात्मक गरी दुई उपवर्गमा बाँड्न सकिन्छ ।

### (क) आत्मपरक निबन्ध

आत्मपरक निबन्धलाई वैयक्तिक, निजात्मक र व्यक्तिप्रधान पनि भनिन्छ । आत्मपरक निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ र विषयको गौण स्थान हुन्छ । निबन्धकारको स्वत्व र व्यक्तित्वको प्रबल छाप यस प्रकारको निबन्धमा पर्दछ । निबन्धकारको व्यक्तित्व नै निबन्धको आधार हुन्छ (थापा, २०६६ : १६९) । यसमा व्यक्तिको निजी अनुभव, विचार र विद्वता प्रदर्शन गर्ने खालका निबन्धहरू आउँछन् । यस्तो खालका निबन्धमा लेखक आधारका लागि मात्र विषयलाई छुन्छ अनि त्यसकै माझबाट आफ्नो व्यक्तित्वको प्रदर्शन गर्न थाल्छ (शर्मा, २०४८ : २८) । यस्ता खालका निबन्धमा निबन्धकार आफ्नो व्यक्तिगत सुखदुःख, हारजित, हर्षविस्मत आदिका दैनिक अनुभवहरूमा आफ्नै जीवन तथ्यहरूको हल्का र सरल पाराले प्रस्तुतीकरण गर्दै पाठकसँग मन खोल्दछ (सुवेदी, २०५८ : २७) । यस किसिमको अभिव्यक्ति दिने क्रममा लेखक कहिले भावात्मक भएर निजी जीवनको अभिव्यक्ति गर्दछ भने कहिले विषयको बारेमा विचार व्यक्त गर्दछ । यसरी निबन्धकारको व्यक्तित्व, विचार एवं भावनाहरू प्रकट हुने भएकाले आत्मपरक निबन्धलाई भावात्मक, विचारात्मक र वैयक्तिक गरी तीन भागमा बाँड्न सकिन्छ ।

#### (अ) भावात्मक निबन्ध

भावात्मक निबन्धमा अमूर्त भावात्मक विषयहरू जस्तैः आशा, निराश, करूण आदिलाई संवेदनात्मक तुल्याई सरल र आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ (उपाध्याय, २०३४ : १८४) । यसमा जीवनका विभिन्न पक्षहरूलाई भावपूर्ण दृष्टिले विवेचना गरिएको हुन्छ । यसमा मूलत : भावको प्रधानता हुन्छ । जीवन र जगत्का साधारण विषयलाई भाव र कल्पनाको प्रचुरताले असाधारण बनाइएको हुन्छ । भावात्मक निबन्ध हृदयपक्षसँग सम्बन्धित हुन्छ (थापा, २०६६ : १७४) । यस्ता निबन्धको भाषाशैली सरल, सरस र आलङ्कारिक हुन्छ । सङ्क्षेपमा भन्नु पर्दा यस्ता निबन्धमा लेखकले वस्तुको वर्णन भावना र कल्पनाका सहारामा अत्यन्त रागात्मक र कलात्मक रूपले प्रस्तुत गर्दछन् ।

### (आ) विचारात्मक निबन्ध

विचारात्मक निबन्धमा विचार वा तर्कहरू दिइएका हुन्छन् । यसको सम्बन्ध बुद्धिसित रहन्छ । बुद्धि र हृदय दुवै आन्तरिक पक्ष हुन् । अनुभूति वा संवेदनाको स्रोत हृदय हो भने विचारको स्रोत बुद्धि हो । त्यसो हुनाले विचारात्मक निबन्धमा बुद्धिको महत्त्वपूर्ण भूमिका रहन्छ । यस्ता निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्नो मत वा सिद्धान्त स्थापित गर्ने प्रयास गरिरहेको हुन्छ (शर्मा, २०४८ : ३०) । यस प्रकारको निबन्धमा जीवन र समाजका विभिन्न पक्ष र समस्यालाई वैचारिक रूपमा प्रस्तुत गरिएको हुन्छ । निबन्धकारले आफ्नो विचार र दृष्टिलाई तर्कसम्मत र क्रमबद्ध रूपमा प्रस्तुत गरेको हुन्छ । विचारात्मक निबन्धको गठनमा सङ्गतिको संयोजन गरिएको हुन्छ । विचारात्मक निबन्धमा समास शैलीको प्रयोग हुन्छ । प्रत्येक वाक्य र शब्द अर्थपूर्ण सारपूर्ण हुन्छन् (थापा, २०६६ : १७२) ।

### (इ) वैयक्तिक निबन्ध

लेखकीय स्वत्व प्रकट भएका निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । निबन्धकारले आफ्ना भावहरूलाई प्रकट गर्दै वैयक्तिक निबन्धको जन्म हुन्छ । यस खालका निबन्धमा स्रष्टाको व्यक्तिगत चिन्तन र दृष्टिकोण प्रवल रहेको हुन्छ । व्यक्तिगत निर्णयका आधारमा यथार्थलाई आफैं निष्कर्षमा उभ्याएर आफ्नै अभिमत सिद्ध गर्न प्रयत्न गरेको हुन्छ (सुवेदी, २०६३ : ६५) । अन्तर्मुखी प्रवृत्ति, अनौपचारिकता र आत्माभिव्यञ्जना वैयक्तिक निबन्धका विशेषता हुन् । यस्ता निबन्धमा निबन्धकारको भावुकताको आत्मप्रकाशन हुन्छ र विषयवस्तुका रूपमा स्रष्टा रहन्छ । यसमा स्रष्टाले निजी जीवनका भोगाइलाई तथा अनुभवलाई कथाकारले कथा भनेझैं निश्छलता पूर्वक प्रकट गर्दछ ।

### (ख) वस्तुपरक निबन्ध

वस्तुपरक निबन्धलाई, परात्मक, विषयप्रधान र निर्वैयक्तिक निबन्ध पनि भनिन्छ । यस प्रकारका निबन्धमा विषयप्रधान हुन्छ र व्यक्ति गौण हुन्छ (थापा, २०६६ : १७०) । यस्तो निबन्धमा निबन्धकार तटस्थ रहन्छ र विषयवस्तुको चिनारी गराउने कार्यमा लाग्दछ । यसमा निबन्धकारको 'स्व' टड्कारो रूपमा प्रकट हुँदैन । यस्ता निबन्धमा निबन्धकारले निजानुभूतिको

वास्ता नगरी 'पर' वा वस्तुसत्यको यथार्थ चित्र प्रस्तुत गर्दछ । यस्ता निबन्धको प्रमुख लक्ष्य भनेको आत्मप्रकाशन नभई सूचनात्माकता हुन्छ (शर्मा, २०४८ : २८) । यो निबन्ध विषयकै वरपर घुम्छ र यस्ता निबन्धमा स्रष्टा तटस्थ रही वस्तुको चिनारी गराउँछ र आफ्ना अनुभूतिमा नभइ वस्तु तथ्यको विशेष प्रकाशन गर्दछ । वस्तुपरक निबन्धलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ : (क) वर्णनात्मक (ख) विवरणात्मक

**(अ) वर्णनात्मक निबन्ध**

कुनै विषयका बारेमा नालीबेली छुट्याएर त्यसको वास्तविक रूप अगाडि राखिदिनु नै वर्णनात्मकको कार्य हो (शर्मा, २०४८ : २९) । यसमा वस्तु र विषयको बाहिरी रूपरङ्गदेखि लिएर गुण-दोष, रूचि-प्रकृति र उपयोगिताको वर्णन गरिन्छ । यसमा वस्तुको बाह्य रूपलाई जस्ताको तस्तै रूपमा चित्रण गर्ने पद्धतिलाई प्रमुखता दिइन्छ । यसमा लेखकको सूक्ष्म निरीक्षण शक्ति र वर्ण्य विषयलाई आकर्षक र रोचक तुल्याउन कल्पनाशक्तिको समेत प्रयोग भएको हुन्छ (उपाध्याय, २०३४ : १८३) । यस्ता निबन्धमा निबन्धकारले सरलभन्दा सरल शब्दावलीको प्रयोग गरी वस्तुका बारेमा वर्णन गदर्छन् । वर्णनात्मक निबन्धको तथ्य प्राय : स्थिर हुन्छ ।

**(आ) विवरणात्मक निबन्ध**

यसमा जीवन र जगत्का गतिशील पक्षको विवरण हुन्छ । यसको विषय कुनै पनि साहसिक कार्य र घटना तथा अविस्मरणीय यात्रा हुनसक्छ । विवरणात्मक निबन्ध जीवन र समाजका विभिन्न घटना र वृत्तान्तसँग सम्बन्धित छ (थापा, २०६६ : १७१) । यस्ता निबन्धहरू प्राय : ऐतिहासिक हुन्छन्, अतीत कालको यात्रा, घटना, मेला, शासन-प्रणाली आदिको छोटो र प्रभाकारी वर्णन गर्ने काम विवरणात्मक निबन्धले गर्दछ । विवरणात्मक निबन्धले कुनै घटनाको एक टुक्रा टिपेर त्यसलाई निबन्धात्मक सङ्गठन दिन्छ । विवरणात्मक निबन्धको मूल आधारभूमि घटना-वृत्तान्त हो (शर्मा, २०४८ : २९) । यो आलङ्कारिक र व्यञ्जनात्मक शैलीमा प्रस्तुत गरिन्छ ।

## २.३ नेपाली निबन्धको विकासक्रम

नेपाली निबन्धको पृष्ठभूमि केलाउँदा नेपाली भाषाको लेख्य रूपसम्म पुग्नु पर्ने हुन्छ । आजसम्मको खोज अन्वेषणअनुसार नेपाली गद्यको प्रारम्भ दामुपालको शिलालेख (१०३८) बाट भएको हो (पोखरेल, २०४३ : १) । तत्पश्चात नेपाली भाषाका अभिलेख एवं साहित्य तथा साहित्यिक गद्य ग्रन्थहरू प्रकाशित हुँदै गए । **राजा गगनिराजको यात्रा** (१५५०), **खण्डखाद्य** ( १६४८), **वाज परीक्षा** (१७०० तिर), **प्रायश्चित प्रदीप** (१७८० तिर), **औषध रसायन** (१८०० अघि) आदि ग्रन्थहरू नेपाली गद्यको इतिहासमा महत्त्वपूर्ण सामग्रीका रूपमा देखिन्छन् (सुवेदी, २०५७ : १४) । यी गद्य सामग्रीमा निबन्धगत तत्त्व भेटिँदैन । नेपाली साहित्यमा विधागत इतिहासको आरम्भ विक्रमको १९ औं शताब्दीबाट आरम्भ भएको देखिन्छ । इतिहासलाई केलाउँदा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाटै निबन्धको आरम्भ भएको मानिन्छ । यस गद्यमा निबन्धका केही मूल्य पाइएकाले यसलाई निबन्धको आरम्भ बिन्दु मानिएको हो । यही **दिव्योपदेश**लाई आरम्भ बिन्दु मानेर नेपाली निबन्धको विकास क्रमलाई तीनवटा काल खण्डमा विभाजन गर्न सकिन्छ ।

(क) प्राथमिक काल ( १८३१-१९५७)

(ख) माध्यमिक काल ( १९५८-१९९१)

(ग) आधुनिक काल ( १९९२- हालसम्म )

### २.३.१ प्राथमिक काल ( १८३१-१९५७)

नेपाली निबन्धको प्राथमिक काल पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) देखि गोर्खापत्रको प्रकाशन पूर्व १९५७ सम्म कायम रहेको मान्न सकिन्छ । यसमा सामान्य पदावली, ललित भावविन्यास, निजात्मक रूपमा प्रस्तुत भएको हुनाले यो कृति निबन्धगत मूल्यको प्रथम नमुनाका रूपमा चिनिन्छ (सुवेदी, २०५८ : ५१) ।

**दिव्योपदेश** पछि देखापरेका उल्लेखनीय कृतिहरूमध्ये रामभद्र पाध्या रेग्मीको **लक्ष्मी धर्म संवाद** (१८५१), वाणीविलास पाण्डेको **बाग्मती पुल स्तम्भ अभिलेख** (१८६८), दैवज्ञकेसरी

अर्ज्यालको **गोरक्षयोग शास्त्र** (१८७७), यदुनाथ उपध्यायको **रतिकोषसार** (१८८५), ललितत्रिपुरसुन्दरीको **राजधर्म** (१८८८ पूर्व), सुन्दरानन्द बाँडाको **त्रिरत्न सौन्दर्य गाथा** (१८८९-९०), अज्ञात लेखकको **जङ्गबहादुरको बेलायत यात्रा** (१९१०), बेनामी **बत्तीस सालको रोजनाम्चा** (१९३२), मोतीराम भट्टको **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) र चिरञ्जीवी शर्माको **आफ्नु कथा** (१९५५) आदिलाई नेपाली गद्यको ऐतिहासिक विकासका महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ (श्रेष्ठ र शर्मा, २०४६ : १३७) । नेपाली गद्य लेखनलाई विकसित तुल्याउन यी लेखहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

यस कालका निबन्धले खासै निबन्धगत मूल्य ग्रहण नगरेका कारण यस काललाई निबन्धको पृष्ठभूमि काल मात्र मान्न सकिन्छ । यस कालका गद्य रचनाले भाषा, धर्म, समाज, राजनीति, संस्कारजस्ता विषयलाई ग्रहण गरेका छन् भने विचारभन्दा औपदेशिकतामा अल्झिएका छन् । अपरिष्कृत भाषा, मौलिकताको अभाव, विशुद्ध साहित्यिक चेतनाको अभाव आदि यस कालको गद्यको विशेषता हुन् ।

### २.३.२ माध्यामिक काल (वि.सं. १९५८-१९९१)

गोरखापत्रको प्रकाशन १९५८ देखि १९९१ सम्मको समयावधिलाई नेपाली निबन्धको माध्यमिक काल मानिन्छ । गोरखापत्रको प्रकाशनले नेपाली भाषा र साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यस कालमा निबन्धलाई काठमाडौंबाट प्रकाशित हुने **गोरखापत्र** (१९५८), बनारसबाट प्रकाशित भएका **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** ( १९७२), खरसाङबाट प्रकाशित हुने **चन्द्रिका** (१९७५), देरादूनबाट प्रकाशित हुने **गोर्खा संसार** ( १९८२) र दार्जीलिङबाट प्रकाशित हुने **नेपाली साहित्यसम्मेलन** (१९८९) जस्ता पत्रपत्रिकाले निकै सघाउ पुऱ्याएका छन् ( अर्याल, २०५९ : क) । **सुन्दरी** (१९६३) पद्य प्रधान पत्रिका भए तापनि यसमा **बेसरी** (१९६३-६५) शीकर्षको निबन्ध र देवीदत्त शर्माको **उचित चर्चा** (१९६५) शीकर्षको निबन्ध प्रकाशित भएको पाइन्छ । यी प्रकाशित सामग्रीलाई हेर्दा **सुन्दरी**ले नेपाली गद्यतर्फ महत्त्वपूर्ण योगदान दिएको छ । यसरी नै **माधवी**मा प्रकाशित राममणि आ.दी.को **कविता रीति** (१९६५-६६) महत्त्वपूर्ण निबन्धात्मक कृति हो साथै यस पत्रिकामा प्रकाशित निबन्धहरू राममणि आ.दी.को **शरदऋतुचर्या** (१९६५), **भीष्मपञ्चक** (१९६५), **पृथिवी** (१९६५),

**काश्मीरको वर्णन** (१९६५) आदि, रामप्रसाद सत्यालको **कुरको विचार** (१९६५), **श्रम** (१९६५), **माया** (१९६५-६६), धर्मदत्त शर्माको **शिक्षा** (१९६५) आदिका गद्य लेखरचनाहरू उल्लेखनीय छन् । **चन्द्र** गद्यप्रधान पत्रिका हो । यसमा पद्मनाभ सापकोटाको **नेपालको अर्थशास्त्र** (१९७१), सूर्यविक्रम ज्ञवालीको **सोक्रेटिजको बहस** (१९७१), बैजनाथ सेढाईको **हेमन्त ऋतु वर्णन** (१९७१), पारसमणि प्रधानको **अध्यवसाय** (१९७२), र सूर्यनारायण प्रधानको **सत्यता** (१९७२) आदि विविध विषयका लेख रचना प्रकाशित छन् (श्रेष्ठ र शर्मा, २०४६ : १३९-१४०) ।

दार्जिलिङबाट पारसमणि प्रधानको सम्पादनमा प्रकाशित **चन्द्रिका** पत्रिकामा शम्भुप्रसाद ढुङ्गेलको **महीन्द्रमल्ली** (१९७५) पहिलो निजात्मक निबन्ध हो । यस पत्रिकामा शम्भुप्रसाद ढुङ्गेल, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिका कलात्मक निबन्धहरू प्रकाशित भएका छन् ( सुवेदी, २०५९ : ५९) । **गोर्खासंसार** (१९८२) पत्रिका चन्द्रसिंह, नन्दराम र मानसिंहको सम्पादनमा प्रकाशित भएको थियो । यस पत्रिकामा खास गरी समाज सुधारात्मक एवं राजनैतिक चेतना भएका निबन्धहरू प्रकाशित भएका छन् । यसमा विद्यावती, मानवीर रसाइली, हर्षबहादुर राई आदि रहेका छन् (शर्मा, २०६० : ३२) । **जन्मभूमि** (१९७९) पत्रिकाले नेपाली निबन्धलाई हुर्काउन उल्लेखनीय योगदान दिएको छ । यसमा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका विचारात्मक निबन्ध एवं भावनात्मक निबन्धहरू प्रकाशित भएका छन् (अधिकारी, १९७५ : १५१) । **नेपाली साहित्य सम्मेलन पत्रिका** (१९८९) मा पनि दार्जिलिङबाट सूर्यविक्रम, धरणीधर, पारसमणि, रूपनारायण आदिका निबन्ध प्रकाशित भएका छन् (पोखरेल, २०२७ : १३) ।

यसकालका निबन्धमा भाषा संरचनागत शिथिलता र भाषिक स्थिरताको अभाव देखिन्छ । यस कालका निबन्धमा वैचारिक, वर्णनात्मक, विवरणात्मक, विषयगत विविधता र निजात्मकतालाई अवलम्बन गरेको पाइन्छ । यस कालमा स्वदेश तथा विदेशबाट स्वतन्त्र चिन्तनसहित स्रष्टाहरूले प्रजातान्त्रिक सामाजिक वातावरणको सन्देश छर्दै विभिन्न पत्रपत्रिका प्रकाशन गरेर नेपाली निबन्धको आधुनिक युगलाई बलियो पृष्ठभूमि निर्माण गरेका छन् ।

### २.३.३ आधुनिक काल (१९९२ देखि हालसम्म )

आधुनिक नेपाली निबन्धको थालनी **शारदा** पत्रिकाको प्रकाशन (१९९१ ) सँगै हुन्छ । यहीँबाट नेपाली निबन्ध विधामा पाश्चात्य प्रभावको प्रवेश हुन्छ र आधुनिकताका नयाँ परिवेश र प्रवृत्तिले खेल्ने मौका पाउँछ । **शारदा**ले नेपाली निबन्धमा बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा जस्ता लेखक जन्मायो । यीबाहेक यदा-कदा प्रेमराज शर्मा, बोधविक्रम अधिकारी र सागरमणि प्रधानजस्ता निबन्धकारहरूले पनि पूर्ण रूपमा आधुनिक भएर जन्मने मौका पाए । १९९१ देखि हालसम्म विकसित नेपाली निबन्धका विकासलाई तीन चरणमा विभाजन गर्न सकिन्छ ।

(क) पहिलो चरण ( १९९१- २००३)

(ख) दोस्रो चरण (२००४- २०१६)

(ग) तेस्रो चरण (२०१७ देखि हालसम्म)

#### (क) पहिलो चरण (१९९२- २००३)

**शारदा**को प्रकाशन (१९९१) देखि **युगवाणी** (२००४) को प्रकाशन नभएसम्मको समयलाई आधुनिक नेपाली निबन्धको प्रथम चरण मानिन्छ । लक्ष्मीप्रसाद देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् । **शारदा** (१९९१) मा प्रकाशित उनको पहिलो निबन्ध **आषाढको पन्ध** (१९९२) नै पहिलो आधुनिक नेपाली निबन्ध हो । यस भन्दा अघिनै प्रकाशित भएको बालकृष्ण समको “बर्दाहामा शिकार” (१९९१) निबन्ध नभएर कथा थियो (श्रेष्ठ र शर्मा, २०४६ : १४१) । **लक्ष्मी निबन्ध सङ्ग्रह** (२००२) र **दाडिमको रूखनेर** (२०३९) निबन्ध सङ्ग्रहका रचनाकार देवकोटाले सर्वप्रथम पाश्चात्य ढङ्गको पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिए ।

यस चरणका प्रमुख प्रतिभाहरूमा बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रूद्रराज पाण्डे, बालकृष्ण सम, यदुनाथ खनाल, भीमनिधि तिवारी, केशवराज पिंडाली, रूपनारायण सिंह, धरणीधर कोइराला, हृदयचन्द्रसिंह प्रधान आदि रहेका छन् (सुवेदी, २०५७ : ६३) ।

यस चरणमा देवकोटाबाट स्वच्छन्दतावाद, समबाट परिष्कारवाद, हृदयचन्द्रसिंह प्रधानबाट प्रगतिवादी गरी तीनवटा प्रवृत्ति अस्तित्वमा आएका छन् । यस चरणमा आत्मपरक र वस्तुपरक दुवै खालका निबन्धका साथ-साथै हास्यव्यङ्ग्यात्मक निबन्धको विकास पनि भएको छ । शैली शिल्पगत नवीनताका साथै विषयवस्तु, संरचना र स्वरूपमा विविधता जस्ता प्रवृत्तिहरू पनि देखिएका छन् ।

**(ख) दोस्रो चरण (२००४- २०१६)**

वनारसबाट **युगवाणी** साप्ताहिक पत्रिकाको प्रकाशन (२००४) सँगै आधुनिक नेपाली निबन्धको दोस्रो चरणको सुरुवात हुन्छ र यस चरणको समाप्ति **रूपरेखा** (२०१७) पत्रिकाको प्रकाशन पूर्व २०१६ सालसम्म रहन्छ । यस चरणमा देशभित्र र बाहिर समेतबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । यस चरणमा **साहित्य स्रोत** (२००४), **आँखा** (२००५), **प्रगति** (२०१०), **गोर्खा** (२०११), **धरती** (२०१२), **इन्द्रेनी** (२०१३), आदि साहित्यिक पत्रिकाहरूको उल्लेखनीय भूमिका रहेको छ (सुवेदी, २०६७ : ११) ।

**साहित्यस्रोत** पत्रिकामा प्रकाशित हृदयचन्द्रसिंह प्रधानको **तीस रूपियाँको नोट** (२००४) निबन्ध सङ्ग्रहबाट आधुनिक नेपाली निबन्धको पहिलो चरणको समाप्ति र दोस्रो चरणको थालनी भएको हो । उनका **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११) र **अफसोच** (२०११) जस्ता निबन्धहरू प्रकाशित भएका छन् । यिनका निबन्धमा देवकोटाको जस्तो कवित्व, कल्पना र भावुकता नपाइए तापनि समाज सुधारका भावनाले प्रेरित भएर सरल र प्रभाकारी आत्मपरक शैलीले पाठकलाई आकर्षित गर्न सक्ने क्षमता रहेको पाइन्छ (अधिकारी, २०४७ : ६५) ।

यस चरणमा देखापरेका अन्य निबन्धकार र तिनका निबन्धहरूमा नारायणप्रसाद भट्टराईको “हावाबाजी” (२००४), अच्छा राई रसिकको “नारी समस्यको हल” (२००४), रुद्रराज पाण्डेको “गुन्द्रुकको पुकार” (२००८), बदरीनाथ भट्टराईको “पच्चीस प्रबन्ध” (२००८), भीमनिधि तिवारीको “पन्ध्र प्रबन्ध” (२००८), श्यामप्रसाद शर्माको आत्मपरक निबन्ध सङ्ग्रह **तँ-तिमी, तपाइँ-हजुर** (२०१४), कमल दीक्षितको खोजपूर्ण निबन्ध सङ्कलन **यस्तो पनि** (२०१४), केशवराज पिंडालीको हास्यव्यङ्ग्य निबन्ध सङ्कलन **खैखै** (२०१६) आदि हुन् (शर्मा, २०६० : ३८) ।

यसरी यस चरणमा निजात्मकभन्दा परात्मक निबन्धको आधिक्य रहेको पाइन्छ । बदरीनाथ भट्टराई र भीमनिधि तिवारी आदि निबन्धकारले वर्णन विवरणकै परिधिमा रहेर विषय-प्रकाशनतर्फ बढी सक्रिय हुँदै परात्मक निबन्धको फाँट फराकिलो पारेका छन् । त्यसैगरी प्रेमराज शर्माले सुरु गरेको हास्यव्यङ्ग्य निबन्धलाई केशवराज पिँडालीले नयाँपन दिएर उचाइमा पुऱ्याएका छन् । त्यस्तै खोज, अनुसन्धान र विद्वत्तापूर्ण निबन्ध लेखनमा कमल दीक्षितको नाउँ छ भने आत्मपरक लेखनलाई हृदयचन्द्रसिंह प्रधान र श्यामप्रसाद शर्माले अगाडि बढाएका छन् ।

### (ग) तेस्रो चरण (२०१७ देखि हालसम्म)

आधुनिक नेपाली निबन्धको तृतीय चरण **रूपरेखा** (मासिक) पत्रिकाको प्रकाशन समय २०१७ सालदेखि सुरु हन्छ र यस चरण वर्तमान समयसम्म जोडिन पुगेको छ । २०१७ सालपछि नेपालमा थुप्रै समाचारप्रधान र साहित्यप्रधान पत्रिकाहरू प्रकाशनमा आएका छन् । त्यस्ता पत्रपत्रिकाहरूमा नेपालभित्रबाट **नेपाली रचना** (२०१८), **भानु** (२०२२), **मधुपर्क** (२०२५), **अभिव्यक्ति** (२०२६), **प्रज्ञा** (२०२२), **मिर्मिरे** (२०२८), **बगर, तन्नेरी** (२०३५), **जनमत** (२०३६), **गरिमा** (२०३९), **समकालीन साहित्य** (२०४८), **दोभान** (२०५६) र नेपालबाहिरबाट **नेबुला, फूलपात पतकर**, **तेस्रो आयाम** (२०२०), **हाम्रो अस्तित्व** (२०२८), **दियालो** (२०२४), **मालिङ्गो, हिमालोक** (२०२८) लगायतका पत्रिकाहरूले निबन्धको विकासमा ऊर्जा प्रदान गरेका छन् ( शर्मा, २०६० : ४०) ।

यसचरणले जन्माएका निबन्धकारमध्ये उत्कृष्ट प्रतिभा शङ्कर लामिछाने हुन् । यिनका दुई निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् :- **अब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४) र **गोधुली संसार** ( २०२६) । "बिम्ब-प्रतिबिम्ब" (२०२८) नामक अन्तर्वार्ता सङ्कलन र **शङ्कर लामिछाने** (२०३२) पुस्तिकामा पनि यिनको निबन्धात्मक छाप देखिन्छ । पाश्चात्य नवीन चिन्तन र वादसँग परिचित लामिछानेका निबन्ध निजात्मक, अमूर्त र त्यतिकै गहन छन् । यस चरणका बालकृष्ण पोखरेल, ताना शर्मा, कृष्णचन्द्रसिंह प्रधान, भैरव अर्याल आदिलाई प्रतिनिधिमूलक निबन्धकार मान्न सकिन्छ (तिमिल्सिना, २०४१ : २५-२६) । उपर्युक्त निबन्धकारहरू बाहेक यस चरणमा अन्य स्रष्टाहरूमा गोविन्दप्रसाद लोहोनी, कमल दीक्षित, राजेश्वर देवकोटा, तेजेश्वरबाबु ग्वङ्ग,

मोहनराज शर्मा, उत्तम कुँवर, रामकृष्ण शर्मा, इन्द्रबहादुर राई, रामलाल अधिकारी, वासुदेव त्रिपाठी, बल्लभमणि दाहाल, ठाकुर पराजुली, चूडामणि बन्धु, आन्ददेव भट्ट, रमेश विकल, कुलचन्द्र कोइराला, कृष्णप्रसाद पराजुली, मोदनाथ प्रश्रित, राममणि रिसाल, गोपीकृष्ण शर्मा, राजेन्द्र सुवेदी, वानिरा गिरी, डी.पी. भण्डारी, किशोर नेपाल, राजव, युवराज नयाँघरे आदिलाई लिन सकिन्छ (सुवेदी, २०६७ : १३) ।

यस चरण नेपाली निबन्धको अभ्यास, प्रयोग र सुदृढीकरणको समय हो । तार्किकता, बौद्धिकता, अनुसन्धानमूलकताका साथै प्रयोगधर्मिता, अमूर्ताता र शैली शिल्पगत नवीनता यस चरणका निबन्धको विशेषताका रूपमा देखा पर्दछन् । यस समयका निबन्धकारहरूमा चिन्तनशील र वैचारिकताको अभिव्यक्ति पाइन्छ । यिनै ऐतिहासिक तथ्य र विषयगत विविधता, प्रवृत्तिगत भिन्नता, शैलीगत नवप्रयोग, वैचारिक विशिष्टता, विचलनका साथै परिमार्जन हुँदै नेपाली निबन्ध अद्यावधिक एउटा विशेष बोटवृक्षको रूपमा भ्याँगिएको आजको युगको विशिष्ट बौद्धिक तथा भावात्मक विधाका रूपमा देखा पर्दछ ।

## २.४ निष्कर्ष

साहित्यका विविध विधा मध्ये निबन्ध एक छोटो गद्य विधा हो । यसका प्रमुख दुई भेद छन् -आत्मपरक र वस्तुपरक । पाश्चात्य साहित्यबाट उद्भव र विकास भएको निबन्धको प्रारम्भ फ्रन्सेली लेखक मोन्तेनको एसाइ (Assai) भन्ने शब्दावलीको प्रयोग सँगै भएको हो । निबन्ध आकारका दृष्टिले छोटो गद्य विधा भएकाले यसमा वस्तु, शैली र उद्देश्यको त्रिकोणात्मक तत्त्वहरू निर्भर रहेको हुन्छन् । निबन्ध यस्तो विधा हो जसमा गद्यात्मक परिसीमित वैयक्तिक र आत्मानुभूति विशेष अभिव्यक्ति हुन्छ । वस्तवमा गद्यमा अभिव्यक्त गरिएको आत्मप्रकाशन नै निबन्ध हो ।

नेपाली साहित्यमा निबन्धको थालनी नेपाली साहित्यको माध्यमिक कालमा हुन्छ । **शारदा** पत्रिकाको प्रकाशन पूर्व नेपाली निबन्ध आफ्नो आकार, बन्धन र वर्णनमा बढी केन्द्रित थियो । १९९१ साल (**शारदा**को प्रकाशन) देखि नेपाली साहित्यमा नेपाली निबन्धको आधुनिक काल सुरू हुन्छ । आधुनिक कालको प्रथम चरणमा साहित्यिक विधा निबन्धको प्रतिनिधित्व गर्ने रचनाहरू

अटुट क्रममा देखिन थाले । यस चरणका निबन्धलाई साहित्यिक विधाका रूपमा स्विकारियो । दोस्रो चरणमा यस विधाले प्रौढता प्राप्त गर्दै गयो भने तेस्रो चरणअर्न्तगत यसमा नयाँ प्रयोग, क्षेत्र विस्तार र सर्वाधिक विकसित रूप प्राप्त गऱ्यो ।

# परिच्छेद तीन

# कृष्णचन्द्रसिंह प्रधानको निबन्धयात्रा र प्रवृत्ति

## ३.१ विषयप्रवेश

मानिसको भोगाइ नै जीवन हो । जीवन भोगाइको असर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साहित्यमा परेको हुन्छ । व्यक्तिको साहित्यिक पाटोलाई खोतल्नु पूर्व त्यसको जीवनी र व्यक्तित्वका पाटाहरूलाई बुझ्नु अनिवार्य हुन्छ । त्यसैले यस परिच्छेदमा साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी र व्यक्तित्वका विविध पक्ष लगायत उनको निबन्ध यात्रालाई प्रस्तुत गरिएको छ ।

## ३.२ कृष्णचन्द्रसिंह प्रधानको जीवनी

मानव-प्राणीको जन्मदेखि मृत्यसम्मको समयावधि र त्यस अवधिभित्र घटेका चक्रलाई जीवन भनिन्छ । त्यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ (प्रधान, २०४४ : २८) । जीवन भोगाइको असर साहित्यमा परेको हुन्छ । जीवनी इतिहासको कोरा विवरण जस्तो नभएर यथार्थमा आश्रित, वस्तुगत, संयमित र तटस्थ हुनुपर्दछ । जीवनको मूल उद्देश्य भनेको जीवनमा घटेका घटना क्रमालाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्नु हो ।

### ३.२.१ जन्म र जन्मस्थान

कृष्णचन्द्रसिंह प्रधानको जन्म १९८२ साल श्रावण महिनाको नागपञ्चमीका दिन काठमाडौँको तुच्छेगल्लीमा भएको थियो । उनको बुबाको नाम सूर्यप्रसाद प्रधान र आमाको नाम सूर्यमाया प्रधान हो । सूर्यप्रसाद र सूर्यमाया प्रधानका पाँचभाइ छोराहरूमध्ये कृष्णचन्द्रसिंह प्रधान साहिँला छोरा हुन् (आचार्य, २०४३ : १) ।

### ३.२.२ पारिवारिक जीवन

काठमाडौँमा नै जन्मिएका प्रधानको बाल्यावस्था सुखमय नै रहेको देखिन्छ । सुरुका दिनहरूमा आर्थिक स्थिति सम्पन्न भए पनि बुबाको अत्यन्त मीठो खानुपर्ने राम्राकपडा लगाउनु पर्ने र मोजमजाको लागि जुवा खेली सारा सम्पत्ति उडाउने बानीले गर्दा उनको जीवन करिब

१०-१२ वर्षको उमेरदेखि कष्टमय बनेको थियो (लुइँटेल, २०५३ : १०) । प्रधान सम्पन्न परिवारमा जन्मेर पनि बाल्यावस्थादेखि नै विपन्नताको जालोमा पर्छन् । आर्थिक विपन्नता र बस्ने बाससमेत नभएपछि वीरगन्जमा पिताको जागिरसँगै आमा र उनी पनि गएका थिए ( आर्चय, २०४३ : ३), झट्ट हेर्दा गालामा एकदुईवटा विफरका खतहरू देखिने, गहुँगोरो र मङ्गोलियन अनुहार भएका प्रधानको रातोपिरो अनुहार र हृष्टपुष्ट शरीर थियो । निडरपूर्वक र चर्कोसँग बोल्नु प्रधानको बाल्यकालदेखिको आदत नै थियो । सानैदेखि मेहनती र अध्ययनशील प्रधानको २००५ सालमा पाटन निवासी सुलभा प्रधानसँग विवाह भएको थियो । प्रधानका एक छोरा र दुई छोरी छन् (भट्ट, २०६४ : ८) ।

### २.२.३ **शिक्षादीक्षा**

१९८९ साल रानीगञ्जबाट पिता श्रीपुर आएपछि पाँच वर्षको उमेरमा प्रधानको अक्षरारम्भ सुरू भएको थियो । दुई वर्षको उमेरमा रानीगञ्ज पुगेका कृष्णचन्द्रसिंह प्रधान पाँच वर्षको उमेरमा वीरगञ्जको जुद्धोदय माध्यमिक विद्यालयको कक्षा एकमा भर्ना भएका थिए ( अर्याल २०६४ : ९) । पाँच कक्षासम्मा औपचारिक शिक्षा लिएका प्रधानले अफ्नो आर्थिक विपन्नताका कारण शुल्क तिर्न नसकी बिचमै पढाइ छाड्नु परेको थियो (भट्ट २०६४ : ९) । जम्मा पाँच कक्षासम्मको औपचारिक शिक्षा पाएका प्रधानको बाल्यकाल बिहानबेलुका घरको कामकाजमा आमालाई सगाउँदै, तमाखु भर्दै र देहाती अशिक्षित केटाकेटीसँग खेल्दैमा बित्न थाल्यो ( कुँवर, २०५० : १०९) । १३ वर्षको भएपछि प्रधानले आफ्नो विषयमा केही सोच्न थाले आफूसँगका साथीहरू विद्यालयमा पढिरहेका र आफू घरमा बस्नु परेकाले उनमा खिन्नता पलायो र उनी स्वाध्ययन गर्न थाले । एक दिन दाजुको नाम पत्रिकामा छापिएको देख्दा उनलाई पनि आफ्नो नाम पत्रिकामा छपाउन रहर लाग्यो । यही धुनमा उनी आफुलाई मर्का परेको विषयमा **हाय ! हुक्का, हाय ! तमाखु** लेखे (आचार्य, २०४३ : ५) । प्रधान सानैदेखि गम्भीर स्वभावका भएकाले पढाइ छाडेको पीरमा एकान्तमा घोत्लिएर बस्ने कविता लेख्ने, चित्रकोर्ने र दाजु हृदयचन्द्रसिंह प्रधानलाई चिठ्ठी तयार गर्ने गर्थे (लुइँटेल, २०५३ : ११) ।

### ३.२.४ साहित्य सिर्जनामा प्रेरणा

१९९४ सालमा दाजु हृदयचन्द्रसिंह प्रधान आफ्नो विवाहको सिलसिलामा वीरगञ्ज गएका थिए । आफू वीरगञ्ज जाँदा साथमा **शारदा** पत्रिका र अन्य पुस्तक लिएर गएका थिए । कृष्णचन्द्रसिंह प्रधानले ती पुस्तक र पत्रिकाहरू निकै चाख दिएर पढ्न थाले । पढ्ने क्रममा आफ्ना दाजुको नाम पत्रिकामा छापिएको देखेर प्रधानलाई पनि आफ्नो नाम पत्रिकामा छपाउने उत्सुकता जाग्यो । यही उत्सुकताले गर्दा १३ वर्षकै उमेरदेखि उनी साहित्य सिर्जनामा लागेका थिए । यसरी स्वयम् आफ्ना सहोदर दाजुको प्रेरणा र प्रभाव उनमा परेको देखिन्छ (लुइँटेल, २०५३ : १२) ।

### ३.२.५ आजीविका

प्रधानले आफ्नो जीविकोपार्जनका रूपमा मूलत : शिक्षण पेसालाई अँगालेका छन् । यसका साथै उनको योगदान  कार्यशीलताको क्षेत्र बहुमुखी रहेको छ । सभामा हिँड्ने, भाषण दिई घुम्ने, विद्यालयका शिक्षक हुनेदेखि लिएर विद्यालयहरूको सञ्चालक समितिको सह-सदस्यदेखि लिएर प्रज्ञप्रतिष्ठानको सह-सदस्यका रूपमा रही उनले सेवा गरेका छन् । चोक र छिँडीका स-साना कक्षादेखि लिएर कलेजका कक्षाहरूमा समेत अध्यापन कार्य गरेका छन् । उनले स्वदेशमा मात्रै होइन विदेशस्थित भारतको बर्धामा रहेको गान्धी आश्रममा गएर १८ महिनमसम्म नेपाली पढाएर सेवा गरेका थिए ( भट्टराई, २०४० : ५२३) ।

### ३.२.६ साहित्य सिर्जना र प्रकाशन

कृष्णचन्द्रसिंह प्रधानलाई १३ वर्षको उमेरमा पनि उनको तमाखु भर्ने काम टुटेको थिएन । वि. सं. १९९४ सालमा दाजुको आगमन, पत्रपत्रिका र पुस्तक पढ्ने रुचि र तमाखु भर्नुपर्ने झञ्झटले उनलाई कविता लेखनतर्फ प्रवृत बनाएको देखिन्छ । १९९५ सालमा १३ वर्षको उमेरमा प्रधानले '**हाय तमाखु ! हाय तमाखु**' नामक कविता लेखेर आफ्ना मर्मलाई व्यक्त गरेका थिए । यही नै उनको पहिलो कविता हो । यस कविताबाट उनको लेखकीय जीवनको प्रारम्भ भएका थियो (आचार्य, २०४३ : ६) ।

प्रकाशनको दृष्टिले २००२ सालमा वनारसबाट प्रकाशित हुने **उदय** पत्रिकामा प्रकाशित भएको '**अश्रुधारा**' नामक कविता उनको सर्वप्रथम प्रकाशित रचना हो (कुँवर, २०५० : ११०) । यो कविता प्रधानले २००२ सालमा आमाको मृत्युपछि मातृशोकमा लेखेका हुन् । २००८ सालमा उनको '**भन्ज्याङ्निर**' गद्य कविता सङ्ग्रह प्रकाशित भयो । यही नै उनको प्रथम प्रकाशित कृति हो । उनी यही कविता सङ्ग्रहबाट नेपाली कविता क्षेत्रमा चर्चित हुन पुगेका छन् (आचार्य २०४३ : ७) । कविता विधाबाट साहित्य लेखनमा प्रवेश गरेका प्रधानका कविताका अतिरिक्त समालोचना, निबन्धजस्ता विविध विधाका कृतिहरू प्रकाशित छन् । उनका '**कवि व्यथित र काव्यसाधना**' (२०१५), '**नेपाली उपन्यास र उपन्यासकार**' (२०३७), '**सिर्जनाको सेरोफेरो**' (२०४०) तथा '**कृति अवलोकन**' (२०४९) गरी नेपाली भाषामा चारवटा र '**भ्फीगु बाखँ साहित्य**' (२०३४) र '**पलाः चि लिना**' (२०५२) गरी दुईवटा नेपाल भाषामा समालोचनात्मक कृतिहरू प्रकाशित छन् । उनले '**साभ्फा समालोचना**' (२०२५), '**कावागुचीको नेपाल बसाई**' (२०४६) तथा '**ए रिप्रेजेन्टेटिभ कलेक्सन अफ नेपाल भाषा पोएम्स्** ' (२०५४) गरी तीनवटा कृतिहरूको सम्पादन पनि गरेका छन् । यस अतिरिक्त उनका '**सालिक** ' (२०२६), '**अनाम सत्य**' (२०४३), '**पाइला : आगतमा टेकेर**' (२०४७), '**वाग्मतीको हरक**' (२०५७) तथा '**समय सुनामी**' (२०६३) गरी पाँचवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । त्यसैगरी '**नर्फकने ती दिनहरू** ' (२०५९) र '**जिन्दगीका टिपोटहरू**' (२०६३) दुईवटा आत्मावृत्तान्त प्रकाशित हुनुका साथै केही फुटकर समालोचना र निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । यीबाहेक **आँखा**, **जनसाहित्य**, **नेपाली साहित्य कोश** र **समकालीन साहित्य** आदि जस्ता पत्रिको सम्पादन भएका छन् (भट्टराई, २०६७ : ३९-४०) ।

### ३.२.७ निधन

नेपाली साहित्यमा आफ्नो अग्लो समालोचक तथा निबन्धकार व्यक्तित्व ठड्याउन सफल प्रधानको ८५ वर्षको उमेरमा २०६७ साल आषाढ १७ गते बिहीवार त्रिपुरेश्वरस्थित काठमाडौं अस्पतालमा निधन भयो ।

### ३.३ कृष्णचन्द्रसिंह प्रधानको व्यक्तित्व

साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । उनका व्यक्तित्वका विविध पक्षहरू वा पाटाहरू स्पष्ट देखिन्छन् । लामो समयसम्म प्राध्यापन पेसामा संलग्न प्राधनको व्यक्तित्वका महत्त्वपूर्ण पाटाहरूलाई मूलत : साहित्यिक र साहित्येतर व्यक्तित्व गरी हेर्न सकिन्छ ।

#### ३.३.१ साहित्यिक व्यक्तित्व

कृष्णचन्द्रसिंह प्रधानको साहित्यिक व्याक्तित्व महत्वपूर्ण रहेको देखिन्छ । उनी सानै उमेरदेखि साहित्य लेखनमा लागेका व्यक्ति हुन् । उनको साहित्यिक व्यक्तित्वमा कवि, कथाकार, समालोचक र निबन्धकार व्यक्तित्व रहेकाछन् ।

**(क) कवि व्यक्तित्व**

कवि कृष्णचन्द्रसिंह प्रधानको कवितायात्रा २००२ सालबाट प्रारम्भ हुन्छ । उनको पहिलोपल्ट २००२ सालमा “अश्रुधारा” कविता प्रकाशन हुन्छ । २००२ देखि २००८ सालसम्मको समय नै कविता लेखनको दृष्टिले अत्यन्त मौलाएको देखिन्छ । कवि कृष्णचन्द्रसिंह प्रधान २००२ देखि २००८ सालसम्म आइपुग्दा **भन्ज्याङ्गनिर** (२००८) गद्य कविता सङ्ग्रहको प्रकाशन गर्दछन् । यस कविता सङ्ग्रहभित्र **उदय**, **भारती**, **साहित्यस्रोत** र **शारदा** आदि पत्रिकाहरूमा प्रकाशित कविताहरू सङ्कलित छन् । उनको यो कविता सङ्ग्रहलाई दुई खण्डमा विभाजन गरिएको पाइन्छ । वि. सं. २००६ सालसम्म लेखिएको कविताहरूलाई हिजो-खण्ड र त्यसपछि लेखिएका कवितालाई आज-खण्डमा राखिएको छ । हिजो-खण्डमा ३० वटा फुटकर कविताहरू रहेका छन् । यस खण्डका कविताहरूमा छाँयावादी स्वर पाइन्छ । ती कविताहरूमा जागृतिका स्वरहरू भए पनि मूलत : निराश र ऐकान्तिक भावना प्रबल पाइन्छ ।

आज-खण्ड अर्न्तगत १३ वटा फुटकर कविताहरू राखिएको छ । आज-खण्डका कविताहरू बर्धामा रहँदा लेखिएको र उनमा प्रगतिशील भावनाको अत्यन्त प्रभाव परेको समय हुनाले प्राय : सबै कवितहरू प्रगतिवादी बन्न पुगेका छन् । बर्धामा शिक्षक भएर गएपछि उनी कम्युनिष्टहरूको प्रभावमा पर्दछ र उनमा विद्रोह र क्रान्तिका भावनाहरूको विकास हुन थाल्दछ

। उनी मार्क्सवादी धाराबाट अत्यन्त प्रभावित हुन थालेकाले त्यस विचारलाई साहित्या उर्तान चाहन्छन् । उनका कवितामा प्रगतिवादी स्वर टड्कारिन थाल्दछ । त्यसैकारण उनका कविताहरूमा स्पष्ट क्रान्तिकारी चेत, उन्मुक्त अभिव्यक्ति र सोहीअनुरूप प्रस्तुति भएको पाइन्छ । साथै सामाजिक असमानताको विरोधका साथै समानता र स्वतन्त्रताका स्वरहरू स्पष्ट रूपमा आइरहेका छन् (आचार्य, २०४३ : ३६-४८) ।

**(ख) कथाकार व्यक्तित्व**

कृष्णचन्द्रसिंह प्रधानले चारवटा कथा लेखेका छन् । ती कथाहरू निम्न पत्र-पत्रिकामा प्रकाशित भएका छन्:

१. "उद्घाटन" कथा- २००४ सालमा **झ्यालबाट** पहिलो संस्करणमा संकलित

२. "उनको शंका" कथा - २००६ सालमा **शारदा** आश्विन १५

३. "पवित्रपापी" कथा - २००७ सालमा **भारती** -आषाढ -श्रावण

४. "आमा" कथा - २०११ **प्रगति**, आषाढ-श्रावण, पूर्णाङ्क- ८

प्रधानको साहित्यिक यात्रा २००२ सालदेखि प्रारम्भ भए पनि कथालेखन २००४ सालदेखि प्रारम्भ हुन्छ । प्रधान आधुनिक कथाको यर्थाथवादी युगमा देखापरेका हुन र कथाको माध्यमबाट सामाजिक विषयवस्तुलाई व्यक्त गरेका हुनाले उनलाई सामाजिक कथाकारको रूपमा लिन सकिन्छ (भट्टराई, २०४० : ५२८) । कथाकार प्रधानको कथाको यात्रा ७ वर्षको रहेको पाइन्छ । त्यस अवधिमा प्रधानले चारवटा कथा लेखेका छन् । "उद्घाटन" र "उनको शंका" कथा सामाजिक कथा हुन् र भाषामा अत्यन्त मिठास छ भने शैलीमा सरलता पनि छ । यी दुई अभ्यासकालीन देखिन्छन् भने "पवित्रपापी" र "आमा" कथाहरूमा अपेक्षाकृत कथाकारले केही प्रौढता प्राप्त गरेको अनुभव हुन्छ । कथाकार प्रधानले कथामा विभिन्न पात्रका विभिन्न समस्याहरूबाट तत्कालीन नेपाली समाजको सामाजिक यथार्थको चित्रण गर्न खोजेका छन् । यिनका कथामा कतै आर्थिक अवस्थाले विपन्न भई दुष्कार्य गर्नमा बाध्य युवक पात्रहरू छन् भने कतै राजनैतिक चेतनाले प्रेरित विद्यार्थी युवक पात्रहरू छन् ।

**(ग) समालोचक व्यक्तित्व**

प्रधानको दोस्रो व्यक्तित्वका रूपमा समालोचक व्यक्तित्व देखापर्दछ । उनका प्रकाशित समालोचनात्मक कृतिहरू यस प्रकार छन् :

१. कवि व्यथित र काव्यसाधना (२०१५)

२. नेपाली उपन्यास र उपन्यासकार (२०३७)

३. सिर्जनाको सेरोफेरो (२०४०)

४. कृति अवलोकन (२०५९)

उनका प्रकाशित समालोचनात्मक ग्रन्थहरूलाई हेर्दा उनी निबन्धकारका साथसाथै सफल समालोचकका रूपमा देखा पर्छन् । सिर्जनात्मक रचना के कस्तो छ, त्यसप्रति हाम्रो अनुशीलन, भाषा कति कलात्मक छ, त्यो सुन्दर हो होइन भन्ने कुराको निर्क्योल गर्ने विधा समालोचना हो भन्ने प्रधानको **कवि व्यथित र काव्यसाधना** (२०१५) मा एक कविलाई विवेच्य विषय तुल्याई त्यसको साङ्गोपाङ्गो विवेचना गरिएको छ । उनको यो कृतिले २०१५ सालको **मदन पुरस्कार**समेत प्राप्त गरेको छ । त्यसैगरी **नेपाली उपन्यास र उपन्यासकार** (२०३६) चाहिँ नेपाली साहित्यको एक महत्त्वपूर्ण विधा उपन्यासलाई समालोचनाको केन्द्रविन्दु तुल्याइएको कृति हो । यस कृतिमा विभिन्न वादका सापेक्षतामा आधुनिक नेपाली उपन्यासको यात्रामा प्रकट भएका खासखास घुम्ती र मोडहरूको पहिचान गर्नुका साथै तिनका प्रवृत्ति र प्राप्ति अप्राप्तिको लेखाजोखा गरिएको छ (प्रधान, २०५२ :  ख) । उनको यो कृतिले २०३७ सालको **साझा पुरस्कार** प्राप्त गरेको हो । प्रधानको **सिर्जनाको सेरोफेरो** समालोचनामा प्राचीन युगदेखि लिएर आधुनिक युगसम्मका केही कवि, कथाकार, उपन्यासकारका रचना र प्रवृत्तिको विश्लेषण र मूल्याङ्कन गरिएको छ । यसका साथै नेपाल सम्बत् २०५७ मा **नेपाली बाँख सालिहत्य** (कथा साहित्य) र नेपाल सम्बत् ११११६ मा **हाल पला : चि लिना** (पाइलो पछ्याउने) जस्ता नेवारी कथा सङ्ग्रहरूको समेत समालोचना गरेका छन् (भट्ट, २०६४ : १७) । समग्रमा हेर्दा उनको समालोचकीय व्यक्तित्व पनि प्रखर रहेको छ ।

**(घ) निबन्धकार व्यक्तित्व**

कृष्णचन्द्रसिंह प्रधानको प्रमुख व्यक्तित्वको रूपमा निबन्धकार व्यक्तित्व रहेको छ । उनले निबन्ध लेखनको सुरूवात "झुत्रो लुगा" २००४ बाट गरेका हुन् । उनका प्रकाशित निबन्ध सङ्ग्रहहरू यस प्रकार रहेका छन् :

१. सालिक (२०२६)

२. अनाम सत्य (२०४३)

३. पाइला : आगतमा टेकेर (२०४७)

४. वाग्मतीको हरक (२०५७)

५. समय सुनामी (२०६३)

उनको **समय सुनामी** अन्तिम सङ्ग्रहको रूपमा आए पनि प्रकाशनकार्यमा अन्तिम थियो, निबन्श धलेखन अन्तिम थिएन् । उनले त्यसपछि पनि निबन्ध निरन्तर लेखि नै रहे । यस सङ्ग्रह पछि पनि एक सङ्ग्रह पुग्ने रचना भएका छन् । उनका यी सबै रचनाहरू **कान्तिपुर**, **मिर्मिर**, **हिमाल**, **समय**, **मधुपर्क** तिर छापिएका छन् । उनका यी निबन्धहरू स्वत : स्फुर्त कुनै घटनाले छोएको बेला लेखेका यी निबन्धमा अधिकाभन्दा झन् खारिएका निर्भीक कलात्मक र दार्शनिक प्रस्तुति छन् (भट्टराई, २०६७ : ७-१४) । उनले विभिन्न किसिमका विषयवस्तुलाई आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा समाजका प्रचलित असमानता, शोषण, रूढिवादी जस्ता सङ्कीर्ण मूल्य मान्यताप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनी आफ्ना निबन्धमा युद्धबाट त्रसित आजको विश्वमा विश्वशान्ति र मानवताको कामना गर्छन् । उनका निबन्धमा देशप्रेमको भावना पाइन्छ । समसामयिक गतिविधिहरूलाई समेटेर आधुनिक समाजको यथार्थ चित्रण गर्दै सफल र सबल समाजको कामना गर्नु उनका निबन्धको विशेषता मानिन्छ । उनी मूलत : आत्मापरक निबन्धकार भए पनि उनले वस्तुपरक निबन्धको समेत सिर्जना गरेका छन् । तार्किकता, बिम्बात्मकता, प्रतीकात्मकता जस्ता विशेषता भएका प्रधानका निबन्धहरू वैचारिक प्रस्तुतिले भरिएका हुन्छन् । अनुप्रास, उखानटुक्का, अलङ्कार, बिम्ब र प्रतीकका माध्यमले

उनका निबन्धहरू रूचिपूर्ण बन्न पुगेका छन् । बौद्धिक कल्पनाशील भएर पनि समाजका समसामयिक समस्या र जीवनसँग सम्बन्ध राखेर निबन्ध लेख्ने प्रधानको शैली काव्यात्मक हुँदाहुँदै पनि अमूर्त जस्तो हुन पुगेको छ (एटम, २०६१/६२ : ५५) । समग्रमा उनी एक सचेत र सफल निबन्धकार हुन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

कृष्णचन्द्रसिंह प्रधानको साहित्यिक व्याक्तित्वको साथै साहित्येतर व्याक्तित्व पनि उल्लेखनीय छ । साहित्येतर व्यक्तित्व अन्तर्गत शारीरिक, समाजसेवी, राजनीतिक-सचेत, शिक्षक, संस्थापक र सम्पादक व्यक्तित्व रहेकाछन् ।

### (क) शारीरिक व्यक्तित्व

झट्ट हेर्दा गालामा एकदुईवटा विफरका खतहरू देखिने गहुँगोरो र मङ्गोलियन अनुहार भएका प्रधानको उचाइ नेपालीहरूको औसत उचाइ बराबर छ । रातोपिरो अनुहार र हृष्टपुष्ट शरीर भएका प्रधानको व्यक्तित्व ओजस्वी देखिन्छ (आचार्य, २०४३ : १०) ।

### (ख) समाजसेवी व्यक्तित्व

कृष्णचन्द्रसिंह प्रधान समाजमा चेतनाको लहर फिँजाउनु बुद्धिजीबी र शिक्षित व्यक्तिको दायित्व ठान्दछन् । यसैले चेतनालाई जागृत गराउँने र अशिक्षित जनताहरूको आँखा खोल्ने मूल साधन शिक्षा नै हो भन्ने ठानी २००२ सालबाट सामाजिक कार्यतर्फ प्रधान अग्रसर भएर सर्वप्रथम काठमाडौँ चोक र डबलीहरूमा स-साना विद्यालयहरू खोलेर स्वयंसेवकका रूपमा पढाउने कार्य गरे । आफू शिक्षाबाट बञ्चित हुनुपरेका कारणले उनको ध्यान सबभन्दा बढी शिक्षातर्फ आकर्षित भयो । विभिन्न विद्यालय, महाविद्यालय र साहित्यिक सङ्गठनहरू खोल्नमा सक्रिय भई उनले निस्वार्थ भावले शिक्षा र साहित्यको सेवा गरे । प्रधानले विभिन्न संस्थाहरू खोल्नमा सक्रियता देखिई शैक्षिक क्षेत्रबाट नै सामाजिक सेवा गरिरहेको देखिन्छ । शिक्षा जस्तो पवित्र सेवामा अत्यधिक सेवारत भएबाट उनको समाजसेवी व्यक्तित्व प्रखर देखिन्छ (आचार्य, २०४३ : ११) ।

**(ग) राजनीतिक सचेत व्यक्तित्व**

२००४ सालभन्दा पूर्वप्रधान कट्टर गान्धीवादी थिए । २००६ सालमा गान्धीको मृत्यु हुँदा कृष्णचन्द्रसिंह प्रधानले आफ्नो सक्रियतामा नेपालमा जुलुस निकालेका थिए । उनी स्वयम् सेवक भएर विद्यालय पढाउँदा विद्यार्थीहरूलाई राणाविरोधी शिक्षा दिन्थे । उनी प्रत्येक घरघरमा गएर केटीहरूलाई पढाउँथे । यही कारणले गर्दा २००५ सालमा प्रधान ६ महिना जेल परेका थिए ( आचार्य, २०४३ : १२) । २००६ सालमा जेलबाट निस्के पछि प्रधान भारतको बर्धामा गए । बर्धामा रहेको गान्धी आश्रमा तुलसीमेहरको अनुरोधमा नेपाली पढाउन थाले (कुवँर, २०५० : ११०) । त्यही बर्धामा कम्युनिष्ट पाटी पनि थियो । आफ्नो भावनाअनुरूप पाटीका मान्छेसँग उनको परिचय हुन थाल्यो । गान्धी आश्रममा प्रधानको पुष्पलाल श्रेष्ठसँग परिचय भएको थियो । पुष्पलाल श्रेष्ठको सामीप्यले प्रधानको प्रगतिशील भावना झन् जागेर आयो । गान्धीवादी प्रधान बर्धामा गएर वामपन्थी विचारधाराका समर्थक भएर २००८ सालमा नेपाल फर्के ( आचार्य, २०४३ : १३) ।

२००८ सालमा उनको नेपाल आगमनले विभिन्न सङ्घ-संस्थाको स्थापना र सञ्चालनमा योगदान दिन थाले । २०१० सालको जनअधिकार आन्दोलनको सन्दर्भका उनी जेल परे । प्रधान राजनीतिक नेता र कार्यकर्ता जस्ता थिएनन् । उनले राजनीतिक सचेतता शिक्षक, सम्पादक, कवि, समालोचक र समाजसेवी कार्यकर्ताका माध्यमबाट देखाएकाछन् । प्रधान वि. सं २०१४ साल भन्दा अगाडि राजनीतिमा र पछि साहित्यमा सक्रिय रहेको पाइन्छ (भट्ट, २०६४ : ११) ।

**(घ) शिक्षक व्यक्तित्व**

कृष्णचन्द्रसिंह प्रधान २००२ सालदेखि २०३० सालसम्म शिक्षण पेसामा संलग्न भए । उनले २००२ सालदेखि २००६ सालसम्म शान्ति निकुञ्ज माध्यमिक विद्यालयमा शिक्षक भएर सेवा गरे (भट्टराई, २०४०: ५२३ ) । २००६ सालमा भारतको बर्धा गान्धी आश्राममा गएर १८ महिनासम्म शिक्षक भई सेवा गरे । २००८ सालदेखि काठमाडौँ फर्की कन्या मन्दिर बहुउद्देश्यीय विद्यालयमा १८ वर्षसम्म अनवरतरूपमा शिक्षण सेवमा सम्मलग्न रहे । २०२१ सालदेखि २०३० सालसम्म महेन्द्ररत्न कलेजमा पनि उनले शिक्षण कार्य गरे । यसरी आजीवन शिक्षक व्यक्तित्व

अत्यन्त महत्त्वपूर्ण देखिन्छ । प्रधानको शिक्षक व्यक्तित्व २००२ देखि २०३० सालसम्म देखापर्छ ( आचार्य, २०४३ : १५) ।

**(ङ) संस्थापक व्यक्तित्व**

कृष्णचन्द्रसिहं प्रधानको संस्थापक व्यक्तित्व पनि महत्वपूर्ण र सक्रिय रहेको देखिन्छ । उनी सानै उमेरदेखि साहित्य लेखनमा लागेका व्यक्ति हुन् । २००१ सालमा नेपाल फर्के पछि विभिन्न संघसंस्थाको स्थापनामा सक्रिय रहे । उनले काम गरेका संघसस्थाहरूलाई यसरी देखाउन सकिन्छ ।

१. संस्थापक अध्यक्ष, सन्देश गृह (२००३)

२.संस्थापक सदस्य, शान्तिनिकुञ्ज विद्यालय (२००३)

३. संस्थापक अध्यक्ष, विद्यामन्दिर पुस्तकालय (२००४)

४.संस्थापक सदस्य, नेपाली साहित्य परिषद् (२००४)

५. संस्थापक सदस्य, कन्यामन्दिर विद्यालय (२००८)

६. संस्थापक अध्यक्ष, प्रगतिशील लेखकसङ्घ (२००८)

७. संस्थापक सदस्य, महेन्द्ररत्न पब्लिक कलेज (२०१८)

८.संस्थापक सदस्य, नेपाली साहित्यसंस्थान (२०१९)

९. सह-सदस्य, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०२६)

१०. महा-प्रबन्धक, साझा प्रकाशन (२०३१ देखि २०४५ सम्म)

११. संस्थापक सदस्य, ताहाचल क्याम्पस (२०३८)

१२. आजीवन सदस्य, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०४६)

१३. अध्यक्ष, अस्वीकृत जमात सुरुदेखि २०६७ सालसम्म ।

यसरी उनले विभिन्न सङ्घसंस्थाहरू खोलेर शैक्षिक क्षेत्रमा र साहित्यको क्षेत्रमा सेवा गरेबाट नै उनको संस्थापक व्यक्तित्व उच्च देखिन्छ (भट्टराई, २०६७ : ३९) ।

**(च) सम्पादक व्यक्तित्व**

साहित्य सिर्जनामा मात्र नभएर कृष्णचन्द्रसिंह प्रधानको योगदान अन्य सर्जकहरूद्वारा सिर्जित कृतिहरूको सम्पादन गर्नमा पनि रहेको छ । उनले सम्पादन गरेका कृति र पत्रिकाहरू यस प्रकार छन् :

**(अ) कृति**

(१) साझा समालोचना (२०२५)

(२) कावागुचिको नेपाल बसाइँ (२०४६)

(३) अरिप्रिजेन्टिभ कलेक्सन अफ नेपाल भाषा पोएम्स (२०५४)

**(आ) पत्रिका**

(१) **आँखा**, मासिक (२००५)

(२) **पासा** (नेपाल भाषाको) प्रथम दैनिक (२०१३)

(३) **जनसाहित्य**, द्वैमासिक (२०१४)

(४) **कविता**, त्रैमासिक (२०२१)

(५) **हिमानी**, द्वैमासिक (२०२१)

(६) **प्रज्ञा**, त्रैमासिक (२०२८)

(७) **गरिमा**, मासिक (२०३९)

(८) **समकालीन साहित्य**, त्रैमासिक (२०५०)

उनले सम्पादन गरेको साझा समालोचना ग्रन्थलाई हेर्दा काव्य, खण्डकाव्य, महाकाव्य, कथा, उपन्यस, नाटक र निबन्ध जस्ता विधाहरू समेटिएका छन् । यसमा प्राथमिक, माध्यमिक र आधुनिक तीन कालका रचना र रचनाकारहरूलाई समेटिएको देखिन्छ । त्यसै गरी उनले सम्पादन गरेको पत्रपत्रिकाहरूलाई  हेर्दा २००७ साल पूर्व र त्यसपछिका दिनहरूमा समेत जनचेतना जगाउन र शैक्षीक स्तर उढाउनका लागि महत्त्वपूर्ण कार्य गरेको देखिन्छ ( भट्ट, २०६४ : १८) ।

## ३.४ भ्रमण

साहित्य सेवा गरेबापत उनलाई विभिन्न राष्ट्रहरूको भ्रमण गर्ने अवसर मिलेको छ । वि.सं. २०१३ सालमा नै भारतको दिल्लीमा भएको एसियाली लेखक सम्मेलनमा नेपालीको तर्फबाट प्रतिनिधित्व गरेका थिए । त्यस्तै भारत सरकारको निमन्त्रणमा दक्षिण भारतको पन्ध्रदिने भ्रमण पनि गरेका थिए (लुइँटेल २०५३ : १५) । त्यसैगरी वि.सं. २०१४ सालमा कोलम्बोमा भएको विश्वशान्ति सम्मेलनमा नेपालको प्रतिनिधिका रूपमा भाग लिन गएका थिए । २०२८ सालमा सद्भाव मैत्री शिष्ट मण्डल भ्रमण अन्तर्गत चीन सरकारको निमान्त्रणामा उनले चीनको भ्रमण सम्पन्न गरेका छन् । वि. सं. २०३३ साल जापानमा सम्मेलनमा भाग लिन जाँदा एक महिनासम्म त्यहाँको रहनसहन र जीवनशैलीलाई प्रत्यक्ष अवलोकन गर्ने मौका पाए । वि. सं. २०२४ सालमा नेपाल र चीनको दौत्य सम्बन्ध स्थापना भएको तीसौँ वर्षका उपलक्ष्यमा चीन सरकारको  निमन्त्रणमा नेपाल मैत्रीसङ्घको तर्फबाट उनले पाँचजना प्रतिनिधिहरूको नेतृत्व गरेर दुई हप्तासम्म चीनको भ्रमण सम्पन्न गरेका छन् (आर्चय, २०४३ : १९) । यस पछि जापान, बर्मा, बैंककतिर पनि भ्रमण गरेका प्रधानले नेपालकै महेन्द्रनगर, धनगढी, पोखरा आदि ठाउँहरूको भ्रमण गर्नुका साथै काठमाडौं वीरगन्ज हिँडेरै आवतजावत गर्नाले बाटोमा पर्ने विभिन्न स्थानहरूको समेत भ्रमण गरेका छन् ।

## ३.५ सम्मान तथा पुरस्कार

बाल्यकालदेखि साहित्य सिर्जनामा निरन्तर रूपमा लागिरहेका कृष्णचन्द्रसिंहलाई साहित्यसेवा गरेबापत विभिन्न किसिमका सम्मान तथा पुरस्कारहरू प्रदान गरिएका छन् । उनले पाएका सम्मान तथा पुरस्कारहरूलाई यसरी देखाउन सकिन्छ :

**(क) पुरस्कार**

१. नेपाली साहित्य परिषदले आयोजना गरेको प्रतियोगितात्मक पहिलो बृहत् नेपाली साहित्य सम्मेलनमा गद्य कवितातर्फ "बादलको तारो" शीर्षकको कवितालाई, प्रथम पुरस्कार रु १०० (२००४)

२. **कवि व्यथित र काव्यसाधना**का लागि,मदन पुरस्कार (२०१५)

३. **नेपाली उपन्यास र उपन्यारकार**का लागि, साझा पुरस्कार (२०३७)

४. गुणराज स्मारक व्याख्यान पुरस्कार (२०३७)

५. **पाइला आगातमा : टेकेर** निबन्ध सङ्ग्रहका लागि, उत्तम पुरस्कार, धरणीधर पुरस्कार ( विराटनगर) र साझा पुरस्कार (२०४७)

६. झपट पुरस्कार (२०५५)

७. सीताराम पुरस्कार (२०५७)

८. त्रिभुवन प्रज्ञा पुरस्कार (२०५७)

९. **मधुपर्क** साहित्यिक पत्रिकाको गद्यतर्फको सम्मान र पुरस्कार (२०६०)

१०. शङ्कर लामिछाने निबन्ध पुरस्कार (२०६२) ( भट्टराई, २०६७ : ३९-४० ) ।

**(ख) सम्मान**

१. प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगर (२०४६)

२. रत्न श्रेष्ठ पुरस्कार संस्थान, बागलुङ (२०४६)

३. धौलागिरी साहित्यिक प्रतिष्ठान, बागलुङ (२०४६)

४. लाजिम्पाट क्लब, काठमाडौँ (२०५०)

५. सयपत्री राष्ट्रिय सम्मान, काठमाडौँ (२०५१)

६. दोभान प्रतिभा सम्मान, काठमाडौँ (२०५१)

७. नारायणी वाङ्मय प्रतिष्ठान, वीरगन्ज (२०५३)

८. आह्वान समूह, चावहिल, काठमाडौँ (२०५५)

९. शेषहिरा प्रतिष्ठान, काठमाडौँ (२०५८)

१०. काठमाडौँ न. पा. वडा नं. १३ का जनताका तर्फबाट अभिनन्दन (२०५८)

११. सर्वदा वाङ्मय प्रतिष्ठान, काठमाडौँ (२०५८)

१२. नेपाली लेखक सङ्घ, काठमाडौँ (२०५८)

१३. लिटिल एन्जेल्स स्कुल काठमाडौँबाट रजत जयन्तिको उपलक्ष्यमा अभिनन्दन, (२०६२)

१४. अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशनबाट अभिनन्दन (२०६३)

१५. रश्मी समालोचना प्रधान साहित्यिक पत्रिकाबाट सम्मानित, (२०६३)

१६. जनमत प्रकाशन, बनेपा (२०६४)

१७. साहित्य कुन्ज त्रि. वि. बाट सम्मानित (२०६४)

१८. साहित्य सन्ध्या काठमाडौँबाट सम्मानित (२०६४) ( भट्टराई, २०६७ : ३९-४०) ।

**(ग) पदक**

शिक्षण पेसामा लामो समयसम्म सेवा गरेवापत श्री ५ महेन्द्रबाट गो. द.बा. चौथो ( २०२४) र रत्न श्री स्वर्णपदक (२०२५) (भट्ट, २०६४ : १४) ।

यसरी विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेर कृष्णचन्द्रसिंह प्रधान साहित्य लेखनमा उत्साहित बनेका छन् । हुनत : उनको प्रयास र योगदानअनुसारको पुरस्कार कमै भएको देखिन्छ तापनि यसले उत्साह भने थपेकै छ ।

### ३.६ कृष्णचन्द्रसिंह प्रधानको निबन्ध यात्रा र प्रवृत्ति

आधुनिक नेपाली निबन्धको तेस्रो चरण अर्थात् समसामयिक चरणमा देखापरेका कृष्णचन्द्रसिंह प्रधानले आफ्नो निबन्ध यात्राको थालनी २००४ **साहित्यस्रोत** पत्रिकममा प्रकाशित “झुत्रो लुगा” शीर्षक निबन्धबाट गरेका हुन् । उनले यस पहिलो निबन्धमा नै आत्मपरक शैलीमा आफ्ना निजी विचार चिन्तन प्रस्तुत गरेको पाइन्छ। सानो विषयवस्तु लिएर गम्भीर चिन्तन र विचारहरू प्रकट हुन्छन् भन्नेकुरा उनको पहिलो निबन्धबाट प्रस्ट हुन्छ । निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको निबन्ध यात्रा बेला बेलामा खण्डित हुँदै र उत्तरोत्तर बढ्दै आएको पाइन्छ । निबन्ध लेखन तथा प्रकाशनका दृष्टिले वि. सं. २००८ देखि २०१७ सालसम्मको समय शून्य प्राय : देखिन्छ। वि.सं. २०१८ सालदेखि फेरि उनको निबन्ध लेखन सक्रिय हुन थाल्दछ।

प्रधानको निबन्ध लेखनका दृष्टिले २०१८ देखि २०२० सालसम्मको समय अत्यन्त उर्वर देखिन्छ। प्रारम्भिक निबन्धमा प्रधानको जीवनदर्शन र वैचारिकता अलिक आलोकाँचो कलिलो र लचिलो देखापर्दछ भने २०१८ साल पछिका निबन्धहरूमा जीवन दर्शन, वैचारिक पक्ष र बौद्धिकताको प्रयोग परिष्कृत र परिमार्जित हुँदै उच्च हुन पुगेको छ । यस समयका निबन्धहरूमा विविध विषय र विविध शैलीको प्रयोग भएको पाइन्छ । २०२६ साल पछिका निबन्धहरूमा उनको यो प्रवृत्ति अझ परिष्कृत, व्यङ्ग्यपूर्ण र जटिल किसिमले विकसित भएको छ । यिनको भाषागत र शैलीगत जटिलता २०३९ देखि २०४७ सालसम्म रहेको छ भने २०४८ पछिका निबन्धहरू केही सरल, सहज र आत्मिक हुन थालेका छन् ।

वि.सं. २००४ सालबाट सुरु भएको उनको निबन्धयात्रालाई हेर्दा उनका हलसम्म पाँचवटा निबन्ध सङ्ग्रह **सालिक** (२०२६), **अनामसत्य** (२०४३), **पाइला : आगतमा टेकेर** (२०४७), **वाग्मतीको हरक** (२०५७) र **समय सुनामी** (२०६३) निबन्ध सङ्ग्रह प्रकाशित छन् भने अन्य निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । यी सम्पूर्ण निबन्धका स्वरूप एउटै प्रकारको नभएर विविध शैली, प्रवृत्ति तथा विषयवस्तुको प्रयोग भएको पाइन्छ । उनको साहित्यिक यात्रालाई विभाजन गर्ने क्रममा २००४ देखि २०६७ सालसम्म प्रकाशित भएका निबन्धहरूलाई आधार मानेर चरण विभाजन गरिन्छ ।

प्रधानको निबन्ध यात्रालाई राजेन्द्र सुवेदीले दुई चरणमा बाँडेका छन् । २०२६ पूर्वलाई प्रधानको रचना निर्माणमा देखिने पूर्वार्द्ध चरण र २०२६ पश्चातको समयलाई उत्तरार्द्ध चरणमा विभाजित गरेका छन् (सुवेदी २०६३ : ४१) । त्यसैगरी कृष्णप्रसाद आचार्यले (२०४३) को शोधपत्रमा समग्र साहित्यिक यात्राको उल्लेख गरेका छन् भने कल्पना लुइँटेल (२०५३ : २४-२७) ले निबन्धकार प्रधानको निबन्ध यात्रालाई तीन चरणमा विभाजन गरेकी छन् । (१) पहिलो चरण २००४- २०१७ (२) दोस्रो चरण २०१८- २०४५ (३) तेस्रो चरण २०४६ देखि हालसम्म । समग्र रूपमा निबन्धकार प्रधानको निबन्ध यात्रालाई तीन चरणमा विभाजित गरिएको छ ।

(१) पहिलो चरण  २००४- २०२९

(२) दोस्रो चरण २०३०-  २०४७

(३) तेस्रो चरण  २०४८- २०६७ सम्म

### ३.६.१ पहिलो चरण २००४- २०२९

यस समयमा भएको राजनैतिक परिवर्तन, उनको विधागत खोजी तथा सक्रियता र निष्क्रियताका विविध कारणले गर्दा पहिलो चरणमा विभिन्न घुम्ती, मोड तथा परिवर्तनका क्रियाकलापसँगै उनमा विविध प्रवृत्तिहरू पनि देखापर्दछन् । त्यसैले यस चरणलाई दुई उपचरणमा विभाजन गरिएको छ ।

#### (क) पहिलो उपचरण २००४- २०१७

यस चरणका निबन्धहरूमा प्रधान दर्शन र तार्किक दृष्टिले अभ्यासकालीन नै देखिन्छ । “झुत्रो लुगा” २००४ सालबाट निबन्धयात्रा प्रारम्भ गर्ने प्रधानको निबन्ध लेखन नेपाली साहित्यमा निबन्ध विधाले विधागत परिचय र सामर्थ्य देखाउन थालेको अवस्थामा प्रारम्भ हुन्छ । उनका यस चरणका अन्य निबन्धहरू “मरीसकेर पनि बाचिरहुँ” (२००५, **साहित्य स्रोत**), “धनी गरिबको सङ्गम” (२००५, **उदय**), “शिक्षाको रूप” (२००६, **भारती**) र “युद्ध होइन शान्ति” (२००६, **भारती**) रहेका छन् (लुइँटेल, २०५३ : २०) । “झुत्रो लुगा”, “शिक्षाको रूप”, “युद्ध होइन शान्ति” जस्ता निबन्धहरू उनको विचार र निजी भावको दोसाँधमा उभिएका

पाइन्छन् । उनको यस चरणका निबन्धहरूमा आर्थिक विपन्नता र गरिबीले सताइएका निम्न मध्यमवर्गीय जनताप्रति सहानुभूति प्रकट गरेको पाइन्छ । "मरीसकेर पनि बाँचिरहुँ" निबन्ध गान्धीबादी आर्दशबाट प्रेरित भएको छ । भने "युद्ध होइन शान्ति" मा मानवतावादी र शान्तिगामी स्वर व्यक्त भएको पाइन्छ । "शिक्षाको रूप" जस्ता निबन्धहरूले सामाजिक जागरण र सुधारका स्वरहरूलाई आत्मासात गरेका छन् । यस चरणका निबन्धहरूमा मार्क्सवादी, गान्धीवादी, समन्वयवादी, आदर्शवादी प्रवृत्ति देखिन्छ । सुगठित संरचनाको अभाव, परिष्कार परिमार्जनको अभाव, विधागत दिशावोधको अभाव यस चरणका निबन्धका विशेषता हुन् । प्रस्तुतीकरणका दृष्टिले यस समयका निबन्धहरू आत्मपरक, पूर्व संस्मरणात्मक शैलीमा लेखिएका छन् जसले उनको प्रारम्भिक अवस्थालाई देखाएको छ । यस चरणका निबन्धहरूको भाषाशैली सरल र सुबोध तथा सम्प्रेष्य देखिन्छ ।

### (ख) दोस्रो उपचरण २०१८ देखि २०२९ सम्म

२०१८ सालदेखि २०२९ सालसम्मको समयावधिलाई दोस्रो उपचरण मानिएको छ । २०१८ देखि पुन : निबन्ध लेखनतर्फ लागेका प्रधानको यस चरणका निबन्धमा समालोचकीय भाषाशैलीले लेखन अत्यन्त उपयोगी बन्न पुगेको छ । विषय वस्तुको व्यापकतालाई समष्टिमा अँगाल्न खोज्दा यस चरणका निबन्धमा शीर्षक लामा-लामा हुन पुगेका छन् । प्रधानको यस चरणमा **सालिक** (२०२६) निबन्ध सङ्ग्रह प्रकाशित भएको छ । यस चरणमा सङ्ग्रहका रूपमा प्रकाशित हुने अवसर पाएका निबन्धहरू यस प्रकारका छन :- "गीतको दाम, कविताको भउ, मानिसको मोलतोल", "लिङ्ग पुराणदेखि लिङ्ग साहित्यसम्म", "भ्यागुतोलाई फाँसी र मूसालाई आजन्म कैद", "उन्मुक्त भैरवका श्रद्धालुलाई", "शव सालिक- विद्रोह", "आत्महत्याको अँगालोमा", "टाइटफिट किरमिर रेखाको ड्यास" र "किलामा ठोकिएको जिन्दगीका केही पानाहरू" । यसैगरी "शिक्षाले सांस्कृतिक जीवनमा पार्ने भूमिका" भन्ने निबन्धमा **हाम्रो संस्कृति** २०२७ नामक पत्रिकामा प्रकाशित छ र यो कुनै पनि सङ्ग्रहमा सङ्गृहीत छैन (प्रधान, २०२६ ) ।

यिनै निबन्धहरूलाई विश्लेषण गरेर हेर्दा उनको यस चरणको प्रमुख विशेषताका रूपमा यौनमूलक विषयवस्तु रहेको छ । उनको "लिङ्ग पुराणदेखि लिङ्ग साहित्यसम्म" निबन्धमा

मानवीय जीवनमा यौनको महत्त्वलाई देखाइएको छ । त्यसैगरी "उन्मुक्त भैरवका श्रद्धालुलाई" निबन्धमा उनले यौन स्वतन्त्रताको वकालत गरेका छन् । त्यसैगरी "किलामा ठोकिएको जिन्दगीका केही पानाहरू" र "आत्महत्याको अँगालोमा" निबन्धहरूमा जीवन र मूल्यहरू मृत्यु र यसका परिणतिहरू व्यक्त गर्ने क्रममा उनकै सोचाइ र भनाइभित्र अल्भेका छन् । दुवै निबन्धहरू एकअर्काका पूरक भैँ अनुभूत हुने देखिएका छन् । जीवनको विनाशशीलता र यसले भोगेको सङ्कीर्णताभित्र जीवन एक थप, एक गुण, एक भाग आदिको समष्टिको सार हो भन्ने कुरा "टाइटफिट किरमिर रेखाको ड्यास" ले प्रमाणित गर्दछ । "शव सालिक- विद्रोह" ले हाम्रो विद्रोह केवल सङ्ग्रहालयको सामग्री हो भन्ने कुरालाई प्रमाणित गर्दछ (सुवेदी, २०६३ : ४१) ।

यसबाहेक उनका अन्य निबन्धहरूमा परम्परागत कुलमा निम्नवर्गको भावना अङ्कित भएको देखाउनु, नेपाली परिवेशको चित्रण, सालिक पूजाको विरोध, मानव जीवनको अस्तित्वबोध, साहित्यकारको आस्थाको चित्रण, सामाजिक विसङ्गतिप्रति व्यङ्ग्यप्रहार, सामाजिक यर्थाथको चित्रण, असल काम गर्नेप्रति प्रोत्साहन, आर्थिक असमानताको विरोध, शिक्षाको महत्त्वमाथि प्रकाश र राजनीतिक विश्लेषण गर्नु जस्ता विशेषताहरू देखिन्छन् ।

### ३.६.२ दोस्रो चरण २०३० देखि २०४७ सम्म

"साहित्य र हावापानी" निबन्धबाट आरम्भ भएको यस चरणका निबन्धहरूले बौद्धिकतालाई अरू उच्चता र अरू गहनता प्रदान गरेका छन् । उनको यस चरणका निबन्धहरूमा विषयगत विविधता, शैलीगत परिष्कार, भाषिक प्रयोगको कुशल क्षमता, विधागत सचेतता निकै उच्चाइमा पुगेको छ । उनको यस चरणका निबन्धहरूमा जीवनको जटिलभन्दा जटिल समस्या, निराशा, कुष्ठाग्रस्त मनस्थिति र युगीन परिवेशलाई छामछुम पार्दै चिरफारका साथ मानवीय चाहनाको खोजी गरिएको हुनाले भाषाशैली पनि त्यही अनुरूपको केही जटिल र ज्यादा प्रयोगधर्मी भएको पाइन्छ । यस चरणमा उनका **अनाम सत्य** (२०४३) र **पाइला : आगतमा टेकेर** (२०४७) दुईवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् ।

उनको **अनाम सत्य** निबन्ध सङ्ग्रहमा १२ वटा निबन्धहरू सङ्गृहीत छन् । ती १२ वटा निबन्धहरू यस प्रकारका छन्- "अनाम सत्य", "साहित्य र हावापानी", "रात ओढेर जागेको छु रात ओढेर निदाइदिन्छु", "लौ आयो साबुन सेर्पा यो !", "विसङ्गति : केही उनीहरूका केही

आफ्नै पनि", "कान्तिपुरमा अमरावतीको खेती", "घोड दौडका घोडाहरू र म", "शङ्कर-गोरेटोको संभ्कनामा अर्को एक पेग", "शाश्वत व्यङ्ग्यकारको स्मृतिमा", "सम ! विशुद्ध मान्छे बन", "संस्कार रोचक भएन कि ?" र "आँखामा गान्तोक बोकेर" । यी निबन्धहरूमा प्रधानको व्यङ्ग्यात्मक शिष्टता र तीव्रता अझ उच्च बनेको छ (प्रधान, २०४३) ।

त्यसरी नै **पाइला : आगतमा टेकेर** (२०४७) निबन्ध सङ्ग्रहमा परेका तेह्रवटा निबन्धहरू पनि चिन्तनको गहिराइ र विसङ्गति बोधको उच्चता लिएर सिर्जित भएका छन् । यस सङ्ग्रहमा सङ्गृहीत निबन्धहरू यस प्रकारका छन्- "फेवातालमा मुक्तकको लहर र माछापुच्छ्रेका आकृतिहरू", "मेरो यात्रा : टुकुचादेखि विष्णुमतीसम्म", "डरको छायामा रोबोटको जन्म", "सन्दर्भ काठमाण्डू : नेपालको परिप्रेक्ष्यमा", "गौतमबुद्धको चिठ्ठीः अशोकको नाउँमा", "एउटा वकपत्र आफ्नै विरोधमा", "शब्द ब्रह्म", "सटक फाट्टिदैछ", "मेरा आँखामा उत्तम कुवँर", "खडेरीको मौसमलाई शुभकामना", "आस्थाको द्वीपमा मान्छे", "पाइला : आगतमा टेकेर एक" र "पाइला : आगतमा टेकेर दुई" (प्रधान, २०४७) ।

उपर्युक्त निबन्धहरूलाई विश्लेषण गर्दा यस चरणमा जम्मा पच्चीसवटा निबन्धहरूमा पाँचवटा निबन्धहरूको विषयवस्तु साहित्यिक व्यक्ति प्रधान रहेको पाइन्छ । उनले "शङ्कर गोरेटोको सम्भ्कनामा अर्को एक पेग" निबन्धमा साहित्यकार शङ्कर लामिछानेमा सामाजिक विसङ्गतिको प्रभाव देखाएका छन् भने "शाश्वत व्यङ्ग्यकारको स्मृतिमा" निबन्धमा साहित्यकार भैरव अर्यालले नेपाली साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन गरेका छन् । त्यस्तै "सम विशुद्ध मान्छे बन" भन्ने निबन्धमा राणा खानदानमा जन्मिएका साहित्यकार बालकृष्ण समको साहित्यिक र लेखकीय समार्थ्यको वर्णन गरेका छन् भने "कान्तिपुरमा अमरावतीको खेती" निबन्धमा काठमाडौँको विसङ्गतिसँग साहित्यकार भानु भक्तको अलकापुरी नगरीको सम्बन्ध जोडेका छन् । त्यसैगरी "मेरा आँखामा उत्तम कुवँर" निबन्धमा प्रधानले उत्तम कुवँरको साहित्यिक र सम्पादकीय योगदानको चर्चा गरेका छन् । उनका यस चरणका "साहित्य र हावापानी","आँखामा गान्तोक बोकेर" जस्ता निबन्धमा साहित्य र साहित्यकारहरूप्रति महत्त्व र सम्मान प्रकट गरिएको छ । यसरी चिन्तन गर्दा "आस्थाको द्वीपमा मान्छे", "गौतमबुद्धको चिठ्ठीः अशोकको नाउँमा", र "मेरो यात्रा टुकुचादेखि विष्णुमतीसम्म" जस्ता निबन्धको

प्रस्तुतीकरणमा निजात्मकता र कवितात्मकता भर्ने क्रममा उदाहरणीय बनेका छन् (सुवेदी, २०६३ : ४१-४२) ।

यसबाहेक उनका अन्य निबन्धहरूमा समाजमा विद्यामान विसङ्गति र विकृतिप्रति व्यङ्ग्य गर्नु, प्राज्ञिक व्यक्तित्वमा प्राज्ञिक गरिमाको अभाव देखाउनु, नेपालको विकास राजनीति, साहित्य जस्ता कुरा विज्ञापनमा नै सीमित रहेको देखाउनु, मानिसको दुस्साहसलाई प्रतीकात्मक रूपमा चित्रण गर्नु, राष्ट्रियताको भावनाको वकालत गर्नु, विश्व सभ्यताको चित्रण र नव निर्माणको निम्ति प्रेरण, प्राकृतिक सौन्दर्यको वर्णन गर्नु, ऐतिहासिक सन्दर्भसहित अस्तित्वहीन नेपालीलाई व्यङ्ग्य गर्दै अस्तित्वबोध गराउनु, वर्तमान समयको अस्तित्वहीन नेपालीको चित्रण र अस्तित्वका लागि लड्नु र नेपालमा परिवर्तको सङ्केत गर्नु जस्ता प्रवृत्तिहरू यस चरणका निबन्धमा पाइन्छन् ।

### ३.६.३ तेस्रो चरण २०४८ देखि २०६७ सालसम्म

निबन्धकार प्रधानको निबन्धयात्राको तेस्रो चरण २०४८ बाट आरम्भ भई २०६७ सालसम्म कायम रहेको छ । २०४६ सालको जनआन्दोलन पछि साहित्यकारहरूले आफ्ना भावनालाई खुलेर अभिव्यक्त गर्न पाएका छन् । जनआन्दोलनको प्रभाव निबन्धकार प्रधानमा पनि परेको पाइन्छ । उनले यस चरणका निबन्धमा आफ्ना अभिव्यक्तिलाई पहिलेको तुलनामा स्पष्ट व्यक्त गर्न थालेका छन् । प्रजातन्त्रको खुला वातावरणमा उनले आफ्ना निबन्धमा समसामयिक राजनीतिका विषयमा समेत खुलेर आफ्नो अभिमत प्रकट गरेका छन् । उनको यस चरणका निबन्धहरूको भाषाशैली सरल, काव्यात्मक र सम्प्रेष्य रहेको छ । यस चरणमा प्रधानको **वाग्मतीको हरक** (२०५७) र **समय सुनामी** (२०६३) दुईवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् भने अन्य निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

उनको यस चरणमा प्रकाशित **वाग्मतीको हरक** (२०५७) निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्धहरू यस प्रकार छन्- “रियो दे जेनेरियोको वृक्षरोपण र वाग्मतीको हरक”, “नरवानर वंशको मान्छे ; विक्रम र प्रजातन्त्र”, “शब्दलाई भन्नु छ”, “म खाली आफ्नै सिर्जना हुँ”, “जवाफ छैन”, “प्रजातन्त्रको दीर्घायुको कामना”, “प्रतिकूलातका सृष्टि म : नै मेरो सर्जक”, “शिखर दश/ राजनीतिक प्रदूषण”, “आस्थाको राजनीतिक हत्याको गन्ध र विश्वासको

सङ्कट", "देवकोटा : केही स्मृति बिम्ब एक" र "देवकोटा : केही स्मृति बिम्ब दुई" (प्रधान, २०५७) ।

त्यसैगरी '**समय सुनामी**' (२०६३) निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्धहरू यस प्रकारका छन्- "भूमिगत", "आतङ्कको आकाशमा छाएको सङ्कट", "हत्याको सन्दर्भ : आस्थको हवन", "बोधीवृक्षको बगैंचा : बारुदको गन्ध", "अनुकूलताको खोजीमा", "मान्छे हराएको मान्छे, देश र कृष्णभीरहरू", "आतङ्कको पहाड र ङवाङ् जस्तै आरोहीको खोज", "मान्छे जङ्गबहादुर भए छन्", "घोषणा, घाट र स्वाथ्यलाभको कामना", "आस्थाका साँधहरू" र "एउटा पोर्ट्रेट उसको पनि" (प्रधान, २०६३) ।

अन्य पत्रपत्रिकामा प्रकाशित भएका निबन्धहरूमा "आऊ हामी गरौँ", "हतियारको प्रश्न", "गठेमङ्गल, आँखा र सालिक भञ्जन", "बाँच्नु भनेको नर्मनु होइन", "कवि केदारमान व्यथित : असाधारण चरित्र", "अविस्मरणीय संस्मरण", "देशले हामीलाई के दियो", "विगतका गल्लीगल्छेडा हुँदै" र "कवि हरिभक्तलाई सम्झँदै छन्" रहेका छन् (भट्टराई, २०६७ : १३) ।

उनको यस चरणको मुख्य विशेषताका रूपमा व्यङ्ग्य र आलोचना रहेका छन् । उनले "प्रजातन्त्रको दीर्घायुको कामना" निबन्धमा राजनैतिक पाटीहरूले सत्ताका लागि गरेका विभिन्न ढाँटछल र स्वार्थ लिप्साको आलोचना गरेका छन् । त्यस्तै "शब्दलाई भन्नु छ" निबन्धमा क्रान्ति सधैँ सत्य हुने भएकाले शासक वर्गले होसियारीपूर्वक काम गर्नुपर्ने भावना अभिव्यक्त गरेका छन् भने "शिखर दश/राजनीतिक प्रदूषण" निबन्धमा राजनीतिक विसङ्गति र अस्थिरताको चित्रण गरेका छन् । अर्को "नरवानर वंशको मान्छे विक्रम र प्रजातन्त्र" निबन्धमा २०४६ सालको जनआन्दोलनपछि नेपाली जनताले कुनै राहत नपाएको कुरा अभिव्यक्त गरेका छन् । त्यस्तै "आतङ्कको आकाशमा छाएको सङ्कट" निबन्धमा शासकहरूमा भएको निहीत स्वार्थ लिप्साले गर्दा देश भासिदै गएको र प्रजातन्त्र क्रमश : मासिँदै गएको कुरालाई देखाउन खोजीएकोछ । अघिदेखि जनताले गरेका बलिदान र सङघर्ष कसरी व्यर्थ हुँदै अन्धकारमा मिसिए भन्ने देखाउँछ । त्यस्तै "आऊ हामी गरौँ" निबन्धले देशमा बढिरहेको दण्डहीनता र अपराधीकरण तिर लक्षित गर्दछ । "गठेमङ्गल, आँखा र सालिक भञ्जन" निबन्धमा तराईमा उठेका विघटन प्रतिको चिन्ता छ । यी बाहेक उनका यस चरणका अन्य निबन्धहरूमा

औपचारिकतामा मात्र वातावरण सफा राख्ने राजनैतिक पाटी र देशलाई व्यङ्ग्य गर्नु, हरेक विसङ्गतिको जवाफ दिने उत्तरदायित्ववाला कोही नभएको देखाउनु, जे नहुनुपर्ने हो त्यही भइरहेको कुराको चित्रण गर्नु, राजनीतिक आस्थाको आधारमा गरिने हत्याको चित्रण, मान्छेको साहसको चित्रण, बारुद र बन्दुकको विरोध, जङ्गबहादुरको प्रवृत्ति यथावत रहेको टिप्पणी गर्नु जस्ता विशेषताहरू देखिन्छन् ।

निष्कर्षमा निबन्धकार प्रधानको निबन्धयात्राका प्रथम चरणको पहिलो उपचरण विषय छनौटतिर आकृष्ट देखिन्छ । सामाजिक, साहित्यिक, वैयक्तिक र आदर्शवादी जस्ता विषयमा उनी केन्द्रित देखिन्छन् भने निबन्धात्मक भाषाशैली र संरचनागत दृष्टिकोण पनि त्यति कसिएको पाइँदैन । प्रधानको निबन्धकारिताको दोस्रो उपचरणका निबन्धमा समालोचकीय भाषाशैलीले लेखन अत्यन्त उपयोगी बन्न पुगेको छ । विषयवस्तुको व्यापकतालाई समष्टिमा अँगाल्न खोज्दा यस चरणका निबन्धमा शीर्षक लामा-लामा बन्न पुगेका छन् । प्रधानको निबन्धकारिताको दोस्रो चरण सङ्ख्यात्मक र गुणात्मक दृष्टिले महत्त्वपूर्ण देखिन्छ । यस चरणमा उनले विषयवस्तुलाई भावात्मकभन्दा वैचारिक गहनताले भरिपूर्ण बनाएका छन् । उनले यस चरणमा सामाजिक विसङ्गति, मनोनिज्ञान, साहित्य, राजनीति आदि विविध विषयवस्तुमा निबन्ध लेखेका छन् । उनले यस चरणमा प्रगतिशील स्वर, सुधारात्मक र अस्तित्ववादी चेत, परिवर्तनको चाहना, स्वस्थ समाजको परिकल्पना, राजनैतिक रूपमा स्वतन्त्र अभिव्यक्ति  प्रतिबन्धित रहेकाले समाजमा विद्यमान विकृति तथा विसङ्गतिलाई प्रतीकात्मक र व्यङ्ग्यात्मक रूपमा प्रकट गरेका छन् । शैलीगत नवीनता, तार्किकता, बौद्धिकता, परिष्कृत भाषाशैली यस चरणमा प्रयोग गरेका छन् । प्रधानले तेस्रो चरणमा पूर्व चरणको अस्तित्ववादी चेतलाई यथावत् राख्दै राजनैतिक उतारचढाबलाई विशेष रूपमा व्यक्त गर्ने, आफ्ना निजी भोगाइलाई सार्वजनिक गर्ने, भनाइलाई स्पष्ट पार्ने, भाषाशैली परिष्कार र परिमार्जन गर्दै परिपक्व निबन्ध लेखेका छन् ।

### ३.७ निष्कर्ष

१९८२ सालमा जन्मिएका कृष्णचन्द्रसिंह प्रधानको व्यक्तित्वलाई कुनै एक पक्षमा मात्र सीमित गर्न सकिँदैन । २००२ सालबाट सामाजिक कार्यतर्फ अग्रसर भएका प्रधानको साहित्यिक

व्यक्तित्वमा कवि, कथाकार, समालोचक र निबन्धकार व्यक्तित्व रहेका छन् । प्रधानले २००२ सालमा “अश्रुधारा” शीर्षकको कविताबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनको प्रकाशित कविता **भञ्ज्याङनिरै** (२००८) कविता सङ्ग्रह रहेको छ । प्रधानका चारवटा कथाहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका प्रकाशित समालोचनात्मक कृतिहरूमा **कवि व्यथित र काव्यसाधना** (२०४०), **नेपाली उपन्यास र उपन्यासकार** (२०३६), **सिर्जनाको सेरोफेरो** (२०४०) र **कृति अवलोकन** (२०५९) हुन् ।

उनले वि.सं.२००४ सालमा “झुत्रो लुगा” शीर्षकको निबन्ध लेखेर निबन्धको क्षेत्रमा अगाडि बढेका हुन् । उनका प्रकाशित निबन्ध सङ्ग्रहहरूमा **सालिक** (२०२६), **अनाम सत्य** (२०४३), **पाइला : आगतमा टेकेर** (२०४७), **वाग्मतीको हरक** (२०५७) र **समय सुनामी** (२०६३) रहेका छन् ।  उनका अन्य फुट्कर निबन्धहरू **कान्तिपुर**, **मिर्मिरे**, **हिमाल**, **समय**, **मधुपर्क**तिर छापिएका छन् । उनका निबन्धहरू खारिएका निर्भीक, कलात्मक र दाशर्निक प्रस्तुति पाइन्छ । उनका निबन्धमा समाजका प्रचलित असमानता, शोषण, रूढिवादी जस्ता सङ्कीर्ण मूल्य मान्यताप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनी मूलत : आत्मापरक निबन्धकार भएता पनि उनले बस्तुपरक निबन्ध समेत सिर्जना गरेका छन् । तार्किकता, बिम्बात्मकता, प्रतीकात्मकता जस्ता विशेषता भएका प्रधानका निबन्धहरू वैचारिक प्रस्तुतिले भरिएका हुन्छन् । उखानटुक्का, अलङ्कार, बिम्ब र प्रतीकका माध्यमले उनका निबन्धहरू रुचिपूर्ण बन्न पुगेका छन् । यिनै प्रवृत्तिका आधारमा उनको निबन्धयात्रालाई तीन चरणमा विभक्त गरिएको हो ।

# परिच्छेद : चार
# विधातात्त्विक आधारमा 'समय सुनामी' निबन्ध सङ्ग्रहका निबन्धहरू

## ४.१ विषय प्रवेश

आधुनिक नेपाली निबन्धक्षेत्रका निबन्धकार कृष्णचन्द्रसिंह प्रधान (१९८४) द्वारा लेखिएको एघारवटा निबन्धहरूको सङ्ग्रह '**समय सुनामी**' (२०६३) पाँचौं निबन्ध सङ्ग्रहको रूपमा प्रकाशित निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रहमा २०५९-२०६३ सालसम्म **मिर्मिरे**, **कान्तिपुर**, **समकालीन साहित्य**, **नेपाल समाचार पत्रमा** प्रकाशित दशवटा र अप्रकाशित एक गरी जम्मा एघारवटा निबन्धहरू रहेका छन् । यस समय सुनामी निबन्ध सङ्ग्रहको लम्बाइ एकसय दश पृष्ठमा फैलिएर रहेको छ । यस सङ्ग्रह भित्रका निबन्धहरूको संरचना कवितात्मक रहेको छ भने समसामयिक विषयवस्तुलाई आधार बनाइएको छ । त्यसैले यस परिच्छेदमा **समय सुनामी** निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूको विधातात्त्विक आधारमा विश्लेषण गरिएको छ ।

## ४.२ भूमिगत निबन्ध

"भूमिगत" निबन्ध २०५९ मा **मिर्मिरे**, पूर्णाङ्क २०१ मा प्रकाशित भएको निबन्ध हो । यो निबन्ध सात पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत पहिलो निबन्ध हो ।

### ४.२.१ विषयवस्तु

प्रस्तुत निबन्धमा राजनीतिक विषयलाई मूल विषयवस्तु बनाइएको छ । यस निबन्धको विषय वस्तुलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्नुभन्दा पनि सूत्रवत् रूपमा अनेकौं सन्दर्भ र प्रसङ्गलाई निबन्धमा जडान गरिएको छ । पहिला कठोर अबस्थाबाट बच्न, राजनीतिमा लाग्ने राजनीतिक कर्मीहरू भूमिगत हुने गर्थे भने अहिले आपराधिक कार्यमा लाग्ने अथवा सरकारमा बस्ने 'अन्डरवर्ल्ड' का सबै काम र कुरा गुप्त, रहस्यमय र भूमिगत हुने गरेका छन् (भट्टराई, २०६२ : २५९) ।

अहिले भूमिगत भएर अपराध गर्नेहरू र अपराध गर्न भूमिगत हुनेहरू बिच एकता कायम भएको छ । मान्छेले भूमिगत हुने नाममा आफ्नो अस्तित्व र पहिचान बिर्सिसकेका छन् (

घिमिरे, २०६३ : २६) । खसगरी आपराधिक कार्यका योजना र तिनीहरूका कार्यान्वयन प्रक्रियाहरू अनेक माफियाले भित्र-भित्रै सम्पन्न गर्ने कार्यहरू सारा भूमिगत अवस्थाबाट सञ्चालित छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "सरकार भित्रभित्रैबाट चलिरहेको हुन्छ । लेनदेनको कारोबार पनि भित्रभित्रै सम्पन्न हुन्छ । अनिभित्रभित्रै योजना बन्छ, निर्णय गर्छन, यावत् कुरहरू भित्रभित्रै सकिसेको हुन्छ । यसैलाई बुझाउन भूमिगत शब्दको प्रयोग गर्नु परेको होला" (पृ २३) ।

जनताको मुखुण्डो लगाएर अपराध गर्ने माफियाहरू धेरैं फैलिसकेका छन् । यिनीहरू नभएको ठाउँ, बस्ती, सहर र देश छैन । यस समाजलाई मान्छेको समाज भनिए पनि यो जन्तुहरूको जङ्गलमा परिणत भएको छ । यहाँ लुट्नेको सङ्ख्या बढेको छ । सबैले सबैलाई लुटेर खाइरहेका छन् । सबैदेखि सबै त्रस्त भइरहेका छन् । अहिले हामी हामी भएर बाँच्न पाएका छैनौं । हामीले कहिले बाबु, कहिले आमा, कहिले स्वास्नी, कहिले छोरा र कहिले छोरीका रूपमा बाँच्नु परेको छ । त्यसैगरी बाहुन, क्षेत्री, लिम्बू, नेवार र मैथली हुँदै नेपाली भएर बाँच्नु परे पनि मानिस भित्र मानवता हुनुपर्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन् - "यसरी तिमी बाउ भइदिन्छौं, आमा भइदिन्छौं । यस्तै गरी लोग्ने, स्वास्नी, छोराछोरीहरू सबै भइदिन्छौं । जस्तो बाहुन, क्षेत्री, लिम्बू, नेवार, मैथिल हुँदै नेपाली भइदिएका छौं । यी सबै भएर पनि हुनुपर्ने त आखिर मान्छे पो हो । त्यसमा तिमी हुनुपर्छ, म हुनुपर्छ" ( पृ.२४) ।

हामी स्वास्नी बेच्ने भरत थापा, आमा बेच्ने श्याम, धन र चन्द्र परियार, आमा मार्ने कुओ-आन, १३ वर्षीय छोरीलाई बलात्कार गर्ने रूद्रमान र छोरी बेच्ने रेशमबहादुर विश्वकर्मा, पुनम परियारहरू जस्ता व्यक्ति होइनौं । सयौं हजारौं बालबालिकाको ज्यान लिने जावेद इकवाल र आफ्नै स्कुलमा पढ्ने नौ वर्षकी छात्रालाई नौ महिनासम्म बलत्कार गर्ने त्यही बोर्डिङ्को प्रिन्सिपल श्रीप्रसाद उप्रेती जस्ता व्यक्तिहरूसँग के छैन र सबैथोक भएर पनि तिनीहरूभित्र केवल मान्छे नभएको रिक्तता रहेको छ भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "उनीहरूसँग के छैन ? सबै छ । केवल मान्छे नभएको मान्छेको रिक्ततामा उनीहरूका आमा, बाबु, छोरा, लोग्ने, देश, जातीयता सबै कति अर्थहीन भइदिन्छ ? ओसामा बिन लादेन जस्तौ !" (पृ.२४-२५) ।

सुझबुझ विनाको राजनीतिक दल, हठवादी राजशाही र दोहोरो माओवादी चालले गर्दा मुलुक अनिश्चित गन्तव्यतर्फ अघि बढिरहेको छ । समस्या समाधानप्रति संवेदनशील नहुने प्रवृत्तिका कारण परिस्थिति जटिल बनिरहेको छ । मुलुकमा धेरैपटक राजनीतिक परिवर्तनहरू भए तर सामाजिक रूपान्तरण हुन सकेको छैन । कसैलाई सत्तामा पुऱ्याउनको लागि मात्र आन्दोलन गर्नुपर्ने हाम्रो नियति बनेको छ (कार्की, २०६३ : ५१) । हिजोका नाङ्गाभुतुङ्गाहरू आज आएर जङ्गबहादुर बन्ने परस्परामा भिडिरहेका छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "प्रजातन्त्र ल्याउन ज्यान दिनु परे पनि समर्पित भई जेल गएनौँ कि ? देश बनाउन नेताहरूलाई देशै जिम्मा लगाएनौँ कि ? तर हिजोका नाङ्गाभुताङ्गाहरू पनि आज ... र जङ्गबहादुर हुने परस्परमा भिडिरहेकाछन्" (पृ. २६) ।

नेपाल भित्रभित्रैबाट सिध्याउने र रित्याउने भूमिगत सरकारको देशजस्तो भएको छ । यहाँ जति पनि काम हुन्छन् सबै भूमिगत रूपमा हुन्छन् । यहाँ व्यक्ति मात्र भूमिगत नभएर हाम्रा आदेश, सल्लाह, लेनदेन, छलफल, सम्पत्ति पनि भूमिगत रहेका छन् । निबन्धकार सन्देह गर्दछन् आजको भगवान् पनि यस्ता भूमिगत चलखेलमा संलग्न हुनुपर्छ (भट्टराई, २०६२ : २५९) । यस निबन्धमा निबन्धकारले ठुला भनाउँदा व्यक्तिद्वारा गरिने अपराध र विकृतिपूर्ण कार्यले देशलाई दुरावस्थामा पुऱ्याएको परिस्थितिको यथार्थ रूपमा चित्रण प्रस्तुत गरेका छन् ।

### ४.२.२ भाषाशैली

प्रस्तुत निबन्धको शीर्षक विशेषण पदले बनेको छ । यस निबन्धको शीर्षकले लाक्षणिक अर्थ ग्रहण गरेको छ । यस निबन्धको शीर्षक विषयवस्तु अनुसारसार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो अनुभव र विचार प्रस्तुत गरेका छन् । त्यसैले यस निबन्ध विचारात्मक शैलीमा केन्द्रित रहेको छ । जस्तै- "सृष्टिबारेका दृष्टिकोणहरू एक अर्कोसँग मिल्दैन । फरक फरक देखिन्छन् । यसलाई सूत्रवद्ध गर्दा भेट्टिने विभिन्नता हुन् ती उक्तिहरू । तर यही भन्नलाई यो भनिरहेको होइन । यसबाहेक पनि केही छ । त्यो केहीको अर्थ ईश्वर, प्रकृति, मनुष्य नै हुनुपदर्छ भन्ने छैन । यसैमा लक्षित हुनाले त्यो जे पनि हुनसक्छ । त्यसैले बिम्बमा अङ्कित अमूर्ततारजस्तो लाग्नसक्छ " (प्रधान, २०६४ : २१) ।

शिल्पका आधारमा निबन्धकारले प्रस्तुत निबन्धमा संयत शैलीको प्रयोग गरेका छन् भने विषयवर्णनका आधारमा निबन्धकारले प्रसाद शैलीको प्रयोग गरेका छन् । जस्तै- “माफियाहरूले तिम्रो-हाम्रो मुखुन्डो लगाएर अपराध गर्छन् । हाकाहाकी ढ्याङ्ग्रो ठटाएर आन्दोलन मचाउँछन् आतङ्कवादीहरूले । दुवैले आफूलाई आफैंभित्र भूमिगत गरेर हिँड्छन् । चिनिन्छ र पक्राउ परिन्छ भनेर भूमिगत कार्यमा माफियातन्त्रको अपराध लुके झैँ माफियाहरूमा भूमिगत मानिसहरूको षड्यन्त्र लुकेको हुन्छ” (पृ. २३ ) ।

प्रस्तुत निबन्ध कथन शैलीका आधारमा आत्मपरक शैलीमा लेखिएको छ भने यो निबन्धको कथनढाँचा प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ । जस्तै- “त्यसैले भन्ने गर्छु यो केही हो । केही हो भन्नुको अमूर्तताभित्र कैयन प्रश्नहरू सलबलाउन खोज्छन् । यस अर्थमा मूर्तताको भूमिगत रूप नै अमूर्तता हो भनेर परिभाषित गर्नुपर्ने हुन्छ । समातिन्छ भनेर भित्रभित्रै लुकिछिपी हिँड्नेलाई भूमिगत हुनु भनिन्छ । हुनसक्छ गोप्यताको रहस्यबाट आकर्षित गर्न मानिसहरू अज्ञातवास जाने गर्छन्” (पृ. २२) ।

शब्द चयनका आधारमा प्रस्तुत निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग गरिएको पाइन्छ । यस निबन्धमा ईश्वर, मनुष्य, दृष्टिकोण र सृष्टि जस्ता तत्सम शब्द र सरकार, माफिया, जस्ता आगन्तुक स्रोतका शब्दहरूको प्रयोग गरिएको भेटिन्छन् (पृ. २१-२७) । अनुपातका हिसाबले भने तत्सम र नेपाली शब्दहरूको प्रयोग बढी पाइन्छ । आफ्ना भनाइलाई स्पष्ट गर्नका लागि निबन्धकारले ..., !, ?, जस्ता चिन्हहरूको प्रयोग गरेर निबन्धलाई अझ उत्कृष्टता प्रदान गरेका छन् । जस्तै- “तर हिजोका नाङ्गाभुताङ्गाहरू पनि आज ....र जङ्गबहादुर हुने परस्परमा भिडिरहेकाछन्” (पृ.२६) । “केवल मान्छे नभएको रिक्ततामा उनीहरूका आमा, बाबु, छोरा, लोग्ने, देश, जातीयता सबै कति अर्थहीन भइदिन्छ ? ओसामा बिन लादेन जस्तो !”(पृ-२५) ।

यस निबन्धभित्र साना ठूला गरी जम्मा तेइस अनुच्छेद रहेका छन् । यस निबन्धको सबैभन्दा छोटो अनुच्छेदमा दुई पङ्क्ति रहेका छन् भने सबैभन्दा लामो अनुच्छेदमा चौत्तिस पङ्क्तिहरू रहेका छन् । दोस्रो अनुच्छेद सबैभन्दा छोटो र चौथो अनुच्छेद सबैभन्दा लामो रहेको छ । यस निबन्धमा एक सय सत्तरी वाक्यात्मक संरचना रहेका छन् । वाक्यगठनका आधारमा प्रस्तुत निबन्धमा सरल, संयक्त  मिश्र, प्रश्नार्थक वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । यस

निन्धमा "हामीले ईश्वरलाई देखेका छैनौं" (पृ.२२), "हामीलाई सृष्टि गर्ने हामी आफैं हौं" (पृ.२१) जस्ता सरल वाक्य, "भन्नलाई त मानिसहरूको समाज भनिन्छ, तर कहाँ हो र" (पृ.२३), "मानिसहरू माफिया भएर हामीमा प्रवेश गरेका हुन् कि भन्ने त्रासले सधैंभरि त्रस्त भइरहनु पर्छद" (पृ.२३), जस्ता संयक्त वाक्य र "यस अर्थमा मूर्तताको भूमिगत रूप नै अमूर्तता हो भनेर परिभाषित गर्नुपर्ने हुन्छ" (पृ.२२), "भनिन्छ त्यस्तो कुनै ठाउँ छैन् जहाँ ईश्वर विद्यमान नभएको होस्" (पृ.२२) जस्ता मिश्र वाक्य र "हैन भने आफैं महामानवका रूपमा प्रतिस्थापित हुने दुस्साहस किन गर्थे ?", "उनीहरूसँग के छैन ?" (पृ.२५) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

यस निबन्धमा "आँसुले दुःख पखालिँदैन, बोल्दैमा अन्याय समाप्त हुँदैन र सपना लुट्नेहरूलाई सराप्दैमा सराप लाग्ने होइन" (पृ.२६) जस्ता सूक्तिहरू र "भित्रभित्रैबाट सिध्याउने र रित्याउने भूमिगत सरकारको देश जस्तो छ नेपाल" (पृ.२७) जस्ता उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । त्यसै गरी यस निबन्धमा वृत्यानुप्रास शब्दालङ्कारको प्रयोग गरिएको पाइन्छ । जस्तै- "यस्तै केही नभइकन बाँच्नै नसकिने भएर हो कि केही हुने विवशता तिमीमा व्याप्त छ, हामीमा व्याप्त छ । ती सबैमा तिमी-हामीलाई र हामी-तिमीमा ती सबैलाई देख्छु, खालि तिमीलाई तिमीमा देखिन । खालि हामीलाई हामीमा देखिन" (पृ.२४) । यो निबन्धको भाषा अलङ्कृत एवम् परिष्कृत रहेको पाइन्छ ।

यस निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन निबन्धकारले पदक्रमलाई व्याकरणात्मक ढाँचा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिएको पनि पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थानभन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको छ । यस किसिमको पदक्रमगत हेरफेर वा विचलन भएको पाइन्छ । जस्तै- "ईश्वर कल्पना पनि अमूर्त हो, तिनका कामहरू पनि अमूर्त नै हुन्छ- सबै गोप्य" (पृ.२२) । भाषा प्रयोगका दृष्टिले निबन्ध सफल छ तर काहीँ कतै पूर्णविराम पछि "तर" संयोजक राख्नाले समान्य विचलन पनि देखिन्छ । जस्तै- "यसलाई सूत्रबद्ध गर्दा भेटि्टने विभिन्नता हुन् ती उक्तिहरू । तर यही भन्नलाई यो भनिरहेको होइन" (पृ. २१) ।

छोटा-छोटा वाक्यको संयोजन गर्ने र त्यसमा लयात्मकता सृजना गर्ने पद्धतिमा पनि निबन्धकारले आफ्नो कौशल प्रदर्शन गरेका छन् । यस निबन्धमा काव्यात्मक शैलीको प्रयोग भएको पाइन्छ । जस्तै-

"एकथरि विद्वान् भन्छ-

सम्पूर्ण ब्रम्हाण्ड यावत सृष्टि ईश्वरीय देन हो ।

अर्को विद्वान् प्रतिपाद गर्छ-

विश्व एउटा प्रकृति हो । नियमानुसार सृष्टि हुने संरचनाहरू सबै प्राकृतिक हुन् ।

फेरि अर्कोले तर्क अघि सार्छ-

हामीलाई सृष्टि गर्ने आफैँ हौँ । मानवभन्दा महान् अरू कोही छैन" (पृ. २१) ।

यसरी हेर्दा यो निबन्धको शैली विविधतायुक्त र नवीन हुनुका साथै सरल, सहज र स्वभाविक किसिमको छ । यस निबन्धमा नै, त, कि जस्ता निपात र र, भने, तर, अनि जस्ता संयोजकको प्रयोग गरेको पाइन्छ ।

### ४.२.३ उद्देश्य

कमिसनतन्त्र, भ्रष्टचार, अनाचार र दुरचारको अदृश्य अपराधकर्मको जरो उखेली स्वच्छ, सदारचारी, पारदर्शी र सभ्य समाजको सिर्जना गर्नुपर्छ भन्नु नै यो भूमिगत निबन्धको मुख्य उद्देश्य रहेको छ । यो निबन्धको विचार वा भाव सन्देसमूलक नभएर आत्मप्रकाशन रहेको छ । निबन्धकारले यो निबन्धमा तत्कालीन समयको विसङ्गतिलाई भोग्न विवश भएको जीवन र त्यसबाट जन्मेका विकृतिमाथि व्यङ्ग्य प्रस्तुत गरेको पाइन्छ । वर्तमान समयमा भूमिगत हुनेहरूको स्वरूप बदलिएको भए तापनि अहिले भूमिगत भएर अपराध गर्नेहरू र अपराध गर्न भूमिगत हुने बिच एकता कायम भएको कुरालाई यस निबन्धमा देखाइएको छ । मान्छेले आफ्नो पहिचान र अस्तित्व बिर्सिसकेका छन् (घिमिरे, २०६३ : २६) ।

मानिसको बाँच्न पाउने अधिकार समाप्त हुँदै गएइरहेको कुरा देखाइएको छ । जताततै माफियाहरूले अपहरण र लुटपाट गरेर आतङ्क फैलाइरहेका छन् । कसले, कहाँ, कहिले, कसरी, किन के गर्छ वा गर्ला भनेर ठोकुवा गर्न सकिने अवस्था छैन । समस्या समाधानप्रति

संवेदनशील नहुने प्रवृत्तिका कारण देश जटिल बन्दै गइरहेको कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

मुलुकमा राजशाही र माओवादी बिच दोहोरो भिडन्तले गर्दा मुलुक अनिश्चित गन्तव्यतर्फ अघि बढिरहेको छ । मुलुकमा धेरैपटक राजनैतिक परिवर्तन भए तर सामाजिक रूपान्तण हुननसकेका कारण देश सङ्कटको भूमरिमा फस्दै गइरएको कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ । हामीले कसैलाई सत्तामा पुऱ्याउनको लागि आन्दोलन गर्नुपर्ने नियति बनेको कुरालाई यस निबन्धमा देखाइएको छ (कार्की, २०६३ : ५१) ।

हिजोका केहीनहुने नेताहरू आज आएर जङ्गबहादुर बन्ने परम्परामा भिडिरहेका कुरालाई यस निबन्धमा निबन्धकारले यथार्थरूपमा प्रस्तुत गर्न खोज्नु पनि यो निबन्धको उद्देश्य रहेको छ (प्रधान, २०६४ : २६) । समग्रमा नेपालीहरूले नेपाली भएर स्वतन्त्र रूपमा बाँच्न पाउनु पर्छ र देशमा लुटपाट, अपहरण, आतङ्क, भ्रष्टाचार र कमिसनतन्त्रको खेल खेल्नु हुँदैन भन्ने अवधारणा प्रवाहित गर्नु यस निबन्धको मुख्य भाव रहेको छ । यसका साथै नेपाल भित्रभित्रैबाट सिध्याउने र रित्याउने भूमिगत सरकारको जस्तो देश हुनुहुँदैन भन्ने आफ्नो विचारलाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । निबन्धकारले यस निबन्धमा आफ्ना भाव वा विचारहरूलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नु पर्दा यो निबन्धमा भूमिगत भएर अपराध गर्नेको सङ्ख्या फैलिएको कुरालाई देखाइएको छ । देश विकास हुन नसकेको यस विसङ्गतिपूर्ण अवस्थामा भोक, रोग र शोकमा मर्न बाध्य नेपालीहरूको दयनीय चित्र प्रस्तुत गर्नु नै यस निबन्धको मुख्य निष्कर्ष रहेको छ । सात पृष्ठमा संरचित प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज र सुबोध रहेको पाइन्छ । मुलुकमा भएको लुटपाट, आतङ्क, अपहरण, भ्रष्टाचार र कमिसनतन्त्र जस्ता अदृश्य अपराध कर्मको जरो उखेली स्वच्छ, सदाचारी र सभ्य समाजको सिर्जना गर्नुपर्छ भन्ने कुरालाई देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ ।

## ४.३ आतङ्कको आकाशमा छाएको सङ्कट निबन्ध

"आतङ्कको आकाशमा छाएको सङ्कट" निबन्ध २०५९ असार २४ गते **कान्तिपुर** पत्रिकामा प्रकाशित भएको हो । यो निबन्ध आठ पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत दोस्रो निबन्ध हो ।

### ४.३.१ विषयवस्तु

प्रस्तुत निबन्धमा राजनीति विषयलाई मूल विषयवस्तु बनाइएको छ । यो निबन्धको विषयवस्तुलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्नु भन्दा पनि सूत्रवत् रूपमा अनेकौं सन्दर्भ र प्रसङ्गलाई निबन्धमा जडान गरेर प्रस्तुत गरिएको पाइन्छ । यस दशकमा हामीले भोगेका अनेक कष्टमध्ये सङ्कटकाल पनि एक हो । सङ्कट काल देशभरी पूरै आकाशमा आतङ्को रूपमा फैलिएको छ । सङ्कटकाल राणा, पञ्चायत वा प्रजातन्त्रकाल जस्तो काल होइन । तिनीहरूले देश हाँक्ने, शासन गर्ने गर्थे तर यो सङ्कटकाल त्यस्तो छैन । यो सङ्कटकाल म्यादी जरो जस्तो छ भन्ने कुरालाई निबन्धकाले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "त्यसो त राणा, पञ्चायत वा प्रजातन्त्रकालजस्तो काल यो सङ्कटकाल होइन । तिनीहरूले त देश हाँक्छन्, शासन गर्छन् । सङ्कटकाल त म्यादी जरो हो । सरकार जोगाउन वा शान्ति-सुरक्षा कायम राख्न कहिलेकाहीँ सहारा चाहिन्छ" (पृ. २९) ।

अहिले हाम्रो देशमा सङ्कटको डङ्गुर थुप्रिएको छ । मानिस भोकको, प्रजातन्त्रको र सुरक्षाको सङ्कट कबुलेर बाँच्न विवश छन् । अहिले मानिसहरूलाई बिना सङ्कटको जीवन के जीवन जस्तो लाग्न थालेको छ (घिमिरे, २०६३ : २६) । अहिले मानिसहरूलाई सङ्कटकालबाट बच्नको लागि सङ्कटकालको पछिलाग्नु पर्ने स्थिति आएको छ भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । अहिले हाम्रो देशमा सङ्कटकाल लोकप्रिय हुँदै गइरहेको छ । त्यति लोकप्रिय प्रजातन्त्र पनि भएको थिएन । विपक्षीको समर्थन पाएर सङ्कटकालको आयु थपेर नयाँ इतिहास रच्ने नेपाल संसारको पहिलो राष्ट्र हो । शासकहरूले सरकार जोगाउनको लागि खेलेको खेलप्रति निबन्धकारले यस निबन्धमा तीखो व्यङ्ग्य प्रहार गरेका छन् । उनी भन्छन्- "हाम्रोमा त सङ्कटकाल पनि लोकप्रिय भइदिन्छ । त्यति लोकप्रिय त प्रजातन्त्र नै पनि हुन सकेन । विपक्षीहरूको समेत स्वीकृति-समर्थनमा सङ्कटकालको आयु थपेर नयाँ इतिहास

रच्ने नेपाल संसारको पहिलो राष्ट्र हो- ग्रीनबूकमा लेखिनुपर्ने नाम । उसमाथि अन्तर्राष्ट्रिय जगत्को औँठाछाप लागेपछि सङ्कट सङ्कटै भएन" (पृ. ३२) ।

माओवादी र सरकारको दोहोरो भिडन्तले देश क्षिया-क्षिया बन्दै गइरहेको छ । विकासको बजेट काटिन्छ, तलब समयमा दिन सक्तैनन्, निर्माणका कार्यहरू रोकिन्छन्, पर्यटकहरू आउन छाड्छन्  र उद्योग व्यावसायहरू निस्क्रिय हुँदै गइरहेका छन् । देश विकासित हुनको साटो दिनदिनै सङ्कटकालको भुमरीमा फस्दै गइरहेकोछ । हिँड्दाहिँड्दै गरेका मानिसहरूको अपहरण, खानतलासी गरिन्छ भने निर्दोष गाउँले, प्रहरी, सैनिक जवानहरूको नृशंस हत्या हुन्छ भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनि भन्छन- "समसाँझैदेखि बाटोभरि पहरा गरिरहेका सशस्त्र प्रहरीहरू जब देख्छु, जब हिँड्दाहिँड्दैका मानिसहरूको खानतलासी सुरु हुन्छ; पोकोपुन्तरो झिटीझाम्टो खोलिन्छन् र निर्दोष गाउँले, प्रहरी, सैनिकजवानहरूको नृशंस हत्य गरिन्छ र मुठभेडमा मारिन्छन् आतङ्कारी माओवादीहरू अनि बुझ्छु देश विक्षत, विकम्पित र असुरक्षित छ" (पृ. ३४) ।

सरकार र माओवादीहरू बिचको दोहोरो भिडन्तले महिला बालबालिकाहरू लावारिस भएर कठोर, विकराल र जोखिमपूर्ण जीवन बाँच्न विवश भएको यथार्थपूर्ण घटनाको चित्रण यस निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छन् । सङ्कटकाल कसैले ल्याएको, कसैले आविष्कार गरेको र माओवादीले सृष्टि गरेको सङ्कटकाल होइन । यो सङ्कटकाल शासकले सत्ता टिकाउनको लागि गरिएको सङ्कटकाल हो । शासकहरूले माओवादीहरूको उत्पादन गरी जोखिमको खेती गरेर देशलाई आतङ्कको कठघरामा उभ्याएका छन् । आफैँ न्यायाधीश हुने मालिकहरू चोखिनको लागि जनतामाथि सङ्कटकाल थुपारेर सिंहासनारुढ हुन खोजेका छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । उनी भन्छन्- "यसरी जोखिमको खेति गरेर माओवादीहरूको उत्पादन गर्छन् र देशलाई आतङ्को कठघरामा उभ्याउँछन् । अनि आफैं न्यायाधिश हुने मालिकहरू चोखिनको लागि जनतालाई सङ्कटकाल भिडाएर सिंहासनारुढ हुन खोज्छन्" (पृ. ३५) ।

सङ्कटकालले आतङ्कवादलाई उकासेको छ भने आतङ्कवादले सङ्कटकाललाई उचालेको छ । सङ्कटकालले जनजीवनलाई स्तब्ध बनाएको छ । देश मूर्दा शान्तिमा जाकिएको छ । सङ्कट हटाउने निहुँमा देशमा झन ठूलो र लामो सङ्कटकाल थपिएको छ । सङ्कटकाल

आज पनि हामीलाई ढुकेर बसिरहेको छ (भट्टराई, २०६२ : २५९) । यस्तो जोखिमको खेतीले माओवादीलाई दऱ्याउँदै लगेको छ। राष्ट्रलाई गलाउँदै लगेको छ ।

### ४.३.२ भाषाशैली

प्रस्तुत निबन्धको शीर्षक नाम पदहरू मिलेर बनाएको छ । **आतङ्कको आकाशमा छाएको सङ्कट** शीर्षक अभिधात्मक अर्थको सापेक्षमा रहेको छ । यो निबन्धको विषयवस्तु अनुसार शीर्षक सार्थक रहेको छ। यस निबन्धमा निबन्धकारले आफ्नो अनुभव र विचार प्रस्तुत गरेका छन् । यस निबन्धमा रजनीति र समाजका विभिन्न पक्ष र समस्यालाई वैचारिक रूपमा प्रस्तुत गरिएको छ । त्यसैले यो निबन्ध विचारात्मक शैलीमा केन्द्रित रहेको छ । जस्तै- "क्यै गर्न नसक्नेको घर-दैलोमा त जहिले पनि सङ्कट छ। यस्तो सङ्कट कति खपियो कति । कुनै नयाँ घटना होइन । काल भन्ने सङ्कटकाल हुन त ज्यानै लिने काल हो तर अनिकाल, मरनकाल मात्रै होइन राणाकाल, पञ्चायतकाल, प्रजातन्त्रकाल जस्ता घनेरौं काल पार गरिसकेको छु । सबैको अनुभव छ मलाई । यसमा एउटा अर्को काल थपियो सङ्कटकाल । यसलाई पहाडै खसेजस्तो सम्झेछन्" (पृ. २८) ।

शिल्पका आधारमा निबन्धकारले प्रस्तुत निबन्धमा संयत शैलीको प्रयोग गरेका छन् भने विषयवर्णनका आधारमा प्रसाद शैलीको प्रयोग गरेका छन् । जस्तै- "यी नेताहरू अहिले पनि छन् । तिनका पार्टी, सङ्गठनहरू छन् जसले प्रजातन्त्रका निम्ति धेरै गरे । तिनीहरूको योगदानलाई कसैले नकार्न सक्तैन । ठूलो मूल्य छ । आस्था छ उनीहरूका प्रति जनतामा र अहिले पनि सम्मान गर्छन्" (पृ. ३१) ।

कथन शैलीका आधारमा प्रस्तुत निबन्ध आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँचा प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ । जस्तै- "मृत्यु आफैंमा एउटा जोखिम हो । एकदिन त मर्नु छ भने मर्नुदेखि निडर हुनलाई बरु अलिअलि गरेर कसरी मर्ने हो सिक्दैछु । माओवादीको जगजगीमा तिनीहरूले कतै भेट्टाइहाले भने भिड्नलाई कराँतेको अभ्यास गर्दैछु" (पृ. २९) ।

शब्द चयनका आधारमा प्रस्तुत निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग गरिएको पाइन्छ । जस्तै- "संरक्षण, आकाश, शापित र वशीभूत" जस्ता तत्सम शब्द, "कमान्डर, जिकिर र ग्रिनबुक" जस्ता आगन्तुक शब्द र "पोकोपुन्तरो र झिटीझाम्टे" जस्ता नेपाली शब्दको प्रयोगले शैलीमा अझै निखार ल्याएको देखिन्छ । ढ्याङ्ढुङ जस्तो अनुकरणात्क

शब्दको प्रयोग गरिएको पान्छ (पृ.२८-३५) । निबन्धकारले आफ्नो भनाइलाई स्पष्ट पार्नको लागि ।, ?, -, जस्ता चिन्हहरूको प्रयोग गरेर निबन्धलाई अझ उत्कृष्टता प्रदान गरेका छन् । जस्तै- "कहिले पो मुक्त भयौँ- हिजो ? अस्ति ? झन् अस्ति ? अथव अहिलेकै कुरा गरूँ" (पृ. २८) ।

यस निबन्धमा जम्मा एकसय बाउन्न वाक्यात्मक संरचना रहेका छन् । लामा छोटा गरी जम्मा सत्ताइस अनुच्छेद रहेका छन् । यो निबन्धको सबैभन्दा छोटो अनुच्छेदमा दुई पङ्क्ति रहेका छन् भनेसबै भन्दा ठुलो अनुच्छेदमा बीस पङ्क्ति रहेका छन् । वाक्यगठनका आधारमा सरल, संयुक्त, मिश्र र प्रश्नार्थक वाक्यको प्रयोग गरिएको पान्छ । जस्तै :- "म देश बनाउने राजनीति गरिरहेको छैन" (पृ.३२), "सङ्कटकाल लागेको पनि तीन महिना भइसक्यो" (पृ.२८) जस्ता सरल वाक्य, "देश बनाएर आफूलाई सुधार्ने हो कि आफूलाई सुधारेर देश बनाउने हो" ( पृ.३२), "अपहृत हुनेहरू सद्दे सकुशल नै छन् वा हातखुट्टा भाँचेर जङ्गलमा कतै फालिदिएका छन्" (पृ.३०) जस्ता संयुक्त वाक्य र "मैले त बाह्रै महिना बेहोर्नु परेको सङ्कटको जिकिर गरिरहेको छु जो सङ्कटकाल नै लाग्ने सङ्कट भएर व्यवस्थाहरू एकार्काको पर्याय भइदिन्छ" ( पृ.२९), "आफ्नो कोही छैन् भने सम्झ त्यहाँ सङ्कट छ" (पृ.३०) जस्ता मिश्र वाक्य र "भन्ने नै हो भने सङ्कटकाल कहिले थिएन ?" (पृ.२८), "किन आतङ्कित हुने ?" (पृ.२९) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

यस निबन्धमा कतै कतै ध्वनितात्विक विचलन भएको पाइन्छ । जस्तै- "क्यै गर्न नसक्ने घर-दैलोमा त जहिले पनि सङ्कट छ" (पृ.२८) । यो निबन्धमा उखान-टुक्काको प्रयोग गरिएको छ । जसले गर्दा निबन्धको भाषा सजीव, मार्मिक, सरस र प्रवाहपूर्ण हुन गएको छ । जस्तै- "फलामको वैरी फलाम नै हुन्छ" (पृ.३०) र "स्वर्ग चलान" (पृ.३०) । त्यसै गरी यस निबन्धमा अन्त्यानुप्रास शब्द अलङ्कारको प्रयोग गरिएको पाइन्छ । जस्तै- "हामी यस्तै यस्तै आतङ्कको शिकार हुन विवश छौँ । हामी यिनै जोखिम कबुलेर बाँच्न अभिशप्त छौँ । हामी यीनै आतङ्ककारीहरूको आक्रमणमा मृत्यु वरण गर्न बाध्य छौँ । यही सङ्कटकालमा जेलिन बिलखबन्द छौँ" (पृ. ३५) ।

भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन निबन्धकारले यस निबन्धमा पदक्रमलाई व्यकरणात्मक ढाँचा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिएको पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थानभन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको छ । यस किसिमको

पदक्रमगत हेरफेर वा विचलनका नमुनाका रूपमा यी वाक्यलाई प्रस्तुत गर्न सकिन्छ- "भित्रभित्रैबाट आतङ्कित हुनुपरेको डर, अनिच्छा, रोष, घृणा, विरोध आदिलाई जनाउने यो एउटा चर्को आवाज हो- घनघोरको गर्जन" (पृ.३३) ।

भाषा प्रयोगका दृष्टिले निबन्ध सफल छ तर काँही कतै पूर्णविराम पछि "तर" संयोजक राख्नाले सामान्य विचलन पनि देखिन्छ । जस्तै- "अनभिज्ञतामा भयो होला भन्ने पर्न सक्छ । तर होइन" (पृ.३२) । के, त, पो, नै जस्ता निपात शब्दको प्रयोगले भाषामा मिठास थपिदिएको छ । कथनलाई व्यङ्ग्यका माध्यमबाट प्रभावकारी तुल्याउने प्रयत्न गरिएको छ । जस्तै- "तीर्थ मान्ने गरेको चारधाम सिंहदरबार भएछ अनि जान्नुपर्ने सीप कला भयो भनसुन" (पृ.३२) । छोटा छोटा वाक्यको संयोजन गर्ने र त्यसमा लयात्मकता सृजना गर्ने पद्धतिमा पनि निबन्धकारले आफ्नो कौशल प्रदर्शन गरेका छन् ।

जस्तै- "सङ्कटकाल लागेको पनि तीन महिना भइसक्यो ।
अर्को तीन महिना थपिएछ । संसदले अनुमोदन गरिसक्यो ।
कति लम्बिने हो यो आयु । व्याप्त सन्त्रासमा संरक्षण खोज्नु पनि कठिन छ । के बिघ्न डराउनु परेको होला !" (पृ. २८) ।

समग्रमा भन्नुपर्दा यस निबन्धको भाषाशैली रोचक र प्रभावपूर्ण रहेको छ ।

### ४.३.३ उद्देश्य

शासकहरूको निहीत स्वार्थ र सत्ता लिप्सालाई जरैदेखि उखेलेर फाली सङ्कटरहित, स्वच्छ समाजको निर्माण गर्नुपर्छ भन्न खोज्नु नै **आतङ्कको आकाशमा छाएको सङ्कट** निबन्धको मुख्य उद्देश्य रहेको छ । यो निबन्धको विचार वा भाव सन्देशमूलक नभएर आत्मप्रकाशन गर्नु रहेको छ । यस निबन्धमा शासकहरूमा भएको निहीत स्वार्थ र सत्ता लिप्साले ल्याएको विसङ्गतिलाई भोग्न विवश भएको जीवन र त्यसबाट जन्मेको विकृतिमाथि तीखो व्यङ्ग्य प्रस्तुत गरिएको पाइन्छ ।

यस निबन्धमा देशले भोग्नु परेको कष्टकर सङ्कटकालको दृश्यलाई देखाइएको छ । शासकहरूले सरकार जोगाउन वा शान्तिसुरक्षा कायम राख्न सङ्कटकालको लौरो टेक्ने गरेका छन् । मानिसहरू भोकको सङ्कट, प्रजातन्त्रको सङ्कट, सुरक्षाको सङ्कट जस्ता सङ्कट कबुलेर

बाँच्न अभिशप्त छन् भन्ने कुरालाई देखाउन खोज्नु पनि यो निबन्धको उद्देश्य रहेको छ । सङ्कटकालले गर्दा मान्छेको जीवन स्तब्ध बनेको छ । देश मूर्दा शान्तिमा जाकिन पुगेको छ । शासकहरूले देशमा सङ्कट हटाउने निहुँमा ठुलो र लामो सङ्कटकाल थप्दै लगेका छन् । शासकहरूमा भएको निहीत स्वार्थ र लिप्साले देश भासिँदै र प्रजान्त्र क्रमश : मासिँदै गएको कुरालाई देखाउन खोज्नु पनि यो निबन्धको उद्देश्य रहेको छ । पहिलेदेखि जनताले गरेको वलिदान र लडेको सारा संघर्ष व्यर्थ हुँदै अन्धकारमा मिसिन गएको कुरालाई यस निबन्धमा देखाइएको छ (भट्टराई, २०६२ : २५९) ।

समग्र नेपालीहरूले स्वतन्त्र रूपमा बाँच्न पाउनु पर्ने र देशमा सङ्कटका रूपमा आएको हत्या हिंसा, लुटपाट, निहीत स्वार्थ र सत्ता लिप्सा जस्तो खेल खेलिनु हुँदैन भन्ने विचार प्रकट गर्नखोज्नु नै यो निबन्धको मुख्य आशय रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्ना विचारहरूलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा यस निबन्धले शासकहरूमा भएको निहीत स्वार्थले गर्दा सङ्कटकाल निम्त्याएको हो भन्ने कुरालाई देखाएकोछ । जनताले गरेका बलिदान र लडेका सारा सङ्घर्ष व्यर्थ हुँदै अन्धकारमा मिसिन गएका छन् । देशमा सङ्कटकाल हटाउने निहुँमा ठूलो र लामो सङ्कटकाल थपिएको छ । यस्तो विकृतिपूर्ण अवस्थाको यथार्थ रूपमा चित्रण गर्नुखोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । आत्मपरक शैलीमा लेखिएको यो निबन्धको लम्बाइ आठ पृष्ठमा संरचित छ भने लामा छोटा गरी सत्ताइस अनुच्छेद रहेका छन् । निबन्धले ग्रहण गरेको विषयवस्तु र शीर्षकका बिचको सम्बन्धमा तादात्म्यता रहेको पाइन्छ । तत्सम, आगन्तुक र झर्रा शब्दहरूको प्रयोग गरिएको छ । यस निबन्धको भाषाशैली सरल र सहज रहेको छ ।

## ४.४ **हत्याको सन्दर्भ : आस्थाको हवन** निबन्ध

"हत्याको सन्दर्भ : आस्थाको हवन" निबन्ध २०६१ असोज ३१ गते **कान्तिपुर**मा प्रकाशित भएको हो । यो निबन्ध दश पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत तेस्रो निबन्ध हो ।

### ४.४.१ विषयवस्तु

प्रस्तुत निबन्धमा सामाजिक विषयलाई मूल विषयवस्तु बनाइएको छ । यो निबन्धको विषय वस्तुलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्नु भन्दा पनि सूत्रवत् रूपमा अनेकौं सन्दर्भ र प्रसङ्गलाई जोडेर निबन्धमा प्रस्तुत गरिएको छ । यो निबन्धमा दुई वर्षअघि इराकमा काम गर्न गएका १२ जना नेपालीको हत्या भएको घटनालाई देखाइएको छ । जुन दुघर्टनापश्चात राष्ट्रले भोगेको यथार्थपूर्ण घटनालाई यस निबन्धको मूल विषयवस्तु बनाइएको छ । यस घटनाको ठूलो ऐतिहासिक प्रतीकार्थ रहेको छ । त्यसका पृष्ठभूमिमा राष्ट्रले भोगेको गरिबी, अभाव, वञ्चना, बाध्यता, द्वन्द्वको चपेटा र विवशताका पर्खाल छन् (भट्टराई, २०६२ : २६०) ।

प्रवेश निषेधित देश पुगेका नेपालीहरू यमदूतको धरापमा पदर्छन् । नेपालीको पराधीन जीवन, राष्ट्रले भोगेको गरिबी, अभाव, बाध्यता, द्वन्द्वको चपेटा र विवशताको पर्खालले गर्दा अरब मुलुकमा कुल्ली, ज्यामी, पिउन, पाले, मजदुर र बगरे जस्ता निम्नस्तरका कार्य गरेर दास हुन बाध्य छन् । मान्छेले सबैथोक त्याग्न सक्छ तर बाँच्ने रहर त्याग्न सक्तैन । बाँच्नको लागि मान्छेहरू आफ्नो घर, परिवार, देश छाड्न बाध्य हुन्छन् । ज्यान माया मारेर विदेशमा कमारो भएर विसङ्गतिपूर्ण जीवन जीउन तयार हुन्छन् भन्नेकुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । यस निबन्धमा निबन्धकारले नेपालीहरूले मरूभूमिको राप र ताप मात्रै होइन गाली र सजाय समेत खप्न विवश रहेको यथार्थ घटनालाई पनि प्रस्तुत गरेका छन् । नेपालीहरू ऋृण लिएर, घर खेत बेचेर र राहदानी बिना पनि विदेशिने क्रम चलिरहेको छ । अहिले पनि सम्मेलन, सेमिनार, खेलकूदमा सहभागी प्रतिनिधिहरू अल्पिने र हराउने प्रक्रिया चलिरहेको छ । उनी भन्छन्- "हैरान मान्छे कोही कुल्ली हुन पुग्छन्, कोही बगरे । मरूभूमिको राप र ताप मात्रै होइन गाली, सजाय थाप्न पनि राजी भइसके । ऋृण लिएर पनि गइरहेछन्, घर खेत बेचेर पनि गइरहेछन् । राहदानी-विना पनि गइरहेछन् । सम्मेलन, सेमिनार, खेलकूदमा सहभागी प्रतिनिधिहरू अल्पिने र हराउने कथा बेग्लै छ । पक्राउ परेर थुनिदा पनि कसैको छाती खुम्चिँदैन" (पृ. ३७) ।

माओवादीहरूको जगजगीले गर्दा देशमा रोजगारी दिने मिल, कारखाना, उद्योगधन्दाहरू दिनप्रतिदिन बन्द हुँदै गइरहेका छन् । विद्यालयहरू व्यारेकमा परिवर्तन भएका छन् । क्याम्पस सैनिक तालिम केन्द्रमा परिणत भएका छन् । हजारौं छात्र छात्राहरू गुरिल्ला निर्माण गर्नका

लागि अपहरण भएका छन् । सरकार भने निरीह भएर हेरिरहेको कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । उनी भन्छन्- “विद्यालयहरू ब्यारेक भए, क्याम्पस सैनिक तालिमकेन्द्र । भोलिका निम्ति ट्रेनिङ दिएर गुरिल्ला निर्माण गर्ने कामका लागि हजारौं छात्रछात्राहरू अपहरण गर्छन् । किशोर किशोरीहरू अपहृत हुन्छन् । सरकार हेरेको हेरै । आँखा झिम्काए पुग्छ” (पृ. ३८ ) ।

नेपालीहरू आफ्नै देशमा स्वतन्त्रतापूर्वक बाँच्न पाएका छैनन् । यहाँ बाँच्नको लागि कोही दरवारको, कोही माओवादीको, कोही काँग्रेसको, कोही एमालेको र कोही सरकारको भएर बाँच्नु पर्ने विवशता रहेको कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- “हामी स्वतन्त्र भएर पराधीन, हामी पराधीन भएर पनि स्वतन्त्र । कसैको नभई बाँच्नै नसकिने हामी कोही दरबारका भइदिन्छौँ, कोही माओवादीका । कोही कांग्रेसी भएर उक्लन खोज्छौँ, कोही एमाले भएर मौका छोप्छौँ । एजेन्ट भएर सरकारको हुने र सरकारको भएर मन्डले भइदिनेहरू त जति पनि छन् । टिक्नैका लागि पनि कसैको भइदिनु पर्छ” (पृ. ३८-३९) ।

इराकमा भएको बाह्र जना निर्दोष नेपालीहरूको क्रुरतापूर्वक हत्याबाट नेपालीहरू विक्षुब्ध बन्न पुगेका बेला मौका पर्खिबसेका विध्वंसकारीहरूले काठमाडौं उपत्यकालाई अग्निकुण्डमा परिणत गरे । विध्वंसकारीहरूले मर्नेका आफन्तहरूलाई सान्त्वना दिनुको साटो मारिनेहरूप्रति घृणा जगाउने काम गरेका छन् । यिनीहरूले देशभक्त भएर विरोध गर्नुपर्ने अवस्थामा देशकै बद्नाम गरेका छन् । आतङ्ककारीप्रति आक्रोसित हुन छाडेर आफैँ आतङ्ककारी भएका छन् । अतिवादीको बर्बरताको विरोध गर्नु पर्नेमा आफैँ साम्प्रदायिक भई आस्थाको मन्दिर भत्काउने काम गरेका छन् भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- “मर्नेको आफन्तलाई शान्त्वना दिनुभन्दा मारिनेहरूप्रति घृणा जगाउने काम गर्‍यौं । देश भएर विरोध गर्नुपर्नेमा देशकै बदनाम गर्‍यौं । आतङक्कारीप्रति आक्रोशित हुन छाडेर आतङक्कारी भई आफैँ जाइलाग्यौं । थाहा छैन अतिवादीको बर्बरताको विरोध गर्नेले आफैँ साम्प्रदायिक भई कसैको आस्थाको मन्दिर भत्काएर के सुसूचित गदैछौँ” ( पृ.४२) ?

त्यो दिनको दुर्घटनापश्चात् राष्ट्रमा जुन हिंसा र दङ्गा भड्कियो त्यो अत्यधिक वर्वर र पाशविक थियो (भट्टराई, २०६२ : २६०) । यस दुर्घटनाले हाम्रो सहर जल्यो, हामी जल्यौं, हाम्रा सहिष्णुता, एकता र प्रेम ध्वस्त भएका छन् ।

**४.४.२ . भाषाशैली**

प्रस्तुत निबन्धको शीर्षक नाम पदहरू मिलेर बनेको छ ।  अभिधात्मक अर्थ सापेक्षमा रहेको यस निबन्धको शीर्षक विषयवस्तु अनुसार सार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो अनुभव र विचर प्रस्तुत गरेका छन् । त्यसैले यो निबन्ध विचारात्मक शैलीमा लेखिएको छ । जस्तै- "निकासी-पैठारीका जुत्ता-जामजस्तै मानिसहरू घरेलु कामका चीज वा विद्युतीय वस्तु भएछन् । मानिस निकासी गर्ने देशमा नेपला पनि पर्छ । यसको अन्तर्राष्ट्रिय बजार चम्किँदो छ । खुब डिमाण्ड छ अचेल कुल्ली, ज्यामी, पिउन-पाले मजदूर बगरेहरूको अरब मुलुकमा । बेरोजगारीले हम्मे हम्मे पारेको नेपाललाई थोरै भए पनि राहत मिलेछ" (पृ. ३७) ।

प्रस्तुत निबन्धमा निबन्धकारले शिल्पका आधारमा संयत शैलीको प्रयोग गरेका छन् भने विषय वर्णका आधारमा प्रसाद शैलीको प्रयोग गरेको पाइन्छ । जस्तै- "बाँच्ने प्रवल इच्छाका विवशताहरूले र जोखिम बोक्ने बेरोजगारहरूको गन्तव्यले काललाई पनि जिस्क्याउन पुगेछ । अचानक हत्याको छिर्काले हिर्काएको चोट चानचुने थिएन । आकाश धमिलिन्छ । शोकाकुल आँसु विक्षुव्ध भई पोखिन थाल्छ" (पृ. ३६) ।

कथन शैलीका आधारमा प्रस्तुत निबन्ध आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँचा प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ । जस्तै- "देश त मेरो पनि हो, त्यसले हाम्रो हुन जानेन । म पनि देशकै नागरिक हुँ, देश भएर बाँच्न सिकिन । जो जो मेरो देश भनेर कराए, हल्ला मच्चाए तिनीहरू शहीद भए । जस-जसलाई आफ्नो भनेर देशले पत्यायो तिनीहरूले देशै भनेनन्" (पृ. ४०) ।

शब्द चयनका आधारमा प्रस्तुत निबन्धमा तत्सम र आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ । जस्तै- "शोकाकुल, भूमिस्पर्श, आक्रोशित र विक्षुबद्ध" जस्ता तत्सम शब्द, "क्लाइमेक्स, दाखिल र कम्प्युटर" जस्ता आगन्तुक शब्द, "छिर्का, हैरान, ढुङ्गामूढा" जस्ता नेपाली शब्द र "चिरिक्क, च्वाट्टा, ठ्याङठ्याङ" जस्ता अनुकरणात्मक शब्दका प्रयोगले शैलीमा अझै निखार ल्याएको छ (पृ. ३६-४५) । यो निबन्धमा निबन्धकारले आफ्नो भनाइलाई स्पष्ट

पार्नको लागि !, ।,- जस्ता चिन्हहरूको प्रयोग गरेर निबन्धलाई अझ उत्कृष्टता प्रदान गरेका छन् । जस्तै-"चिरचिर चिरचिर, चिरिक्क, चिरिरिरी च्वाट्ट । खलास !" (पृ. ३८) । "सुरक्षाका लागि गृहमन्त्रीलाई पुकारेछन्- काम लागेन । प्रहरी महानिरीक्षक गुहारेछन्- क्यै गरेन" (पृ. ४४) ।

यस निबन्धमा जम्मा एक सय त्रिहत्तर वाक्यात्मक संरचना रहेका छन् । यस निबन्धमा लामा छोटा गरी जम्मा चौउन्न अनुच्छेद रहेका छन् । यस निबन्धमा दुई सय पच्चिस पङ्क्ति रहेका छन् । यस निबन्धमा सबैभन्दा छोटो अनुच्छेद दुई पङ्क्तिको रहेका छन् भने सबैभन्दा ठूलो अनुच्छेदमा तेह्र पङ्क्ति रहेका छन् । वाक्यगठनका आधारमा प्रस्तुत निबन्धमा सरल, संयुक्त, मिश्र र प्रश्नार्थक वाक्य गरी चार प्रकारका वाक्यहरू रहेका छन् । जस्तै- "पक्राउ परेर थुनिदा पनि कसैको छाती खुम्चिँदैन", "विनाकाम थुप्रिने मानिसहरू अरिङगालका गोला हुन्" (पृ ३७) जस्ता सरल वाक्य, "सिकन्दरियाको पुस्तकालय सल्काउने रोमका सम्राट थियोडोसियसलाई देख्छु जो नुहाउनलाई युनानी पुस्तक बाल्थे र पानी तताउँथे" (पृ.४४), "जहाँ जान्थे त्यहाँका गाउँ, सहर सल्काउदै हिँड्ने हूण सेनापति एटिलाले फेरि जन्म लिएछन्" (पृ.४४) जस्ता मिश्र वाक्य र "जामे मस्जिद माथि चढाइ सुरु गरेर विहानै देखि हवन कार्य थाल्नेहरू मस्जिदको चुचुरो पुग्छन र नेपाली राष्ट्रिय झण्डा गाडेर गर्वोन्नत शिरका थियोडोसियसहरू सयौं वर्ष पुरानो इतिहास जलाउँछन्" (पृ.४४), "मान्छेले चाहेमा सबथोक त्याग्न सक्छ तर बाँच्ने रहर त्याग्न सक्तैन" (पृ.४१) जस्ता संयुक्त वाक्य र "तिनीहरूको पछि लागेर माओवादी भइदिन के बेर ?" (पृ.३७), "यो आक्रोशित जमातको जिम्मा लिने को ?" (पृ.३८) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ । "जिउभरि हाइभोल्टेज शक्ति उत्पादन गर्ने भियाग्रा वा यार्सागुम्बाजस्तो महावाणीलाई पनि अचेलका बाहुनले किलामा जनै झुन्ड्याएर वाथरूम पस्ने गरे झैं कसैलाई जिम्मा लागाइसके" (पृ.४०) जस्ता उपमा आलङ्कारको प्रयोगले यस निबन्धको भाषाशैली कलात्मक एवं उत्कृष्ट बन्न पुगेको छ ।

यस निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन निबन्धकारले पदक्रमलाई व्याकरणात्मक ढाँचामा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिएको पनि पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थान भन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको छ । जस्तै- "एउटा क्रूरता र नृशंसताले दुखेको मन पोखिनु अगावै अर्को अराजक भीडको ध्वंसलीलाले बर्बर भइदिन्छौं

अन्सार अल सुन्नजस्तै हुन खोजेर" (पृ.४२) । यस निबन्धमा कतै कतै ध्वनितात्त्विक विचलन भएको पाइन्छ । जस्तै- "प्रहरी महानिरीक्षक गुहारेछन्- क्यै गरेन" (पृ. ४४) ।

यस निबन्धमा वाक्यका उपयुक्त ढाँचा एकातिर छन् भने अर्कातिर सरल र गुम्फित दुवै शैलीका वाक्यहरू प्रयोग गरिएको पाइन्छ । जस्तै- "एउटा नागरिकको पछाडि त सिङ्गो राज्य हुन्छ । राज्य भएर उनीहरूमा पनि देश बोल्ने गर्छ । देश भएरै उनीहरूमा जनता बोलिरहेको हुन्छ" (पृ.४०) जस्ता वाक्यमा सरल शैली र "हूल भएर छरिँदै हिँडिरहेका मान्छेका भीडहरू; ढुङ्गा हान्दै फोडिरहेका हुल्लडबाजहरूका भीडहरू; टायर बाल्दै सडक उचालेर दगुरिरहेका भीडहरू; हल्ला, कोलाहल सिवाय क्यै नसुनिने आवाजहरूको भीडभित्र मस्जिद सल्किरहेछन्, म्यानपावर कम्पनीका कार्यलयहरू सल्किरहेछन्" (पृ.४३) जस्ता वाक्यमा गुम्फित शैलीको प्रयोग भएको पाइन्छ ।

साथै के, त, पो, नै जस्ता निपात शब्दहरूको प्रयोगले भाषालाई  मिठास थपिदिने काम गरेको छ । यस निबन्धमा बिम्बको प्रयोगले भाषा कलात्मक उत्कर्ष प्राप्त गर्न सफल भएको छ । जस्तै- "बडेमानको शिवसैनिक लठ्ठी, पशुपतिसेनाको बाँदर, बाल ठाकरेको लोहित अनुहार, हिन्दुवादी धर्के चन्दन, मण्डले आकृति" (पृ.४२) "आम्मामा ! हात्ती आतङ्कजस्तो लस्करै तिनीहरूको वैरङआगमनले सुनपाते खेत र देवलोक तुल्य बस्ती छिनभरिमैँ छावनी भइदिन्छ" ( पृ. ३७) । लामा छोटा वाक्यको संयोजन गर्ने र त्यसमा लयात्मकता सृजना गर्ने पद्धतिमा पनि निबन्धकारले आफ्नो कौशल प्रदर्शन गरेका छन् । समग्रमा निबन्धको भाषाशैली रोचक र प्रभावपूर्ण रहेको छ । निबन्धको सुरुका दुई पङ्क्ति कवितात्मक रहेका छन् । जस्तै-

"प्रजातन्त्रको सिनुमाथि छाएको गिद्धको कहर, त्यसबाट प्रकोपित देश छरपस्टिएको छ ।
अप्रत्याशित इराक पुग्ने सपनाका राजकुमारहरू यमदूतको धरापमा पर्छन्" (पृ. ३६) ।

### ४.४.३ उद्देश्य

राष्ट्रको विवशता र इराकमा भएको पाशविक हत्याकाण्डको यर्थाथ रूप प्रस्तुत गर्न खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । यस निबन्धको विचार वा भाव सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ । यस निबन्धमा दुई वर्षअघि इराकामा काम गर्न पुगेका १२ जना नेपालीहरूको क्रूरतापूर्वक हत्या भएको घटनालाई देखाइएको छ । मान्छेहरूको बाँच्न खोज्ने जिजीविषाले गर्दा मजदूरी कामका लागि कोरिया, कुँवेत, मलेसिया, इराक, इरान, जोर्डन

र साउदी अरेविया पुग्न बाध्य भएको घटनालाई यथार्थरूपमा प्रस्तुत गर्नु पनि यस निबन्धको अर्को उद्देश्य रहेको छ । नेपालीहरू विदेशमा गएर ज्यान माया मारी विसङ्गतिपूर्ण जीवन जीउँन बाध्य रहेको घटनालाई प्रस्तुत निबन्धमा देखाइएको छ ।

यस निबन्धमा निबन्धकारले इराकमा भएका नेपालीहरूको हत्या भएको बेला विध्वसंकारीहरूले काठमाडौँ उपत्याकालाई अग्निकुण्डमा परिणत गरेको घटनालाई सचित्र प्रस्तुत गरेका छन् । नेपालीहरूले अतिवादीको बर्बरताको विरोध गर्नुपर्ने अवस्थामा आफैँ साम्प्रदायिक भई आस्थाको मन्दिर भत्काउनेप्रति निबन्धकार खेर व्यक्त गर्दछन् । हामी सबै नेपाली एक भएर आतङ्ककारीले गरेको बर्बरताको विरोध गनुपर्छ भन्ने कुरा देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ । जस्तोसुकै दुःख कष्ट परे पनि आफ्नै देशको भूमिमा पसिना बगाउनु पर्छ भन्ने विचार प्रवाहित गर्नु नै यस निबन्धको मुख्य आशय रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो भाव वा विचारहरूलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नु पर्दा यस निबन्धमा इराकमा काम गर्न गएका नेपालीहरूको पाशविक हत्या भएको घटनालाई यथार्थ रूपमा देखाइएको छ । नेपालीहरूको  पराधीन जीवन, राष्ट्रले भोगेको गरिबी, सरकार र माओवादी बिचको द्वन्द्व र वेरोजगारीको समस्याका कारण अरब मुलुकमा पुग्नुपर्ने बाध्यतालाई यो निबन्धमा देखाइएको छ । दश पृष्ठमा संरचित प्रस्तुत निबन्धमा तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको प्रयोगले भाषामा मिठास थपिदिने काम गरेको छ । हामी सबै नेपालीहरूले जस्तोसुकै दुःख कष्ट गर्नु परे पनि आफ्नै देशमा गर्नु पर्छ भन्ने कुरा देखाउन खोज्नु नै यस निबन्धको मूलभाव रहेको छ ।

### ४.५ **बोधिवृक्षको बगैंचा : बारुदको गन्ध** निबन्ध

“बोधिवृक्षको बगैंचा : बारुदको गन्ध” निबन्ध २०६० साउन ३१ गते **कान्तिपुरमा** प्रकाशित भएको हो । यो निबन्ध बाह्र पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत चौथो निबन्ध हो ।

### ४.५.१. विषयवस्तु

प्रस्तुत निबन्धमा राजनीतिलाई मूल विषयवस्तु बनाइएको छ । यो निबन्धको विषयवस्तुलाई शृङ्खलित, व्यवस्थित र शीर्षक केन्द्रित गराएर सरल रूपमा प्रस्तुत गर्नुभन्दा पनि सूत्रवत् रूपमा अनेकौं सन्दर्भ र प्रसङ्गलाई निबन्धमा जडान गरेर प्रस्तुत गरिएको पाइन्छ । यस निबन्धमा बन्दुकको त्रासबाट मुक्ति पाउन लालायित नागरिकको आवाज रहेको छ । वर्षौंदेखि निर्दोष जनताले भोगेका दुःख, माओवादीले उत्पन्न गरेको भय र हिंसाको दृश्य र प्रतिकारको प्रयत्नले उत्पन्न गरेको भयलाई यस निबन्धमा प्रस्तुत गरिएको छ (भट्टराई, २०६२ : २६०) । बन्दुकसँग खेल्नेहरूले एकछिन् बन्दुक बिसाएर युद्धविराम गर्नेप्रति रत्तिभर विश्वास नलाग्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । माओवादीका कारण आफ्नै देशमा शरणार्थी हुने विस्थापितहरू असुरक्षित आकाशको छाना बनाएर रात काट्न विवश भएका छन् । माओवादीहरूले भएको जेथाजमिन सम्पत्तिहरू लुटलाट गरेर बस्तीहरू देश विहीन जस्तो बनाएका छन् भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- "असुरक्षित आँखाहरू विपन्न तारा गनेर रात काट्छन् । निदाएजस्तो गर्छन् गाउँ, बस्तीहरू । भएको जेथाजमिन, श्रीसम्पत्ति पनि खोलाले निखारेर विरामविना आइलागेको अकालजस्तो या भनूँ सरकार लागेर झेल्नु पर्ने विनाकसुरको सकसजस्तो बन्दुक बोक्नेहरूको लुटलाट । देशविहीन भए बस्तीहरू ! " (पृ. ४६) ।

माओवादीहरूले बाटो, पुल, बत्ती, स्कुल केही नभनी ध्वस्त बनाएका छन् । अहिले सरकार र माओवादी दुवैका बन्दुकहरू विश्राम गर्दैछन् । अहिले यिनीहरूका हातमा बन्दुक होइन बोधिवृक्षको हाँगो छ । विनाबन्दुकको रित्ता हातहरूमा बोधिवृक्षको हाँगो देखेर निबन्धकार आशङ्कित हुन्छन् र भोलि फेरि अर्को शङ्कराचार्य जन्मन्छ भन्ने आशङ्का व्यक्त गर्दछन् । उनी भन्छन्- "विना बन्दुकको रित्तो मान्छे, रित्ता हातहरूमा बोधिवृक्षको हाँगा देखेर त्यसैले म आशाङ्कित हुन्छु । भोलि फेरि अर्को शङ्कराचार्य जन्मने हो कि, के बेर ?" (पृ. ४८) ।

जब बन्दुक जुध्छन्, एउटा सिपाही मर्छ । उसको छातीभरि देश मुस्कुराइरहेको देखिन्छ । जब बन्दुक जुध्छ एउटा माओवादी मर्छ उसको मनमा देशको सपना सँगालिराखेको देखिन्छ । जो मरे पनि आफ्नै देशका निर्दोष जनताहरू मरेका छन् । मान्छेलाई मुक्ति दिन्छु भन्नेहरू उसैलाई मारेर मुक्तिको खोजी गरिरहेका छन् । यसरी एउटा अन्यायको विरोध गर्नेले अर्को

अन्याय गरिरहेका छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । आज देशमा एक थरि बन्दुक बोकिरहेका छन् भने अर्को थरि गुमेको अधिकार पाएपछि प्रजातन्त्रको विपरीत बन्दुक सोज्याइ रहेका छन् । उनी भन्छन्- "आज उही देशका एकथरि बन्दुक बोकिरहेका छन्, अर्कोथरि गुमेको अधिकार पाएपछि प्रजातन्त्रकै विपरीत बन्दुक सोज्याइरहेका छन्" (पृ. ४९) ।

निबन्धकारका विचारमा माओको नाउँ झुन्ड्याएर माओवादी भएकाहरूमा राष्ट्रियता र स्वाभिमान छैन । माओको नाममा पाटी खोलेर देश हाँक्दैमा कोही माओ हुँदैनन् । नेपालमा गान्धी वा नेलशन मण्डेला हुनलाई भादगाउँले टोपी भए पुग्छ, गान्धी टोपी वा मण्डेला टोपी चाहिँदैन । माओवादी हुनका लागि माओसुट होइन दौरासुरुवाल भए हुन्छ । राष्ट्रवादी हुनको लागि राष्ट्रिय पोषाक भन्दा पनि राष्ट्रका निम्ति त्याग र समर्पणको भावना चाहिन्छ । दौरासुरुवाल लगाएर राष्ट्रवादी हुनु भनेको जनै लगाएर बाहुन भएँ भन्नु जस्तो हो भनेर निबन्धकारले यस निबन्धमा  व्यङ्ग्य गरेका छन् । उनी भन्छन्- "माओवादी हुन माओसुट होइन् दौरासुरुवालले भ्याउँछ । राष्ट्रवादी हुन राष्ट्रिय पोषाक भन्द पनि राष्ट्रका निम्ति त्याग र समर्पित भावना चाहिन्छ । दौरासुरुवाल लगाएर राष्ट्रवादी हुनु पनि जनै लगाएर बाहुन भएँ भन्नुजस्तै हो" (पृ. ५०) ।

गाउँले केटीहरू बलात्कृत भएर अपहृत युवायुवतीहरू नचाहँदा नचाहँदै छापामार बन्न पुगेका छन् । व्यापारी, कारिन्दा-किसान, नेता-समाजसेवी, बृद्ध-महिलाहरू लुटिन पुगेका छन् । नागरिकहरू मारिएर बस्तीहरू उजाडिन पुगेका छन् । यस्ता सन्त्रासपूर्ण घटनाका कारणले सबैको मन संवेदनाशून्य हुनपुगेको छ । हामीमा रहेको आत्मीयपन, बन्धुत्वको भावानामा खिया लाग्न पुगेको छ । २०४६ सालको जनअन्दोलनबाट प्राप्त प्रजातन्त्र पुनर्स्थापना पछि केही होला, केही गर्लान भन्ने सोच र आशा आकाङ्क्षाहरूको विपरीत भोग्नुपरेको स्थितिका कारण माओवादी जङ्गल पस्न बाध्य भएको कुरालाई  निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "यसरी प्रजातन्त्र पुनर्स्थापनापछि केही होला, केही गर्लान् भन्ने सोच, आशा-आकाङ्क्षाहरूको विपरीत भोग्नुपरेको दुःखान्त स्थितिले दिक्क भई सायद तिमी जङ्गल पस्यौ, बन्दुक उठायौ र छापामार भयौ" (पृ. ५२) ।

श्री ५ को सरकार, राज्य हाँक्ने पार्टी, नेताहरूले नयाँ नेपाल निर्माण गर्नुको साटो देशलाई आफ्नो विर्ता ठान्न पुगेका छन् । यिनीहरूले सिंहदरबार, घुम्ने मेच, मन्त्री-प्रधानमन्त्री बस्ने निवासस्थान र सत्ता मात्रै रोजेको कुरालाई यस निबन्धमा निबन्धकारले स्पष्ट रूपमा देखाएका छन् । यिनै कारणले गर्दा देशमा भ्रष्टाचार, अनैतिकता बढ्दै गइरहेको छ । निबन्धकारले लुम्विनीको यस भूमिमा बुद्धत्वलाई खोजेका छन् । उनी बोधिवृक्षको यस बगैँचामा शान्तिस्तम्भ स्थापित भएको हेर्न चाहन्छन् । उनी भन्छन्- "बोधिवृक्षको यसै बगैँचामा अर्को शान्तिस्तम्भ स्थापित भएको हेर्न चाहन्छु । बारुदको गन्ध र बन्दुकको बोली होइन धुपदानीको वाससँगै शीलप्रार्थनाको कोमल नाद गुञ्जिरहेको आकाश खोजिरहेछु" (पृ. ५७) ।

### ४.५.२ भाषाशैली

प्रस्तुत निबन्धको शीर्षक नाम पदहरू मिलेर बनेको छ ।  लाक्षणिक अर्थको सापेक्षमा रहेको यस निबन्धको शीर्षक विषयवस्तु अनुसार सार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो अनुभव र विचर प्रस्तुत गरेका छन् । त्यसैले यो निबन्ध विचारात्मक शैलिमा लेखिएको छ । यस निबन्धमा राजनीतिका विभिन्न पक्ष र समस्यालाई वैचारिक रूपमा प्रस्तुत गरिएको हुनाले यो निबन्धको शैली विचारात्मक  बन्न पुगेको छ । जस्तै- "नेपालीहरूको त्याग, समर्पण र संघर्षबाट आर्जित प्रजातन्त्रलाई साझा सम्पत्ति भन्छन् मानिसहरू । त्यसमा तिम्रो भविष्य छ, मेरो आकाङ्क्षाहरू छन्, जनताको परिकल्पित देश छ अरे ! तर झूठ, स्वार्थ, सङ्कीर्णताले प्रजातन्त्रबाटै विमुख हुनुपर्ने स्थितिमा उनीहरूको अपराधबोधले आफैंलाई दण्डित गर्छ कि गर्दैन- थाहा छैन" (पृ.४६-४७) ।

प्रस्तुत निबन्धमा शिल्पका आधारमा संयत शैली र विषयवर्णका आधारमा प्रसाद शैलीको प्रयोग गरिएको पाइन्छ । जस्तै- "बन्दुक समात्ने हातमा बोधिवृक्षको हाँगो देख्दा अचम्म लाग्ने नै भयो । ए सुन्यौ तिमीहरूले ! युद्धविराम भएछ । समय उही रहेन । साँच्चि के यिनीहरू तिनै हुन् जसको टाउकोको मोल पचास लाख राखेको थियो ?" (पृ.४७) ।

कथन शैलीको आधारमा आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँचा प्रथमपुरुष दृष्टिविन्दु रहेको छ । जस्तै- "विना बन्दुकको रित्तो मान्छे, रित्ता हातहरूमा बोधिवृक्षको हाँगो देखेर त्यसैले म आशङ्कित हुन्छु । भोलि फेरि अर्को शङ्कराचार्य जन्मने हो कि, के बेर ?" ( पृ.४८) ।

शब्द चयनका आधारमा प्रस्तुत निबन्धमा तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । बोधिवृक्ष, आकङ्क्षा, संघर्ष र शोकमग्न जस्ता तत्सम शब्द, बगैंचा, बारुद, बन्दुक जस्ता आगन्तुक शब्द र हलचल, भलाकुसारी जस्ता नेपाली शब्दको प्रयोगले शैलीमा निखार ल्याएको देखिन्छ (पृ.४६-५७) । ! ; जस्ता चिन्हहरूको प्रयोग गरेर निबन्धलाई उत्कृष्टता प्रदान गरेको छ । जस्तै- "बधाइ छ मेरो ! तर तिमीहरूले देश बिर्स्यौ । देशमा भ्रष्टचार फैलियो; अनैतिकता, विसङ्गतिहरू बढे" (पृ.५२) ।

लामा छोटा गरी जम्मा बयालीस अनुच्छेद रहेका छन् । यस निबन्धमा जम्मा दुई सय चौध वाक्यात्मक संरचना रहेका छन् । सबैभन्दा छोटो अनुच्छेदमा दुई पंक्ति रहेका छन् भने सबैभन्दा ठूलो अनुच्छेदमा सोह्र पंक्ति रहेका छन् । यस निबन्धमा संरचनाका आधारमा सरल, संयुक्त, मिश्र र प्रश्नार्थक वाक्य गरी चार प्रकारका वाक्याहरू रहेका छन् । "अहिले हातमा बन्दुक छैन", "यतिसारो बारूद गन्हाउँछ" (पृ.४८) जस्ता सरल वाक्य, "जसको नाउँ लिनेबित्तिकै आकाशमा उनीहरूकै अमूर्त अनुहार देख्छन् र थुक्न थाल्थे" (पृ.४७-४८), "मेरो स्वतन्त्रतामा जञ्जीर लाग्ने छैन र फुक्वा भई हिँड्न सक्ने छन् मानिसहरू" (पृ.५५) जस्ता संयुक्त वाक्य र "भन्छन् जब मान्छेले बन्दुक उठाउँछ तब त्यो आतङ्ककारी भइदिन्छ" (पृ.४९), "जब बन्दुक बन्दुक जुध्छ, एउटा सिपाही मर्छ" (पृ.४८) जस्ता मिश्र वाक्य र "मङ्गलाचरण सकिएकै छैन वार्ता भङ्ग हुने हो कि ?" (पृ.५५), "तुहिँदै जाने इच्छाको पछि लागेर के काम ?" (पृ.५४) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

जब, र, तब, भने जस्ता संयोजकका साथै के, त, न, नै जस्ता निपातको प्रयोगले भाषामा मिठास थपिदिएको छ । "लोग्नेको अपहरणबाट अनाथ भएकी स्वास्नी जस्तो जनता, छोराहरूको हत्यापछि विकलाङ्ग आमाबाबु जस्तो प्रजातन्त्र, अपुताली हसुरेर अधिकार जमाउने भाग्यमानी जस्तो मालिक र आतङ्कित गर्नेहरूको जमात जस्तो क्रान्तिकारी" (पृ.४७) जस्ता उपमा अल्ङ्कारको प्रयोगले यो निबन्धको भाषाशैली कलात्मक एवं उत्कृष्ट बन्न पुगेको छ । "राष्ट्रवादी हुन राष्ट्रिय पोषाक भन्दा पनि राष्ट्रका निम्ति त्याग र समर्पित भावना चाहिन्छ । दौरासुरुवाल लगाएर राष्ट्रवादी हुनु पनि जनै लगाएर बाहुन भएँ भन्नु जस्तै हो" (पृ.५०) जस्तो व्यङ्ग्यको प्रयोगले यस निबन्धको भाषालाई कलात्मक उत्कर्ष प्राप्त गर्न सफल भएको छ ।

यस निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन पदक्रमलाई व्याकरणात्मक ढाँचा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिएको पनि पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थानभन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको छ । जस्तै- "नेपालीहरूको त्याग, समर्पण र संघर्षबाट आर्जित प्रजातन्त्रलाई साझा सम्पत्ति भन्छन् मानिसहरू" (पृ.४६) ।

यस निबन्धमा वाक्यका उपर्युक्त ढाँचा एकातिर छन् भने अर्कातिर सरल र गुम्फित दुवै शैलीका वाक्यहरू प्रयोग गरिएको पाइन्छ । जस्तै- "मान्छेभन्दा ठूलो विचार होइन । यसलाई प्रतिष्ठापित गर्न बन्दुक उचालौँ । मान्छेभन्दा महान् व्यवस्था होइन" (पृ.५१) जस्ता वाक्यमा सरल शैली र "सरोकारविना नै अपहृत हुनु परेको नियति; एक छाक खान नदिदा ज्यान जाने दुर्भाग्य; चन्दा दिन नमान्दा हातगोडा नै गुमाउनु पर्ने अपराध मानेर गर्ने गरेको ठहर, निसाफ; ओह ! एउटा अन्यायको विरोध गर्दागर्दै अर्को अन्याय गर्छौं र पनि यो पाप हो भन्ने अनुभूति हामीलाई हुँदैन" (पृ.५१) जस्ता वाक्यमा गुम्फित शैलीको प्रयोग गरिएको छ । छोटा छोटा वाक्यको संयोजन गर्ने र त्यसमा लयात्मकता सृजना गर्ने पद्धतिमा पनि निबन्धकारले आफ्नो कौशल प्रदर्शन गरेका छन् । समग्रमा निबन्धको भाषाशैली रोचक र प्रभावपूर्ण रहेको छ ।

### ४.५.३ उद्देश्य

शस्त्रास्त्रले दमित नागरिकहरूको आवाजलाई माथि उठाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । यस निबन्धको भाव वा विचार सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ । यस निबन्धमा बन्दुकको त्रासले दमित नागरिकको आवाज रहेको छ । एक दशको युद्धले ल्याएको परिणामलाई सचित्र प्रस्तुत गर्नु पनि यस निबन्धको उद्देश्य रहेको छ । यस निबन्धमा मान्छेहरूलाई मुक्ति दिन्छु भन्नेहरूले उनीहरूलाई मारेर मुक्तिको खोजी गर्ने काम गरेका छन् । अन्यायको विरोध गर्नेले अर्को अन्याय गरिरहेको कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

जनयुद्धले गर्दा नेपालीहरूमा रहेको आत्मीयपन, बन्धुत्वको भावनामा खिया लाग्दै गएको कुरालाई यस निबन्धमा देखाइएको छ । सरकार र माओवादी बिचको द्वन्द्वको कारण नेपालीहरू बिचको हिमचिम, पारिवारिक, सामाजिक सम्बन्ध, नेपाली हुनुको अर्थ र मानिस हुनुको गौरव हराएर गएको कुरालाई यस निबन्धमा देखाइएको छ । माओवादीहरूले युद्धविना

पनि अशोक जन्माउन सक्छन् । अशोक जन्माउनका लागि अलिकता संवेदना, अनुभूति, संमृद्धता चाहिन्छ भन्ने कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

यस निबन्धमा सयौं युद्ध भइसक्दा देव नाम अशोक बाहेक अर्को अशोक जन्मन सकेको छैन भन्ने कुरालाई देखाउन खोजिएको छ । नेपाललाई सम्मृद्ध बनाउनको लागि सरकार र माओवादी बिचको युद्ध होइन संबाद चाहिन्छ भन्ने कुरा देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ । नेपाल जस्तो बोधिवृक्षको यस बगैंचामा अर्को शान्तिको स्तम्भ स्थापित गर्नुपर्छ । बोधिवृक्षको यस बगैंचामा बारुदको गन्ध र बन्दुकको गोली होइन धुपदानीको बाससँगै शीलप्रार्थनाको कोमल नाद गुञ्जिरहेको आकाश खोज्नु पर्छ भन्ने विचार प्रवाहित गर्नु नै यस निबन्धको मुख्य आशय रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो भाव वा विचार अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नु पर्दा यस निबन्धमा एक दशकको युद्धले ल्याएको परिणामलाई देखाइएको छ । जनयुद्धका कारण नेपालीहरू बिच रहेको आत्मीयपन, सामाजिक सम्बन्ध, नेपालीहरू बिचको हिमचिम, पारिवारिकता, नेपाली हुनुको अर्थ र मानिस हुनुको गौरव हराएर गएको कुरालाई यस निबन्धमा देखाउन खोजिएको छ । बाह्र पृष्ठमा संरचित प्रस्तुत निबन्धमा लामा छोटा गरी जम्मा बयालीस अनुच्छेद रहेका छन् ।

### ४.६ **अनुकूलताको खोजीमा** निबन्ध

"अनुकूलतको खोजीमा" निबन्ध २०६२ पूर्णाङ्क ५२, **समकालीन साहित्य**मा प्रकाशित भएको थियो । यो निबन्धको लाम्बाई सात पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत पाँचौं निबन्ध हो ।

#### ४.६.१ **विषयवस्तु**

प्रस्तुत निबन्धमा मानव मनोविज्ञानलाई मूल विषयवस्तु बनइएको छ । यस निबन्धको विषय वस्तुका प्रस्तुतिलाई श्रृङ्खलित, व्यवस्थित र शीर्षक केन्द्रित गराएर सरल रूपमा प्रस्तुत गर्नुभन्दा पनि सूत्रवत् रूपमा अनेकौं सन्दर्भ र प्रसङ्गलाई निबन्धमा जडान गरेको पाइन्छ । मान्छेहरूले अनुकूलताको खोजी गर्दा प्रतिकूलताको खाडलमा पर्छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा देखाउन खोजेका छन् ।

मान्छे अन्य प्राणीहरू मध्ये सबै भन्दा बाउँटो हुन्छ । मान्छे अप्ठेरो, अमिल्दो, असहनशील र मर्यादाहीन हुन्छ । मान्छेलाई सप्ठेरो परे पनि अप्ठेरो लाग्दछ भने सजिलो पनि असजिलो लाग्दछ । मान्छेलाई केहीले पुग्दैन । मान्छे सम्पन्न भए पछि आफ्ना मान्छेहरूलाई समेत चिन्न छाड्छ । मान्छे गिर्दै जाँदा उँभो लागेको ठानेर जे काम पनि गर्न खोज्छ । उनसलाई अँध्यारो पनि उज्यालो लाग्न थाल्छ । मान्छेहरू प्रतिगामी भए पनि प्रगतिशील बनाउन आकुल-व्याकुल हुन्छन् भन्ने कुरालाई यस निन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- “सप्ठेरो पनि अप्ठेरो लागिदिन्छ उसलनई, सजिलो  असजिलो भइदिन्छ । भएर पनि पुग्दैन, पुगेर पनि हुदैन । मखमल बिभ्न थाल्छ, बासना गनाउने हुन्छ । पुगिसरि आएपछि प्रियजनहरू नचिनिने भइदिन्छन् । ओरालो लागेपछि विरोधमा जिहाद बोल्न थाल्छन् साथीहरू नै पनि । गिर्दै जाँदा उँभो लागेको ठानेर जे गर्न पनि लाज नमान्नेलाई अँध्यारो पनि उज्यालो लाग्न थाल्छ । प्रतिगामी भएर पनि प्रगतिशील भनाउन आकुल-ब्याकुल हुन्छन् मान्छेहरू” ( पृ.५८) ।

मान्छेको रङ्ग अलग हुँदैमा उसको इच्छा र स्वभाव अलग हुन्छ भन्ने छैन । मान्छे जतिसुकै पढेलेखेको भए पनि धर्म, वंश, जाति एउटै हुँदैमा तिनीहरूको मन, संस्कार मिल्छ भन्ने छैन । मान्छेहरू सजिलोमा पनि केही खोजिरहेका हुन्छन् । अप्ठ्यारो परेको बेला पनि केही खोजिरहेका हुन्छन् । मान्छे सुविधाको खोजीमा आतुर भइरहन्छन् भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन् - “छोरी छ, छोरो भएन भने छोरो नभएको चिन्ता । छोरो भएर छोरी नहुँदा छोरी नहुँदाको असन्तोष । पैसा छ नाम छैन भने नामको पीर । नाम छ पैसा छैन भने नाम जाला भन्ने कुराको डर, दुखेसो” (पृ. ६१) ।

मान्छेको जात सधैँ अतृप्त हुन्छ । राणा शासन नरुचाएर प्रजातन्त्र ल्याउनेलाई प्रजातन्त्र सजिलो लाग्दैन । प्रजातन्त्रमा पनि छटपटिएकै छन्, अधिनायकतन्त्रमा पनि रोएकै छन् । वर्तमान नेपालका जनताले यही स्वभाव प्रस्तुत गरिरहेका छन् । मान्छेले जस्तो सुकै स्वभाव देखाए पनि एउटा वर्गले आफू सधैँ शक्तिशाली हुने इच्छा कहिल्यै छोडेको छैन भन्ने कुरालाई यस निबन्धमा देखाइएको छ (भट्टराई २०६२ : २६०) ।

स-साना देश, हुतिहारा मान्छे, केही गर्न नसक्ने कमजोरहरूका लागि मात्र उचित अनुचित संवैधानिक असंवैधानिक हुन्छ । अमेरीका, बेलायत, रूस, भारत लगायतका देशको

निम्ति हुँदैन भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- "हुन्छ-हुँदैन, उचित-अनुचित, संवैधानिक-असंवैधानिक भनेको कमजोडहरूका लागि हो- स-साना देश, हुतीहारा मान्छे र क्यै गर्न नसक्नेहरूका लागि । अमेरिका, बेलायत, रूस, भारत, लगायत सम्पूर्ण युरोपका निमित्त होइन" (पृ.६३) ।

इतिहासका चङ्गेज खाँ, सिकन्दर, हिटलर हुँदै हाम्रै समयका बुस र मुसर्रफ सबै शक्तिका उन्मादले परिभाषित प्रवृत्ति हुन् । ती सधैँ समयको चक्रपथमा दोहोरिएका हुन्छन् । ती व्यक्ति होइनन् प्रवृत्ति हुन् भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- "चङ्गेज खाँमा देखेको यो संस्कार सिकन्दरमा मौलाएर जोसेफ एडल्फ हिटलरमा बडेमानको वटवृक्ष भई झाँगिन्छ । एकपछि अर्को पुस्तामा सर्दै त्यो अहिले नेता भएर मौलाइदिएको छ, देश भएर पनि हुर्किदिएको छ, राजा भएर पनि बाँचिदिएको छ । अब नेताहरू मुसर्रफ हुन खोजिरहेछन्, देशहरू अमेरिका हुन् । अर्थात देश देश भइरहेन, मान्छे मान्छे, नेता नेता मात्रै भएर पुगेन । यो त प्रवृत्ति भएर चारैतिर फैलिन खोजिरहेछ" (पृ.६३-६४) ।

### ४.६.२ भषाशैली

प्रस्तुत निबन्धको शीर्षक विशेषण र नाम पद मिलेर बनेको छ भने यसले लाक्षणिक अर्थ ग्रहण गरेको छ । विषयवस्तुका आधारमा **अनुकूलताको खोजिमा** निबन्धको शीर्षक सार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो अनुभव र विचार प्रस्तुत गरेका छन् । त्यसैले यस निबन्ध शैलीका आधारमा विचारात्मक शैलीमा केन्द्रित रहेको छ । जस्तै- "यो मेरो गुनासो होइन । भनूँ भने अब त कसैको विरोधमा क्यै बोल्नै हुँदैन । कराउनु बेकार । चुपो लाग्नु भलो । उजुरी गर्दैमा टुङ्गिने होइन । न त मन नपराउँदैमा कसैको केही बिग्रन्छ । संसार यिनीहरूजस्तैको भन्नु पर्छ" (पृ.५८) ।

यस निबन्धमा शिल्पका आधारमा संयत शैली र विषय वर्णका आधारमा प्रसाद शैलीको प्रयोग गरिएको पाइन्छ । जस्तै- "मान्छेभित्रै मान्छेलाई देखी नसहने शैतान छ- तिमी त्यसलाई चिन्छौ ? मैभित्र मलाई नरुचाउने मान्छे छ- खै मैले त्यसलाई ढाल्न सकेको ? तिमीलाई बिगार्ने दुष्ट तिमी आफैँ हौ- खै त्यसलाई कजाउन सकेको" (पृ.५९) ?

प्रस्तुत निबन्ध कथन शैलीको आधारमा आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँच प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । जस्तै- "मसँग न त्याग छ, न कल्याणको भावना छ, न

समर्पण छ, न त म वीतरागी नै हुँ । देखाउनैको लागि मात्र प्रयोग गरेर मान्छेलाई बल्छीमा पार्न सिवाय तिनीहरूको विशुद्ध प्रयोग कहाँ, कहिले कसले गर्न सकेको छ ? मेरो प्रवचन तिम्रो पद उसको सम्मान, हाम्रो सङ्घर्ष, प्रबुद्ध जनको विचार, सेवा-सहयोग, दान, क्रान्ति, प्रजातन्त्र, समाजवाद क्यै हुनलाई प्रयोग गर्ने ज्यावल रहेछ । त्यसैले कसैलाई च्यौता, कसैलाई मालिक, कसैलाई नेता मानेर उनीहरूलाई शिरमा राखेको छ" (पृ. ५९-६०) ।

शब्द चयनका आधारमा यस निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरू रहेका छन् । कल्याण, अपहरण, वंश, धर्म र अनावृष्टि जस्ता तत्सम शब्द, जोसेफ, फोकल्याण्ड, स्टालिन जस्ता आगन्तुक शब्द र हुतीआरा, लहैलहै, जहाँसुकै जस्ता नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ । यस निबन्धमा तत्सम र नेपाली शब्दहरूको बहुल्य रहेको छ (पृ. ५८-६४) ।

यस निबन्धमा लामा छोटा गरी उनन्तीस वटा अनुच्छेदहरू रहेका छन् ।  दुई सय बाह्र पङ्क्तिहरू रहेका छन् भने दुईसय चार वाक्यात्मक संरचना रहेका छन् । सबैभन्दा छोटो अनुच्छेदमा दुई पङ्क्ति रहेका छन् भने सबै भन्दा लामो अुनच्छेदमा चौध पङ्क्ति रहेका छन् । यस निबन्धमा वाक्यगठनका आधारमा सरल, संयुक्त, मिश्र र प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ । "प्राणीहरू मध्ये मान्छे जस्तो बाउँटो सायदै कोही होला" (पृ.५८), "यो मेरो गुनासो होइन" (पृ.५८) जस्ता सरल वाक्य, "लहैलहैमा लाग्छौं र हात उचाल्छौं" (पृ.६०), "तर आफ्नो विरोधमा संघर्ष गर्नु अरूहरूसित भिड्नु जस्तो सजिलो छैन" (पृ.५९) जस्ता संयुक्त वाक्य र "रङ्ग अलग हुँदैमा उसको इच्छा र स्वभाव पनि बेग्लै हुनुपर्छ भन्ने छैन जुनसुकै काम गर्ने होस्" (पृ.५९), "नाम छ पैसा छैन भने नाम जाला भन्ने कुराको डर, देखेसो" (पृ.६१) जस्ता मिश्रण वाक्य र "ककसको मात्रै विरोध गरेर हिँड्ने?" (पृ.५८), "मै भित्र मलाई नरुचाउने मान्छे छ- खै मैले त्यसलाई ढाल्न सकेको ?" (पृ.५९) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

अलङ्कारको प्रयोगले यस निबन्धको भाषाशैलीमा अझ बढी अलङ्कृत एवम् परिष्कृत हुन् गएको पाइन्छ । जस्तै- "असंवैधानिक भन्दै गरिरहेको पार्टीको विरोध र समर्थनमा जयजयकार गर्नेहरूको सभा-जुलुस अनि जनताको इच्छाविपरीत भन्दै निषेधाज्ञा तोड्ने आन्दोलनहरू राष्ट्रवादी भनाउनैका लागि लगाउने दौरा सुरुवाल जस्तो भएछ" (पृ.६२) जस्ता उपमा अलङ्कारको प्रयोग गरिएको पाइन्छ । यस निबन्धमा "लाग्छ वेश्यावृत्तिमा लागेकी

कन्याकेटी हो प्रजातन्त्र । कहिले कसको काखमा लुटपुटिएर रमाउँछ, कहिले कसको रखौटी हुन विवश हुन्छ" (पृ.६२) जस्ता प्रतीकात्मक वाक्यहरूको प्रयोग भएको पाइन्छ । निबन्धकारले कथनलाई व्यङ्ग्यचेतका माध्यमबाट प्रभावकारी तुल्याउने प्रयत्न गरेका छन् ।

यस निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन पदक्रमलाई व्याकरणात्मक ढाँचामा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिएको पनि पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थान भन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेक छ । जस्तै- "परम्परा त पुग्नुपर्ने ठाउँमा पुगेको पाइलाको डोब हो -यात्राको एउटा उचाइ, एउटा शिखर" (पृ ६१) । यस निबन्धमा भाषाको प्रयोका क्रममा कतै-कतै अशुद्ध र काहीँ अप्रचलित एवं विराना लाग्ने शब्दहरूको प्रयोग गरिएको पाइन्छ । जस्तै- "द्यौता, गर्जनतर्जनसहित, एकौटा, विगीषा" (पृ ६०-६४) ।

जो, भनी, भने जस्ता सापेक्ष संयोजक, र र, अथवा, अनि जस्ता निरपेक्ष संयोजकको प्रयोग र न, त, र, नै, के, खै जस्ता निपात शब्दको प्रयोगले भाषालाई मिठास थपिदिने काम गरेको छ । छोटा-छोटा वाक्यको संयोजन गर्ने र त्यसमा लयात्मकता सृजना गर्ने पद्धतिमा निबन्धकारले आफ्नो कौशल प्रदर्शन गरेका छन् । समग्रहमा निबन्धको भाषाशैली रोचक र प्रभावपूर्ण रहेको छ ।

**४.६.३ उद्देश्य**

मान्छेहरू अनुकूलताको खोजी गर्दै जाँदा प्रतिकूलताको खाडलमा फस्न पुग्छन भन्ने कुरा देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । यस निबन्धको भाव वा विचार सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ । यस निबन्धमा मानव मोविज्ञानको विश्लेषण गरिएको छ । मान्छेहरू अन्य प्राणीहरू भन्दा सर्वश्रेष्ठ प्राणी हुन् । मानिसहरूले सजिलोमा पनि केही खोजिरहेका हुन्छन् भने अप्ठ्यरो परेमा पनि केही खोजीरहेकै हुन्छन् भन्ने कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

मान्छेलाई सप्ठेरो पर्दा अप्ठेरो लाग्छ भने भएर पनि पुग्दैन, पुगेर पनि हुँदैन । मान्छे चिताएको पुग्दा पनि सप्ठेरो मान्दैन । सुविधाको खोजीमा सधैंभरी आतुर भइरहन्छ । राणा शासन नरुचाएर प्रजातन्त्र ल्याउनेलाई प्रजातन्त्र सजिलो लाग्दैन । प्रजातन्त्र आउँदा पनि मानिसहरू छट्पटाइराखेका हुन्छन् भने अधिनायक तन्त्रमा पनि रोएका हुन्छन् । वर्तमान

नेपालका जनताहरूले यही स्वभाव प्रस्तुत गरेका छन् भन्ने कुरा देखाउन खोज्नु यस निबन्धको मुल भाव रहेको छ ।

आ-आफ्ना असजिला र अप्ठेराहरू, सजिलो र सप्ठेरो पार्न कोही मुसर्रफ, बिनलादेन, प्रचण्ड र बाबुराम हुन्छन् । त्यसैले मान्छेका चहानाहरू सधैँ अतृप्त हुन्छन् । जस्तोसुकै स्वभाव देखाए पनि एउटा वर्गले आफू सधैं शक्तिशाली हुने इच्छा कहिल्यै छाड्दैन, छाडेको छैन भन्ने कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

इतिहासका चङ्गेज खाँ, सिकन्दर, हिटलर हुँदै हाम्रै समयका बुस र मुसर्रफ सबै शक्ति उन्मादले परिभाषित प्रवृत्ति हुन् । ती सधैँ समयको चक्रपथमा दोहोरिएका हुन्छन् । यो अतिमानवमा हुने सपनाले सम्मोहित महत्वाकाङक्षा हो । यो दुश्चक्र समाप्त गर्ने चक्रपथमा जो जो मुक्तिदाताहरू आए पनि घुम्दैफिर्दै त्यहीँ पुग्छन् । जहाँबाट थियोडोसियस, जङ्गबहादुर, स्टालिन, अयूब खाँहरूले यात्रा थालेका थिए । यो चक्रपथको यात्रा आज पनि जारी नै छ भन्ने कुरालाई देखाउन खोज्नु यस निबन्धको मुख्य विचार रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो भाव वा विचारलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नु पर्दा मान्छेको स्वभाव जहिले पनि अतृत्प हुन्छ । मान्छे सजिलोमा पनि केही खोजीराखेका हुन्छन् भने अप्ठ्यारो परेको बेला पनि केही खोजीइरहेका हुन्छन् । मान्छेहरू अनुकूलतको खोजीबाट प्रतिकूलताको खाडलमा खस्न बाध्य भएका छन् । प्रजातन्त्र आउँदा पनि मानिसहरू छट्पटिराखेका हुन्छन् भने अधिकनायक तन्त्रमा पनि रोएका हुन्छन् । वर्तमान समयका नेपाली जनताहरूको यस्तै स्वभाव रहेको छ भन्ने कुरा देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । सात पृष्ठमा संरचित प्रस्तुत निबन्धमा लामा छोटा गरी उन्नतीस अनुच्छेद रहेका छन् ।

## ४.७ **मान्छे हराएको मान्छे, देश र कृष्णभीरहरू** निबन्ध

यो निबन्ध २०६१ जेठ ६ गते **कान्तिपुर**मा प्रकाशित भएको थियो । यो निबन्धको लम्बाइ आठ पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत छौटौं निबन्ध हो ।

### ४.७.१ विषयवस्तु

प्रस्तुत निबन्धमा सामाजिक विषयवस्तु रहेको छ । यस निबन्धमा निबन्धकारले विषय वस्तुको प्रस्तुतिलाई श्रृङ्खलित, व्यवस्थित र शीर्षक केन्द्रित गराए सरल रूपमा प्रस्तुत गर्नु भन्दा पनि सूत्रवत् रूपमा अनेकौं सन्दर्भ र प्रसङ्गलाई निबन्धमा जडान गरेको पाइन्छ । यस निबन्धमा निबन्धकारले वर्तमान समयका मानवीय संवेदना रित्तिएका मान्छेलाई मान्छे हराएको मान्छेका रूपमा उभ्याएका छन् । मानवीय संवेदना रित्तिएका मानिसहरूले भरिएको देशका शासकको व्यवहार र चाहना पनि मानवता हराएको मानिस कै जस्तो हुनगएको कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेकाछन् । मानवीय संवेदना हराएको मानिसहरूले भरिँदै गएको हाम्रो देशको अवस्था कृष्णभीरका अप्ठ्याराहरूबाट खस्दै र झर्दै गइरहेको छ । यस निबन्धमा निबन्धकारले देश युद्ध जितेको सीमाङ्कित भूभाग, स्वतन्त्र हुनाको एकमुठी अलग पहिचान बोकेको बिम्ब, मानिसलाई मानिसहरूबाट छुट्याउने संरचना हो भनी अर्थ्याएका छन् । उनी भन्छन्- “युद्ध जितेको सीमाङ्कित भूभाग हो देशहरू ! स्वतन्त्र हुनाको एकमुठी अलग पहिचान बोकेको बिम्ब हो देशहरू ! मानिसलाई मानिसहरूबाट छुट्याउने संरचना हो देशहरू” (पृ.६५) !

देशको लागि बलिदान दिने लखन थापा, शुक्रराज, दशरथ चन्द, गंगालालहरूका बलिदानीबाट प्राप्त उपलब्धिलाई व्यक्तिगत स्वार्थका खेलमा होमेर हरेक युगमा नयाँ जङ्गबहादुर र नयाँ चन्द्रशमशेरहरू जन्मिरहेका छन् । निबन्धकारले हाम्रा प्रत्येक बलिदानी अरूनै कसैलाई मालिक बनाउनको लागि होइन भन्ने कुरा व्यक्त गरेका छन् । सिमानामा छुट्टिएर भूगोलको लडाइँमा सामेल हरेकको हार र जीतको परिणाम मृत्यु अनि प्राप्ति र अप्राप्तिको सम्बन्ध केवल एक टुक्रो जमिनसँग रहेको छ । निबन्धकारले भौगोलिक सिमानाको युद्धलाई मानवताको नाताले जित्नु पर्दछ भन्ने कुरालाई यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- “देशमा टुक्रिएर मान्छे आपसमा भिड्छन् । सिमानामा छुट्टिएर मान्छे एक अर्कोलाई शत्रु सम्झन्छन् । लडाइँ जितेर पाउने पनि एक टुक्रा भूभाग हो । लडाइँ हारेर गुमाउने पनि त्यही एक टुक्र जमिन हो । तर जित्दा पनि मान्छे मार्छौं, हार्दा पनि मान्छे मारेरै हार्छौं । यो मान्छेको जीत पनि मृत्यु हो, यो मान्छेको हार पनि मृत्यु नै हो” (पृ.६७) ।

छिमेकी, जेथाजमिन, घर-घडेरि, इतिहास, राष्ट्रियता, छोराछोरी, बाबुबाजे, एक टुक्र जमिन, देश, नागरिकता आदि भएका पनि मान्छे र नभएका पनि मान्छे हुन् । बहिनी नभन्ने दाजुहरू, छोरो नभन्ने बाबु, स्वास्नी बेच्ने लोग्ने, आमा बाबु मारेर सम्पत्ति कुम्ल्याउने छोराछोरी, छात्रालाई बलत्कार गर्ने शिक्षक आदि सबैमा खिइँदै गएको मानवता देखेर निबन्धकारले मानवता हराएका मान्छेहरूको भीडलाई खोतलेका छन् । उनी भन्छन्- "दाजुहरू बहिनी भन्दैनन् । छोरी नभन्ने बाबु र स्वास्नी बेच्ने लोग्नेहरू छन् । आमाबाबु मारेर सम्पत्ति कुम्ल्याउने छोराछोरी भइसके । आफ्नै स्कूलका छात्रा पनि नभनी वलात्कार गर्छन् शिक्षक-प्राचार्यहरू । हुलिया हराइसकेको मान्छेको सम्बन्ध कसैसित केही रहेन । लाग्छ मान्छेहरू आफूलाई मारेर दाह-संस्कार गर्न पर्खिबसेका क्रियापुत्र  हुन् (पृ.७१) ।"

कृष्णभीर र दासढुङ्गा जस्तो मान्छेको मृत्यु पर्खिएर बसेको देशको अवस्था देखेर निबन्धकार मानवता हराएका मान्छेहरूले भरिएको हाम्रो देशलाई पनि त्यसै भीरसँग तुलना गर्न पुग्छन् । निबन्धकार मान्छेहरूले भरिएको समाजमा भएता पनि शून्यमा ठोकिने, प्रत्येक पल्ट मृत्युको अँध्यारो गल्छेँडामा ठोकिने, आतङ्कले भरिएको पर्यावरणमा ठोकिने, कृष्णभीर र दासढुङ्गाको जोखिमसित ठोकिने अवस्थामा पुगेका छन् । सधैँ मान्छेको मृत्यु पर्खिएर बस्ने कृष्णभीर र दासढुङ्गा बनेको हाम्रो देशलाई खतरनाक परिवेशबाट मुक्त बनाउनु पर्ने निष्कर्षमा पुगेका छन निबन्धकार । उनी भन्छन्- "एउटा हत्यारा लाग्ने मान्छे, एउटा आततायी लाग्ने मान्छे, एउटा मान्छेविहीन मान्छेको बस्ती लाग्ने देशहरू । भीडभाड पनि शून्य लाग्ने शून्यमा ठोकिन्छु । माओवादीको पड्किरहने आवाजसित ठोकिन्छु । बेपत्ता पारिने मृत्युको अँधेरो गल्छेँडोमा ठोकिन्छु । कसैको हत्यमा उडेको हंससँगै ठोकिन्छु । असुरक्षित हुनाको आतङ्क, जोखिम भरिएको पर्यावरणमा ठोकिन्छु । कृष्णभीर र दासढुङ्गा बोकेको राजमार्ग र त्यसका जोखिमसित ठोकिन्छु" (पृ.७१) ।

### ४.७.२ भाषाशैली

प्रस्तुत निबन्धको शीर्षक नाम, नाम र क्रिया पदहरू मिलेर बनेको छ । लाक्षणिक अर्थ सापेक्षतामा रहेको यस निबन्धको शीर्षक विषयवस्तु अनुसार सार्थक रहेको छ । निबन्धकारले आफ्नो विचार र अनुभवहरू प्रस्तुत गरेको हुनाले यो निबन्ध विचारात्मक शैलीमा लेखिएको छ । जस्तै- "त्यसैले भनेको हुँ मान्छेभन्दा धेरै ठूलो हुन्छ देश । मान्छेको निमित्त देशले जोखिम

उठाउने गर्दैन- गरेकै छैन । दृष्टान्त नहोला त भन्दिनँ । जस्तो भक्खर भक्खरको कुरा हो, यो जोखिम उठाउने दुस्साहस पाकिस्तानले गऱ्यो । परमाणु प्रविधि विदेशलाई बेच्ने डा. अव्दुल कादिर खानलाई क्षमादन गरेर उसको देशले साँच्चि नै खतरा उठाएको मानै पर्छ । एउटा सद्दाम हुसेन (इराका पूर्व राष्ट्रपति ) को आन र शान राख्न देशकै वलि चढाएर ध्वस्त पार्ने इराकले कत्रो जोखिम उठायो" (पृ.६७) ?

यस निबन्धमा शिल्पका आधारमा संयत शैली र विषयवर्णनका आधारमा प्रसाद शैलीको प्रयोग गरिएको पाइन्छ । जस्तै- "देशको रक्षा गर्नुजस्तो महानता क्यै भएन । त्यसका निम्ति बलि हुनुभन्दा ठूलो त्याग पनि अर्को रहेन । बदलामा त्यसले दिने जातीय पहिचान र राष्ट्रियता भिरेर छातीमा, मानिसहरू स्वतन्त्र हुनाको गर्व गर्छन्" (पृ.६५) ।

कथन शैलीका आधारमा यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँचा प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । जस्तै- "म हेरिरहेको छु झगडा मान्छे-मान्छेमा होइन, नेपाली र भारतीय बिच भइरहन्छ । म देखि रहेको छु लडाइँ मान्छेहरूमा होइन, भारतीय र पाकिस्तानीहरूमा चालिरहन्छ । देशै नभइदिए सायद युद्ध हुँदैन थियो कि ?" (पृ.६७) ।

शब्द चयनका आधारमा यस निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरू प्रयोग भएका छन् । जस्तै- विवशता, परमाणु, रक्षा र दृष्टान्त जस्ता तत्सम शब्द, सिपाही, खसम, हकवाला, जोखिम, आइडेन्टीटी, मगज जस्ता आगन्तुक शब्द र छुट्याउने, पुर्ख्यौली, (पृ. ६५-७२) जस्ता झर्रा शब्दहरूको प्रयोगले शैलीमा निखार ल्याएको देखिन्छ । यस निबन्धमा तत्सम र आगान्तुक शब्दहरूको बहुल्य रहेको छ ।

निबन्धमा साना-ठूला गरी जम्मा एकचालीस अनुच्छेद रहेका छन् । यस निबन्धमा एक सय उनासी पङ्क्ति र एक सय बाउन्न वाक्यात्मक संरचना रहेका छन् । सबै भन्दा सानो अनुच्छेदमा दुई पङ्क्ति र सबैभन्दा ठूलो अनुच्छेदमा सोह्र पङ्क्ति रहेका छन् । तीन वटा शब्दका अत्यन्त छोटा वाक्यदेखि तेइस वटा शब्दका लामा वाक्य रहेका छन् । लामा-छोटा जस्तोसुकैं वाक्यको प्रयोग भएता पनि निबन्धको भाषा सरल, सहज र स्वभाविक भएको पाइन्छ । यस निबन्धमा वाक्यगठनका आधारमा सरल, संयुक्त मिश्र र प्रश्नार्थक वाक्यहरू प्रयोग भएको पाइन्छ । जस्तै- "देशको रक्षा गर्नुजस्तो महानता केहज्ञढडी भएन (पृ.६५), "देशमा टुक्रिएर मान्छे आपसमा भिड्छन्" (पृ.६७) जस्ता सरल वाक्य, "लाग्छ कसैलाई मालिक बनाउनैका

लागि आन्दोलन गर्छौं र खालि वलि हुनैका लागि क्रान्तिकारी भएका हौँ" (पृ.६६), "यसलाई सकार्नेले देश प्रेमको नाममा ज्यान दिन्छन् र युद्धका लागि तयार भई बस्छन्" (पृ.६५) जस्ता संयुक्त वाक्य र "यो क्यै छैन भने कसैको ज्वाइँ वा स्वास्नी हुनुपर्छ", "यो पनि रहेनछ भने बाबुबाजेहरू त हुनैपर्छ" (पृ.७०) जस्ता मिश्र वाक्य र "यस्तो केही नहुने मान्छे संसारमा हुँदैछैन भने उसलाई मान्छे किन भन्ने ?" (पृ.७०), "के तिनीहरू मान्छे होइनन् ?" (पृ.७१) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

यस निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी बानउन पदक्रलाई व्याकरणात्क ढाँचामा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिइएको पनि पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थानभन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको छ । जस्तै- "देश नहुने प्यालिस्तिनीहरू जस्तो, आमाबाबु नभएका सडक बालबालिकाहरू जस्तो, इतिहास नभएको सिंगापुरे र राष्ट्रियता नहुने उपनिवेशीहरू जस्तो" (पृ.७१) । वा, जब, भने जस्ता संयोजकको प्रयोग र न, नै, त जस्ता निपातहरूको प्रयोगले भाषामा मिठास थपिदिएको छ । "खोरमा थुनेका बाघहरू छुटे पनि बाघै हुन खोज्छन्" जस्ता प्रतीकात्मक वाक्यको प्रयोग गरिएको पाइन्छ । यस निबन्धमा अन्त्यानुप्रास शब्द अलङ्कारको प्रयोग गरिएको पाइन्छ । जस्तै- "मर्दा एउटा लौरो भाँचे जति पनि खती भएको नसम्भिने समयका हामीले मन अलि सारो पार्नु पर्छ । वमले बस्तीहरू मासिदा डढेलो लागे जति पनि क्षति नठान्ने कालका हामीले छाती अलि बलियो बनाउनु पर्छ । सङ्गै सुतेका खसम र छोरो खोसेर लैजाँदा पनि किन लगिस् भन्न नपाइने याममा हामीले मुटु अलि दरो गर्नु पर्छ" (पृ७२) । छोटा-छोटा वाक्यको संयोजन गर्ने र त्यसमा लयात्मकता सिर्जना गर्ने पद्धतिमा पनि निबन्धकारले आफ्नो कौशल प्रदर्शन गरेका छन् । यस निबन्धमा कवितात्मक शैलीको प्रयोग भएको कारण निबन्ध पढदा कविता पढेको आभास हुन्छ । जस्तै-

"युद्ध जितेको सीमाङ्कित भूभाग हो देशहरू !
स्वतन्त्र हुनाको एकमुठी अलग पहिचान बोकेको बिम्ब हो देशहरू !
मानिसलाई मानिसहरूबाट छुट्याउने संरचना हो देशहरू !
यसलाई सकार्नेले देशप्रेमको नाममा ज्यान दिन्छन र युद्धका लागि तयार भई बस्छन्" (पृ.६५) ।

समग्रमा यस निबन्धको भाषाशैली रोचक र प्रभावपूर्ण रहेको छ ।

### ४.७. ३ उद्देश्य

हत्या, हिंसा र त्रासले उब्जाएको संवेदनाहीन स्थितिको चित्रण गर्न खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । यस निबन्धको विचार प्रतिपादन सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ। यस निबन्धमा मानवीय संवेदना रित्तिएका वर्तमानका मान्छेलाई मान्छे हराएको मान्छेका रूपमा देखाइएको छ । संवेदना रित्तिएका मानिसहरूले भरिएको देशका शासकको व्यवहार र चाहना पनि मानवता हराएको मानिस कै जस्तो हुन् गएको कुरालाई यस निबन्धमा देखाइएको छ (भट्टराई, २०६२ : २६०)। कृष्णभीर र दासढुङ्गा जस्तो मान्छेको मृत्यु पर्खिएर बसेको देशको अवस्था देखेर मानवता हराएका मान्छेहरूले भरिएको हाम्रो देशलाई पनि त्यसै भीरसँग तुलना गरिएको छ । यस निबन्धमा देश-युद्ध जितेको सीमाङ्कित भूभाग, स्वतन्त्र हुनाको एकमुठी अलग पहिचान बोकेको बिम्ब मानिसलाई मानिसहरूबाट छुट्याउने एउटा संरचना हो भन्ने कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ।

देशका लागि बलिदान दिने लखन थापा, शुक्रराज, दशरथ चन्द, गङ्गालालहरूका बलिदानीबाट प्राप्त उपलब्धिलाई व्यक्तिगत स्वार्थका खेलमा होमेर हरेक युगमा नयाँ जङ्गबहादुर र नयाँ चन्द्र शमशेरहरू जन्मिरहेका छन् भन्ने कुरालाई यस निबन्धमा देखाइएको छ । सिमानामा छुटिएर भूगोलको लडाइँमा सामेल हरेकको हार र जीतको परिणाम मृत्यु हो भने प्राप्ति र अप्राप्तिको सम्बन्ध केवल एक टुक्रा जमिनसँग रहेको छ । यस निबन्धमा भौगोलिक सिमानाको यस युद्धलाई मानवताको नाताले जित्नु पर्दछ भन्ने कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ । सधैँ मान्छेको मृत्यु पर्खिएर बस्ने कृष्णभीर र दासढुङ्गा बनेको हाम्रो देशलाई खतरनाक परिवेशबाट सधैँभरि मुक्त बनाइराख्नु पर्छ भन्ने यो निबन्धको मुल भाव रहेको छ । निबन्धकारले आफ्नो भाव वा विचारलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा मानिसले सधैँ गरिरहनु परेको संघर्ष, त्याग र वलिदान अरूका निम्ति हो । यो नियति नेपालीहरूको लेखान्त हो । हत्या, मृत्यु नरसंहारका लीला र अपराधीकरणले गर्दा मान्छेमा मान्छेपना हराइसकेको छ । मानवीय संवेदना रित्तिएका वर्तमान समयका मान्छेलाई मान्छे हराएको मान्छेका रूपमा उभ्याइएको छ । सधैँ मान्छेको मृत्यु पर्खिएर

बस्ने कृष्णभीर र दास ढुङ्गा बनेको हाम्रो देशलाई सधैं भरि खतरनाक परिवेशबाट मुक्त बनाइराख्नु पदर्छ भन्न खोज्नु नै यस निबन्धको उद्देश्य रहेको छ । आत्मपरक शैलीमा रचना भएको प्रस्तुत निबन्ध आठ पृष्ठमा संरचित छ भने कथन ढाँचा प्रथम पुरुष दृष्टिबिन्दु रहेको छ ।

## ४.८ **आतङ्कको पहाड र ङवाङ् जस्तै आरोहीको खोज** निबन्ध

"आतङ्कको पहाड र ङवाङ् जस्तै आरोहीको खोज" निबन्ध २०६१ साउन ३० गते **कान्तिपुर**मा प्रकाशित भएको थियो । यो निबन्ध आठ पृष्ठमा संरचित छ । यो समया सुनामी निबन्ध सङ्ग्रह सङ्गृहीत सातौँ निबन्ध हो ।

### ४.८.१ विषयवस्तु

प्रस्तुत निबन्धको विषय सामाजिक विषयवस्तुमा आधारित रहेको छ । यो निबन्धको विषयवस्तुको प्रस्तुतिलाई श्रृङ्खलित, व्यवस्थित र शीर्षक केन्द्रित गराएर सरल रूपामा प्रस्तुत गर्नुभन्दा पनि सूत्रवत् रूपमा अनेकौं प्रसङ्गलाई निबन्धमा जडान गरिएको पाइन्छ । यस निबन्धमा सगरमाथा चढ्ने ङवाङ् सेर्पाको साहसिकता, आत्मशक्ति, जिजीविषा र सङ्कल्पको सह्राहनालाई मूल विषयवस्तु बनाइएको छ ।  निबन्धकारका विचारमा नेपालको श्री भनेको हिमाल हो । यी हिमाच्छादित शैल शिखरहरू हुन् जो हाम्रो हाँसो टिपेर मुस्कुराइ रहेका छन् । नेपाल हिमाल बोक्न देश हो ।

हामी हिमाल जस्तैं अग्लिनु पर्ने हो तर हाम्रो मन, सोच अग्लिन सकेको छैन । निबन्धकारलाई जातीय गौरव उचाइको चिन्ता छ । हामी सर्वोच्च हिमालको फेदका बासिन्दा हौं । हामी विराट व्यक्तित्वका सामु तेजोबध भइ उठ्न सकेका छैनौं (भट्टराई, २०६२ : २६०) । पर्वतारोहणहरू एकपल्ट उक्लने पाइलाको डोब अर्कोले मेटेर नयाँ कीर्तिमान स्थापित गर्दछ । सोलुखुम्बु निवासी ङवाङ् शोर्पाको कीर्तिमान केही होइन । उनी साहसिकताको अद्वितीय शिखर पुरूष हुन् भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- "सारा कीर्तिमान क्यै होइन कि लाग्ने साहसिकताको अद्वितीय शिखर पुरूष हो सोलुखुम्बु निवासी ङवाङ शेर्पा जसको एउटा खुट्टै छैन" (पृ.७५) ।

ङवाङ्को एउटा खुट्टा छैन । ङवाङ्को जीवनमा देखिने यस्ता अनपेक्षिततताका विस्मयकारी पक्ष असामान्य भएर घटिदिएको छ । सत्र वर्षको केटो ङवाङ्ले तिन चार वर्ष अगाडि विहे

गरेका छन् । उनी तिन छोरा छोरीका बाबु भइसकेका छन् । मोटर साइकल दुर्घटनामा परेका किशोर ङवाङ्ले एउटा खुट्टा गुमाउनु परेको थियो । लक्ष्यहीन मान्छे जस्तो विखण्डित सपनाका घाइते ङवाङ्लाई कृत्रिम गोडा प्राप्त हुन्छ । विनाखट्टा सत्र वर्षे ठिटा ङवाङ् सगरमाथा चड्न सफल हुन्छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "म विनाखुट्टाको यस पर्वतारोहीलाई नमन गर्छु । सगरमाथासँग भलाकुसारी गर्ने इच्छालाई नमन गर्छु । उनको साहसिकता, आत्मशक्ति, जिजीविषा र सङ्कल्पलाई नमन गर्छु" (पृ.७५) ।

निबन्धकार विचारमा खुट्टा नै जिन्दगी होइन, आँखा नै संसार भन्ठान्नेका लागि यो मिथ्या भइदिन्छ । वास्तमा शरीरका अङ्गहरू टुटेर एउटा मानिसलाई केही फरक पर्दैन । खुट्टा भनेको खुट्टा मात्र होइन, त्यो एउटा साहस, एउटा सङ्कल्प र आत्मविश्वास हो । यस्तो आत्माविश्वास भएन भने हजारौं खुट्टा भएका मान्छेहरू पनि लङ्गडो सरह हुन्छन् । आँखा भनेको नदेखिने काल पर्यन्तको अवलोकन गरेर भोलिका दिनलाई क्यानभासमा उतार्ने आँखा मात्र आँखा हो । हात विन्तीपत्र लेख्ने औजार मात्र होइन । यो एउटा कला, उद्यम र एउटा सृष्टि हो भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । मान्छेमा आत्मशक्ति, जिजीविषा र सङ्कल्प भएन भने त्यसलाई घरको भऱ्याङ्ग पनि स्वयंभूको उकालो जस्तो लाग्न थाल्छ । ङवाङ्ले नक्कली खुट्टाको भरोसामा मात्र सगरमाथा चडेको होइन उस भित्र भएको आत्मविश्वास र जिजीविषाले गर्दा सफलता प्राप्त गरेको हो भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "त्यसैले भनेको हुँ खुट्टाले हिमाल चढ्ने गर्दैन । चढ्ने त मान्छे- उसको साहसिकता, उसले साँचेको सपना, अदम्य जिजीविषा र इच्छाशक्तिहरू हुन्" (पृ.७७) ।

सद्दे गोडाका भइकन उकालो चड्न नसक्नेका लागि मात्रै त्यो हिमाल, सगरमाथा र सर्वोच्च हुन्छ । राष्ट्रिय जीवनलाई बिथोल्ने सबैभन्दा चर्को पीडा र मर्मस्पर्शी भनेको दुर्घटना हो । यो असुरक्षा, नरसंहार र विनाशकारी हुन्छ । यस्तो दुर्घटनालाई निबन्धकारले आतङ्कको पहाडको सज्ञा दिएका छन् । मान्छेमा ह्याउ, हिम्मत, हुनुपर्छ, आँट र सङ्कल्प गर्न सक्नुपर्छ । उसले नसोचेको कार्य पनि पुरा गर्न सक्छ । खुट्टाले हिमाल चढिंदैन । हामीभित्र चढ्नलाई इच्छाशक्ति, सङ्कल्प र ङवाङ्को जस्तो साहसिकता हुनुपर्छ । यिनै ङवाङ्को खोजीमा देश छ । हामीले पनि यिनीहरूको पाइलालाई पछ्याउँदै अगाडि बढ्नु पर्छ भन्ने शिक्षा निबन्धकारले यस

निबन्धमा दिएका छन् । उनी भन्छान्- "किन भने खुट्टाले हिमाल चढिदैन । चढ्ने त इच्छाशक्ति हो, हामीभित्रको सङ्कल्प र ङवाङको साहसिकता । शायद यिनै ङवाङको खोजीमा देश छ- उनीहरूको क्रोमलेन पाइला पछ्याउन आतुर" (पृ.८०) ।

### ४.८.२ भाषाशैली

प्रस्तुत निबन्धको शीर्षक नाम, संयोजक, नाम, विशेषण र नाम पदहरू मिलेर बनेको छ । यस निबन्धको शीर्षकले अभिधात्मक अर्थ ग्रहण गरेको छ । यस निबन्धको विषयवस्तु शीर्षक अनुसार सार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो अनुभव र विचारहरू प्रस्तुत गरेका छन् । त्यसैले शैलीका आधारमा यो निबन्ध विचारात्मक शैलीमा लेखिएको छ । जस्तै- "निचोड के भने हिँड्ने खुट्टा हो तर खुट्टाले हिँड्दैमा पुग्दा रहेनछौँ । गर्ने हात हो तर हात हुँदैमा हातले गर्ने क्यै गर्न सकिरहेका छैनौँ । हेर्ने आँखा हुन् तर आँखाले हेर्दैमा देखेजस्तो क्यै देख्दारहेनछौँ । कोलम्बसको खुट्टाविनाको हाम्रा यात्राहरू, बुद्धको आँखाविनाका आँखाहरूले देख्ने हाम्रा सत्यहरू, पिकासोका हातविनाको हाम्रा हातहरूले कोर्ने चित्रहरू त्यसैले अधुरो अधुरो लाग्छ" (पृ.७६) ।

शिल्पका आधारमा संयत शैली र विषय वर्णका आधारमा प्रसाद शैलीको प्रयोग गरिएको छ । जस्तै- "हुन त काखमा हिमाल बोक्ने देश हिमाल जतिकै अग्लिनु पर्ने हो । हामी अग्लिनु पर्ने हो, हाम्रा मन अग्लिनु पर्ने हो, सोचहरू अग्लिनु पर्ने हो । तर हुँदो रहेनछ । उठ्नै नदिएर हो कि होचा भइदिएका छौँ अथवा अग्लिन नजानेर पुड्का भएका हौँ" (पृ.७४) ।

कथन शैलीका आधारमा यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँचा प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । जस्तै- "म विना खुट्टका यस पर्वतारोहीलाई नमन गर्छु । सगरमाथासँग भलाकुसारी गर्ने इच्छालाई नमन गर्छु । उनको साहसिकता, आत्मा शक्ति, जिजीविषा र सङ्कल्पलाई नमन गर्छु" (पृ.७५) ।

शब्द चयनका आधारमा यो निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरू प्रयोग भएका छन् । जस्तै- शिखर, आकर्षित, आश्चर्य, जिजीविषा, आश्वस्त जस्ता तत्सम शब्द र मार्का बर्टार्ड, जुन्का ताबेइ, क्रोमलेन, एभरेष्ट जस्ता आगन्तुक शब्दहरूको प्रयोगले शैलीमा अझ निखार ल्याएको देखिन्छ । तुलानात्मक रूपमा तत्सम र नेपाली शब्दहरूको बढि प्रयोग भएको पाइन्छ (पृ.७३-८०) ।

यो निबन्ध भित्र साना-ठूला गरी जम्मा बयालीस अनुच्छेद रहेको पाइन्छ भने एकसय सैंतीसवटा वाक्यात्मक संरचना रहेका छन् । यस निबन्ध भित्र एक सय पचास पङ्क्तिहरू रहेका छन् । सबै भन्दा सानो अुनच्छेदमा दुई पङ्क्ति रहेका छन् भने सबै भन्दा ठूलो अनुच्छेदमा पन्ध्र पङ्क्ति रहेका छन् । वाक्य गठनका आधारमा यस निबन्धमा सरल, संयुक्त, मिश्र र प्रश्नार्थक वाक्यहरू रहेको पाइन्छ । "विश्वामा सबैभन्दा पुड्का कोही छन् भने त्यो मै हुँ जस्तो लाग्यो" (पृ.७३), "जब भएभरको शक्ति बटुलेर हाँक दिने मनोदशामा अहम्को ऐठन सुरु हुन्छ त्यस्ता प्रतिस्पर्द्धीलाई अविजित हुनु पर्दैन" (पृ.७४) जस्ता मिश्र वाक्य, "हेर्ने आँखा हुन् तर आँखाले हेर्दैमा देखेजस्तो क्यै देख्दा रहेनछौं" (पृ.७६), "निचोड के भने हिँड्ने खुट्टा हो तर खुट्टाले हिँड्दैमा पुग्दा रहेनछौं" (पृ.७६) जस्ता संयुक्त वाक्य, "म झटपट आफूलाई हेर्छु", "आफ्नो उचाइलाई हेर्छु" (पृ.७३) जस्ता सरल वाक्य र "खुट्टा नभएर के भो ?", "किन कोही माओवादी हुन्छन, कोही आतङ्ककारी ?" (पृ.७८) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

व्यङ्ग्यात्मक भाषाको प्रयोगले यस निबन्धलाई कलात्मक एवम् उत्कृष्टता प्रदान गर्न सफल बनाएको छ । जस्तै- "साँच्चि भनूँ भने खुट्टाले हिमाल चढ्ने नै होइन । जस्तै आँखाले ईश्वर देख्ने र हातले कविता लेख्ने गर्दैन । नत्र त ईश्वर नदेख्ने अन्धो कोही हुँदैनथ्यो । एउटा पनि अकवि हुने थिएनन् । नेपालीहरू सबै सगरमाथामा पिकनिक गर्न वा हनिमुन मनाउन हिँड्थे होलान" (पृ.७६-७७) । यस निबन्धमा टुक्काको प्रयोग गरिएको पाइन्छ । जस्तै- "स्वर्गचलन, पानीमरूवा" (पृ.७८) । नै, त, के जस्ता निपात शब्द र तर, र, भने जस्ता संयोजक शब्दको प्रयोगले भाषामा मिठास थपिदिएको छ ।

यस निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन पदक्रमलाई व्याकरणात्मक ढाँचा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिइएको पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थानभन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको पाइन्छ । जस्तै- "र लाग्यो हिमाल भन्दा ठूलो त ङवाङ रहेछन्- त्यो भन्दा अग्लो, महान् र विराट !" (पृ.७७) । यस निबन्धमा कतै कतै अशुद्ध र काहीँ अप्रचलित लाग्ने शब्दहरूको प्रयोग गरिएको पाइन्छ । जस्तै- "सोडाजोश, एकौटा, क्यै, अकवि र विमुग्धकारी" (पृ.७३-८०) । निबन्धको प्रस्तुतिगत संरचना कवितात्मक भएकाले पाठकलाई निबन्ध पढ्दा कविता पढेको अनुभव हुन्छ ।

जस्तै- “राष्टिय जीवनलाई बिथोल्ने सबैभन्दा चर्को पीडा र मर्मस्पर्शी दुर्घटना भनेकै विनाश हो- असुरक्ष, नरसंहार !

म निद्रामै कराइदिन्छु ।

कत्रौ सन्त्रास !

आक्रान्त हुनाको बेहोसीमा सायद यस्तै हुन्छ” (पृ.७९) ।

छोटा-छोटा वाक्यको संयोजन गर्ने र त्यसमा लयात्मकता सिर्जना गर्ने पद्धतिमा पनि निबन्धकारले आफ्नो कौशलता प्रदर्शन गरेका छन् । समग्रमा भन्नुपर्दा निबन्धको भाषाशैली रोचक र प्रभावपूर्ण रहेको छ ।

### ४.८.३ उद्देश्य

मान्छेमा आत्मशक्ति, जिजीविषा र सङ्कल्प भएन भने त्यो मान्छेले केही गर्न सक्दैन भन्ने कुरालाई देखाउन खोज्नु नै यो निबन्धको मुख्य उद्देश्य रहेको छ । यो निबन्धको विचार प्रतिपादन सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ । यस निबन्धमा सगरमाथा चढ्ने ङवाङ् सेर्पाको साहसिकतालाई प्रस्तुत गरिएको छ । सत्र वर्षे ङवाङ् शेर्पा विना खुट्ट नै सगरमाथा चड्न सफल हुन्छन् । यदी मानिसमा यस्तो साहस, सङ्कल्प र आत्मविश्वास थिएन भने हजारौँ खुट्टा भएका मान्छेहरू पनि लङ्गडो सरह हुन्छन् भन्ने कुरालाई यस निबन्धमा देखाइएको छ ।

वास्तवमा शरीरका अङ्गहरू टुटेर केही फरक पर्दैन, तिनीहरूले सम्पन्न गर्ने कार्यको अठोट र साहसले फरक पर्दछ । आँखा भनेको आँखा मात्र होइन जसले देखिने चिजमात्र देख्ने गर्छ । देख्दै नदेखिने काल पर्यन्तको अवलोकन गरेर भोलिका दिनलाई क्यान्भासमा उतार्ने आँखा मात्र आँखा हो । हाम्रा हातहरू विन्तीपत्र लेख्ने औजार मात्र नभएर कला, उद्यम र सृष्टि गर्ने साधन हुन् भन्ने कुरालाई देखाउन खोज्नु पनि यो निबन्धको उद्देश्य रहेको छ ।

मान्छेमा हिम्मत र आँट भएमा मात्र उसले नसोचेको कार्य गर्न सक्छ । खुट्टाले हिमाल चड्दैन । हामी भित्र ङवाङ् शोर्पाको जस्तो इच्छाशक्ति, सङ्कल्प र साहसिकता हुनुपर्छ । देश यि नै ङवाङ्को खोजीमा छ । हामीले पनि यिनीहरूको पाइलालाई पछ्याउदै अगाडि बढ्न सक्नु पर्छ भन्ने शिक्षा दिनु नै यस निबन्धको मुख्य विचार रहेको छ । हाम्रो हिमाल आर्थत् देश आतङ्कको पर्वत बनेर ठडिएको छ । यस माथि विजय प्राप्त गर्न, हत्या र आतङ्कलाई निर्मूल

गर्ने इच्छाशक्तिको आश्यकता पर्दछ भन्ने खोज्नु नै यस निबन्धको मूल भाव रहेको छ । निबन्धकारले आफ्नो विचार वा भावलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नु पर्दा यस निबन्धमा सगरमाथा चढ्ने ङवाङ् सेर्पाको साहसिकता, आत्मशक्ति, जिजीविषा र सङ्कल्पको सह्राहनालाई देखाइएको छ । मान्छेमा ह्याउ, हिम्मत र सङ्कल्प भएमा मात्र उसले नसोचेको काम गर्न सक्छ भन्ने कुरा देखाउन खोज्नु नै यस निबन्धको उद्देश्य रहेको छ । आठ पृष्ठमा संरचित प्रस्तुत निबन्धको भाषाशैली सरल र सहज रहेको छ ।

## ४.९ **मान्छे जङ्गबहादुर भएछन्** निबन्ध

"मान्छे जङ्गबहादुर भएछन्" निबन्ध २०६१ साउन ३० गते **कान्तिपुर**मा प्रकाशि भएको थियो । यो निबन्ध छ पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत आठौँ निबन्ध हो ।

### ४.९.१ विषयवस्तु

प्रस्तुत निबन्धमा सामाजिक विषयलाई मूल विषयबस्तु बनाइएको छ । यो निबन्धको विषयवस्तुको प्रस्तुतिलाई श्रृङ्खलित, व्यवस्थित र शीर्षक केन्द्रित गराएर सरल रूपामा प्रस्तुत गर्नुभन्दा पनि सूत्रवत् रूपमा अनेकौं प्रसङ्गलाई निबन्धमा जडान गरिएको पाइन्छ । देश हुनेहरूको पीडा एक प्रकारको हुन्छ । देश नहुनेहरूको पीडा अर्के प्रकारको हुन्छ । मानिसको मनमा देश देशको सीमा हुँदैन । राज्यले, इतिहासले त्यो कोरिदिएको हुन्छ । मान्छेहरूलाई देशभित्र आफू पर्नु वा नपर्नुको पीडाले सधैं पोलिरहेको हुन्छ (भट्टराई, २०६२ : २६१) ।

मानिस स्वतन्त्रतापूर्वक बाँच्न चाहान्छ । मानिसहरू समाज बाहिर र देशविहीन कोही हुदैनन् । हर एक देशको एउटा सरकार हुन्छ । उसको आफ्नै नियम, कानून, व्यवस्था र सेना-प्रहरीहरू हुन्छन् । कोही आफैं अनुशासित भई नियमको पालना गर्छन् । कोही नियम पालना गर्दैनन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "निचोड हो समाजबाहिर हामी छैनौं, देशविहीन पनि कोही हैनन् । अनि हरएक देशको आफ्नो सरकार छ । उनीहरूको आफ्नै नियम, काइदा, कानून छन्, व्यवस्था छ, सेना-प्रहरीहरू छन् । कोही आफैं

अनुशासित भई नियम पालन गर्छन्, कोही गर्दैनन् । नगर्नेहरू दण्डित हुनेहुँदा स्वेच्छावश वा करबलले भए पनि मान्नै पर्छ" (पृ.८२) ।

देश भनेको मान्ने-नमान्नेहरू सबैको हो । त्यहाँको पीडा सबैको एकै किसिमको हुँदैन । देश भएर पनि आफ्नो जस्तो नलाग्नेहरूको पीडा अर्कै प्रकारको हुन्छ । सबै उही र उस्तै हुँदैनन् । दुखाइ भने एउटै किसिमको हुन्छ । अनुभूति गर्ने संवेदनशीलता, दुख्ने मन र लाग्ने चोट एउटै किसिमको हुन्छ । देश स्वतन्त्रता जस्तै अमूर्त हुन्छ । राज्य विस्तार रेखाङ्कित भूभागलाई यही हो भनी चिनाउनु परेको हुन्छ । राज्य विस्तार गर्ने प्रलोभनले होस कि देश जोगाउने सोचले वा कसैले साँध मिच्ने र राज्य हडप्ने डरले होस आफ्नो आधिपत्य माथि कसैको हस्तक्षेप असहिष्णु र घोर आपत्तिजनक हुन्छ भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "स्वतन्त्रता जस्तै अमूर्त रहेछ देश पनि । यसकारण सिमानाले बाधेर रेखाङ्कित भूभागलाई यही हो देश भनी मूर्त्याउनु परेको होला, चिनाउनु परेको होला । यसरी चिनाउने देशको हुलिया अरू पनि हुनसक्छ । राज्यविस्तार गर्ने प्रलोभनले होस् कि देश जोगाउने सोचले वा कसैले साँध मिच्ने र राज्य हडप्ने डरले होस् आफ्नो आधिपत्यमाथि कसैको हस्तक्षेप असहिष्णु हुन्छ र घोर आपत्तिजनक" (पृ.८२-८३) ।

निर्वासित हुने विवशता सिर्जना गर्ने स्वदेश नेपाल र अरू देशका भन्दै खेद्ने-लखेट्ने वर्मा, भुटानहरू एउटै होइनन् । त्यहाँका र यहाँकाहरू एउटै जातिका मान्छे होइनन् । एउटालाई स्वदेश र अर्कोलाई विदेश भनिन्छ । देश देशै हो । यहाँकाहरू नेपाली हुन् । त्यहाँकाहरू वर्मेली अथवा भुटनी हुन् । मान्छे जहाँका भए पनि मान्छे मान्छे नै हुन् तर त्यसो भनिदैन । देश फरक भएको कारणले अर्को देशका मानिसलाई आफ्नो भनी कोही स्वीकार गर्दैनन् । खेदिएका नेपालीले वर्मा, भुटानलाई मेरो देश भने तर उनीहरूका लागि न वर्मा, न भुटान नेपाल भयो भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "देश त देशै हो दुवै । यहाँकाहरू नेपाली हुन्, त्यहाँकाहरू वर्मेली अथवा भुटानी । मान्छे त मान्छे नै हुन् यिनीहरू जो जहाँका भए पनि । तर त्यसो भन्दा रहेनछौं । देश फरक भएकाले अर्को देशका मानिसहरूलाई आफ्नो भनेर कोही स्वीकार गर्दैनन् । खेदिएका नेपालीले वर्मा, भुटानलाई मेरो देश भनेर के गर्नु ? उनीहरूका निमित्त न वर्मा नेपाल भो, न भुटान । हुँनै दिएनन्" (पृ.८३) ।

राष्ट्रियता र जातीयताको सन्देश दिनेहरूले विदेशिनेलाई रोक्न सकेका छैनन् । फर्कनेहरूलाई आँगाल्न सकेका छैनन् । खेदिनेहरू घर न घाटका भएका छन् । अहिले उनीहरू देश विहीन भएका छन् । पितृभूमि विहीन नेपालीहरू भुटानी भएर शरणार्थी जीवन जिइरहेका छन् । यसरी दुवै तिरबाट वञ्चित मानिसहरू नेपाली, भुटानी र वर्मेली पनि हुन् । तर उनीहरूले केही नहुनाको रिक्तताको जोखिम भोग्नु परेको छ । यस परिस्थितिले अनागरिकताको सङ्कट र देश विहीनताको सङ्कट गरी दुई किसिमका सङ्कट उत्पन्न गरेको कुरालाई यस निबन्धमा निबन्धकारले देखाउन खोजेका छन् । उनी भन्छन्- "दुवैतिरबाट वञ्चित मानिसहरू नेपाली पनि हुन्, भुटानी पनि हुन्, वर्मेली पनि हुन् तर क्यै नहुनाको रिक्तताको जोखिम भोग्नु परेको छ- अनागरिकताको सङ्कट, देशविहीनताको सङ्कट" (पृ.८४) ।

परदेशीनेहरूलाई देश नहुनुको पीडा छ । देशवासीहरूमा देश दुख्नुको पीडा छ । शोषक, सामन्ती दुरावस्थाले बसिनसक्नु भई कामको खोजीमा विस्थापित हुनेहरूको यथार्थ र विवशतालाई यस निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छन् । आफ्नो नहुने परदेश बोकेर देश गुमाउने वा आफ्नो देश त्यागेर परदेशलाई आफ्नो ठान्नेहरूको मनोकाङ्क्षालाई कसैको राष्ट्रियताले सकारेको छैन । देशहरू एउटै मानिसका भिन्ना भिन्नै बस्ती हुन् । देशहरूका लागि आफ्नै देशका मानिसहरू एउटै हुन्छन् । मान्छेको देश र देशका मान्छेहरूलाई छुट्याउने एउटा सिमाना छ । मान्छेहरू सिमानामा बाँच्छन्, सिमानामा लड्छन्, सिमानामा मर्छन् र सिमानाकै बन्दी भएर स्वतन्त्रता भोगिरहेका छन् । देशहरू जिते पनि हारे पनि मान्छे सधैँ लडाइँमा छन् त्यसकारण निबन्धकार भन्छन् अर्थोकको लागि नलडौँ । मान्छेका लागि मानवताका लागि लडौँ । उनी भन्छन्- "लड्नु नै छ भने अब मान्छेका निम्ति लड ! मान्छे हुनलाई लड ! उसको अहम्का निम्ति लड्ने गर, सम्मानका निम्ति लड्ने गर" (पृ.८६) ।

मानवता रित्तिएपछि मात्र जङ्गबहादुर जन्मिने गर्छन् । जङ्गबहादुर कुनै व्यक्ति नभएर एउटा प्रवृत्ति हो । त्यो सधैँ हुर्किरहेको र जन्मिरहेको छ । अज पनि देशमा जङ्गबहादुरहरू जीवितै छन् (भट्टराई, २०६२ :२६१) । भुटानी शरणर्थीलाई हेर्दा अथवा देश छाडेर बाहिरिने नेपालीलाई हेर्दा यस्तो पीडा हाम्रो आँखासामु सधैँ प्रत्यक्ष छ ।

### ४.९.२ भाषाशैली

**मान्छे जङ्गबहादुर भएछन्** निबन्धको शीर्षक नाम, नाम र क्रिया पदहरू मिलेर बनेको छ । यो शीर्षकले लाक्षणिक अर्थ ग्रहण गरेको छ भने विषयवस्तु अनुसार शीर्षक सार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले आण्फ्नो अनुभव र विचारहरू प्रस्तुत गरेका हुनाले शैलीका आधारमा यो निबन्ध विचारात्मक शैलीमा लेखिएको छ । जस्तै- "समाज नहुने मानिस देख्दिन । संघ, समुदाय, सङ्गठनमा बाँधिएकाहरू सायदै कोही होलान । हरएकको आ-आफ्नो देश छ  र विभक्त भई त्यसैमा अनुरक्त भइदिएका हुन्छन् । निचोड हो समाजबाहिर हामी छैनौँ, देशविहीन पनि कोही हैनन् । अनि हरएक देशको आफ्नो सरकार छ । उनीहरूको आफ्नै नियम, काइदा, कानून छन्, व्यवस्था छ, सेना-प्रहरीहरू छन्" (पृ.८२) ।

शिल्पका आधारमा यो निबन्ध संयत शैली र विषय वर्णका आधारमा प्रसाद शैलीको प्रयोग गरिएको छ । जस्तै- "देश मान्ने-नमान्नेहरू सबैको हो तर त्यहाँका पीडाहरू भने एकै किसिमका हुँदा रहेनछन् । देश हुनेहरूको पीडा एक प्रकारको हुन्छ, देश नहुनेहरूको पीडा अर्को प्रकारको हुन्छ । अनि देश भएर पनि आफ्नो जस्तो नलाग्नेहरूको पीडा अझ अर्कौ प्रकारको हुँदो रहेछ" (पृ. ८२) ।

कथन शैलीका आधारमा यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँचा प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । जस्तै- "लाग्छ अमूर्त सत्यको मूर्त व्याख्या गर्दैछु । अथवा मूर्त सत्यको अमूर्त अर्थ्याइ भन्दा पनि हुन्छ । यथार्थमा निराकार स्वतन्त्रतालाई आकार दिएर त्यसको रहस्यलाई बिम्बित गर्ने प्रयासले यसका प्रति सम्मोहित हुनाको बलियो दृष्टान्त समुपस्थित गर्छ । भावनामा आत्मसात गर्न खोजिए पनि यसको सामाजिक आग्रह छ" (पृ.८१) ।

शब्द चयनका आधारमा यस निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरू प्रयोग भएका छन् । जस्तै- सुशोभित, शोषित, हस्तक्षेप, आदि जस्ता तत्सम शब्द र कुल्ली, काइदा, कानून, जोखिम, इनक्विजिसन आदि जस्ता आगन्तुक शब्द र उट्ठीबास, खोजी जस्ता नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ । यस निबन्धमा तुलानात्मक रूपमा तत्सम र नेपाली शब्दहरूको बढि प्रयोग भएको पाइन्छ (पृ.८१-८६) ।

यस निबन्धमा लामा-छोटा गरी जम्मा बीस अनुच्छेद रहेको पाइन्छ । एक सय दश वाक्यात्मक संरचना रहेका छन् । यो निबन्ध भित्र एक सय त्रीचालीस पङ्क्तिहरू रहेका छन् ।

वाक्य गठनका आधारमा यस निबन्धमा सरल, संयुक्त, मिश्र र प्रश्नार्थक वाक्यहरू रहेका छन् । जस्तै- "देश मान्ने-नमान्नेहरू सबैको हो तर त्यहाँका पीडाहरू भने एकै किसिमका हुँदा रहेनछन्" (पृ.८२), "तिब्बतीहरूको देश तिब्बत नै हो तर अहिले उनीहरूलाई आफ्नो देश विदेश भइदिएको छ, विदेश चाहिँ स्वदेश" (पृ.८३) जस्ता संयुक्त वाक्य, "त्यहाँ सबथोक छ खालि एउटा मान्छे छैन" (पृ.८६), "मान्छे त मान्छे नै हुन् यिनीहरू जो जहाँका भए पनि" (पृ.८३) जस्ता मिश्रण वाक्य, "समाज नहुने मानिस देख्दिन" (पृ.८२), "हरएकको आ-आफ्नो देश छ" (पृ.८३) जस्ता सरल वाक्य र "किन जिते पनि लड्नु परिरहेछ ?", "किन हारे पनि लड्नु परिरहेछ अहिले र सधैं सधैं ?" (पृ.८६) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

यस निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन पदक्रमलाई व्याकरणात्मक ढाँचा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिइएको पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थान भन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको पाइन्छ । जस्तै- "सबै उही र उस्तै उस्तै छैनन् । दुखाइ भने एउटै किसिमको लाग्छ- अनुभूति गर्ने संवेदनशीलता एउटै, दुख्ने मन एउटै, लाग्ने चोट एउटै" (पृ.८२) । तर, अनि, अथवा, र, वा, भनी, जो, भने, किनभने जस्ता संयोजक र न, र, नि, के, नै, चाहिँ, खै जस्ता निपात शब्दहरूको प्रयोगले भाषामा मिठास थपिदिने काम गरेको छ ।

### ४.९.३ उद्देश्य

मान्छे देश होइन जसलाई सिमानामा छुट्याउन सकिन्छ । मान्छे धर्म होइन जसलाई सम्प्रदायमा टुक्र्याउन सकिन्छ । मान्छे नेपाली, भारतीय, अफ्रिकाली वा एशियाली जुनसुकै मुलुकको भए पनि हामी सबैले मान्छेको सम्मानका निम्ति लड्नु पर्दछ । देश र सिमानाका निम्ति होइन भन्ने कुरा देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । यस निबन्धको विचार प्रतिपादन सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ ।

देशहरू एउटै मानिसका भिन्ना भिन्नै बस्ती हुन् । मानिसहरू भिन्नै भिन्नै देशका भइकन पनि एउटै जातीका हुन्छन् । तर त्यसो भनिदैन । हामीलाई आफ्नो देश भन्दा ठूलो अर्को देश लाग्दैन भन्ने कुरालाई यस निबन्धमा देखाउन खोज्नु पनि यो निबन्धको उद्देश्य रहेको छ । मान्छेहरूले मान्छेका, देशका, राष्ट्रियताका, नागरिकताका, विश्वासका साँधहरू नाघ्न सकेका छैनन् । मानिसहरू सधैं साँधका वन्दी भएर मन्छे माथि लगाइएको यो सिमाना तर्न सकेका

छैनन् । मान्छेको देश र देशका मान्छेहरूलाई छुट्याउने एउटा सिमाना छ । हामी सिमाना भरिको स्वतन्त्रता, संप्रभुता, बाँचेर राष्ट्रियताको कुरा र अभिमान गर्छौं । हामी सित यस्तै फुटेको गौरव, खेराजाने समर्पण, काम नलाग्ने त्याग, मर्ने र मार्ने देशभक्ति, अर्थहीन वलिदान बाहेक केही छैनन् भन्ने कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

मान्छे मान्छे भएन, देश देश भएन जे हो त्यो सिमाना मात्रै हो । मानिसहरू सिमानाकै वन्दी भएर स्वतन्त्रता भोगिरहेका छन् । त्यसभन्दा पर मान्छे र देश पनि छैनन् । मानिसहरूले लड्नु नै छ भने मान्छेका निम्ति, मान्छे हुनका निम्ति, उसको अहम्का निम्ति र सम्मानका निम्ति लड्ने गरौं भन्ने कुरालाई यस निबन्धमा देखाइएको छ । मान्छेले अर्थोकको लागि होइन, मान्छेको लागि, मानवताको लागि लड्नु पर्दछ भन्ने कुरालाई देखाउन खोज्नु यस निबन्धको मूल भाव रहेको छ । मान्छेमा मानवता रित्तिए पछि मात्र जङ्गबहादुर जन्मिने गर्छन् । जङ्गबहादुर कुनै व्यक्ति नभएर एउटा प्रवृत्ति हो । यस्तो प्रवृत्ति जन्मन दिनु हुँदैन भन्ने विचार प्रस्तुत गर्नु यस निबन्धको मुख्य आसय रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो विचार वा भावलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नु पर्दा मान्छेहरूमा सबै थोक छ खालि एउटा मान्छे छैन । मान्छेमा बिवेक, संवेदनशीलता, सबै अटाउने पृथ्वी जत्रो छाती र आकाश जस्तो अँगालोको मान्छे छैन । यसको रिक्ततामा मान्छे जे पनि र जस्तो पनि भइदिने गरेका छन् । मान्छेहरू अङ्गुलिमाल देखि जङ्गबहादुरसम्म जे पनि जस्तो पनि भइदिने गरेका छन् भन्ने कुरा देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । छ पृष्ठमा संरचित प्रस्तुत निबन्धको भाषाशैली सरल, सहज र प्रभापूर्ण रहेको छ ।

### ४.१० **घोषण, घाट र स्वास्थ्यलाभको कामना** निबन्ध

"घोषण, घाट र स्वास्थ्यलाभको कामना" निबन्ध २०६१ जेठ ५ गते नेपाल **समाचार पत्र**मा प्रकाशित भएको थियो । यो निबन्ध नौं पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत नवौं निबन्ध हो ।

### ४.१०.१ विषयवस्तु

प्रस्तुत निबन्धमा राजनीतिक विषयवस्तु रहेको छ । यो निबन्धको विषयवस्तुको प्रस्तुतिलाई श्रृङ्खलित, व्यवस्थित र शीर्षक केन्द्रित गराएर सरल रूपामा प्रस्तुत गर्नुभन्दा पनि सूत्रवत् रूपमा अनेकौं प्रसङ्गलाई निबन्धमा जडान गरिएको पाइन्छ । घोषणा, घाट र स्वास्थ्यलाभको कामना निबन्धमा नेपालले भोगेको एउटा डरलाग्दो घडीको कथा छ । वि.सं. २०६१ साल माघ १९ गते भएको शाही घोषणलाई यस निबन्धको मूल विषयवस्तु बनाइएको छ । यो निबन्धले वि.सं. २०१७ साल देख्न नपाउनेहरूका निम्ति त्यसको पुनरावृत्ति हेर्न पाइने यथार्थिक दृश्य बोकेको छ । यो निबन्धलाई एउटा दुःखद र त्रासद दुरर्घटनाको द्वयर्थक भाव उत्पन्न हुने गरी प्रस्तुत गरिएको छ । यस निबन्धमा अलिकति कथानात्मकता पनि छ । निबन्धकार आफन्तको जुठोमा घाट पुगेर घर फिर्दैछन् । बाटामा भेटिएको एक परिचितसँगको संवादमा उनी भनछन्- प्रजातन्त्र घाट पुऱ्याएर आएको । (भट्टराई, २०६२ : २६१) ।

त्यस सङ्क्रमण कालमा सञ्चारका माध्यम बन्द गरेर जगत्लाई सम्पर्क विच्छेद गराएर भयको वातावरण सिर्जनागरी सङ्कटकाल घोषणा गरिएको थियो । यसरी टेलिफोन, मोबाइल, इमेल, इन्टरनेट जस्ता महत्त्वपूर्ण माध्यम बन्द गरेर नेपालीहरूको स्वतन्त्रता हरण गरिएको कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- “टेलिफोन मात्र कहाँ र सेलुलर मोबाइलदेखि इमेल, इन्टरनेट क्यै चल्दैन । सबै सङ्कटको शिकार भएछन् । दिक्क लाग्यो । टेलिफोन जस्तो मानवीय आधारभूत सेवाको यो गति” (पृ.९२) !

टी.भी., रेडियो जस्ता सञ्चारका माध्यमहरू बन्ध गरेर समचारको साटो मनोरञ्जनका च्यानलहरू मात्र खुल्ला गर्न लगाएर सरकारले जनताको चेतना मार्ने प्रयास गरेको छ । आजीवन जेल सजाय पाएका ज्यानमारा कैदीहरूले नेल हतकडी गलफन्दीलाई गहना सम्झे जस्तो मान्छेले जुनसुकै परिस्थिमा पनि लाचार भएर असहज कुरालाई सहज रूपमा स्वीकार्नु पर्ने बाध्यता रहोको कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- “बानी परेपछि जे पनि पच्दोरहेछ । आजीवन जेल सजाय पाएका ज्यानमारा कैदीहरूले नेल, हतकडी, गलफन्दी गहना सम्झिदिए जस्तो । महान् सिम्फोनी लाग्न थालिरहेछ हाम्रा झ्याउरे गीतहरू पनि” (पृ.९३) ।

सङ्कटकाल नेपाली इतिहासको अघोषित सङ्कटको श्रृङ्खला हो भनी सङ्कटकाल प्रति तिखो व्यङ्ग्य प्रस्तुत गरेका छन् निबन्धकारले यस निबन्धमा । निबन्धकार भन्छन्- "यो देशमा सङ्कटकाल कहिले थिएन र ? घोषणा नगर्दै सङ्कट नहुने हो र ? जीवन गरिबीको, अभावको, दासत्वको, वञ्चनाको सङ्कटमा छ । तर यासलाई सङ्कट भनिएन । यहाँ गरिबी, बेरोजगारी, विवशता, दासता, अज्ञानता, निरङ्कुशता जस्ता सङ्कटका बहुआयामहरू छन् ।" (भट्टराई, २०६२ :२६१)

इतिहासमा यसरी कति सङ्कट आएर गए । मान्छे आज पनि काटिएका, गिडिएका, कुटिएका अथवा बस्तीबाट धपाइएका र निर्वासित भएका छन् । यी सबै सङ्कट हुन् । तर आजको सङ्कटकाल कसैलाई नदुःख्ने, नबिझाउने भएको छ । किनभने मान्छे थाहा नपाउने गरी अथवा विचेत हुनेगरी कुटिएका, होसै हराउने गरी चेप्टिएका र संवेदना गुम्नेगरी लडाइएका छन् । यहाँ सङ्कटकाल लागेको छ भनेर कसैले सोच्न सक्तैन । विस्मतले कसैको अनुहार लत्रेको छैन । प्रजातन्त्र आउँदा उठेका हातहरू जाँदा आकाश उचाल्दै रमाइरहेका छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "कसैले सोच्नै सक्तैन यहाँ सङ्कटकाल छ भनेर । विस्मतले कसैको अनुहार लत्रेको पनि देखिन । ग्रहण लाग्दाको अँध्यारो र टाउको दुख्दाको निन्याउरो पनि देखिन कसैलाई । मानुँ क्यै भएकै छैन । प्रजातन्त्र आउँदा उठेका हातहरू जाँदा पनि आकाश उचाल्दै रमाइरहेछन्" (पृ.९५) । नेपालीहरूको दोहोरो चरित्रका कारणले गर्दा प्रजातन्त्र आउँदा ताली चुट्ने र त्यसको हत्याहुँदा पनि दीपावली गर्ने गरेका छन् । अन्त्यमा निबन्धकारले इमर्जेन्सी वार्डमा भर्ना भएको समयको शीघ्रातिशीघ्र स्वास्थ्यलाभको सामूहिक कामना गरेका छन् ।

### ४.१०.२ भाषाशैली

प्रस्तुत निबन्धको शीर्षक नाम पदहरू मिलेर बनेको छ । लाक्षणिक अर्थ सापेक्षतामा रहेको यो निबन्धको शीर्षक विषयवस्तु अनुसार सार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो अनुभव र विचारहरू प्रस्तुत गरेका हुनाले शैलीका आधारमा यो निबन्ध विचारात्मक शैलीमा लेखिएको छ । जस्तै- "टेलिफोन मात्रै कहाँ र सेलुलर मोबाइलदेखि इमेल, इन्टरनेट क्यै चल्दैन । सबै सङ्कटको शिकार भएछन् । दिक्क लाग्यो । टेलिफोन जस्तो मानवीय आधारभूत सेवाको यो गति ! बानी परिसकेपछि नहुँदा हातै भाँचिएजास्तो हुँदोरहेछ । कस्तरी यन्त्रजिवी

भइसकेछौँ हामीहरू । केही समय अवरूद्ध हुँदा त यो गति- घडीको  सुई रोकिएजस्तो" (पृ.९२) ।

यस निबन्धमा शिल्पका आधारमा संयत शैली र विषय वर्णका आधारमा प्रसाद शैलीको प्रयोग गरिएको छ । जस्तै- "घोषणा पछि सङ्कटकाल लागू भएछ । सर्वसाधारण जनतालाई त के फरक पर्थ्यो ? बरु यो बन्द, त्यो बन्दले थाकेकाहरू अब सारागतिविधि, भएभरको आर्थिक कारोबार ठप्प हुने गरी बन्द हड्ताल नहुने भो" (पृ.८९) ।

कथन शैलीका आधारमा यस निबन्ध आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँचा प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । जस्तै :- "चियासंगै टि.भी.मा विहानको समाचार सुन्दै थिएँ । बिचमा प्रसारित सूचना मेरो कानमा ठोकिन्छ- विहान १० बजे श्री ५ महाराजधिराजबाट शाही घोषणा हुँदैछ । सुन्नु होला । मैले ठाने माओवादीसँगको शान्ति वार्ता, चुनाव यस्तै क्यै होला" ( पृ.८६) ।

शब्द चयनका आधारमा यस निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरू प्रयोग भएका छन् । जस्तै- इमर्जेन्सी, दस्तक, कानून, कदम, कायदा जस्ता आगन्तुक शब्दहरू र अशान्ति, असुरक्षा, घोषणा जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ । च्वाट्टै, पटक्कै, ठ्याक्क जस्ता अनुकरणात्मक शब्दको प्रयोग भएको पाइन्छ । यस निबन्धमा तुलानात्मक रूपमा तत्सम र नेपाली शब्दहरूको बढि प्रयोग भएको पाइन्छ (पृ.८७-९५) ।

साना-ठुला गरी अठ्तीस अनुच्छेद रहेको प्रस्तुत निबन्धमा दुई सय तेह्र पङ्क्तिहरू रहेका छन् । यस निबन्धमा साना-ठुला गरी दुई सय अठ्तीस वाक्यात्मक संरचना रहेका छन् । वाक्य गठनका आधारमा यस निबन्धमा सरल, संयुक्त, मिश्र, सम्भावनार्थक र प्रश्नार्थक वाक्यहरू रहेको पाइन्छ । जस्तै- "जसले देशको जिम्मा लिन्छ उसैले सोचोस्" (पृ.९०), "सङ्कटै नपरी सङ्कटकालको घोषणा हुँदैन भने यस्ता सङ्कट कति आए; गए" (पृ.९३) जस्ता मिश्रवाक्य, "कहिले थिएन र हामीले सङ्कट भोगे नौं" (पृ.९३), "भोलिपल्ट पनि निस्केको थिएँ र यसपछिको दिनहरूमा पनि नयाँ सडक, असन बाजर, कमलाक्षी, किंग्सवेको फन्को मार्दै रत्नपार्क पुगिरहें" (पृ.९४)  जस्ता संयुक्तवाक्य, "घोषणा पछि सङ्कटकाल लागू भएछ", "भैयादहरू धेरै जम्मा भइसकेका थिए" (पृ.८९) जस्ता सरल वाक्य, "साँच्चि शाही घोषणा सुन्नु भो ?" (पृ.९०), "प्रजातन्त्रकै मृत्यु कहाँ हो र ?" (पृ.९१) जस्ता प्रश्नार्थक वाक्य, र "अचेलको

हत्या हिंसासितै सम्बन्धित कुनै सोच उद्धारकार्यहरू के के होला" (पृ.८८), "मैले ठाने माओवादीसँगको शान्तिवार्ता, चुनाव यस्तै क्यै होला" (पृ.८७) जस्ता सम्भावनार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

यस निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन पदक्रमलाई व्याकरणात्मक ढाँचा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिएको पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थान भन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको पाइन्छ । जस्तै- "आतशबाजीको अकाशजस्तो देखिन्छ अँध्यारोमा छरिएको खुशीको वातावरण" (पृ.८९) । यस निबन्धमा कतै कतै अशुद्ध र अप्रचलित लाग्ने शब्दहरूको प्रयोग गरिएको पाइन्छ । जस्तै- "क्यै, यत्रैसित, सोहर्नेको, भातसात, कुन्नि" (पृ.८७-९५) । साथै पनि, के, पो, नि, नै जस्ता निपात शब्दहरूको प्रयोगले भाषामा मिठास थपिदिने काम गरेको छ । "बानी परेपछि जे पनि पच्दो रहेछ । आजीवन जेल सजाय पाएका ज्यानमारा कैदीहरूले नेल, हतकडी, गलफन्दीलाई गहना सम्झिदिए जस्तो । महान सिम्फोनी लाग्न थालिरहेछ हाम्रा भ्याउरे गीतहरू पनि" (पृ.९३) जस्ता उपमा आलङ्कारको प्रयोगले भाषालाई अलङ्कृत एवं परिष्कृत पारेको छ ।  र, तर, अब, जसले, जो, अनि, भन्ने, भने जस्ता संयोजक शब्दको प्रयोग भएको पाइन्छ ।

### ४.१०.३ उद्देश्य

नेपालमा गरिबी, बेरोजगारी, विवशता, दासत्व, अभाव, वञ्चना, अज्ञानता र निरकुशताको सङ्कट सधैँ भइरहेको छ भन्ने कुरालाई देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । यस निबन्धको विचार प्रतिपादन सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ । वि.सं. २०६१ साल माघ १९ गते भएको शाही घोषणालाई मूल विषयवस्तु बनाइ प्रस्तुत गरिएको यस निबन्धमा शाही घोषणा पछि सरकारले सङ्कटकालको घोषणा गरेको कुरालाई देखाइएको छ । सङ्कटकाल नेपाली इतिहासको अघोषित श्रृङ्खला हो । नेपालमा सङ्कटकालको घोषणा नगरे पनि सङ्कटकाल सधैँ भइराखेको छ भन्ने कुरा देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

नेपालमा सरकारले सञ्चार माध्यममा सङ्कटकाल घोषणा गरेर जगत्लाई सम्पर्क विच्छेद गरी भयको सिर्जना गरेको कुरालाई यस निबन्धमा देखाइएको छ । सरकारले सञ्चार माध्यम जस्तो संवेदनशील माध्यम बन्द गरी नेपाली जनताको स्वतन्त्रता हरण गरेको छ ।

सरकारले रोडियो, टि.भी. जस्ता माध्यममा समाचार दिनुको साटो मनोरञ्जनका च्यानल खुला गरेर जनताको चेतना मार्ने प्रयास गरेको कुरालाई प्रस्तुत गर्न खोज्नु नै यस निबन्धको प्रमुख विचार रहेको छ । मान्छेले जस्तोसुकै परिस्थिति आए पनि असहज कुरालाई सहज रूपमा स्वीकार्न सक्नु पर्दछ भन्ने कुरालाई प्रस्तुत गर्न खोज्नु नै यस निबन्धको मूलभाव रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो विचार वा भावलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नु पर्दा यस निबन्धमा सङ्कटकालको घोषणा नगरे पनि नेपालमा बेरोजगारी, दासत्व, विवशता र अज्ञानताको सङ्कट सधैं भइरहेको छ भन्ने कुरालाई देखाइएको छ । मान्छेले जस्तोसुकै परिस्थिति आए पनि सङ्घर्ष गरेर बाँच्न सिक्नु पर्दछ भन्ने कुरालाई देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । नौं पृष्ठमा संरचित प्रस्तुत निबन्धको भाषाशैली सरल र प्रभावपूर्ण रहेको छ ।

## ४.११ **आस्थाका साँधहरू** निबन्ध

"आस्थाका साँधहरू" निबन्ध अप्रकाशित निबन्ध हो । यो निबन्ध छ पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत दसौं निबन्ध हो ।

### ४.११.१ विषयवस्तु

विचार र दर्शनलाई मूल विषयवस्तु बनाइएको प्रस्तुत निबन्ध दार्शनिक चिन्तनले भरिएको निबन्ध हो । यस निबन्धको विषयवस्तुको प्रस्तुतिलाई श्रृङ्खलित, व्यवस्थित र शीर्षक केन्द्रित गराएर सरल रूपामा प्रस्तुत गर्नुभन्दा पनि सूत्रवत् रूपमा अनेकौं प्रसङ्गलाई निबन्धमा जडान गरिएको पाइन्छ ।  मान्छेले हासिल गरेको विज्ञानको उपलब्धिहरूले असम्भव लाग्ने कुराहरूलाई सम्भव तुल्याइ दिएका छन् । हामीले देखेको ब्रम्हाण्ड पुराणमा पढेको कथा जस्तो लाग्दैन । यो भौतिक संसार, अनन्तता, अन्तरिक्ष, सिङ्गो ब्रम्हाण्ड मान्छेको पाइलाभित्रको पृथ्वी जस्तो सानो देखिन्छ । विज्ञानको उपलब्धिका कारण यो सिङ्गो ब्रम्हाण्ड खुम्चिसकेको छ जसलाई हामी सरसर्ती पढन सक्छौं, देख्न सक्छौं भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "मान्छेले हासिल गरेको विज्ञान तथा टेक्नोलोजीका उपलब्धिहरू देख्दा असम्भव भनेको क्यै रहेनछ भन्ने लाग्यो । उसले टेक्ने बित्तिकै धरती आदिबासीहरूको जङ्गल रहेन । उसको हातले उचालेका आकाश सुने जस्तो परीको देश होइन रैछ । उसको आँखाले

देखेको ब्रम्हाण्ड पढेजस्तो पुराणको कथा लागेन । सबै समेटिएको भौतिक संसार, यो अनन्तता, त्यो अन्तरिक्ष, यो सङ्गो ब्रम्हाण्ड वामनको पाइलाभित्रको पृथ्वीजस्तो एकदम सानो लागिदिन्छ" (पृ.९६) ।

मान्छेको जीवन अनेक पुनर्वृत्यात्मक कर्महरूले भरिएको हुन्छ । मान्छेको जीवन भनेको आशा र निराशाको रोटेपिङ हो । आख्यानात्मक मिथक भैं लाग्ने प्रतीकहरू अर्थपूर्ण र साङ्केतिक हुन्छन् । लोकोन्मुख बिम्ब रच्ने स्रष्टाहरू समय हुन् । हामी भित्र रहेको समय क्रियाशील छ । समय, समयका जीवन्ततताहरू, सृजनशीलताहरू क्रियाशील छन् । हाम्रा औँलाहरूमा जन्मेका शताब्दीहरू विगत र आगतको बकपत्र भएर इतिहास र भविष्य भएर बोल्ने गर्छन् । समय दिनरातको नियमित परिक्रमा गरिरहने महिना र ऋतु होइन । समय जिजीविषा हो भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "हाम्रा औंलाहरूमा जन्मेका शताव्दीहरू, विगत र आगत नै भनूँ सामर्थ्यको बकपत्र भएर इतिहास बोल्ने गर्छ, भविष्य बोल्ने गर्छ । दिन र रातको नियमित परिक्रमा गरिरहने समय खालि महिना र ऋतु होइन जो पुनरागमनको बाटो हिँडेर घन्टाघरको काम गर्ने गर्छ । समय त जिजीविषा हो, मानिसले सोच्ने परिकल्पनाहरूको अमूर्त गन्तव्य जस्तो पनि, इच्छाहरूको अभिलेखजस्तो पनि, कसैले नचाहे पनि भइरहने परिवर्तजस्तो पनि" (पृ.९७) ।

मानिसले सोच्ने परिकल्पनाहरू मूर्त गन्तव्य हुन् । यो कसैले नचाही परिवर्तन भइरहन्छ । समय हावा हो । यो एकै थलोमा रहदैन । समय भनेको रिक्त स्थितिको कल्पना जस्तो असम्भव लाग्ने ब्रम्हसत्य हो । यसैको सापेक्षतामा हामी बाँचिरहेका हुन्छौँ । हामी यसैको बदलिरहने अकुण्ठित चाहानाहरूको उज्यालोमा बाँचेका हुन्छौँ । मान्छे भन्दा महान कोही नभए जस्तो समय भन्दा कठोर केही हुँदैन भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- "मान्छेभन्दा महान् कोही नभएजस्तो मसयभन्दा कठोर पनि कसैलाई देख्दिनँ" (पृ.९७) ।

मान्छेहरू सधैँ भोगेका ठाउँमा पटक पटक मरेर बाँच्ने गर्छन् । मान्छेले मृत्यु, जीवन र आस्था केही जित्न सक्दैनन् । मान्छेहरू ज्ञानको सीमा बाहिर जान सक्तैनन् र अन्त्यमा नियति भनेर घुडा टेक्छन् । मान्छेले यसरी चित्त बुझाएर आफैँले आफूलाई झुक्याइ राखेका हुन्छन् । मान्छेको ठुलो कमजोरी भनेको यही हो । यो साँध नाघ्न कसैले सक्दैन । त्यसैले मान्छेहरू सबै

एक एकवटा आस्थाको द्वीपमा उभिएका छन् । त्यसैमा समर्पित भइरहेका छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "सबैभन्दा ठूलो कमजोरी यही हुनुपर्छ । यो साँध नाघ्नै सकिन । यसभन्दा पर अर्को सत्य छँदैछैन त भन्दिन, तर बुझ्न चाहिन । त्यसैले एकौटा आस्थाको द्वीप उभ्याउँछु र समर्पित भइदिन्छु" (पृ.९९) ।

मान्छेहरू सबै आस्थाका बन्दी हुन् । कसैले यसबाट बाहिर जाने कोशिष गरेको देखिदैन । स्वर्ग-नर्क, देवी-देवता, शास्त्र-दर्शन, परम्परा-संस्कार, समाज-राजनीति र विश्वास सबै आस्थाका टापुहरू हुन् । मान्छेहरूले आफैँले रचेका सामाजिक, आध्यात्मिक, आधिदैविक आधिभौतिक आदिको ओत लागेर बाँचेका छन् । मान्छेहरू यिनै विश्वासको डोरीमा डोरिएर हिँडिरहेका छन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "भनूँ भने म आस्थाको बन्दी हुँ । यसबाहिर जाने कोशिश गरिन, गरेकै देख्दिन कसैलाई । स्वर्ग-नर्क, देवी-देवता, शास्त्र-दर्शन, परम्परा-संस्कार, समाज-राजनीति, विश्वास सबै आस्थाका टापूहरू हुन् । आफैँले रचेका हाम्रा सामाजिक, आध्यात्मिक, आधिदैविक, आधिभौतिक के के हुन्, तिनीहरूको ओत लागेर म सम्भ्रमित बाँचिदिएको छु, मान्छेहरू तिनै सम्भ्रमित आस्था बाँचिदिएका छन्, तिनै विश्वासले डोरिएर हामी हिँडिदिएका छौँ" (पृ.९९) ।

मान्छेहरू धर्म, संस्कृति, आस्था, संस्कार आदिको सृजनामा लागिरहेका हुन्छन् । आत्मसमर्पण गर्नु र कसैकाप्रति आस्थावान हुनु भनेको एउटै कुरा होइन । समर्थता र विवशतामा मान्छेले हार स्वीकार्न सक्छ तर भक्त भई कसैको पछिलाग्न सक्दैनन् भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- "धर्म, संस्कृति, आस्था, संस्कार, मान्छेहरू परम्पराकै सिर्जनामा लागिरहेछ । आत्मसमर्पण गर्नु र कसैकाप्रति आस्थावान हुनु एउटै होइन । असमर्थता र विवशतामा मान्छेले हार स्वीकार्न सक्छ तर भक्त भई उसको पछि लाग्दैन" (पृ.१००) ।

सिद्धार्थ गौतमले हामीले मान्ने गरेको साँध र प्राप्ति दुवैलाई स्वीकार गरेनन् । उनले मृत्युलाई, बृद्धत्वलाई र विरक्तिलाई त्यसरी लिएनन् । उनी त्यसभन्दा पर जान खोजे र अरूले भन्दा भिन्नै अर्थ दिन, बुझ्न, हेर्न र जान्न खोजेका छन् । उनी बूढा भए । विरक्तिएर उनले राजपाटै त्यागेर भिक्षाटन गरे । उनले मान्ने गरेका कतिपय आस्थाका सिमानाहरू भत्किन्छन् । यदी सिद्धार्थ गौतममा एक्लै हिड्ने साहसिकता नभइदिएको भए उनी राजा हुन्थे, शुद्धोधन हुन्थे

। उनी गौतम बुद्ध हुँदैन थिए भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन्- “सिद्धार्थ गौतमले हामीले मान्ने गरेको साँध र प्राप्ति दुवैलाई स्वीकारेनन् । मृत्युलाई पनि त्यसरी लिएनन्; बृद्धत्वलाई पनि लिएनन्, रोग विरक्तिलाई पनि  लिएनन् । त्यसभन्दा पर जान खोजे । अरूले भन्दा भिन्नै अर्थ दिन खोजे, बुझ्न, हेर्न, जान्न चाहे । त्यसो त उनी नमरेका होइनन् । बूढा पनि भए । विरक्तिएर राजपाटै त्याग्छन् । त्यसको साटो बरु भिक्षाटन गर्न थाले । यसरी कतिपय आस्थाका सिमानाहरू भत्किन्छन् उनीमा । मान्ने गरेका समिनाहरू पनि भत्किन्छन् । एक्लै बाँच्ने प्रयासमा संघलाई ढोऱ्याउँछन् । एक्लै हिँड्ने साहसिकता नभइदिएको भए सिद्धार्थ गौतम राजा हुन्थे, अर्को शुद्धोधन हुन्थे । यति हो । गौतम बुद्ध हुँदैन थिए (पृ.१००) ।”

हामी सबै राजनीतिमा, धर्ममा, भूगोलमा संस्कृतिमा, परम्परामा सबैतिर टाँगिएर, अल्झिएर फुत्किन नसक्ने भएका छौँ । कुनै विश्वासप्रति आस्थावान हुनुको अर्थ आत्मसमर्पण गर्नु, दासत्वको खडलमा खस्नु होइन । धंम, संस्कृति, साहित्य, जीवदर्शन यावत, पक्षहरूको निरन्तर परिवर्तनको कारणले आस्थाका साँधहरू भत्किरहेका छन् । तीसँग हामीले मिल्दै बाँच्नु पर्दछ भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

### ४.११.२ भाषाशैली

**आस्थाका साँधहरू** निबन्धको शीर्षक नाम पदहरू मिलेर बनेको छ । यस निबन्धको शीर्षकले अभिधात्मक अर्थ ग्रहण गरेको छ । विषय वस्तु अनुसार यो निबन्धको शीर्षक सार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो अनुभव र विचारहरू प्रस्तुत गरेका हुनाले शैलीका आधारमा यो निबन्ध विचारात्मक शैलीमा लेखिएको छ । जस्तै- “अन्त्य नहुने जिज्ञासा र सीमाहीन ब्रम्हाण्ड दुवैका निम्ति दुवै हाँक भएको भयै छ । समाधान के हो-यसको उत्तर छैन । एउटा समस्या सुल्झेजस्तो के हुन्छ अर्को विकराल प्रश्न तेर्सिन पुग्न । मानूँ जिन्दगी यस्तै चक्रवातीय विद्रुप र विच्छिन्नता हो । असमर्थ मानिस क्यै नगरी बस्न पनि सक्तैन, सक्नेहरू गर्नुपर्ने पनि गर्दैनन् । दुवैलाई स्वीकार नगर्ने मनोवलले भने निरन्तरता पाइराखेकै छ” (पृ.९८) ।

प्रस्तुत निबन्धमा शिल्पका आधारमा संयत शैली र विषय वर्णका आधारमा प्रसाद शैलीको प्रयोग गरिएको छ । जस्तै- “आस्थावान हुनु भनेको कसैका प्रति समर्पित हुनु पनि हो ।

समर्पणको अर्को नाम हो मृत्यु । विनाविरोधको संस्कृति हुर्काएर शान्ति खोज्नेहरूले दुवैथोक गुमाउँछन्, शान्ति पनि, जीवन पनि । उनीहरू आफूलाई निर्दो, निरीह, अकिञ्चन सम्झने गर्छन्" (पृ.९९) ।

कथन शैलीका आधारमा यो निबन्ध आत्मपरक शैलीमा लेखिएको छ भने कथन ढाँचा प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । जस्तै- "म त्यसको बदलिरहने अकुण्ठित चाहनाहरूको उज्यालोमा बाँचिरहेको हुन्छु । मान्छेभन्दा महान् कोही नभएजस्तो समय भन्दा कठोर पनि कसैलाई देख्दिनँ । अवज्ञा गर्नेहरूको पतन उनीहरूले भोग्नु परेको सबैभन्दा ठूलो यातना हो । म यसै भन्छु" (पृ.९७) ।

शब्द चयनका आधारमा यस निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरू प्रयोग भएका छन् । जस्तै- औकात, टेक्नोलोजी, जिन्दगी जस्ता आगन्तुक शब्दहरू, सन्देश, सापेक्षता, विवशता, असहिष्णु जस्ता तत्सम शब्दहरू र बकपत्र, गुनासो, लडाइँ जस्ता नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ (पृ. ९६-१०१) । यस निबन्धमा तुलानात्मक रूपमा तत्सम र नेपाली शब्दहरूको बढि प्रयोग भएको पाइन्छ ।

यस निबन्धमा साना-ठूला गरी बाइस अनुच्छेद रहेका छन् । यस निबन्धमा एक सय त्रीचालीस पङ्क्तिहरू रहेका छन् भने एक सय पन्ध्र वाक्यात्मक संरचना रहेका छन् । वाक्य गठनका आधारमा यस निबन्धमा सरल, संयुक्त, मिश्र र प्रश्नार्थक वाक्यहरू रहेको पाइन्छ । जस्तै-"लोकोन्मुख बिम्ब रच्ने स्रष्टा समय पो रहेछ जहाँ हामी मुखरित भयौँ" (पृ.९६), "दिन र रातको नियमित परिक्रमा गरिरहने समय खालि महिना र ऋतु होइन जो पुनरागमनको बाटो हिडे र घन्टाघरको काम गर्छ" (पृ.९७) जस्ता मिश्र वाक्य, "त्यसैले एकौटा आस्थाको द्वीप उभ्याउँछु र समर्पित भइदिन्छु" (पृ.९९), "आत्मसमर्पण गर्नु र कसैकाप्रति आस्थावान हुनु एउटै होइन" (पृ.१००) जस्ता संयुक्त वाक्य र "यो साँध नाघ्नै सकिन" (पृ.९९), "उनीहरू खालि पूजा खोज्छन्" (पृ.१००) जस्ता सरल वाक्य र "मृत्यु, जीवन, परम्परा कोहीका प्रति पनि कुनै गुनासो छैन भने उसले उजुरी नै किन गर्नु ?", "कसको विरुद्ध गर्नु ?" (पृ.९९) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

प्रस्तुत निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन पदक्रमलाई व्याकरणात्मक ढाँचा भन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिइएको पाइन्छ । खास गरेर

क्रियापदलाई निर्धारित स्थान भन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको पाइन्छ । जस्तै- "उनीहरू त भन्ठान्छन् यसभन्दा पर पनि क्यै छ- योजस्तै संसार, हामीजस्तै मानिस, अगणित अप्रीप्त, थुप्रै अमिताभहरू" (पृ.१०१) । यस निबन्धमा कतै कतै अशुद्ध र अप्रचलित लाग्ने शब्दहरूको प्रयोग गरिएको पाइन्छ । जस्तै- "क्यै, एकौटा, थेचरी, अकिञ्चन" (पृ.९६-१०१) जस्ता शब्दहरू प्रयोग भएको पाइन्छ ।

यो निबन्धमा जो, जब, जहाँ, भने जस्ता सापेक्ष संयोजक र र, वा, तर, जस्ता निरपेक्ष संयोजगको प्रयोग भएको पाइन्छ । नै, पनि, त, के जस्ता निपात शब्दहरूको प्रयोगले भाषामा मिठास थपिदिने काम गरेको छ । "उसको हातले उचालेको आकाश सुने जस्तो परीको देश होइन रहेछ । उसको आँखाले देखेको ब्रम्हाण्ड पढेजस्तो पुराणको कथा लागेन" (पृ. ९६) जस्ता आलङ्कारिक वाक्यको प्रयोगले निबन्ध कलात्मक एवं उत्कृष्ट बन्न पुगेको छ । समग्रमा यस निबन्धको भाषाशैली सरल, सहज र प्रभावपूर्ण रहेको छ ।

### ४.११.३ उद्देश्य

मान्छेहरू स्वभिमान र दासत्वको दोसाँधमा बाँचेको कुरालाई देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । यस निबन्धको विचार प्रतिपादन सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ । मान्छेको जीवन अनेक पुनर्वृत्यात्मक कर्महरूले भरिएको हुन्छ भन्ने कुरालाई यास निबन्धमा देखाइएको छ । मान्छेको जीवन अनेक रहस्यको खोजी, आशा र निराशाको रोटेपिङ मात्र हो । मानिसको जिन्दगी समय जस्तो चक्रवातीय हुन्छ भन्ने कुरालाई देखाउन खोज्नु पनि यस निबन्धको उद्द्देश्य रहेको छ ।

वास्तवमा सबै मानिसहरू आस्थाका बन्दी हुन् । हामी सबै राजनीतिमा, धर्ममा, भूगोलमा, संस्कृतिमा, परम्परामा सबैतिर टाँगिएका, फुत्किन नसक्ने गरी अल्झिएका छौं भन्ने कुरालाई यस निबन्धमा देखाइएको छ (भट्टराई, २०६२ : २६२) । मान्छेहरू ज्ञानको सीमा बाहिर जान सकेका छैनन् र अन्त्यमा नियति भनेर घुडाटेक्ने गर्छन् । मानिसले आफूलाई आफैँले झुक्याइराखेका छन् भने आस्थाका साँधहरू नाग्न सकेका छैनन् । मानिसहरू सबै आस्थाका बन्दी हुन् र यसबाट बाहिर जान सकेका छैनन् भन्ने कुरालाई देखाउनु यस निबन्धको मूल भाव रहेको छ ।

स्वर्ग, नर्क, देवी देवता, शास्त्र, दर्शन, परम्परा, संस्कार, समाज, राजनीति र विश्वास सबै आस्थाका टापुहरू हुन् । मानिस आफैँले रचेका सामाजिक, आध्यात्मिक, अधिदैविक, आधिभौतिक आदिको ओत लागेर बाँच्ने गर्छन् अनि यिनै विश्वासमा डोरिएर हिँड्ने गर्छन् । मानिसहरू धर्म, संस्कृति, आस्था, संस्कार आदिको सिर्जनामा लागिराखेका हुन्छन् भन्ने कुरालाई यस निबन्धमा देखाइएको छ ।

धर्म, संस्कृति, साहित्य, जीवन दर्शन, यावत पक्षहरू निरन्तर रूपमा परिवर्तन भइराखेका हुन्छन् । हामी सबैले समयअनुसारको परिवर्तनसँग बाँच्न सिक्नु पर्छ भन्ने विचार प्रस्तुत गर्न खोज्नु नै यस निबन्धको आसय रहेको छ । यस निबन्धमा निबन्धकारले आफ्नो विचार वा भावलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा यस निबन्धमा धर्म, संस्कृति, साहित्य, जीवन दर्शनयावत् पक्षहरू निरन्तर परिवर्तन भइराखेका हुन्छन् । मान्छेहरूले तीसँग मिल्दै बाँच्नु पर्दछ भन्ने कुरालाई देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । छ पृष्ठमा संरचित प्रस्तुत निबन्धको भाषाशैली विषयवस्तुअनुसार सहज र सरल किसिमको छ ।

### ४.१२ **एउटा पोर्ट्रेट उसको पनि** निबन्ध

"एउटा पोर्ट्रेट उसको पनि" निबन्ध २०६२ वैशाख ८ गते **कान्तिपुर**मा प्रकाशित भएको थियो । यो निबन्ध आठ पृष्ठमा संरचित छ । यो समय सुनामी निबन्ध सङ्ग्रहमा सङ्गृहीत एघारौँ निबन्ध हो ।

#### ४.१२.१ विषय वस्तु

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्नो आत्मकथालाई मूल विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । यो निबन्धको विषयवस्तुको प्रस्तुतिलाई श्रृङ्खलित, व्यवस्थित र शीर्षक केन्द्रित गराएर सरल रूपमा प्रस्तुत गरिएको पाइन्छ । निबन्धकारले यस निबन्धमा आफूले जीवनमा गरेका काम र घटनाक्रमहरूको तटस्थ रहेर आत्मसमीक्षा गरेका छन् । यो निबन्ध निबन्धकारकै 'सेल्फपोर्ट्रेट' हो । यो पोर्ट्रेट शरीरको नभएर उनका आस्थामा लागेका चोट, ग्लानि र आत्मस्वीकृतिको हो (भट्टराई, २०६२ : २६२) ।

यस निबन्धमा निबन्धकारले आफ्नै व्यक्तित्वका पाटाहरू प्रस्तुत गरेका छन् । दुई चार वटा पुस्तक निकाले पछि लेखकहरू आफूलाई ठुलो मान्छे ठान्छन् । पुरस्कार पाए पछि आफूलाई नेपाली साहित्यको कर्ता धर्ता ठान्छन् भनी निबन्धकारले यस निबन्धमा लेखकहरूको आत्मासन्तुष्टि प्रति व्यङ्ग्य गरेका छन् । उनी भन्छन्- "दुईचारवटा पुस्तक निस्कन पाएको छैन आफूलाई कति ठूलो मान्छे भनिठान्छ । पुरस्कारहरू पाउन थालेपछि झन् के चाहियो ? भैंमा खुट्टै हुँदैन" (पृ.१०२) ।

निबन्धकारले विद्यालय, माहाविद्यालय नगइकन स्वाध्ययन गरेर ज्ञान आर्जन गरेको कुरालाई यस निबन्धमा प्रस्तुत गरेएका छन् । उनी भन्छन्- "जिन्दगीमा कहिल्यै स्कूलको दैलो देखेको छैन । कलेजको अनुहार कस्तो हुन्छ उसलाई के थाहा ? बसौँ बसौँको अध्ययन, मेहनतपछि बल्ल हात लाग्ने ज्ञान, मनग्ये खर्चेर आर्जन गरिने सीप, विद्वताको अपमान गरेर साला ! कालिदाश हुन खोज्छ" (पृ.१०२) ।

उनले देश विदेशका पत्रपत्रिकाहरूको सोल एजेन्सी लिएर अखवारको पसल खोलेका थिए । पुस्तकालयको स्थापना गरेको भनी उनलाई राणा सरकाले जेल हालेपछि उनी प्रगतिण्शील साहित्यकारका रूपमा उदाएका थिए । प्रगतिशील साहित्यिक आन्दोलनमा लागेका निबन्धकार पछि प्रगतिशील संस्थालाई फोडी एकलौटी पारि सभापति भएको कुरालाई यस निबन्धमा निबन्धकारले प्रस्तुत गरेका छन् । उनी भन्छन्- "प्रगतिशील भई साहित्यिक आन्दोलनमा लाग्ने कृष्णेले त्यस नामको अप्रगतिशील संस्थालाई फोड्छ, टुक्र्याउँछ । अनि लाटलुट, हाटहुट गरी एकलौटी पार्छ । आफू हुन्छ सचिव, अझ सभापति नै हो क्यार" (पृ.१०६) ।

निबन्धकारले आफूले गरेका यस्ता गल्तीहरू प्रति व्यङ्ग्य द्वारा पश्चाताप र आत्मआलोचना  पनि गरेका छन् । भाग्यको पछि नलाग्ने निबन्धकार आफ्नो भाग्य आफैंले बनाउनु पर्छ भन्छन् । उनी कसैको निगाहामा बाँच्न नचाहाने व्यक्ति हुन् । आफू जे हुँ, जे भएँ यसमा कसैको हात छैन । कसैले बनाएर मान्छे बनिदैन त्यसका निम्ति आफै स्वयम् बन्नु पर्छ भन्ने कुरालाई यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । उनी भन्छन्- "म जे हुँ, जे भएँ यसमा न घरको हात छ, न आमाबाबुको । गुरु त छँदैछैन । कसैले बनाएर बन्दैनौँ" (पृ.१०७) ।

मान्छेले जीवनमा मन लागेका कुरामात्र होइन मन नलागेका कुराहरू पनि गर्नु पर्दछ । मान्छेहरू अरूको चाकरी गरेर राजनीति गरेर घुम्ने मेचको, पुरस्कारको, ओहदाको र मानपदविको घाँस चर्ने गर्छन् । यसरी मान्छेले अहिले पनि राजनीति र साहित्यमा भएको स्वार्थी प्रवृत्ति, कुर्शी र पैसाको खेल, पुरस्कार किनबेचको काण्ड चर्ने प्रवृत्ति रहेको कुरालाई यस निबन्धमा देखाइएको छ । निबन्धकारले यस निबन्धमा आफूले पनि पुरस्कार, ओहदा, मानपदवीको घाँस चरेको कुरालाई आत्मस्वीकृत गरेका छन् । उनी भन्छन्- "राजनीति गरेर घुम्ने मेच खोज्नेहरू पनि छन् । पुरस्कार थापेर बिक्नेहरू पनि छन्, हरियो घाँस देखेपछि चर्नेहरू पनि छन् । कृष्णे न मैनाली हो, न रायमाभ्की, न कन्चन । फेरि पनि घाँस चर्दो रहेछ । गजब होइन ? घाँस चर्नेहरू हुँदै नभएको पनि त होइन । पुरस्कारको घाँस, ओहदाको घाँस, मानपदवीको घाँस, सिजनल घाँस, बाह्रमासे घाँस । चर्नेहरू घाँसलाई सागसब्जी सम्भिदिंदा रहेछन् । त्यही देखेछन् कृष्णेलाई पनि । सालाको सारा चुरिफुरी भ्वाइँ ! सम्मान सम्भ्केर मक्ख पर्ने मोराको क्या मानमर्दन भएछ" (पृ.१०९) ।

### ४.१२.२ भाषाशैली

प्रस्तुत निबन्धको शीर्षक विशेषण, क्रिया विशेषण, सर्वनाम र नाम पदहरू मिलेर बनेको छ । अभिधात्मक अर्थ सापेक्षमा रहेको यस निबन्धको शीर्षक विषयवस्तु अनुसार सार्थक रहेको छ । यस निबन्धमा निबन्धकारले जीवनको उत्तरार्धबाट फर्केर हेर्दा पहिले आफूले गरेका कामको समीक्षा गरेका छन् । यस निबन्धमा निबन्धकार आफैँले आफूलाई तेस्रो व्यक्तिका आँखाले हेर्दा देखिएको चित्रहरू प्रस्तुत गरी लेखिएको रचना हो । जस्तै- "पुरस्कारको घाँस, ओहदाको घाँस, मानपदवीको घाँस, सिजनल घाँस, बाह्रमासे घाँस । चर्नेहरू घाँसलाई सागसब्जी सम्भिदिंदा रहेछन् । त्यही देखेछन् कृष्णेलाई पनि । सालाको सारा चुरिफूरी भ्वाइँ ! सम्मान सम्भ्केर मक्ख पर्ने मोराको क्या मानमर्दन भएछ" (पृ.१०९) ।

यस निबन्धमा शिल्पका आधारमा संयत शैली र विषयवर्णनका आधारमा प्रसाद शैलीको प्रयोग गरिएको छ । जस्तै- "प्रधान थरको कृष्णचन्द्रको कुल परिवारलाई मुन्सी पनि भन्छन् । उनको पुर्खा राजदरबारसित सम्बन्धित थियो । ठूलठूला ओहदाका राजदबारमा गनिन्थे यिनीहरू" (पृ.१०३) ।

कथन शैलीका आधारमा यो निबन्ध संस्मरणात्मक शैलीमा लेखिएको छ । जस्तै- “जिन्दगीमा कहिल्यै स्कूलको दैलो देखेको छैन । कलेजको अनुहार कस्तो हुन्छ उसलाई के थाहा ? बसौँ बसौँको अध्ययन, मेहनतपछि बल्ल हात लाग्ने ज्ञान, मनग्ये खर्चेर आर्जन गरिने सीप, विद्वताको अपमान गरेर साला ! कालिदास हुन खोज्छ” (पृ.१०२) ।

शब्द चयनका आधारमा यस निबन्धमा तत्सम र आगन्तुक स्रोतका शब्दहरू प्रयोग भएका छन् । जस्तै- “निरपेक्षता, मनुष्यता, क्षणिक जस्ता तत्समशब्द र अड्डा, ओहदा, अखबार” जस्ता आगान्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ (पृ.१०२-१०९) । यस निबन्धमा तुलानात्मक रूपमा तत्सम र नेपाली शब्दहरूको बढी प्रयोग भएको पाइन्छ ।

दुई सय छयालिस पङ्क्तिहरू रहेको यस निबन्धमा दुई सय छ वाक्यात्मक संरचना रहेका छन् । यस निबन्धमा लामा छोटा गरी तेइस अनुच्छेदहरू रहेका छन् । वाक्य गठनका आधारमा यस निबन्धमा सरल, संयुक्त, मिश्र र प्रश्नार्थक वाक्यहरू रहेको पाइन्छ । जस्तै- “रित्तै जाँदैछु भनेर चिम्टा हल्लाउँदै हिड्ने सन्यासी लाग्यो”, “हुन त ठूलाको सन्तान ठूलो हुनुपर्छ भन्ने छैन” (पृ.१०३) जस्ता मिश्रवाक्य, “त्यही कृष्णे छ्यालिस सालको जनआन्दोलनमा सम्मिलित हुन्छ र मुखमा कालो पट्टि बाँध्छ” (पृ.१०६), “यसैले अर्थपूर्ण लागेको हो र मरिहत्ये गर्छौं यसका निम्ति” (पृ.१०८) जस्ता संयुक्तवाक्य, “कृष्णचन्द्र इतिहासको पछि लाग्दैन” ( पृ.१०५), “उसको पुर्खा राजदरबासित सम्बन्धि थियो” (पृ.१०६) जस्ता सरल वाक्य र “भनसुन गरी क्यै हुनु पनि केही हो र ?”, “किन कसैको निगाहामा बाँच्ने ?”(पृ.१०६) जस्ता प्रश्नार्थक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

प्रस्तुत निबन्धमा भाषालाई लयात्मक र प्रभावकारी तुल्याउन पदक्रमलाई व्याकरणात्मक ढाँचाभन्दा बेग्लै किसिमले वाक्यमा स्थान दिएको पाइन्छ । खास गरेर क्रियापदलाई निर्धारित स्थानभन्दा अन्यत्र प्रयोग गर्ने प्रवृत्ति रहेको पाइन्छ । जस्तै- “यो कृष्णे त घाँस खानेलाई पनि खान्छ र शाकाहारी भन्दो रहेछ आफूलाई साले !” (पृ.१०९)। यस निबन्धमा कतै कतै अशुद्ध र अप्रचलित लाग्ने शब्दहरूको प्रयोग गरिएको पाइन्छ । क्यै, एकाध, ठोकठाक, लाटलुट, हाटहुट, बेपिँध, मानमर्दन, उत्लेखेरि (पृ.१०२-१०९) जस्ता शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

यस निबन्धमा नै, ने, हँ, त जस्ता निपात शब्दहरू र हन्डाङ्हुन्डुङ जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषालाई मिठास थपिदिने काम गरेको छ । तर, भन्ने, अनि, भनी, जहाँ, जे, जो जस्ता संयोजक शब्दहरूको प्रयोग भएको पाइन्छ । "भोक न भकारीका जोगीबाबा" जस्ता उखान टुक्काको प्रयोगले यस निबन्धको भाषाशैलीमा निखार थप्ने काम गरेको पाइन्छ । यस निबन्धको भाषाशैली सरल, सहज र सघन रहेको छ ।

**४.१२.३ उद्देश्य**

राजनीति र साहित्यमा भएको स्वार्थी प्रवृत्ति, कुर्सी र पैसाको खेल, पुरस्कार किनबेचको काण्ड देखाउन खोज्नु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । यस निबन्धको विचार प्रतिपादन सन्देशमूलक नभएर आत्मप्रकाशन रहेको छ । यस निबन्धमा निबन्धकारले आफूले जीवनमा गरेका काम र घटना क्रमहरूको तटस्थ रहेर आत्मसमीक्षा गरिएको कुरालाई देखाइएको छ । निबन्धकारले आफ्नै व्यक्तित्वका पाटाहरू प्रस्तुत गर्न खोज्नु यस निबन्धको मूल भाव रहेको छ ।

निबन्धकारले जीवनको उत्तरार्धबाट फर्केर हेर्दा पहिले आफूले गरेका कामको बिनापूर्वाग्रह र आडम्वररहित समीक्षा गरेका छन् । यस निबन्धमा आस्थाको बन्दी हुँदाहुँदै फुकुवा, अनियन्त्रित भएर वरपर पुगेका सम्झनाहरू प्रस्तुत गरिएको छ (भट्टराई, २०६२ : २६३) । बाँच्नु पर्दा आफूले गर्नु परेका सम्झौताहरू देखाउन खोज्नु पनि यस निबन्धको उद्देश्य रहेको छ ।

यस निबन्धमा मान्छेले जीवनमा मन लागेका कुरामात्र होइन मन नलागेका कुराहरू पनि गर्नु पर्दछ भन्ने कुरालाई देखाइएको छ । चाकरी र निगाहाबाट प्राप्त भएको सम्मान होइन आफ्नै मेहेनत र कामबाट प्राप्त भएको सम्मान चाहनु पर्दछ भन्ने कुरालाई यस निबन्धमा देखाइएको छ । यस निबन्धमा किसैले बनाएर मान्छे बनिँदैन त्यहाका निम्ति आफैं स्वयम् बन्नु पर्छ भन्ने विचार व्यक्त गरिएको छ । यस निबन्धमा निबन्धकारले आफ्नो विचार वा भावलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नु पर्दा यस निबन्धमा निबन्धकारले जीवनमा गरेका काम र घटनाक्रमहरूको आत्मसमीक्षा गरिएको कुरालाई देखाइएको छ । यस निबन्धमा निबन्धकारको जीवनजगत् प्रतिको दृष्टिकोण प्रस्तुत गरिएको छ । आफ्नौ मेहनतबाट आफ्नो पहिचान बनाउनु

पर्दछ भन्ने कुरा देखाउन खोज्नु नै यस निबन्धको उद्देश्य रहेको छ । आठ पृष्ठमा संरचित प्रस्तुत निबन्धको भाषाशैली निबन्धको विषयवस्तु अनुसारको सहज र मार्मिक रहेको छ ।

### ४.१३ निष्कर्ष

**समय सुनामी** निबन्ध सङ्ग्रह २०६३ सालमा प्रकाशित कृति हो । यस सङ्ग्रहमा २०५९-२०६२ सालसम्म **मिर्मिरे**, **कान्तिपुर**, **समकालीन साहित्य**, **नेपाल समचार पत्र**मा प्रकाशित भएका १० र अप्रकाशित एक गरी एघार वटा निबन्धहरू रहेका छन् । निबन्धको संरचना कवितात्मक रहेको छ । यस सङ्ग्रहका निबन्धहरू सामयिक, विश्वजनीन चेतना, विसङ्गतिबोध र नेपाली परिवेशभित्र विश्वजीवनको मूल्यलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यस निबन्ध सङ्ग्रमा अपारदर्शिता-अपराधीकरण, आतङ्कवादको विस्तार, राष्ट्रको विवशता र इराकमा पाशविक हत्याकाण्ड, शस्त्रास्त्रले दमित मानवता, अनुकूलताको खोजीमा प्रतिकूलताको खाडल, हत्या, हिंसा र त्रासले उब्जाएको-संवेदनाहीन स्थिति, ङवाङ्को साहस-देशलाई शिक्षा, निर्वासन, अनागरीकरण, माघ १९, २०६१ को क्रुर कदम वा प्रतिगमन, स्वाभिमान र दासत्वको दोसाँध र केही आत्मस्वीकृति जस्ता विषयवस्तु रहेका छन् । यस सङ्ग्रहको निबन्धहरूको भाषाशैली परिष्कृत, काव्यात्मक र सम्प्रेष्य रहेको छ । अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग, निजात्मकता र व्याङ्ग्यात्मकताका कारण यस निबन्ध सङ्ग्रहको भाषाशैली सजीव, मार्मिक र प्रभावकारी बन्न पुगेको छ । मानिसले निम्जो भएर भाग्नु हुँदैन, लुरुलुरु कसैको पछि लाग्नु हुँदैन । साहसपूर्ण अन्तिम सत्यको खोजीमा मुट्ठीकसेर अगाडि बढ्नु पर्दछ भन्न खोज्नु नै प्रस्तुत निबन्ध सङ्ग्रहको मुख्य उद्देश्य रहेको छ ।

# परिच्छेद पाँच
# प्रवृत्तिका आधारमा 'समय सुनामी' निबन्ध सङ्ग्रहका निबन्धहरू

## ५.१ विषय प्रवेश

आधुनिक नेपाली निबन्धक्षेत्रका निबन्धकार कृष्णचन्द्रसिंह प्रधान (१९८२) द्वारा लेखिएको **समय सुनामी** (२०६३) उनको पाँचौं निबन्ध सङ्ग्रह हो । समसामयिक विषयवस्तुलाई आधार बनाएर लेखिएको यस निबन्ध सङ्ग्रहका निबन्धहरूमा प्रगतिवाद, मानवतावाद, यथार्थवाद, अस्तित्ववाद, दार्शनिकता, सामाजिकता, निजात्मकता, व्याङ्ग्यात्मकता र संरचनागत विशिष्टता जस्ता प्रवृत्तिहरू देखापर्दछन् । त्यसैले यो परिच्छेदमा **समय सुनामी** निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूको प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ ।

## ५.२ प्रगतिवादी चिन्तन

वर्गहीन समाजवादी समाजको स्थापनाका लागि प्रेरित गर्ने; जाति, धर्म, सम्प्रदाय, वर्ग, वर्ण, वंश आदिका आधारमा अडेको उच र निचताको विरोध गर्ने; दीन, दुःखी र गरिबहरूको पक्ष अँगाल्न सामन्तवादी पूँजीवादी व्यवस्थाका असङ्गतिहरूको भण्डारफोर गर्ने, समानता, बन्धुत्व तथा मानवतावादी भावनालाई जगाउने, जमिनदार, पूँजीपति वर्गका विरुद्ध जनमत तयार पार्ने, धारणा, प्रवृत्ति तथा मान्यताहरू नै प्रगतिवादको आधारभूत मान्यता हुन् (जोशी, २०३८ : ४२-४४) । प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रहका निबन्धहरूमा सामन्ती मनोवृत्तिको विरोध र सर्वहारा वर्गप्रति सहानुभूति देखाउँदै शोषण र अन्यायको चर्को विरोध गरिएको छ । प्रधान सामन्तवादी संस्कारको बिरुद्ध चुनौतिपूर्ण रूपले उपस्थित भई आर्थिक समानता र स्वतन्त्रताका पक्षमा वकालत गर्ने मार्क्सवादी चिन्तनले भरिएका निबन्धकार हुन् । उनका निबन्धमा समाजमा प्रचलित असमानता, शोषण, रूढीवादी जस्ता सङ्कीर्ण मूल्य मान्यताप्रति व्यङ्ग्य प्रस्तुत गरिएको पाइन्छ ।

**भूमिगत** निबन्धमा प्रगतिवादी विचार देख्न पाइन्छ । निबन्धकार भन्छन्- "हेर्दा नेताहरू कति महान् देखिन्छन् ! ऊभन्दा ऊ स्वच्छ, ऊभन्दा ऊ उच्च । बोलेको सुन्दा त झनै

आदर्शपुरुषोत्तम यिनै हुन् कि भनेर गोडा ढोग्न मन लाग्छ । ऊभन्दा ऊ जान्नेबुझ्ने, ऊभन्दा ऊ इमान्दारजस्तो कोहीभन्दा कोही कम देखिँदैनन् । तर हैन रहेछ । नेपाली कागजको झुर्राले हम्कँदै झिँगा धपाएर गाहकी फँसाउने उपक्रममा लागेकाहरू जस्तै भान पर्छन्" (पृ.२६) ।

**अनुकूलताको खोजीमा** निबन्धमा निबन्धकारले प्रगतिवादी चिन्तन उन्मुख मनोविश्लेषणात्मक प्रवृत्ति अँगालेका छन् । निबन्धकार भन्छन्- "देशको लागि कष्ट भोगेर ज्यानसम्म दिन पनि नहच्कनेहरूको त्याग त आफू उँभो लाग्ने भऱ्याङ भएछ । तिमी-म-हामी सबै खालि एकौटा खुड्किला हौँ । त्यसैमा टेकेर उकालो लाग्नेहरूलाई हामी काँध दिन्छौँ, काँडा नबिझोस् भनेर जुत्ता भई उनीहरूलाई बोकेर हिँड्छौँ र नारामा बल थपेर जिन्दावाद र मूर्दावाद भन्छौँ"(पृ.६०)।

**घोषणा, घाट र स्वास्थ्यलाभको कामना** निबन्धहरूमा प्रगतिवादी विचार पाइन्छ । निबन्धकार भन्छन्- "मलाई विश्वास छ क्रान्तिकारीहरू एक अर्कोमा जन्म लिँदै पुस्तामा बाँच्ने गर्छन् । फैलिनका लागि बर्तमान गोड्छन् र विउ भई उम्रने गर्छन्" (पृ. ९५) ।

**आस्थाका साँधहरू** निबन्धमा पनि प्रगतिवादी विचार देख्न पाइन्छ । निबन्धकार भन्छन् - "मान्ने-नमान्नेहरूको जमातभित्र यथार्थताको धरातल खोतल्ने काम पनि भइरहन्छ । सत्य हो समाजलाई ऊर्जा दिन नसक्नेहरू टिक्दा रहेनछन्, ह्रास हुँदै जान्छन् । कतिपय विचार, सम्प्रदाय, परिपाटी मान्यताहरू विलुप्त हुँदै जानाको एउटा कारण यो पनि हुनुपर्छ । उत्कर्षमा नपुगी मान्यताहरूले परम्पराको ठाउँ लिँदैन । मात्रै परम्परा भइदिएर बाँच्न खोज्ने मूल्य, मान्यताहरू अर्थहीन हुनेहुँदा आफैँ लोप हुन थाल्छन्- निष्क्रिय, भूमिसात्" (पृ.१०१) ।

## ५.३ मानवतावादी भावना

मानवीय मूल्य र मान्यताप्रति आस्थावान रही भाइचाराको सहअस्तित्व स्वीकार गर्दै मानवीय हक, अधिकार, रुचि र स्वभावअनुसार बाँच्न पाउनु नै मानवतावादको मूल लक्ष्य हो । मानवीय अस्तित्व नै सर्वोपरी हो भन्दै मानवीयता खोज्नु यसको धर्म हो भनी कृष्णचन्द्रसिंह प्रधानले मानवतावादी भावना प्रकट गरेको पाइन्छ (गौतम, २०६८ : ५६) ।

**भूमिगत** निबन्धमा भूमिगत कार्यमा माफियातन्त्रको अपराध लुकेझैँ माफियाहरूमा भूमिगत मानिसहरूको षड्यन्त्र लुकेको हुन्छ । मान्छेभित्र मान्छे नभएको मान्छेको रिक्तता रहेको कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । निबन्धकार भन्छन्-"सुन्दा पनि तर्सिनुपर्ने सयौँ, हजारौँ बालबालिकाको ज्यान लिने जावेद इकवाल र आफ्नै स्कुलमा पढ्ने नौँ वर्षकी छात्रालाई नौँ महिनासम्म बलात्कार गर्ने त्यही बोर्डिङ्कको प्रिन्सिपल श्रीप्रसाद उप्रेतीलाई के भन्ने ? उनीहरूसँग के छैन । सबै छ । केवल मान्छे नभएको मान्छेको रिक्ततामा उनीहरूका आमा, बाबु, छोरा, लोग्ने, देश, जातीयता सबै कति अर्थहीन भइदिन्छ ? ओसामा विन लादेन जस्तो !" (पृ.२५) ।

उनको **बोधिवृक्षको बगैँचा : बारुदको गन्ध** निबन्धमा शस्त्रास्त्रले दमित मानवताको स्वर उरालिएको पाइन्छ । निबन्धकार भन्छन्- "मान्छेभन्दा ठूलो विचार होइन । यसलाई प्रतिष्ठापति गर्न बन्दुक उचाल्यौँ । मान्छेभन्दा महान् व्यवस्था होइन । मुक्तिको लागि ज्यान दिने तिमी उसैलाई मारेर कसका निम्ति व्यवस्था बदल्न खोजिरहेछौ" (पृ. ५१) ?

त्यस्तै **मान्छे हराएको मान्छे र कृष्णभीरहरू** निबन्धमा सिमानामा छुट्टिएर भूगोलको लडाइँमा सामेल हुनेहरूको हार र जीतको परिणाम मृत्यु हो । प्राप्ति र अप्राप्तिको सम्बन्ध एकटुक्र जमिनसँग रहेको तर्क उठाएर भौगोलिक सिमानाको युद्धलाई मानवताको नाताले जित्नु पर्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । उनी भन्छन् -"देशमा टुक्रिएर मान्छे आपसमा भिड्छन् । सिमानामा छुट्टिएर मान्छे एक अर्कोलाई शत्रु सम्झन्छन् । लडाइँ जितेर पाउने पनि त्यही एक टुक्रा भूभाग हो । लडाइँ हारेर गुमाउने पनि त्यही एक टुक्रा जमिन हो । तर जित्दा पनि मान्छे मार्छौं, हार्दा पनि मान्छे मारेरै हार्छौं । यो मान्छेको जीत पनि मृत्यु हो, यो मान्छेको हार पनि मृत्यु नै हो" (पृ. ६७) ।

**मान्छे जङ्गबहादुर भएछन्** निबन्धमा देशहरू जिते पनि हारे पनि मान्छे सधैँ लडाइँमै छन् । त्यसकारण मान्छेले अर्थोकको लागि नलडी मानवताको लागि लड्नु पर्छ भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् । निबन्धकार भन्छन्- "लड्नु नै छ भने अब मान्छेका निम्ति लड ! मान्छे हुनलाई लड ! उसको अहम्का निम्ति लड्ने गर, सम्मानका निम्ति

लड्ने गर ! त्यो मान्छे नेपाली वा भारतीय, अफ्रिकाली वा एसियाली जुनसुकै मुलुक र युरोपकै जुनसुकै व्यक्ति पनि हुनसक्छ" (पृ. ८६) ।

### ५.४ सामाजिक यथार्थवाद

समाजमा घटेका घटनाहरूको यथार्थ चित्राङ्कन गर्ने कुनै खास सिद्धन्त वा दर्शन नै सामाजिक यथार्थवाद हो । यसले भौतिक जगत्को वास्तविक वा सामाजिक यथार्थको तथ्यपरक चित्रण गदर्छ । यसले मानवीय जीवनका सबल र दुर्बल अथवा सत् र असत् अथवा आशा र निराश दुवैको  समान र सन्तुलित चित्रण गदर्छ । यसले साहित्यको विषयवस्तुका रूपमा समसामयिक जीवन, समय, घटना, समस्या, व्यक्तिको काल्पनिकतासँग नभएर वास्तविकतासँग गाँसिएका सन्दर्भहरू टिप्छ । व्यक्तिहरूमा खासगरी निम्नवर्ग र मध्यवर्गको जीवनाई प्रस्तुत गर्छ । यसले स्थानीय रङ्ग वा आञ्चलिकतालाई विशेष ग्राह्यता दिन्छ । आञ्चलिक दृश्य, परिवेश, वातावरण उपस्थित गर्ने सन्दर्भमा स्थानीय घटना, रीतिथिति, रहनसहन, आचरण, व्यवहार आदिलाई बढी महत्त्व दिन्छ । कुनै व्यवस्थामा खोट, त्रुटि, कमजोरी वा कुरूपता देखिँदा यसले नै तिनको निराकरणका लागि विद्रोह र परिवर्तनको स्वर घन्काउँछ (शर्मा र लुइँटेल, २०६७ : २९४-२९९) ।

प्रधानले नेपाली समाज र युगीन, विश्वमा भइरहेको अमानवीय गतिविधि, युद्ध र क्रान्ति, शान्तिको चाहना, समाजसुधारको आकाङ्क्षा, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा आएका विकृति र विसङ्गति, विगत र वर्तमानलाई स्पष्ट पारेका छन् । प्रधानले निबन्धमा मार्क्सवाद, फ्रायडवाद, विङ्गतिवाद, अस्तित्वाद र गान्धीवादका चश्माबाट समाजमा देखिने होचो अर्गेलो, भेदभाव, अन्याय-अत्यचार, शोषण, दमन, भ्रष्टाचार, राजनीतिक खिचातानी, माओवादी र सरकार बिचको द्वन्द्व आदिलाई हेरेका छन् । नेपाली समाजमा फैलिएका विकृति र विसङ्गतिले उब्जाएका र उब्जाउन सक्ने सम्भावित घटनाद्वारा समाजमा देखिने विमेल र भेदभावको अन्त्य हुनुपर्ने धारणा उनको छ (भण्डारी र अरू, २०६६ : ४८४) । सभ्य र सुसंस्कृत भनाउँदा आजका मान्छे युद्धमा होमिएका छन् भन्दै उनी शान्तिका पक्षमा उभिएका छन् ।

नेपाली समाजबाट विश्वमानव समाजको सामाजिक धरातलको यर्थाथरूपमा बोध गराउनु यस निबन्ध सङ्ग्रहको व्यापकता हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको चर्चा र

विश्व समाजको साझा मर्मको उद्घाटन गर्नु पनि यस निबन्ध सङ्ग्रहको सामाजिक पक्ष हो । राष्ट्रिय परिवेशबाट विश्व समाज, वर्ग भेद, शासक र शोषित बिच द्वन्द्व, पुराना र नयाँ व्यवस्थाको द्वन्द्वको विरोध, मुक्तिको चाहनाभित्र सामाजिक पक्ष प्रस्तुत भएको छ । निबन्धकारले नराम्रा प्रवृत्तिप्रति आक्रोश व्यक्त गर्दै सुधारको चाहना समेत राखेका छन् । उनले समाजमा विद्यमान आर्थिक समस्यालाई राम्रोसँग उतारेका छन् । नेपाली समाजको समुन्नतिका लागि आफ्ना धारणाहरू समेत प्रस्तुत गरेका छन् । प्रधानका निबन्धमा वर्तमान नेपालले देखे भोगेका मर्महरूको उद्घाटन यथार्थ रूपमा प्रस्तुत गरिएको छ । उनले यस निबन्ध सङ्ग्रहमा राष्ट्रले भोगेको गरिबी, अभाव, वञ्चना, बाध्यता, द्वन्द्वको चपेटा र विवशताको पर्खाललाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् ।

**भूमिगत** निबन्धमा निबन्धकारले विकृतिपूर्ण समाजको यर्थाथ चित्रण गरेका छन् । निबन्धकार भन्छन्- “यति फैलिसक्यो चारैतिर, यति व्याप्त भइसक्यो सबैतिर अहो ! यो नभएको ठाउँ पनि छैन, गाउँ पनि छैन । बस्ती, सहर, देश क्यै पनि छैन । मानिसहरू माफिया भएर हामीमा प्रवेश गरेका हुन् कि भन्ने त्रासले सधैँभरि त्रस्त भइरहनु पर्छ । भन्नलाई त मानिसहरूको समाज भनिन्छ तर कहाँ हो र । जन्तुको जङ्गलमा परिणत भइसकेछ । एउटाले अर्कोलाई, अर्कोले फेरि अर्कोलाई, सबैले सबैलाई खाइरहेछन्, लखेटिरहेछन् । सबैदेखि सबै त्रस्त” (पृ.२३) ।

**हत्याको सन्दर्भ : आस्थाको हवन** निबन्धमा निबन्धकारले नेपाली समाजमा देखापरेको आर्थिक समस्या र राजनीतिक द्वन्द्वका कारण मान्छे निम्न स्तरका कार्य गर्न इराक जस्तो मुलुकमा जानुपर्ने बाध्यतालाई यर्थाथरूपमा प्रस्तुत गरेका छन् । उनी भन्छन्- “हैरान मान्छे कोही कुल्ली हुन पुग्छन्, कोही बगरे । मरूभूमिको राप र ताव मात्रै होइन गाली, सजाय थाप्न पनि राजी भइसके” (पृ.३७) ।

**मान्छे हराएको मान्छे, देश र कृष्णभीरहरू** निबन्धमा निबन्धकारले नेपाली समाजबाट विश्व सामाजिक धरातलमा भइरहेको अमानवीय गतिविधिको बोध गराउन खोजेका छन् । निबन्धकारले यस निबन्धमा सिमानामा छुट्टिएर भूगोलको लडाइँमा सामेल हुने हरेकको हार र जीतको परिणाम मृत्यु अनि प्राप्ति र अप्राप्तिको सम्बन्ध केवल एक टुक्रो जमिनसँग रहेको छ

भन्ने कुरालाई यर्थाथरूपमा प्रस्तुत गरेका छन् । निबन्धकार भन्छन्- "देशमा टुक्रिएर मान्छे आपसमा भिड्छन् । सिमानामा छुट्टिएर मान्छे एक अर्कोलाई शत्रु सम्भन्छन् । लडाइँ जितेर पाउने पनि एक टुक्रा भूभाग हो । लडाइँ हारेर गुमाउने पनि त्यही एक टुक्रा जमिन हो । तर जित्दा पनि मान्छे मार्छौं, हार्दा पनि मान्छे मारेर हार्छौं" (पृ.६७) ।

**आतङ्कको पहाड र ङवाङजस्तै आरोहीको खोज** निबन्धमा वर्षौंदेखि देश आतङ्क ओढेर उभिएको । माओवादी र सरकार बिचको द्वन्द्वका कारण हाम्रो समाज आतङ्कको पर्वत बनेर ठडिएको छ । यसमाथि विजय प्राप्त गर्न, हत्या र आतङ्कलाई निर्मूल पार्न ङवाङ्को जस्तो इच्छा शक्तिको आवश्यकता पर्दछ भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा यर्थाथरूपमा प्रस्तुत गरेका छन् । निबन्धकार भन्छन्- "साहसिकता, त्यस्तै अठोट त्यतिकै ठूलो सङ्कल्पविना यो उत्तुङ्ग हिमआतङ्कमाथि फत्ते गर्न सकिंदैन । किनभने खुट्टाले हिमाल चढिंदैन । चढ्ने त इच्छाशक्ति हो, हामीभित्रको सङ्कल्प र ङवाङ्को साहसिकता । सायद यिनै ङवाङ्को खोजीमा देश छ- उनीहरूको कोमलेन पाइला पछ्याउन आतुर" (पृ.८०) ।

**मान्छे जङ्गबहादुर भएछन्** निबन्धमा निबन्धकारले नेपाली समाजबाट विश्व सामाजिक धरातलमा भइरहेको अमानवीय गतिविधिको बोध गराउन खोजेका छन् । निबन्धकारले यो निबन्धमा निर्वासित हुने विवशता सिर्जना गर्ने स्वदेश र अरू देशका भन्दै खेदिने र लखेटिने वर्मेली, भुटानीहरूलाई विदेशी भनिन्छ भन्ने कुरालाई यर्थाथरूपमा प्रस्तुत गरेका छन् । निबन्धकार भन्छन्- "देश त देशै हो दुवै । यहाँकाहरू नेपाली हुन्, त्यहाँकाहरू वर्मेली अथवा भुटानी । मान्छे त मान्छे नै हुन् यिनीहरू जो जहाँका भए पनि । तर त्यसो भन्दा रहेनछौं । देश फरक भएकाले एउटाले अर्को देशका मानिसहरूलाई आफ्नो भनेर कोही स्वीकार गर्दैनन् । खेदिएका नेपालीले वर्मा, भुटानलाई मेरो देश भनेर के गर्नु ? उनीहरूका निमित्त न वर्मा नेपाल भो, न भुटान । हुनै दिएनन्" (पृ.८३) ।

अर्को निबन्ध **घोषणा, घाट र स्वास्थ्यलाभको कामना** निबन्धमा २०६१ साल माघ १९ गतेको क्रुर कदम वा प्रतिगमनलाई निबन्धकारले यथार्थ रूपमा प्रस्तुत गरेका छन् । उनी भन्छन्- "टेलिफोन मात्रै कहाँ र सेलुलर मोबाइलदेखि इमेल, इन्टरनेट क्यै चल्दैन । सबै से

शिकार भएछन् । दिक्क लाग्यो । टेलिफोन जस्तो मानवीय आधारभूत सेवाको यो गति" (पृ. ९२) !

## ५.५ अस्तित्ववादी चिन्तन

प्रकृतिवाद, पदार्थवाद र आदर्शवादका विरुद्ध आएका मानवीय अस्तित्वमा केन्द्रित दर्शनका रूपमा अस्तित्ववाद उपस्थित भएको पाइन्छ । मनुष्यको मौलिक अनुभूति र गरिमालाई विशिष्टता प्रदान गर्ने उद्देश्यले अभिप्रेरित भएको यस दर्शनले मनुष्यका सर्वाङ्गीण स्वतन्त्रता र उसका उद्देश्य चयनका स्वाधीनतामा जोड दिएको पाइन्छ । मनुष्य स्वयम् स्वतन्त्र भएर पनि परिस्थितिको दास बनेर आफ्नो उत्तरदायित्व वहन गर्न बाध्य छ । परम्परागत आस्था, मूल्य, मान्यता र मापदण्डहरू मानवीय स्वतन्त्रता र अस्तित्वका बाधक हुन् भन्ने विरोधाभास र अनुपयुक्तताले ग्रस्त भएको अनुभव गर्दछ । मानिसलाई कसैले असङ्गत संसारमा फालेर उसमा विभिन्न घोषणाहरू उत्पन्न हुनुका कारण मनुष्य एकाकी र व्यथित जीवनयापन गर्न बाध्य भएको देखिन्छ र यसैको सेरोफेरोमा मान्छेले आफ्नो अस्तित्वको खोजी गर्दछ । यिनै सैद्धान्तिक अवधारणाहरूका आधारमा प्रधानका निबन्धहरूमा अस्तित्ववाद पनि सल्बलाएको देख्न सकिन्छ ( गौतम, २०६८ : ५८-५९) ।

**बोधिवृक्षको बगैँचा : बारुदको गन्ध** निबन्धमा मानवीय अस्तित्व खोज्दै निबन्धकार भन्छन्- "मानिस भएर मानिसले गर्ने इच्छाभित्र केवल मानिस भई कोही बाँच्न चाहन्छन् भने उनीहरूको यो न्यूनतम चाहनालाई आधारही नै पनि भनूँ कसरी" (पृ.५४) ?

**आतङ्को आकाशमा छाएको सङ्कट** निबन्धमा मानिसको जीवन केही हदसम्म विसङ्गतिले बाँच्न पनि आफ्नो अस्तित्वलाई जोगाउन निरन्तर सङ्घर्ष गरिरहेको मानव आखिर संघर्षमै अस्तित्व बोध गर्नुपर्छ भन्ने मान्यतामा निबन्धकार भन्छन्- "हामी यस्तै यस्तै आतङ्कको सिकार हुन विवश छौँ । हामी यिनै जोखिम कबुलेर बाँच्न अभिशप्त छौँ । हामी यिनै आतङ्कारीहरूको आक्रमणमा मृत्यु वरण गर्न बाध्य छौँ । यही सङ्टकालमा जेलिन बिलखबन्द छौँ" (पृ. ३५) ।

## ४.६ राष्ट्रयवादी चिन्तन

निश्चित प्रदेशमा सीमाबद्ध खास राज्य सरकारका मान्यतामा संलग्न विविध भाषाभाषी र संस्कृति भएका अनेक जातिका जनसमुदायको सार्वभौमसत्तालाई राष्ट्र मानिएको छ । राष्ट्र र त्यसका सम्पूर्ण आन्तरिक र बाह्य पक्षमा राष्ट्रवादको परम्परा लामो छ । कतिपय देशमा अन्ध र सङ्कीर्ण राष्ट्रवाद तथा पारस्परिक सहयोगमा आधारित बाह्य र आन्तरिक क्रियाकालापले व्यवहारात्मक रूपमा राष्ट्रका नागरिकका आचरण र स्वभावबाट मुखरित हुने प्रेमपूर्ण चेतना भएको स्पष्ट हुन्छ (गौतम, २०६८ : ६१) । **समय सुनामी** निबन्ध सङ्ग्रहको प्रत्येक निबन्ध एउटा दस्तावेज हो । प्रत्येकमा राष्ट्रले भोगेको कष्ट र पीडाको जीवन्त चिन्तन छ (भट्टराई, २०६२ : २६३) । निबन्धकारको आवाजले हाम्रो राष्ट्रिय चरित्रका अँध्यारा पक्षको उद्घाटन गरेको छ ।

**हत्याको सन्दर्भ आस्थाको हवन्** निबन्धमा देशको अस्तित्व र सङ्कट हामीमा निर्भर गर्छ र जनताको चेतनामा नै राष्ट्र झल्किन्छ भन्ने कुरालाई निबन्धकारले यसरी व्यक्त गर्दछन्- “जब हामी झुक्छौँ देश टनकपुर भएर दुख्न थाल्छ । जब हामी हाछौँ देश सुगौली भएर खुच्चिन्छ” (पृ. ४०) ।

**बोधिवृक्षको बगैँचा : बारुदको गन्ध निबन्धमा** विदेशी राजनीतिक सिद्धान्तलाई बोकेर छुने राजनेताहरूप्रति व्यङ्ग्य गर्दै निबन्धकार भन्छन्- “यहाँ कोही क्रान्तिकारी नेपाली नै छैन भनेजस्तो माओको नाउँ झुन्ड्याएर पछि लागेको देख्दा ग्लानी हुन्छ । माओवादी नभइकन पनि क्रान्तिकारी हुन सक्छौँ लखन थापा जस्तो । खै, यो राष्ट्रियता” (पृ. ५०) ?

**मान्छे हराएको मान्छे, देश र कृष्णभीरहरू** निबन्धमा देशको अस्तित्व नै नभए हाम्रो पनि अस्तित्व नहुने कुरा प्रति दृढ हुँदै निबन्धकार भन्छन्- “त्यसैले भनेको हुँ मान्छेभन्दा धेरै ठूलो हुन्छ देश । देशमा त तिमी जस्ता मानिस कति छन् कति, तर देश त एउटै हुन्छ । त्यसको ओत लागेर कोही नेपाली भए, कोही भारतीय, कोही चिनियाँ, कोही अमेरिकन, कोही रसियाली” (पृ. ६६) ।

**मान्छे जङ्गबहादुर भएछन्** निबन्धमा नेपाली भएरै लखेटिनु परेको र आफ्नो देशलाई आफ्नो भन्न नपाउनुको र देशविहीन हुनुको पीडालाई गहन चिन्तनबाट निबन्धकारले यसरी वर्णन गरेका छन्- "देशविहीन छन् उनीहरू अहिले । पितृभूमिविहीन नेपालीहरू भुटानी भएर शरणार्थी जीवन जिइरहेछन् यहाँ, उता मातृभूमिविहीन भुटानीहरूलाई नेपाली भई निष्कासित हुनु परेको छ । दुवैतिरबाट वञ्चित मानिसहरू नेपाली पनि हुन्, भुटानी पनि हुन्, वर्मेली पनि हुन् तर क्यै नहुनाको रिक्तताको जोखिम भोग्नु परेको छ- अनागरिकताको सङ्कट र देशविहीनताको सङ्कट" (पृ.८४) ।

## ५.७ दार्शनिकता

जसबाट देख्न सकिन्छ त्यो नै दर्शन हो । परम् तत्त्व वा सत्यको प्राकृत स्वरूपलाई अवलोकन गर्नु वा देख्नु वा जान्नु नै दर्शन हो । दर्शन मानिसको एउटा निष्पक्ष बौद्धिक प्रयत्न हो जसबाट मानिसले विश्वलाई एउटा एकाइको रूपमा ज्ञानको विषय वस्तु मान्दछ । दर्शनले अनुभूतिहरूको बौद्धिक विश्लेषणको आधारमा वास्तविकताको निरूपण गदर्छ । दर्शनले विश्व र जीवनको सम्पूर्ण रूपमा व्याख्या र मूल्याङकन गर्ने प्रयास गदर्छ (मिश्र, २०४० : १-४) । प्रधानका निबन्धमा जीवन दर्शन पाइन्छ । उनी जीवन दर्शनलाई बारम्बार पक्रिरहन्छन् । उनी मानिसलाई समूहभित्र राज्यले, अव्यवस्थाले, अन्यायले, हीनताले, कातरपनले निलेको एउटा असहाय वस्तु देख्तछन् (भट्टराई, २०६२ : २६४) । उनको **आस्थाका साँधहरू** निबन्धमा मानिसहरू राजनीति, धर्म, भूगोल, संस्कृति र परम्परामा टाँगिएका, फुत्किन नसक्ने गरी अल्भिएका छन् । अस्थाका साँधहरू भत्किरहेका हुन्छन् । धर्म, संस्कृति, साहित्य, जीवनदर्शन यावत् पक्षहरू परिवर्तन भइराखेका हुन्छन् । मानिसले तीसँग मिल्दै बाँच्नु पदर्छ भन्ने कुरालाई निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । उनी भन्छन्- "स्वर्ग-नर्क, देवी-देवता, शास्त्र-दर्शन, परम्परा-संस्कार, समाज-राजनीति, विश्वास सबै आस्थाका टापुहरू हुन् । आफैँले रचेका हाम्रा सामाजिक, आध्यात्मिक, आधिदैविक, आधिभौतिक के के हुन्, तिनीहरूको ओत लागेर म सम्भ्रमित बाँचदिएको छु, मान्छेहरू तिनै सम्भ्रमित आस्था बाँचिदिएका छन्, तिनै विश्वासले डोरिएर हामी हिँडिदिएका छौँ" (पृ. ९९) ।

## ५.९ व्यङ्ग्यात्मकता

व्यङ्ग्य एक प्रकारको घोचपेच र छेडछाड हो । यसले समाजको साँचो रूपलाई प्रस्तुत गर्दै समाजमा जहाँ नमिलेको, असामञ्जस्य र असङ्गति छ त्यस क्षेत्रमा तीखो रूपले घोच्ने गर्दछ । यसले समाजमा र राष्ट्रमा रहेका वा देखिएका विकृति, विसङ्गति, बेमेल, अन्याय, अत्याचार, भ्रष्टाचार, राजनेताका चरित्र, पार्टीगत स्वार्थ, गरिब र धनीबिचको भेदभाव, मानवअधिकारको उपहास, राजनीतिक दाउपेच आदि क्षेत्रका विसङ्गति एवं समाजमा देखापरेका दुराचार, दुष्प्रवृत्ति एवं मानवीय मनोवृत्तिलाई चोटिलो रूपले प्रहार गर्दै सुधारको चहाना राख्ने गर्दछ (कडन, १९९९ : ७८०) । प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रहमा अन्याय, अत्यचार, शोषण, दमन, सत्तालिप्सा, आडम्वर र सामाजिक विसङ्गतिप्रति तीखो व्यङ्ग्य गरेको पाइन्छ ।

**भूमिगत निबन्धमा** निबन्धकारले भूमिगत भएर अपराध गर्नेहरू र अपराध गर्न भूमिगत हुनेहरू प्रति तीखो व्याङ्ग्य गरेका छन् । निबन्धकार भन्छन्- “भन्नेहरू आफैँ थाकिसके र लजाएर भन्नै छाडे तर सुन्नेहरू थाहै नपाएको जस्तो विनालाज, सङ्कोच सुनिरहन्छन्, हाँसिरहन्छन्, हिँडिरहन्छन् देशै उठाएँ भनेर ! गाली पनि आशीर्वाद सम्झेर सुध्रिन नसक्नेहरूबाट खै के होला र आशा गरूँ” (पृ.२७) ?

त्यस्तै **आताङ्कको आकाशमा छाएको सङ्कट** निबन्धमा निबन्धकारले सङ्कटकालको आयु थपेर नयाँ इतिहास रच्ने नेपाल संसारको पहिलो राष्ट्र हो भनी व्यङ्ग्य गरेका छन् । निबन्धकार भन्छन्- “हाम्रोमा त सङ्कटकाल पनि लोकप्रिय भइदिन्छ । त्यति लोकप्रिय त प्रजातन्त्र नै पनि हुन सकेन । विपक्षकाहरूको समेत स्वीकृति-समर्थनमा सङ्कटकाल आयु थपेर नयाँ इतिहास रच्ने नेपाल संसारको पहिलो राष्ट्र हो- ग्रीनबूकमा लेखिनुपर्ने नाम । उसमाथि अन्तर्राष्ट्रिय जगत्को औँठाछाप लागेपछि सङ्कट सङ्कटै भएन” (पृ. ३२) ।

**बोधिवृक्षको बगैँचा : बारुदको गन्ध** निबन्धमा निबन्धकारले माओवादीहरूमा राष्ट्रियता र स्वाभिमान छैन भनी व्यङ्ग्य गरेका छन् । निबन्धकार भन्छन्- “माओवादी हुन माओसुट होइन दौरासुरुवालले भ्याउँछ । राष्ट्रवादी हुन राष्ट्रिय पोसाकभन्दा पनि राष्ट्रका निम्ति त्याग र

समर्पित भावना चाहिन्छ । दौरासुरुवाल लगाएर राष्ट्रवादी हुनु पनि जनै लगाएर बाहुन भएँ भन्नुजस्तै हो" (पृ.५०) ।

**घोषणा घाट र स्वास्थ्यलाभको कामना** निबन्धमा निबन्धकारले आजको सङ्कटकाल कसैलाई नदुःख्ने, नबिझाउने भएको छ भनी व्यङ्ग्य गरेका छन् । निबन्धकार भन्छन्-"हो, यति बेलाको सङ्कट कसैकसैलाई दुख्दोरहेनछ । उनीहरूलाई छेकथुन नदुख्न सक्छ, उर्दीपुर्दी नदुख्न सक्छ, बुलेट नदुख्न सक्छ । समय नदुख्नेलाई क्यै पनि त दुख्दैन । त्यसको घाउ, चोट, अभावहरू, गुमेका हक क्यै क्यै दुख्दो रहेनछ" (पृ.९५) ।

**एउटा पोर्ट्रेट उसको पनि** निबन्धमा निबन्धकारले लेखकहरूको आत्मसन्तुष्टि प्रति व्यङ्ग्य गरेका छन् । उनी भन्छन्- "दुईचारवटा पुस्तक निस्कन पाएको छैन आफूलाई कति ठूलो मान्छे भनिठान्छन् । पुरस्कारहरू पाउन थालेपछि झन् के चाहियो ? भैँमा खुट्टै हुँदनै" ( पृ.१०२) ।

## ५.१० निजात्मकता

आत्मापरक निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ । यस प्रकारको निबन्धमा निबन्धकारको स्वत्व र व्यक्तित्वको प्रवल छाप पर्दछ । निबन्धकारको व्यक्तित्व नै निबन्धको आधार हुन्छ (थापा, २०६६ : १६९) । कृष्णचन्द्रसिंह प्रधानको मूलभूत विशेषता भनेकै निजात्मकता हो । उनको **समय सुनामी** निबन्ध सङ्ग्रहका **भूमिगत, आतङ्कको आकाशमा छाएको सङ्कट, हत्याको सन्दर्भ : आस्थाको हवन, बोधिवृक्षको बगैँचा : बारुदको गन्ध, अनुकूलताको खोजीमा, मान्छे हराएको मान्छे, देश र कृष्णभीरहरू, आतङ्कको पहाड र ङवाङ् जस्तै आरोहीको खोज, मान्छे जङ्गबहादुर भएछन् , घोषणा, घाट र स्वास्थ्यलाभको कामना र आस्थाका साँधहरू** यी सबै निबन्धहरू निजात्मक छन् । निबन्धकारले जुनसुकै विषयमा लेखिएका भए पनि निजात्मकताको रङ्ग दिएर तिनलाई मोहक बनाएका छन् । वैचारिकताको अभिव्यक्ति उनका निबन्धमा पाइने मुख्य विशेषता हो । उनका यी सबै निबन्धहरूमा आफ्ना चिन्तन, धारणा र अनुभूतिको अभिव्यक्ति पाइन्छ । निबन्धकारको सर्वाधिक प्रमुख विशेषता लेखकीय व्यक्तित्वको अमिट छाप अनिर्वाय हो र प्रधानका निबन्धहरूमा यो विशेषता सर्वव्यापी छ । उनका निबन्धहरूमा आफ्ना दैनिक एवं विशेषत : आत्मिक प्रतिबिम्ब झल्किन्छ । उनका

यी सबै निबन्धहरूमा जीवनदर्शनका वाणीहरू स्पष्ट सुन्न र ग्रहण गर्न सकिन्छ । उनको निजत्व शब्दबाट, शब्द चयनबाट, वाक्यबाट र वाक्य गठनको ढाँचाबाट पत्ता लाग्छ । विषयवस्तुको चयनबाट, तिनीहरूको संरचनात्मक उठान, विस्तार र अन्त्यबाट पत्ता लाग्छ ( भट्टराई, २०६२ : २६३) । लेखकले आर्जन गर्ने शक्ति भनेको यही निजत्व हो, निजी पहिचान हो । त्यो जीवनजगत्प्रतिको उनको दृष्टिकोणबाट  टड्कारै पत्ता लाग्छ ।

## ५.११ बौद्धिकता

कृष्णचन्द्रसिंह प्रधान बौद्धिताको प्रयोग गर्ने निबन्धकार हुन् । समाजप्रतिको आलोचनात्मक दृष्टिकोण, तार्किकता, बौद्धिककता, संस्मरणात्मकता र वैचारिक अभिव्यक्ति उनका निबन्धमा पाइन्छन् (गौतम र लुइँटेल, २०५४ : ६८) । एउटै निबन्धभित्र धेरै विचार दिनसक्नु र बौद्धिकता तथा हार्दिकता पोखिनु यिनका निबन्धको विशेषता हो । यिनले निबन्धमा निजी अनुभूतिहरूलाई सार्वजनिक ढङ्गले प्रस्तुत गर्दछन् । सामान्यदेखि विशिष्ट विषयवस्तु लिई निबन्ध रचना गर्ने प्रधान बौद्धिकतालाई निजात्मक अनुभूति र व्याङ्ग्यात्मक प्रस्तुतिमा मिसाएर अभिव्यक्त गर्ने स्रष्टा हुन् (भण्डारी र अरू, २०६६ : ४८५) ।

**समय सुनामी** निबन्ध सङ्ग्रहले निबन्धकारको वैचारिक दृढता लेखनको सफलता प्राप्त गर्ने अवस्था उत्कर्ष प्राप्त गरेको छ । भावुकता र बौद्धिकता एकैसाथ तर्कसँग मिसिएको अनौँठो अभिव्यक्तिको तरङ्ग बहेको छ । उनको यो निबन्ध सङ्ग्रहमा विचारको व्यापकताका साथै विभिन्न सन्दर्भहरूको चित्रात्मक प्रस्तुति पनि पाइन्छ । विवरण र व्याख्याभन्दा माथि उठेर निबन्धमा आफ्ना विचार, भावना, संवेदना र तर्कलाई एकीकृति रूपले ठोस गद्यमा प्रस्तुत गरेका छन् ।

## ५.१२ संरचनागत विशिष्टता

प्रधानका निबन्ध कुनै विषय विशेषमा सीमित छैनन् । विषयको व्यापकता नै प्रधानको निबन्धगत विशेषता हो । उनले सामान्य भन्दा सामान्य विषयदेखि विशिष्ट विषयलाई लिएर आफ्नो विचार, दर्शन र युगबोधलाई बाँधेका छन् । मुख्यत : समाजका गलत परम्परा र त्यसबाट उत्पन्न विसङ्गति नै यिनका निबन्धका विषय बनेका हुन्छन् । यही असङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै उनी सुसभ्यता निर्माण गर्ने विचार प्रस्तुत गर्दछन् (न्यौपाने, २०६२ : २१७) । उनले **समय सुनामी** निबन्ध सङ्ग्रहका निबन्धमा समाज, दर्शन, राजनीति र मनोविज्ञान आदि विभिन्न स्रोतबाट विषय सामग्री लिएर निबन्धको सिर्जना गरेका छन् । उपयुक्त विषयको चयन गरे पनि उनले यी विविध पक्षलाई सामाजिक धरातलबाट हर्ने प्रयास गरेका छन् ।

प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रका निबन्धहरू संरचनागत आयाम विस्तारका दृष्टिले विशिष्ट प्रकारको देखिन्छ । यो निबन्ध सङ्ग्रहको लम्बाइ एकसय दश पृष्ठमा फैलिएर रहेको छ । मान्छे जङ्गबहादुर भएछन् र आस्थाका साँधहरू निबन्धहरू छ पृष्ठमा संरचित छन् । जसमा बिस र बाइस अनुच्छेद रहेका छन् । बोधिवृक्षको बगैंचा : बारुदको गन्ध निबन्ध बाह्र पृष्ठको आयामविस्तारमा फैलिएको छ । हत्याको सन्दर्भ : आस्थाको हवन निबन्धमा चौवन्न अनुच्छेद रहेका छन् । समय सुनामी निबन्ध सङ्ग्रको कुनै पनि निबन्धहरूमा अनुच्छेद सङ्ख्या दिइएको छैन ।

प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रहको भाषाशैली अत्यन्तै परिष्कृत माझिएको, सरल, काव्यात्मक र सम्प्रेष्य रहेको छ । अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग, निजात्मकता र व्यङ्ग्यात्मकताका कारण यस निबन्ध सङ्ग्रहको भाषाशैली सजीव, मार्मिक र प्रभावकारी बन्न पुगेको छ । तत्सम, आगन्तुक र झर्रा शब्दहरूको प्रयोगले शैलीमा निखार ल्याएको छ । गद्यशैलीको ओजले बेलाबेलामा कवितात्मक रूप लिएको छ । छोटा-छोटा वाक्यको प्रयोग, कताकति ठूलो स्पेस र रिक्तता रहेको छ (भट्टराई, २०६३ : २६४) ।

प्रस्तुतीकरणमा कवितात्मकता र निजात्मकता भर्ने क्रममा प्रस्तुत निबन्धसङ्ग्रह उत्कृष्ट बन्न पुगेको छ । विशेष गरी राजनीतिक र सामाजिक चेतनाबाट अभिप्रेरित भएर

लेखिएका यी निबन्धहरूमा प्रयुक्त भाषा र शैलीले यिनलाई नेपली निबन्धका नमुना बनाएका छन् ।

## ५.१३ निष्कर्ष

आधुनिक नेपाली निबन्ध क्षेत्रका निबन्धकार कृष्णचन्द्रसिंह प्रधान (१९८२) द्वारा लेखिएको **समय सुनामी** (२०६३) निबन्ध सङ्ग्रह पाँचौं निबन्ध सङ्ग्रह हो । यस निबन्ध सङ्ग्रह राजनीति, सामाज, मानव मनोविज्ञान, दर्शन र आत्मकथ्य जस्ता विषयवस्तुलाई आधार बनाएर लेखिएको छ । मानवतावाद, अस्तित्ववाद, सामाजिक यथार्थवाद, राष्ट्रियवादी चिन्तन, दार्शनिक, निजात्मक, व्यङ्ग्यात्मक आदि जस्ता प्रवृत्तिहरू यस निबन्ध सङ्ग्रहमा रहेका छन् ।

# परिच्छेद : छ

# निष्कर्ष

## ६.१ विषय प्रवेश

कृष्णचन्द्रसिंह प्रधानकृत **समय सुनामी निबन्धको कृतिपरक अध्ययन** शीर्षकको यस शोधपत्रलाई कूल छ परिच्छेदमा विभाजन गरेर अध्ययन गरिएको छ । यस शोधपत्रमा रहेका प्रथम परिच्छेदको **विषयपरिचय, समस्याकथन, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा** तथा छैटौँ परिच्छेदको **निष्कर्ष** खण्ड अनिवार्य खण्ड हुन् । दोस्रो परिच्छेदमा **निबन्धको सैद्धान्तिक स्वरूप र नेपाली निबन्धको विकासक्रमअन्तर्गत निबन्धको विधागत परिचय, निबन्ध सम्बन्धी पूर्वीय मान्यता, पाश्चात्य दृष्टिकोण, निबन्धको परिभाषा, निबन्धका तत्त्वहरू, निबन्धको वर्गीकरण र नेपाली निबन्धको विकासक्रम** जस्ता विषयको चर्चा गरिएको छ ।

**साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको निबन्धयात्रा र प्रवृत्ति** शीर्षकको तेस्रो परिच्छेद, **विधातात्त्वि आधारमा समय सुनामी निबन्ध सङ्ग्रहका निबन्धहरू** शीर्षकको चौथो परिच्छेद एवं **प्रवृत्तिगत आधारमा समय सुनामी निबन्ध सङ्ग्रहका निबन्धहरू** शीर्षकको पाँचौँ परिच्छेद यस शोधपत्रको प्रायोगिक खण्डहरूमा समावेश गरिएको छ ।

## ६.२ सारांश र निष्कर्ष

साहित्यका विविध विधा मध्ये निबन्ध एक छोटो छरितो गद्य विधा हो । यसका प्रमुख दुई भेद छन् -आत्मपरक र वस्तुपरक । पाश्चात्य साहित्यबाट उद्‌भव र विकास भएको निबन्धको प्रारम्भ फ्रन्सेली लेखक मोन्तेनको एसाइ (Assai) भन्ने शब्दावलीको प्रयोगसँगै भएको हो । आफैँलाई विषय बनाई निबन्धको सिर्जना गर्ने मोन्तेन आत्मपरक निबन्धकार हुन् । त्यसपछि निबन्धलाई विशृङ्खल चिन्तनका रूपमा लिएका बेकन वस्तुपरक निबन्धकार हुन् । यसरी हेर्दा मोन्तेन आत्मपरक निबन्धकार हुन् भने बेकन वस्तुपरक निबन्धकार हुन् । यसरी हेर्दा आत्मपरक निबन्धका जन्मदाता मोन्तेन हुन् भने वस्तुपरक निबन्धका जन्मदाता बेकन हुन् ।

निबन्ध आकारका दृष्टिले छोटो छरितो गद्य विधा भएकाले यसमा वस्तु, शैली र उद्देश्यको त्रिकोणात्मक तत्त्वहरू निर्भर रहेका छन् । निबन्ध यस्तो विधा हो जसमा गद्यात्मक परिसीमित वैयक्तिक र आत्मानुभूतिको विशेष अभिव्यक्ति हुन्छ । वास्तवमा गद्यमा अभिव्यक्त गरिएको आत्मप्रकाशन नै निबन्ध हो ।

नेपाली साहित्यमा निबन्धको थालनी नेपाली साहित्यको माध्यमिक कालमा हुन्छ । **शारदा** पत्रिकाको प्रकाशन पूर्व नेपाली निबन्ध आफ्नो आकार, बन्धन र वर्णनमा बढी केन्द्रित थियो । त्यसैले नेपाली निबन्धको आरम्भिक समय मूलत : निबन्ध साहित्यको पूर्व अभ्यासको समय हो । यस समयमा निबन्धले आफ्नो नाउँ अनुसारको रूप पाउने तरखरमा लागेको देखिन्छ । यस समयका निबन्धहरू वर्णनात्मक र विवरणात्मक किसिमका छन् । १९९१ साल (**शारदा**को प्रकाशन) देखि नेपाली साहित्यमा नेपाली निबन्धको आधुनिक काल सुरु हुन्छ । आधुनिक कालको प्रथम चरणमा साहित्यिक विधा निबन्धको प्रतिनिधित्व गर्ने रचनाहरू अटुट क्रममा देखिन थाले । यस चरणका निबन्धलाई साहित्यिक विधाका रूपमा स्वीकारियो । दोस्रो चरणमा यस विधाले प्रौढता प्राप्त गर्दै गयो भने तेस्रो चरणअर्न्तगत यसमा नयाँ प्रयोग, क्षेत्र विस्तार गर्दै सर्वाधिक विकसित रूप प्राप्त गऱ्यो ।

पिता सूर्यप्रसाद र माता सूर्यमायाका साहिँला छोराका रूपमा १९८२ सालमा जन्मेका कृष्णचन्द्रसिंह प्रधानको व्यक्तित्वलाई कुनै एक पक्षमा मात्र सीमित गर्न सकिँदैन । २००२ सालबाट सामाजिक कार्यतर्फ प्रधान अग्रसर भएर सर्वप्रथम काठमाडौँको चोक र गल्लीहरूमा स-साना स्कुलहरू खोलेर स्वयं सेवकका रूपमा पढाउने कार्य गरे । लामो समयसम्म प्राध्यापन पेसामा संलग्न प्रधानको व्यक्तित्वका महत्त्वपूर्ण पाटाहरूलाई मूलत : साहित्यिक र साहित्येतर व्यक्तित्व रहेका छन् । प्रधानले वि. सं. २००२ सालमा “अश्रुधारा” शीर्षकको कविताबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनको प्रकाशित कविता **भञ्ज्याङनिरै** (२००८) कविता सङ्ग्रह रहेको छ । उनका कवितामा प्रगतिवादी स्वर टड्कारो रूपमा प्रस्तुत हुनुको साथै क्रान्तिकारी चेत उन्मुक्त रूपमा अभिव्यक्ति भएको पाइन्छ । प्रधानका चारवटा कथाहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका छन् । यिनका कथामा तत्कालीन नेपाली समाजको सामाजिक यथार्थको चित्रण गरिएको छ । उनका प्रकाशित समालोचनात्मक ग्रन्थहरूलाई हेर्दा उनी

निबन्धकारका साथसाथै सफल समालोचकका रूपमा देखापर्छन् । उनका प्रकाशित समालोचनात्मक कृतिहरू **कवि व्यथित र काव्यसाधना** (२०४०), **नेपाली उपन्यास र उपन्यासकार** (२०३६), **सिर्जनाको सेरोफेरो** (२०४०) र **कृति अवलोकन** (२०५९) हुन् । उनको **कवि व्यथित र काव्यसाधना**मा एक कविलाई विवेच्य विषय तुल्याई त्यसको साङ्गोपाङ्गो विवेचना गरिएको छ । त्यसैगरी **नेपाली उपन्यास र उपन्यासकार**मा विभिन्न वादका सापेक्षतामा आधुनिक नेपालि उपन्यासको यात्रामा प्रकट भएका खासखास घुम्ती र मोडहरूको पहिचान गर्नुका साथै तिनका प्रवृति र प्राप्ति अप्राप्तिको लेखाजोखा गरिएको छ । **सिर्जनाको सेरोफेरो**मा प्राचीन युगदेखि लिएर आधुनिक युगसम्मका केही कवि, कथाकार, उपन्यासकारका रचना र प्रवृतिको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

उनी २००४ सालमा “झुत्रो लुगा” शीर्षकको निबन्ध लेखेर निबन्धको क्षेत्रमा अगाडि बढेका हुन् । उनका प्रकाशित निबन्ध सङ्ग्रहरूमा **सालिक** (२०२६), **अनाम सत्य** (२०४३), **पाइला : आगतमा टेकेर** (२०४७), **वाग्मतीको हरक** (२०५७) र **समय सुनामी** (२०६३) रहेका छन् । प्रकाशनका दृष्टिले उनको **समय सुनामी** निबन्ध सङ्ग्रह अन्तिम थियो तर निबन्धलेखन अन्तिम थिएन । उनले यस सङ्ग्रह पछि पनि एक सङ्ग्रहभरि पुग्ने निबन्धहरू रचना गरेका छन् । उनका यी सबै रचनाहरू **कान्तिपुर**, **मिर्मिरे**, **हिमाल**, **समय**, **मधुपर्क** आदि पत्रपत्रिकामा छापिएका छन् । उनका निबन्धहरूमा खारिएका, निर्भीक, कलात्मक र दाशर्निक प्रस्तुति पाइन्छ । उनले विभिन्न किसिमका विषयवस्तुलाई आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा समाजमा प्रचलित असमानता, शोषण, रूढिवादी जस्ता सङ्कीर्ण मूल्यमान्यताप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनी मूलत : आत्मपरक निबन्धकार भए तापनि उनले वस्तुपरक निबन्ध समेत सिर्जना गरेका छन् । तार्किक, बिम्बात्मकता, प्रतीकात्मकता जस्ता विशेषता भएका प्रधानका निबन्धहरू वैचारिक प्रस्तुतिले भरिएका हुन्छन् । उखानटुक्का, अलङ्कार, बिम्ब र प्रतीकका माध्यमले उनका निबन्धहरू रुचिपूर्ण बन्न पुगेका छन् । यिनै प्रवृत्तिका आधारमा उनको निबन्धयात्रालाई तीन चरणमा विभक्त गरिएको छ ।

(१) पहिलो चरण २००४- २०२९

(२) दोस्रो चरण २०३०- २०४७

(३) तेस्रो चरण  २०४८- २०६७ सम्म

यिनका अन्य प्रकाशित कृतिहरूमा आत्मवृत्तान्त **नफर्कने ती दिनहरू** (२०५९), र **जिन्दगीका टिपोटहरू** (२०२३) र नेपाल भाषामा लेखिएका कृतिहरूमा **झींगु साहित्यय् बाखं** ( ने.सं. १०९७) र **पला : चिं लिना** (ने. सं. ११११६) रहेका छन् ।

प्रधानको **समय सुनामी** निबन्ध सङ्ग्रह वि.सं २०६३ सालमा प्रकाशित कृति हो । यस सङ्ग्रह २०५९-२०६३ सालसम्म **मिर्मिरे**, **कान्तिपुर**, **समकालीन साहित्य**, **नेपाल समाचारपत्र**मा प्रकाशित भएका दस र अप्रकाशित एक गरी जम्मा एघारवटा निबन्धहरू रहेका छन् । निबन्धहरूमा सामयिक विश्वजनीन चेतना, विसङ्गति बोध र नेपाली परिवेशभित्र विश्व जीवनको मूल्यलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । निबन्धकार विसङ्गति र व्यथाबाट झस्केर लेख्ने व्यक्ति भएकाले यी सबै निबन्धमा वर्तमान नेपालले देखे भोगेका मर्मको उद्घाटन र ती भित्र आफूलाई परेको छटपटी रहेको छ । यस सङ्ग्रहका प्रत्येक निबन्धमा वर्तमान दशक भित्रैका धेरै चोट, विसङ्गति र व्यथाका प्रहारहरू रहेका छन् ।

यो निबन्ध सङ्ग्रहमा **अपारदर्शिता-अपराधीकारण, आतङ्कवादको विस्तार, राष्ट्रको विवशता र इराकमा पाशविक हत्याकाण्ड, शस्त्रास्त्रले दमित मानवता, अनुकूलताको खोजीमा प्रतिकूलताको खाडल, हत्या, हिङ्सा र त्रासले उब्जाएको संवेदनाहीन स्थिति, ङवाङ्को साहस, निर्वासन, अनागरीकरण, माघ १९, २०६१ को क्रुर कदम, स्वाभिमान र दासत्वको दोसाँध र केही आत्मस्वीकृति** जस्ता विषयवस्तु रहेका छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरूलाई विधातात्त्विक आधारमा विश्लेषण गरिएको छ । यस सङ्ग्रहका निबन्धहरूमा राजनीतिक, सामाजिक, मनोवैज्ञानिक र दर्शनिकपक्षलाई मुख्य विषयवस्तु बनाइएको छ । यो निबन्ध सङ्ग्रहमा राष्ट्रले भोगेको कष्ट र पीडाको जीवनन्त चित्रण छ ।

प्रस्तुत निबन्ध सङ्ग्रहको भाषाशैली अत्यन्तै परिष्कृत, माझिएको, काव्यात्मक र सम्प्रेष्य रहेको छ । अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग, निजात्मकता, व्यङ्ग्यात्मकताका कारण यस निबन्ध सङ्ग्रहको भाषाशैली सजीव, मार्मिक र प्रभावकारी बन्न पुगेको छ ।

यी निबन्धहरूमा एउटा अप्रकट सन्देश रहेको छ । हामी सधैँ लुरे छौँ । यस बेला मानिसले कम्जोर भएर भाग्ने होइन, लुरुलरु कसैको पछिलाग्ने होइन । साहसपूर्ण अन्तिम सत्यको खोजीमा मुट्ठीकसेर उसले पाखा आउनु पर्छ तर ऊ त्यसो गर्न सकिरहेको छैन । उसमा संवेदना समाप्त भएको छ, मानवता समाप्त भएको छ, आशा समाप्त भएको छ । त्यो समाप्त हुनु हुँदैन भन्न खोज्नु नै यस निबन्ध सङ्ग्रहको मुख्य उद्देश्य रहेको छ ।

**समय सुनामी** निबन्ध सङ्ग्रका निबन्धहरूको विशेषता तथ प्रवृतिहरूका आधारमा विश्लेषण गरिएका छ । प्रगतिवाद, मानवतावाद, अस्तित्ववाद, यथार्थवाद, दार्शनिकता, सामाजिकता, निजात्मकता र व्यङ्ग्यात्मकता आदि जस्ता प्रवृत्तिहरू यस निबन्ध सङ्ग्रहमा रहेका छन् ।

भावुकता र बौद्धिकता एकैसाथ मिसिएर आएकाले उनका निबन्धहरूमा मीठो अभिव्यक्तिको तरङ्ग बहेको छ । ठाउँ-ठाउँमा भाषाशैली जटिल बनी क्लिष्ट बन्न पुगेको छ । मानवीय संवेदनलाई जीवन्त रूपमा पस्किन सक्ने शैलीले गर्दा प्रधानका निबन्धहरूले मनमस्तिष्क छुन सकेको छ ।

### ६.३ समग्र निष्कर्ष

निबन्ध आकारका दृष्टिले छोटो छरितो गद्य विधा भएकाले यसमा वस्तु, शैली र उद्देश्यको त्रिकोणात्मकता रहेको हुन्छ । निबन्ध यस्तो विधा हो जसमा गद्यात्मक, वैयक्तिक र आत्मानुभूतिको विशेष अभिव्यक्ति हुन्छ । वास्तवमा गद्यमा अभिव्यक्त गरिएको आत्मप्रकाशन नै निबन्ध हो । **समय सुनामी** निबन्ध सङ्ग्रहमा वि. सं २०५९-२०६२ सालसम्म **मिर्मिरे**, **कान्तिपुर**, **समकालीन साहित्य**, **नेपाल समचारपत्र**मा प्रकाशित भएका दस र अप्रकाशित एक गरी एघार वटा निबन्धहरू रहेका छन् । यी निबन्धहरू सामाजिक, राजनीतिक, मनोवैज्ञानिक, दार्शनिक आदि विषयवस्तुमा आधारित छन् । यस सङ्ग्रहका निबन्धहरूको भाषाशैली अत्यन्तै परिष्कृत, परिमार्जित, काव्यात्मक र सम्प्रेष्य रहेको छ । विभिन्न अलङ्कारको प्रयोग, उखान टुक्काको प्रयोग, निजात्मकता, व्यङ्ग्यात्मकताका कारण यस निबन्ध सङ्ग्रहको भाषाशैली सजीव, मार्मिक र प्रभावकारी बन्न पुगेको छ । सामयिक विश्वजनीन चेतना, विसङ्गतिबोध र नेपाली परिवेशभित्र विश्वजीवनको मूल्यलाई कलात्मक ढङ्गले प्रस्तुत गर्न खोज्नु नै प्रस्तुत निबन्ध

सङ्ग्रहको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत निबन्ध सङ्ग्रका निबन्धहरूमा प्रगतिवाद, मानवतावाद, दार्शनिकता, अस्तित्ववाद, सामाजिकता, व्यङ्ग्यात्मकता, निजात्मकता, बौद्धकता र संरचनागत विशिष्टता जस्ता प्रवृत्तिहरू रहेका छन् । संरचनागत एवं प्रवृत्तिगत दृष्टिले **समय सुनामी** निबन्ध सङ्ग्रहका निबन्धहरू उच्च प्रकारका छन् ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, रामलाल (१९७५), **नेपाली निबन्ध यात्रा**, दार्जिलिङ : नेपाली साहित्य सञ्चयिका ।

अब्राम्स, एम.एच. (२००४), **ग्लोसरी अफ लिटरेरी टर्मज**, सातौँ संस्क., बङ्लोर : प्रिजम बुक्स ।

अर्याल, भैरव, सम्पा. (२०५९), **साझा निबन्ध**, आठौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

आचार्य, कृष्ण प्रसाद, (२०४३), **साहित्यकार कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्वको र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

आप्टे, वामन शिवराम (१९६५), **प्रयोगात्मक सस्कृत अङ्ग्रेजी शब्दकोश**, दिल्ली : मोतीलाल बनारसीदास ।

उपाध्याय, केशवप्रसाद (२०६७), **साहित्य प्रकाश**, सातौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र (२०६१/६२ ), "युगारम्भक र युगदर्शक कृष्णचन्द्रसिंह प्रधान", **साहित्यकुञ्ज** (वर्ष १२, अङ्क ९) पृ ५२-५८ ।

कडन, जे.ए (१९९९), **अ पेन्गुइन डिक्सनरी अफ लिटरेरी टर्मज एण्ड लिटरेरी थिएरी**, चौथो संस्क., लण्डन : पेनगुइन बुक्स ।

कार्की, छत्र ( २०६३), "आन्दोलित समय", **समय पाक्षिक**, (वर्ष ३, अङ्क १२०) पृ. ५१ ।

कुँवर, उत्तम (२०५०), **स्रष्टा र साहित्य**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

गौतम देवीप्रसाद र लुइँटेल खगेन्द्र (२०५४), **नेपाली निबन्ध**, काठमाडौँ : नवीन प्रकाशन ।

गौतम, गोमा (२०६८), **कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा वैचारिकता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

घिमिरे, भवनाथ (२०६३), "विकृति र विसङ्गति बढार्ने सुनामी : समय सुनामी", **मधुपर्क** (वर्ष ३९, अङ्क ५, पूर्णङ्क ४४८) पृ.२६ ।

जोशी, कुमारबहादुर (२०३३), **विकीर्ण चिन्तन**, ललितपुर : साझा प्रकाशन ।

----------- (२०३४), **पाश्चात्य साहित्यका प्रमुख केहीवाद**, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र ।

जोशी, रत्नध्वज (२०५०), **आधुनिक नेपली साहित्यको झलक**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

तिमिल्सिना, मोहनप्रसाद (२०४१), **नेपाली निबन्धका चरण निर्धारण र चरणगत वैशिष्ट्यको विश्लेषण**, अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन, मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

थापा, मोहनहिमांशु (२०६०), **साहित्य परिचय**, पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन ।

दाहाल, विद्यापति (२०५५), **साहित्य विमर्श**, आसाम : दाहाल प्रकाशन ।

द्विवेदी, हरिनाथ ( १९७१), **निबन्ध सिद्धान्त और प्रयोग**, पटना : हिन्दी ग्रन्थ अकादमी ।

देवकोटा, लक्ष्मीप्रसाद, (२०४७), **लक्ष्मी निबन्ध सङ्ग्रह**, एघारौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

नलिन, जयनाथ (१९६४), **हिन्दी निबन्धकार**, दोस्रो संस्क., दिल्ली : आत्माराम एन्ड सन्स ।

न्यौपाने, टङ्कप्रसाद (२०३८), **साहित्यको रूपरेखा**, ललिपुर : साझा प्रकाशन ।

न्यौपाने, श्रीराम (२०६२), **नेपाली नाटक, एकाङ्की र निबन्ध**, छैटौँ संस्क., काठमाडौँ : पैरवी प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०२७), **कलेज स्तरका निबन्धै निबन्ध**, तेस्रो संस्क., काठमाडौँ : सहयोगी प्रकाशन ।

---- सम्पा. (२०४३), **पाँच सय वर्ष,** तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), **सालिक**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

----- (२०४४), **अनाम सत्य**, काठामाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

----- (२०५५), **पाइला आगतमा टेकेर**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

----- (२०५७), **वाग्मतीको हरक** , ललितपुर : साझा प्रकाशन ।

----- (२०६३), **समय सुनामी**, काठामाडौँ : रत्न पुस्तक भण्डार ।

प्रधान, भिक्टर (२०४४), **नेपाली जीवनी आत्मकथाको सौद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, प्रमोद (२०६६), **नेपाली निबन्धको इतिहास,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

प्रधान, हृदयचन्द्रसिंह (२०६३), **जुँगा**, सातौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर सम्पा.(२०४८), **सयपत्री**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

भट्ट, ईश्वरी (२०६४), **सालिक निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

भट्टोजिदीक्षित ( २०४३), **वैयाकरण सिद्धान्त कौमुदी**, छौटौँ संस्क., वाराणसीः चौखम्बा भारती।

भट्टराई, गोविन्दराज (२०६३), **उत्तर आधुनिक ऐना**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

----- (२०६७), “एक महान् शिखरयात्रीसँगको अन्तिम सम्झना,” **समकालीन साहित्य** (अङ्क ३, पूर्णाङ्क ६१) पृ.- ७-१४ ।

भट्टराई, घटराज सम्पा. (२०४०), **प्रतिभा र नेपाली साहित्य**, काठमाडौँ : नेसनल रिसर्च एसोसिएट्स् ।

भट्टराई, होम सम्पा. (२०६७), “व्यक्तिवृत्त”, **गरिमा** (वर्ष २८, अङ्क १, पूर्णाङ्क) पृ. ३९-४० ।

भण्डारी, पारसमणि र अन्य (२०६६), **नेपाली गद्य र नाटक**, दोस्रो संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मिश्र, वीरेन्द्रप्रसाद (२०४०), **दर्शनशास्त्र : एक परिचय**, काठमाडौँ : श्रीमती श्यामा मिश्र ।

लुइँटेल, कल्पना (२०५३), **कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

वर्मा, धीरेन्द्र सम्पा. (२०२०), **हिन्दी शब्दकोश**, दोस्रो संस्क., दिल्ली : ज्ञान मण्डल लिमिटेड ।

वैदिक, वेदवती सम्पा. (१९९८), **श्रीमद्भागवत गीता**, नयाँ दिल्ली : ऋचा प्रकाशन ।

शर्मा, गोपीकृष्ण (२०६०), **नेपाली निबन्ध परिचय**, आठौँ संस्क., काठमाडौँ : रत्नपुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०६३), **समकालीन समालोचना  सिद्धान्त र प्रयोग**, दोस्रो संस्क, काठमाडौँ : अक्सफोर्ड प्रकाशन ।

शुक्ल, रामचन्द्र (२०१८), **हिन्दी साहित्यका इतिहास**, तेस्रो संस्क., काशी : नागरी प्रचारिनीसाभा ।

श्रेष्ठ दयाराम र शर्मा मोहनराज (२०४३), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, तेस्रो संस्क.,

ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६३), **स्नातकोत्तर नेपाली निबन्ध**, भाग-तीन, चौथो संस्क., काठमाडौँ : पाठ्य सामग्री पसल ।

----- (२०५८), **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि**, तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

----- (२०६४), **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण**, दोस्रो संस्क., काठमाडौँ : पाठ्य सामग्री पसल ।

सुवेदी, सागरमणि (२०६७), "निबन्धको सैद्धान्तिक स्वररूप : रचना कला र तत्त्वहरू", **अन्वेषण** (वर्ष १२, अङ्क ९) पृ ५८-६० ।